# दुई शब्द

क्षेत्रफलको हिसाबले सानो भएतापनि अधिक जनसंख्या भएको यस परोहा नगरपालिकालाई समृद्ध बनाउनका लागि सम्भावित श्रोत र आधारहरू प्रशस्त मात्रामा छन् । यस परोहा नगरपालिकाको केन्द्र वडा नं ४ लौकाहामा रहेको छ भने साविकका जिंगडावा वेलविछवा, तेजापकड, लौकाहा, बसन्तपट्टी, नरकटिया, रामपुरखाप गा.वि.स.लाई समेटेर परोहा नगरपालिका घोषणा गरिएपछि यो नगरपालिकाको समग्र वस्तुस्थिति झल्कने पार्श्वचित्र तयार गरिएको छ ।

राज्यको पुर्न:संरचनाको सिलसिलामा स्थापित यस नगरपालिकाको यथार्थ विद्यमान अवस्था झल्काउने पार्श्वचित्र तयारीले नगरको विकासको वर्तमान अवस्थालाई चित्रित गरेको छ । यस प्रकारको चित्रणले आगामी दिनमा हामीले तर्जुमा गर्नुपर्ने नीति तथा कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी हामीलाई उपलब्ध सीमित श्रोत र साधनको अधिकत्तम सदुपयोग गरी नगरपालिकाको समग्र विकासलाई गति प्रदान गर्न अवश्य पनि सहयोग पुऱ्याउने आशा तथा विश्वास लिएको छु । यस अध्ययन प्रतिवेदनले प्राय: सबै क्षेत्र तथा वस्तुगत यथार्थलाई समेट्न प्रयास गरेको भएतापनि सीमित समय तथा श्रोत साधनको सीमाभित्र गरिएको अध्ययन आफैमा पूर्ण हुन सक्दैन । यसलाई समय सन्दर्भ अनुसार परिष्कृत र परिमार्जित गर्नुपर्ने आवश्यकता रहन्छ ।

योजनाबद्ध विकासको आधारको रुपमा रहने यो पार्श्वचित्र समयमै गर्न सहयोग पुऱ्याउने नगरकार्यपालिकाको सम्पूर्ण परिवार, उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण निर्वाचित जनप्रतिनिधिहरू तथा अन्य वडा तहमा महत्वपूर्ण जिम्मेवारी पुरा गर्ने कर्मचारी एवं निर्वाचित जनप्रतिनिधि लगायत तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण विषयगत कार्यालय, संघसंस्था तथा अन्य सबैमा नगरपालिकाको तर्फबाट आभार प्रकट गर्न चाहन्छु । यसै गरी यो अध्ययन प्रतिवेदन समयमै सम्पन्न गर्न पानोरामा रिसर्च सेन्टर प्रा.लि. अनामनगर, काठमाडौँलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

अन्त्यमा नगरपालिकाको विकासको आधार चित्र कोर्न यो प्रतिवेदन सहयोगी बनोस र दीर्घकालीन सोचका साथ अगाडि बढ्न हामी सबैलाई उपयुक्त दिशा प्राप्त होस् भन्ने सुभेच्छा प्रकट गर्दछु ।

**शेख वकील**

**नगर प्रमुख**

# मेरो दुई शब्द

दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि नगरपालिकाको समग्र तथ्याङ्क आवश्यक पर्दछ । यसै आवश्यकतालाई मध्य नजर गरी नगरपालिकाको पार्श्वचित्र तयार गरिएको छ । जसमा Android Apps द्वारा घरपरिवार तथ्याङ्क संकलन गरी नगरपालिकाका विभिन्न विषय समावेश गरिएको श्रोत नक्साहरू, विषयगत कार्यालयहरूबाट संकलन गरिएका तथ्यहरूमा आधारित भई उपलब्ध भएसम्म कृषि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वन, सिचाई, खानेपानी, विद्युत आदिका तथ्याङ्क समावेश गरी नगर पार्श्वचित्र तयारी गरिएको छ ।

यस नगरपालिकाको अध्ययन गर्न चाहने विद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणकर्ता तथा नगरबासीहरूलाई पार्श्वचित्रले सूचना प्रदान गर्न सहयोग पुग्ने छ भन्ने मैले आशा लिएकी छु । पार्श्वचित्रमा उल्लेखित विवरणमा नगरको राजनैतिक तथा प्रशासनिक विवरण छुट्टिने नक्सा, भू-वर्गीकरण तथा भू-उपयोग नक्सा समावेश गरिएको छ ।

अन्त्यमा प्रस्तुत पार्श्वचित्र तयारी गर्ने सिलसिलामा सूचना संकलन गर्न प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग गर्नु हुने सम्पूर्ण विषयगत कार्यालयका प्रमुख, संघ/संस्था, सामाजिक परिचालक, वडा सचिवहरू, नगर कार्यपालिकाका कर्मचारीहरू, प्रमुख प्रशासकीय अधिकृत तथा शुरुदेखि तथ्याङ्क संकलन, प्रशोधन गरी पार्श्वचित्रलाई यो रुप दिनुहुने परामर्शदाता श्री पानोरामा रिसर्च सेन्टर प्रा.लि. अनामनगर, काठमाडौंलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**सुगन्धि गिरी**

**उपाध्यक्ष**

# मेरो भन्नु

साविकका जिंगडावा वेलविछवा, तेजापकड, लौकाहा, बसन्तपट्टी, नरकटिया, रामपुरखाप गा.वि.स. समावेश गरी ९ वडाहरू कायम गरी मिति २०७४/०२/०८ मा परोहा नगरपालिका गठन गरिएपछि पहिलो प्रकाशित दस्तावेजको रूपमा आउन लागेको पार्श्वचित्र छोटो समयमै तयारी गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ ।

कुनै पनि विकासको मार्ग तयार गर्न योजनाको सही छनोट, प्रभावकारी कार्यान्वयन, सरोकारवालाहरूको पूर्ण सन्तुष्टि सहितको उपयोग र निरन्तर अनुगमन एवम् मूल्याङ्कन र दिगोपनाको लागि सही र वस्तुनिष्ट निर्णय लिन तथ्याङ्कको आवश्यकता पर्दछ । विगतबाट सिकेर वर्तमानको भोगाईका आधारमा भविष्यका लागि योजना तर्जुमा गर्नु वर्तमान पुनर्संरचित स्थानीय तहको पहिलो आवश्यकता हो भन्नेमा दुईमत हुन सक्दैन ।

वस्तुनिष्ठता र आवश्यकताको कसीमा योजनाहरू तथा कार्ययोजनाहरू अगाडि बढाउन नसकिएमा जनताले स्थानीय सरकारबाट राखेका अपेक्षा पुरा हुन सक्दैनन् । यसैकारण वर्तमानको हाम्रो धरातलीय, सामाजिक, साँस्कृतिक, जनसाङ्खिक तथा आर्थिक अवस्थाको पहिचान गरी भविष्यका आवश्यकता आँकलन गर्ने उद्देश्यका साथ यो अध्ययन प्रतिवेदन (पार्श्वचित्र) सीमित समय तथा स्रोत र साधनको सीमाभित्र रही तयार गरिएको हो । पार्श्वचित्रलाई सामान्य रुपमा अध्ययन गर्ने जो कोहीले पनि यो नगरपालिकाको बहुआयामिकता सहितको वर्तमान अवस्था सहजै आँकलन गर्न सक्ने देखिन्छ । यो पार्श्वचित्रलाई एकातिर नगरपालिकाको सम्पूर्ण चिनारीको रूपमा हेर्न सकिन्छ भने अर्कोतर्फ यस मार्फत् हाम्रा सम्भावना र चुनौतिहरूलाई अवगत गर्न सकिन्छ ।

पार्श्वचित्र तयारीको क्रममा आफ्नो महत्वपूर्ण समय प्रदान गर्ने नगर प्रमुख ज्यू, उप प्रमुखज्यू, निर्वाचित जनप्रतिनिधिहरू, विभिन्न विषयगत कार्यालयका प्रमुख लगायत सम्पूर्ण कर्मचारी, वडा सचिव साथीहरू, सामाजिक परिचालकहरू विभिन्न संघ/संस्थाका प्रमुख तथा अन्य कर्मचारीहरू तथा पार्श्वचित्रलाई यो रुप दिन सहयोग पुऱ्याउनु हुने परामर्शदाता श्री पानोरामा रिसर्च सेन्टर प्रा.लि. अनामनगर, काठमाडौंलाई हार्दिक आभार व्यक्त गर्दछु ।

अन्तमा, यो पार्श्वचित्र आफ्नो उद्देश्य प्राप्तिमा सफल रहोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

**देवनाथ यादव**

**प्रमुख प्रशासकीय अधिकृत**

# ljifo;"rL


**खण्ड १ : भूमिका** १

१.१ पृष्ठभूमि १

१.२ नगरपालिका पार्श्वचित्र तयारीको उद्देश्यहरू १

१.३ अध्ययनको महत्व २

१.४ अध्ययनको औचित्य २

१.५ नगरपालिका पार्श्वचित्र तयारी विधि २

१.६ नगरपालिका पार्श्वचित्र तयारीका सिमाहरू ३

**खण्ड : २ परोहा नगरपालिकाको संस्थागत तथ्याङ्क** ४

२.१ संक्षिप्त परिचय ४

२.२ राजनैतिक तथा प्रशासनिक केन्द्र ५

२.३ भूक्षेत्र (टोपोग्राफी) ८

२.३.१ माटोको बनावट र उर्वराशक्ति ९

२.३.२ भू-आकृति तथा माटोको बनोट ९

२.४ भू-क्षेत्रको वर्गीकरण ९

२.५ नगरपालिकामा रहेका सम्भाव्यता र अवसरहरू १२

२.६ नगरपालिकाको समस्या, चुनौती, अवसर र सम्भावनाहरू १३

२.७ नदी तथा खोलाको विवरण १४

२.८ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरू १८

२.९ मुख्य चाडपर्वहरू १९

२.१० सँस्कृति, कला, भाषा र साहित्य १९

२.११ सार्वजनिक पाटीपौवा र चौतारासम्बन्धी विवरण २०

**खण्ड ३ : जनसांख्यिक विवरण** २२

३.१ वडागत घरपरिवार संख्या तथा लिङ्गको आधारमा जनसंख्याको विवरण २२

३.२ लिङ्गको आधारमा उत्तरदाताको विवरण २६

३.३ लिङ्ग अनुसार वडागत जनसंख्या विवरण २७

३.४ उमेर समूह अनुसार वडागत जनसंख्याको विवरण २८

३.५ उमेर र लिङ्गअनुसार वडागत जनसंख्याको विवरण २९

३.६ जातजातीको आधारमा वडागत जनसंख्याको विवरण ३२
३.७ नगरपालिकामा बोलिने भाषाको आधारमा जनसंख्याको विवरण ३३
३.८ धर्म अनुसार जनसंख्याको वडागत विवरण ३५
३.९ लैङ्गिक आधारमा १० वर्ष भन्दा माथिको जनसंख्याको वैवाहिक स्थिति ३६
३.१० उमेर समूहका आधारमा १० वर्षभन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको विवरण ३८
३.११ उमेर समूह तथा लैङ्गिक आधारमा १० वर्ष भन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको विवरण ३९
३.१२ १० वर्ष वा सोभन्दा माथिको लैङ्गिक आधारमा विवाहित जनसंख्याको पहिलो विवाह गर्दाको उमेरको विवरण ४१
३.१३ परिवारले प्रयोग गरेको घरको स्वामित्वको वर्गीकरण ४२
३.१४ परिवारले प्रयोग गरेको घर भएको जग्गाको स्वामित्व विवरण ४३
३.१५ घरको किसिमको आधारमा घरपरिवार विवरण ४४
३.१६ परिवार बसोबास गर्ने घरको तल्लाको आधारमा परिवारको विवरण ४५
३.१७ परिवारले प्रयोग गरेको घर बनेको अवधीको आधारमा घरपरिवारको विवरण ४६
३.१८ परिवार बसोबास गर्ने घरdf भएको कोठाको संख्याको आधारमा घरपरिवारको विवरण ४७
३.१९ परिवारले प्रयोग गरेको कोठाको संख्याको आधारमा घरपरिवारको विवरण ४८
३.२० भान्सा र सुत्ने कोठा अलग भए नभएको आधारमा परिवारको विवरण ५०
३.२१ महिलाको नाममा घर/ जमिन भए नभएको आधारमा परिवारको विवरण ५१
३.२२ अनुपस्थित जनसंख्या ५२
३.२२.१ उमेर र लिङ्गका आधारमा अनुपस्थित जनसंख्याको विवरण ५२
३.२२.२ शैक्षिक स्तरको आधारमा नगरपालिकामा अनुपस्थित जनसंख्याको विवरण ५४
३.२२.३ अनुपस्थित व्यक्तिको अनुपस्थित हुनुको कारण सम्बन्धी विवरण ५६
३.२२.४ अनुपस्थित जनसंख्या हाल बसिरहेको स्थानको विवरण ५७
३.२२.५ अनुपस्थित जनसंख्या हाल बसिरहेको देशको विवरण ५८
३.२३ नागरिकताको आधारमा वडागत जनसंख्याको विवरण ६०
३.२४ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण ६१
३.२४.१ पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ताको आधारमा वडागत विवरण ६१
३.२४.२ मृतकको मृत्युदर्ता सम्बन्धी विवरण ६२
३.२४.३ लिङ्गअनुसार विगत १२ महिनामा मृत्यु भएकाको विवरण ६३
३.२५ बसाई सराईको अवस्था ६४
३.२५.१ जन्म स्थानको आधारमा जनसंख्या विवरण ६५

**खण्ड ४ : भू-उपयोग** ६६

४.१ भू-पयोग ६६

४.२ वस्ती विकासको स्वरुप ६८

४.२.१ जग्गा विकास कार्यक्रम (Land Development Program) ७०

४.३ क्रमिक विकास भइरहेका बस्तीहरूको विवरण ७१

४.४ घर निर्माण सम्पन्न प्रमाणपत्रको आधारमा घरपरिवारको विवरण ७२

४.५ वस्ती विकासमा देखिएका चुनौतीहरू ७३

४.६ भू-क्षय सम्भावित क्षेत्र ७४

४.७ नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण ७४

**खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति** ७६

५.१ नगरपालिका अर्थतन्त्रको संरचनात्मक स्वरुप ७६

५.२ नगरपालिकाको रोजगारी, आम्दानी तथा खर्चको अवस्था ७७

५.२.१ घरपरिवारको वार्षिक आम्दानीले परिवार धान्न पुग्ने महिना सम्बन्धी विवरण ७७

५.२.२ ऋणको आधारमा घरपरिवारको विवरण ७८

५.२.३ विप्रेशणबाट आएको रकम खर्च हुने स्थान सम्बन्धी विवरण ७९

५.३ कृषि ८१

५.३.१ कृषिजन्य बाली सम्बन्धी विवरण ८२

५.३.२ कृषि बालीमा लाग्ने रोग ८३

५.३.३ कृषि बजारीकरण ८३

५.३.४ कृषि प्रयोजनको लागि जग्गा/जमिन सम्बन्धी विवरण ८४

५.४ पशुपालन ८५

५.४.१ पशु नश्ल ८५

५.४.२ पशुपंक्षीमा लाग्ने रोगहरू ८६

५.४.३ सार्वजनिक पोखरी तथा माछापालन ८८

५.५ उद्योग ८८

५.६ व्यापारिक केन्द्र ८८

५.७ नगरपालिकाको अर्थतन्त्रको विशिष्टिकरण ८९

५.८ बैंकको विवरण ८९

५.८.१ बैंकमा खाता भए/नभएको आधारमा परिवार संख्याको विवरण ९०

५.९ सहकारी संस्थाको विवरण ९१

५.१० जनचेतनामुलक तालिम प्राप्त गरेका जनशक्तिको विवरण ९२

खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार ९३

६.१ सडक, सवारी तथा यातायात ९३

६.१.१ विद्यमान सडक सञ्जाल ९४

६.१.२ सडक सुविधा पहुँचको प्रकारका आधारमा वडागत घरपरिवारको विवरण ९५

६.१.३ यातायात सेवा ९६

६.२ संचार ९७

६.२.१ नगरपालिकामा सेवा प्रदान गर्ने एफ.एम. रेडियोहरू ९७

६.२.२ टेलिफोन/मोबाइल ९७

६.२.३ हुलाक सेवा ९८

६.३ परिवारमा भएको साधन तथा सुविधाको विवरण ९८

६.४ विद्युत तथा उर्जा ९९

६.४.१ घरपरिवारले दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण ९९

६.४.२ घरपरिवारले खाना पकाउने इन्धनको आधारमा परिवारको विवरण १००

खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा १०२

७.१ शिक्षा १०२

७.२ नगरपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण १०३

७.२.१ विद्यार्थी विवरण १०४

७.२.२ बालविकास केन्द्र १०५

७.२.३ शिक्षकको विवरण १०७

७.२.४ लिङ्ग अनुसार ५ वर्ष वा सो भन्दा माथिल्लो उमेर उमेर समुहका जनसंख्याको वडागत साक्षरता स्थिति १०७

७.२.५ ५ देखि ३५ उमेरसमुहका जनसंख्या हाल विद्यालय/कलेज गए नगएको विवरण १०८

७.२.६ ५ देखि ३५ वर्ष उमेरसमूहका हाल स्कूल/कलेज नगएका जनसंख्या मध्ये कहिल्यै स्कूल/कलेज नगएका जनसंख्याको विवरण १०९

७.२.७ विद्यालय/कलेजको प्रकार अनुसार ५ वर्षदेखि ३५ वर्षको उमेर समुहमा हाल विद्यालय वा कलेज गइरहेका जनसंख्याको विवरण ११०

७.२.८ ५ वर्षदेखि ३५ वर्षसम्म उमेर समूहका जनसंख्या हाल विद्यालय/कलेज नजानुका कारणका आधारमा वडागत विवरण ११२

७.२.९ १० वर्ष वा सोभन्दा माथिको जनसंख्यामा औपचारिक/अनौपचारिक तालिम सम्बन्धी वडागत विवरण ११३
७.२.१० शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू ११४
**७.३ स्वास्थ्य ११५**
७.३.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू ११६
७.३.२ गााउँघर क्लिनीक र नियमित खोप ११६
७.३.३ एच. आई. भी./एडसको अवस्था ११७
७.३.४ सुरक्षित मातृत्वको अवस्थाको विवरण ११७
७.३.५ १५ देखि ४९ वर्ष उमेर समूहका महिलाले हालसम्म जीवित सन्तान दिए/नदिएको विवरण ११७
७.३.६ बितेका १२ महिनामा जन्मेका शिशुहरूको जन्मदाको तौलका आधारमा वडागत विवरण ११८
७.३.७ खोपको विवरण ११९
७.३.८ वर्षभन्दा कम उमेरका पूर्ण खोपयुक्त बालबालिकाको विवरण ११९
७.३.९ बाल्यकालमा हुने रोगका जोखिम १२०
७.३.१० शिशु तथा ५ वर्ष मुनिको बाल मृत्युदर १२०
७.३.११ बालपोषण सम्वन्धी विवरण १२०
७.३.१२ दीर्घकालीन रोगको प्रकार अनुसार दिर्घ रोगीहरूको जनसंख्या विवरण १२१
**७.४ खेलकुद तथा मनोरञ्जन १२२**
**७.५ नागरिक सुरक्षा सेवा १२३**
७.५.१ सामाजिक सुरक्षा १२३
७.५.२ आर्थिक वर्ष २०७५/०७६ मा सुरक्षाभत्ता प्राप्त गर्ने जनसंख्याको विवरण १२३
**७.६ अपाङ्गता सम्बन्धी विवरण १२४**
७.६.१ अपाङ्गताको किसिमको आधारमा जनसंख्याको विवरण १२४
७.६.२ अपाङ्गता भएको अवधिको आधारमा अपाङ्ग जनसंख्याको विवरण १२५
७.६.३ अपाङ्गता परिचयपत्रको आधारमा अपाङ्ग जनसंख्याको विवरण १२५
**७.७ महिला तथा बालबालिका १२६**
७.७.१ बालबालिकासम्बन्धी विवरण १२६
७.७.२ बालक्लब १२७
७.७.३ बाल सञ्जालको अवस्था १२८
७.७.४ बालश्रमको अवस्था १२८
७.७.५ महिलासम्बन्धी विवरण १२९

७.७.६ महिला हिंसासम्बन्धी विवरण १३०
७.७.७ आमा महिला समूह तथा परम्परागत समूहको विवरण १३०
७.७.८ महिला सहकारी संस्था १३१
**७.८ खानेपानी तथा सरसफाई १३१**
७.८.१ पिउनेपानको मुख्य श्रोतको आधारमा घरपरिवारको विवरण १३१
७.८.२ पिउनेपानी शुद्धिकरण गर्ने विधिका आधारमा परिवारको विवरण १३३
७.८.३ शौचालयको प्रकारको विवरण १३४
७.८.४ फोहोरमैला व्यवस्थापन गर्ने स्थानको आधार विवरण १३५
७.८.५ फोहोर व्यवस्थापनमा देखिएका समस्याहरू : १३६
७.८.६ फोहोरमैला व्यवस्थापनमा ध्यान दिनुपर्ने कुराहरु : १३६
**खण्ड ८ : विकास सूचकाङ्क र गरिबीको स्थिति १३७**
**८.१ मानव विकास सुचकको विवरण (HDI) १३७**
**८.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index) १३८**
**८.३ मानव विकास र गरीबी १३८**
**८.४ गरिबी न्यूनीकरण १३९**
**८.५ समग्र विकास स्थिति १३९**
**खण्ड ९ : विविध १४१**
**९.१ जननिर्वाचित प्रतिनिधीहरूको विवरण १४१**
**९.२ कर्मचारीहरुको विवरण १४२**
**९.३ नगर कार्यपालिका सदस्यहरुको विवरण १४३**
**९.४ नगर कार्यपालिका सदस्यहरुको विवरण १४३**
आ.व. २०७४/०७५ परोहा नगरपालिकाको नगरसभाबाट पारित ऐन कानुन १४३
परोहा नगरपालिकाको नगरसभाबाट पारित ऐन कानुन आ.व. २०७५/०७६ मा १४४

# तालिका सूची

**तालिका नं. १ :** परोहा नगरपालिकाको वडा विभाजन ६
**तालिका नं. २ :** नदी तथा खोलाको विवरण १५
**तालिका नं. ३ :** नगरपालिकामा भएका धार्मिक तथा पर्यटकिय स्थलहरूको विवरण १८
**तालिका नं. ४ :** मुख्य चाडपर्वहरू १९
**तालिका नं. ५ :** सार्वजनिक पाटीपौवा र चौतारासम्बन्धी विवरण २०
**तालिका नं. ६ :** घरपरिवार तथा जनसंख्यासम्बन्धी विवरण २३
**तालिका नं. ७ :** अनुपस्थित जनसंख्याको विवरण २३
**तालिका नं. ८ :** लिङ्गको आधारमा उत्तरदाताको विवरण २६
**तालिका नं. ९ :** लिङ्ग अनुसार वडागत जनसंख्या विवरण २७
**तालिका नं. १० :** उमेर समूह अनुसार वडागत जनसंख्याको विवरण २८
**तालिका नं. ११ :** उमेर र लिङ्गअनुसार वडागत जनसंख्याको विवरण २९
**तालिका नं. १२ :** जातजातीको आधारमा वडागत जनसंख्याको विवरण ३२
**तालिका नं. १३ :** नगरपालिकामा बोलिने भाषाको आधारमा जनसंख्याको विवरण ३३
**तालिका नं. १४ :** धर्म अनुसार जनसंख्याको वडागत विवरण ३५
**तालिका नं. १५ :** लैङ्गिक आधारमा १० वर्ष भन्दा माथिको जनसंख्याको वैवाहिक स्थिति ३६
**तालिका नं. १६ :** उमेर समूहका आधारमा १० वर्षभन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको विवरण ३८
**तालिका नं. १७ :** उमेर समूह तथा लैङ्गिक आधारमा १० वर्ष भन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको विवरण ३९
**तालिका नं. १८ :** १० वर्ष वा सोभन्दा माथिको लैङ्गिक आधारमा विवाहित जनसंख्याको पहिलो विवाह गर्दाको उमेरको विवरण ४१
**तालिका नं. १९ :** परिवारले प्रयोग गरेको घरको स्वामित्वको वर्गीकरण ४२
**तालिका नं. २० :** परिवारले प्रयोग गरेको घर भएको जग्गाको स्वामित्व विवरण ४३
**तालिका नं. २१ :** घरको किसिमको आधारमा घरपरिवार विवरण ४४
**तालिका नं. २२ :** परिवारले बसोबास गर्ने घरको तल्लाको आधारमा घरपरिवारको विवरण ४५
**तालिका नं. २३ :** परिवारले प्रयोग गरेको घर बनेको अवधीको आधारमा घरपरिवारको विवरण ४६
**तालिका नं. २४ :** परिवार बसोबास गर्ने घरमा भएको कोठाको संख्याको आधारमा घरपरिवारको विवरण ४७
**तालिका नं. २५ :** परिवारले प्रयोग गरेको कोठाको संख्याको आधारमा घरपरिवारको विवरण ४९
**तालिका नं. २६ :** भान्सा र सुत्ने कोठा अलग भए नभएको आधारमा परिवारको विवरण ५०
**तालिका नं. २७ :** घर तथा जमिनमा महिलाको स्वामित्व सम्बन्धी विवरण ५१
**तालिका नं. २८ :** अनुपस्थित घरपरिवार र जनसंख्याको विवरण ५२
**तालिका नं. २९ :** उमेर र लिङ्गका आधारमा अनुपस्थित जनसंख्याको विवरण ५२
**तालिका नं. ३० :** अनुपस्थित हुँदा उतीर्ण गरेको कक्षा/तह अनुसार अनुपस्थित जनसंख्याको विवरण ५४

**तालिका नं. ३१ :** अनुपस्थित व्यक्तिको अनुपस्थित हुनुको कारण सम्बन्धी विवरण ५६
**तालिका नं. ३२ :** अनुपस्थित जनसंख्या हाल बसिरहेको स्थानको विवरण ५७
**तालिका नं. ३३ :** अनुपस्थित जनसंख्या हाल बसिरहेको देशको विवरण ५८
**तालिका नं. ३४ :** नागरिकताको आधारमा वडागत जनसंख्याको विवरण ६०
**तालिका नं. ३५ :** पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ताको आधारमा वडागत विवरण ६१
**तालिका नं. ३६ :** मृत्यु दर्ता गराउने घरपरिवार ६२
**तालिका नं. ३७ :** लङ्गअनुसार विगत १२ महिनामा मृत्यु भएकाको विवरण ६३
**तालिका नं. ३८ :** जन्म स्थानको आधारमा जनसंख्या विवरण ६५
**तालिका नं. ३९ :** भू-उपयोग विश्लेषण २०७५ ६७
**तालिका नं. ४० :** मुख्य वस्ती सम्बन्धी विवरण ६८
**तालिका नं. ४१ :** घर निर्माण सम्पन्न प्रमाणपत्र लिएका घरपरिवारको संख्याको आधारमा घरपरिवारको विवरण ७२
**तालिका नं. ४२ :** नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण ७४
**तालिका नं. ४३ :** घरपरिवारको वार्षिक आम्दानीले परिवार धान्न पुग्ने महिना सम्बन्धी विवरण ७७
**तालिका नं. ४४ :** ऋणको आधारमा घरपरिवारको विवरण ७८
**तालिका नं. ४५ :** विप्रेशणबाट आएको रकम खर्च हुने स्थान सम्बन्धी विवरण ७९
**तालिका नं. ४६ :** नगरपालिकामा कृषिजन्य बाली सम्बन्धी विवरण ८२
**तालिका नं. ४७ :** विभिन्न बालीमा लाग्ने रोग विवरण ८३
**तालिका नं. ४८ :** कृषिको प्रयोजनको लागि जग्गा/जमिन भए/नभएको आधारमा परिवारको विवरण ८४
**तालिका नं. ४९ :** पशुमा देखिएका रोगको विवरण ८६
**तालिका नं. ५० :** सार्वजनिक पोखरी तथा माछापालन ८८
**तालिका नं. ५१ :** बैंकमा खाता भए/नभएको आधारमा परिवार संख्याको विवरण ९०
**तालिका नं. ५२ :** सहकारी संस्थाहरूको विवरण ९१
**तालिका नं. ५३ :** जनचेतनामुलक तालिम प्राप्त गरेका जनशक्तिको विवरण ९२
**तालिका नं. ५४ :** सडक सुविधा पहुँचको प्रकारका आधारमा वडागत घरपरिवारको विवरण ९५
**तालिका नं. ५५ :** परिवारमा भएको साधन तथा सुविधाको विवरण ९८
**तालिका नं. ५६ :** दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण ९९
**तालिका नं. ५७ :** खाना पकाउने इन्धनको आधारमा घरपरिवारको विवरण १००
**तालिका नं. ५८ :** परोहा नगरपालिकामा रहेका विद्यालयको विवरण १०४
**तालिका नं. ५९ :** नगरपालिकामा रहेको क्याम्पसको विवरण १०४
**तालिका नं. ६० :** विद्यार्थीको विवरण १०५
**तालिका नं. ६१ :** बाल विकासकेन्द्रमा अध्ययनरत बालबालिकाहरूको विवरण १०५
**तालिका नं. ६२ :** शिक्षकको विवरण १०७
**तालिका नं. ६३ :** ५ वर्ष वा सो भन्दा माथिल्लो उमेर समुहका जनसंख्याको वडागत साक्षरताको विवरण १०७
**तालिका नं. ६४ :** लैङ्गिक आधारमा ५ देखि ३५ वर्षका हाल विद्यालय/कलेज गइरहेका जनसंख्याको विवरण १०८

**तालिका नं. ६५** : ५ देखि ३५ वर्ष उमेरसमूहका हाल स्कूल/कलेज नगएका जनसंख्या मध्ये कहिल्यै स्कूल/कलेज नगएका जनसंख्याको विवरण १०९
**तालिका नं. ६६** :विद्यालय/कलेजको प्रकार अनुसार ५ वर्षदेखि ३५ वर्षको उमेर समुहमा हाल विद्यालय वा कलेज गइरहेका जनसंख्याको विवरण ११०
**तालिका नं. ६७** : ५ वर्षदेखि ३५ वर्षसम्म उमेर समूहका जनसंख्या हाल विद्यालय/कलेज नजानुका कारणका तथा लिङ्गको आधारमा वडागत विवरण ११२
**तालिका नं. ६८** : १० वर्ष वा सोभन्दा माथिको जनसंख्यामा औपचारिक/अनौपचारिक तालिम सम्बन्धी वडागत विवरण ११३
**तालिका नं. ६९** : १५ देखि ४९ वर्ष उमेर समूहका महिलाले हालसम्म जीवित सन्तान दिए/नदिएको विवरण ११७
**तालिका नं. ७०** : बितेका १२ महिनामा जन्मेका शिशुहरूको जन्मदाको तौलका आधारमा वडागत विवरण ११८
**तालिका नं. ७१** : ५ वर्षभन्दा कम उमेरका पूर्ण खोपयुक्त बालबालिकाको विवरण ११९
**तालिका नं. ७२** : दीर्घकालीन रोगको प्रकार अनुसार दिर्घ रोगीहरूको जनसंख्या विवरण १२१
**तालिका नं. ७३** : विगत १२ महिनामा सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने जनसंख्याको विवरण १२३
**तालिका नं. ७४** : आर्थिक वर्ष २०७५/०७६ मा सुरक्षाभत्ता प्राप्त गर्ने जनसंख्याको विवरण १२३
**तालिका नं. ७५** : अपाङ्गताको आधारमा जनसंख्या विवरण १२४
**तालिका नं. ७६** : अपाङ्गता भएको अवधिको आधारमा अपाङ्ग जनसंख्याको विवरण १२५
**तालिका नं. ७७** : अपाङ्गता परिचयपत्रको आधारमा अपाङ्ग जनसंख्याको विवरण १२६
**तालिका नं. ७८** : नगरपालिकामा दर्ता भएको तथ्याङ्क अनुसार हालसम्म अपाङ्ग परिचयपत्र प्राप्त जनसंख्याको विवरण १२६
**तालिका नं. ७९** : बालक्लबको विवरण १२८
**तालिका नं. ८०** : बाल सञ्जालको अवस्था १२८
**तालिका नं. ८१** : महिला हिंसासम्बन्धी विवरण १३०
**तालिका नं. ८२** : आमा महिला समूह तथा परम्परागत समूहको विवरण १३०
**तालिका नं. ८३** : महिला सहकारी संस्थासम्बन्धी विवरण १३१
**तालिका नं. ८४** :खानेपानीको मुख्य श्रोतको आधारमा घरपरिवारको विवरण १३१
**तालिका नं. ८५** : पिउनेपानी शुद्धिकरण गर्ने विधिका आधारमा परिवारको विवरण १३३
**तालिका नं. ८६** : शौचालयको प्रकारको विवरण १३४
**तालिका नं. ८७** : फोहोरमैला व्यवस्थापन गर्ने स्थानको आधार विवरण १३५
**तालिका नं. ८८** : मानव विकास सुचकको विवरण (HDI) १३७
**तालिका नं. ८९** : गरीबीको दरको विवरण १३८
**तालिका नं. ९०** : जननिर्वाचित प्रतिनिधीहरूको विवरण १४१
**तालिका नं. ९१** : कर्मचारीहरुको विवरण १४२
**तालिका नं. ९२** : नगर कार्यपालिका सदस्यहरुको विवरण १४३

# नक्सा सूची

नक्सा नं. १ : नगरपालिकाकाको वस्तुस्थिति चित्रण ४
नक्सा नं. २ : नगरपालिकाको वडा विभाजन ७
नक्सा नं. ३ : नगरपालिकाको उचाईको वितरण ८
नक्सा नं. ४ : नगरपालिकाको भिरालोपन ११
नक्सा नं. ५ : नगरपालिकाको नदी सञ्जाल १६
नक्सा नं. ६ : नगरपालिकाको वार्डहरुको सिमाना र क्षेत्रफल १७
नक्सा नं. ७ : नगरपालिकाको धार्मिक तथा पर्यटकिय स्थल २१
नक्सा नं. ८ : नगरपालिकाको कूल जनसंख्याको महिला र पुरुषको अनुपात २४
नक्सा नं. ९ : नगरपालिकाको वडाअनुसार घरधुरी २५
नक्सा नं. १० :नगरपालिकाको भू-उपयोग विवरण ६६
नक्सा नं. ११ :नगरपालिकाको वस्ती विवरण ६९
नक्सा नं. १२ :नगरपालिकाको सडक सञ्जाल ९३

# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि

वैज्ञानिक योजना पद्धतिका लागि विश्वसनीय तथा भरपर्दो तथ्याङ्कीय आधार नै महत्वपूर्ण हुन्छ । यसले तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न सम्भावनाहरूको खोजी गर्न सही तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुनाले नगरपालिकामा रहेका विषयगत कार्यालयहरू तथा अन्य संघसंस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थित ढंगले सङ्कलन गरी यो नगरपालिका पार्श्वचित्र तयार गरिएको छ । कुनै पनि स्थानीय तह (नगरपालिका/गाउँपालिका) ले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ। चौँधौ योजना (२०७३/०७४-२०७५/०७६) ले पनि नगरपालिकाहरूको तथ्याङ्कीय आधार तयार गर्ने कार्यलाई नीतिगत प्राथमिकता दिएको र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको ( सचिवस्तर) निर्णयले पनि विकास योजना सम्बोधनका लागि नगरपालिकाहरूले भौगोलिक सूचना केन्द्र स्थापना र मानव स्रोत विकास योजना तर्जुमा गर्नुपर्ने थप दायित्व उल्लेख गरेको छ । यसै प्रयोजनको लागि नगरपालिकाको वस्तुस्थिति झल्कने गरी यस नगरपालिका पार्श्वचित्र (Rural Municipality Profile) तयार गरिएको हो ।

## १.२ नगरपालिका पार्श्वचित्र तयारीको उद्देश्यहरू

नगरपालिका पार्श्वचित्र मूलतः परोहा नगरपालिकाको आगामी नीति तथा कार्यक्रम, योजना तर्जुमा गर्नका लागि तथ्याङ्कीय आधार सृजना गर्ने सन्दर्भमा तयार गरिएको हो । यसले योजना तथा कार्यक्रमको निर्माण कार्यान्वयन, अनुगमन, मूल्याङ्कन जस्ता कुराको लेखाजोखा गर्न मद्दत गर्नेछ ।

- ➢ नगरपालिकाभित्र रहेका सेवा सुविधाहरूको बारेमा जानकारी गराउने ।
- ➢ नगरपालिका क्षेत्रभित्रको सम्भावना र समस्याहरूको अवगत गराउने ।
- ➢ नगरपालिकाको जनसांख्यिक तथा विकासात्मक वस्तुस्थितिको बारेमा जानकारी गराउने ।
- ➢ नगरपालिका भित्र बसोवास गर्ने मानिसहरूको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने ।
- ➢ नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने ।
- ➢ नगरपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने ।
- ➢ नगरपालिका क्षेत्रको तथ्याङ्कको आधारमा जिल्ला तथा राष्ट्रिय स्तर सम्म सूचनाको उपलब्धता गराई व्यवस्थापनमा सहयोग गर्ने ।
- ➢ नगरपालिका स्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्ने ।

- ➢ नगरपालिकाको भावि योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने ।
- ➢ स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने ।

## १.३ अध्ययनको महत्व

नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्देशन गरे बमोजिम नगरपालिका/नगरपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ । नगरपालिकाको भावी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ तयार गरिएको पार्श्वचित्रले विकासका आयामहरूको तुलनात्मक मूल्याङ्कनका लागि त्यस ठाउँको वस्तुस्थिति सम्वन्धी जानकारी स्पष्ट प्रस्तुत गर्दछ । विभिन्न स्थानको आवश्यकतामा आधारित विकासका कार्यक्रम तथा रणनैतिक योजना तर्जुमा गर्न यस अध्ययनले परोहा नगरपालिकालाई सहयोग गर्नुका साथै समावेशी, समानुपातिक र समन्यायिक विकासमा अन्य सरोकारवालाहरूलाई समेत यस क्षेत्रको तथ्यपरक जानकारी प्रदान गर्दछ । यसका अलावा नगरपालिका पार्श्वचित्रको यो अध्ययन सम्बन्धित क्षेत्रका संघ संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, शिक्षाकर्मी, समाजसेवी लगायत सरोकारवालाहरूलाई उपयोगी हुने भएकोले यस अध्ययनको महत्व रहेको विषय प्रस्ट हुन्छ ।

## १.४ अध्ययनको औचित्य

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संघीय संरचना अनुरूप नगरपालिकाहरूलाई स्वायत्त स्थानीय सरकारको रूपमा स्थापित गरेको छ । विकास निर्माण क्रियाकलाप सञ्चालन गर्न सर्वप्रथम नगरपालिकाको यथार्थ वस्तुगत विवरण तयार पार्नु जरुरी हुने भएकोले समग्र विकासको प्रस्थान विन्दुको रूपमा रहेको नगरपालिकाको समस्या चुनौती, सम्भावना र आवश्यकताको तथ्यहरूको संगालोका रूपमा रहेको यो पार्श्वचित्र निर्माणको काम अर्थपूर्ण र अनिवार्य छ । पूर्वाधार विकासका दृष्टिले कमजोर स्थितिमा रहेको नेपालको सन्दर्भमा Profile तयार गर्ने कार्यले विशेष महत्व राख्दछ । यसले वर्तमानको यथार्थलाई विश्लेषण गरी सोको आधारमा नगरपालिकाले उपलब्ध स्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन एवम् अनुगमन मूल्यांकनका निम्ति मार्गदर्शकको काम गर्ने हुनाले यो औचित्यपूर्ण रहन्छ ।

## १.५ नगरपालिका पार्श्वचित्र तयारी विधि

पार्श्वचित्र तयारीको क्रममा तरिका र साधनहरूको प्रयोग गरियो त्यसैलाई अध्ययन विधीमा उल्लेख गरिएको छ । नगरपालिका पार्श्वचित्रका तयारीका विधीहरू निम्नानुसार छन् ।

- ➢ विशिष्टीकृत प्रश्नावली निर्माण गरी ब्लमचयष्म ब्उउक द्वारा प्रत्येक घरपरिवारको जनसांख्यिक, आर्थिक, समामाजिक र भौतिक पक्षहको विवरण प्राप्त गर्न गणहरू परिचालन गरी आवश्यक तथ्याङ्क संकलन गरिएको ।

- यसमा विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरूबाट उपलब्ध तथ्याङ्कहरू समावेश गरिएको ।
- विभिन्न सर्वेक्षण, मानव विकास प्रतिवेदन आदिका नतिजाहरू समावेश गरिएको ।
- भौतिक विकास पूर्वाधार, वातावरणीय व्यवस्थापन, सामाजिक विकास, आर्थिक विकास, वित्तीय व्यवस्थापन तथा संस्थागत विकास आदि, नतिजा, सूचकहरू, पुस्ट्याईका आधारहरू, जोखिम पक्षहरू, कार्यक्रमको पहिचान, जस्ता विषयवस्तु समावेश गरिएको ।


यसर्थ पार्श्वचित्र तयार गर्ने कार्य प्राथमिक (Primary) तथा द्वितीय (Secondary) सूचना संकलन गरी गरिएको छ । भू-उपयोग, सडकहरू र सो को गुणस्तर तथा वातावरणीय समस्याहरू जस्ता प्राथमिक तथ्याङ्कहरू, डिजिटल तथ्याङ्क (GIS data), स्थलस्वरुप नक्सा, हवाई नक्सा, नापी नक्सा, स्थलगत निरीक्षण तथा अन्तरर्वाता गरी संकलन गरिएको छ । वडा तहका समस्याहरू र खाँचोहरू वडा बासीहरू बीच सहभागितामूलक छरितो मूल्याङ्कन पद्दति (Participatory Rapid Appraisal) अपनाई जानकारी लिइएको छ । यसका साथै नगरपालिकाको स्थिति विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूका पदाधिकारीहरू, वृद्धिजिवीहरू उपलब्ध प्रतिष्ठित व्यक्तित्वहरूसंग छलफल एवं अर्न्तवार्ता गरी नगरपालिकाका प्रमुख समस्या एवं विकासका सम्भावनाहरू माथि जानकारी लिईएको छ । नगरपालिकाका समग्र तथ्याङ्कहरू जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्याङ्कहरू नगरपालिका कार्यालय लगायत नगरपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरूको रेकर्डबाट र केही तथ्याङ्कहरू विभाग तथा अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ ।

## १.६ नगरपालिका पार्श्वचित्र तयारीका सिमाहरू

राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्धारण गरेबमोजिम नगरपालिका पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्याङ्कहरूको स्रोत र आधार वर्ष खुलाईएको छ । प्रश्नावलीमा उल्लखित प्रश्नको आधारमा प्राप्त तथ्याङ्क नगरपालिकाका विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय विभागहरू, सम्बन्धित नगरपालिका आदि स्रोतहरूबाट उपलब्ध तथ्याङ्कको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ। पार्श्वचित्रको अवधारणा अनुसार यस डकुमेन्टले परोहा  नगरपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिन्छ। अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ। तैपनि स्रोत, साधन तथा समयको परिधीले यस अध्ययनलाई पनि केही सिमिततामा बाँधेको छ। तथापी यस अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकता अनुसार तथ्याङ्क संकलन गरिएको छ।

# खण्ड : २ परोहा नगरपालिकाको संस्थागत तथ्याङ्क

## २.१ संक्षिप्त परिचय




नक्सा नं. १ : नगरपालिकाको वस्तुस्थिति चित्रण

परोहा  नगरपालिका नेपालको २ नं प्रदेश अन्तर्गत रौतहट जिल्लामा पर्दछ । त्यसैगरी ३७.४५ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस नगरपालिकाको पूर्वमा माधव नारायनपार यमुनामाई गाउँपालिका, पश्चिममा भारत, उत्तरमा बैधीमाई गाउँपालिका, देबाही नगरपालिका र दक्षिणमा राजपुर नगरपालिका र ईशनाथ नगरपालिका पर्दछन् । रौतहट जिल्लामा नयाँ गठन भएका नगरपालिकाहरूमा विकासको राम्रो सम्भावना बोकेको नगरपालिकाको रुपमा परोहा नगरपालिका रहेको छ । यसका अतिरीक्त यहाँका सचेत राजनैतिक दल र उत्प्रेरीत नगरवासी समेत यो नगरपालिकाका दरिलो अनि दिगो विकासको श्रोतका रुपमा रहेका छन् घरधुरी तथ्याङ्क सर्वेक्षण, २०७५ अनुसार नगरपालिकामा कुल जनसंख्या ३७,८४५ जनसंख्या रहेको छ ।

यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ। जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा सबैभन्दा धेरै १५,७९८ अर्थात ४१.७४ प्रतिशत मुसलमान, दोस्रोमा ५,०९९ अर्थात १३.४७ प्रतिशत कुर्मी, तेस्रोमा यादव ६.८१ प्रतिशत, चौथो र पाँचौमा क्रमश तेली ४.५३ प्रतिशत र नुनिया ३.५३ प्रतिशत रहेका छन् । त्यसैगरी चमार/हरिजन/राम, कलवार, धोवी, कानु, दुसाध/पाश्वान/पासी लगायत अन्य जातजातिहरुको बसोबास रहेको छ । नगरपालिकाको औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य श्रोतहरूमा व्यापार, व्यवसाय, लघुउद्योग, नोकरीका साथै वैदेशिक रोजगारी हुन् । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा क्रमश आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ। अध्ययनका लागि यस नगरपालिकाका शैक्षिक संस्थाहरूमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी नगरपालिका/नगरपालिका तथा जिल्लाबाट समेत आउने गरेका छन् । अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । विगतमा लामो समयसम्म स्थानीय निकायमा जनप्रतिनिधिको अभाव, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा दशैं, तिहार, माघि, होली, महाशिवरात्री, कृष्णजन्माष्टमी, छोनाम (न्वागी), इद, बकरइद, रमाजान, मोहरम छठपर्व, होली, बुद्धजयन्ती, क्रिष्मस आदि प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ ।

## २.२ राजनैतिक तथा प्रशासनिक केन्द्र

नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित नगरपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७४ जेठ ८ मा पेश गरेको प्रतिवेदन अनुसार तत्कालीन माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७४/०२/०८ मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७४/०२/०८ मा साविकका जिंगडावा वेलविछवा, तेजापकड, लौकाहा, बसन्तपट्टी, नरकटिया, रामपुरखाप गा.वि.स.लाई समेटेर परोहा


नगरपालिका घोषणा गरिएको हो। यस नगरपालिकामा ९ वडाहरू कायम गरिएको छ। हाल परोहा नगरपालिकाको संरचना यस प्रकार रहेको छ ।

**तालिका नं. १ :** परोहा नगरपालिकाको वडा विभाजन

| कायम गरिएका वडा नं. | समावेश भएका सविक गा.वि.स.हरू | समावेश भएका वडा नं. |
|---|---|---|
| १ | जिंगडवा वेलविछवा | ६–९ |
| २ | जिंगडवा वेलविछवा | १–५ |
| ३ | तेजापकड | १–९ |
| ४ | लौकाहा | १–९ |
| ५ | बसन्तपट्टी | १, ३, ४, ५ |
| ६ | बसन्तपट्टी | २, ६ – ९ |
| ७ | नरकटिया | २, ५–८ |
| ८ | नरकटिया | १, ३, ४, ९ |
| ९ | रामपुरखाप | १–९ |


*स्रोत : परोहा नगर कार्यपालिकाको कार्यालय*






नक्सा नं. २ : नगरपालिकाको वडा विभाजन

## २.३ भूक्षेत्र (टोपोग्राफी)




नक्सा नं. ३ : नगरपालिकाको उचाईको वितरण

### २.३.१ माटोको बनावट र उर्वराशक्ति

चौतारा साँगाचोकगढी नगरपालिकाको कूल क्षेत्रफल ३७.४५ वर्ग कि.मि. मा अधिकांश जमिन अर्थात ३२.९२ वर्ग कि.मि. खेतीपातीको लागि उपयुक्त देखिन्छ भने बाँकी जमिन बालुवा, बस्ती जल, बँगैचाले तथा अन्यले ओगेटेको छ। प्राकृतिक सम्पदाको हिसाबले यो नगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटोको धनी हुनुको साथै जलाधार भएको नगरपालिका हो। नगरपालिकाको प्रमुख खाद्यान्न तथा अन्न बालीमा धान, गहुँ, मकै, कोदो, मास, मुसुरो, अरहर, तोरी आदि हुन्।

### २.३.२ भू-आकृति तथा माटोको बनोट

चौतारा साँगाचोकगढी नगरपालिका हालको नयाँ संरचना अनुसार प्रदेश नं. २ अन्तर्गत रहेको तराई जिल्ला रौतहटमा पर्दछ। समुद्री सतहबाट ८० मिटर उचाइदेखि ९९ मिटरसम्मको उँचाईमा फैलिएर रहेको छ। यो नगरपालिकाको भू-आकृति तथा माटोको बनोट मुख्यतया दुई भागमा विभाजन भएको देखिन्छ जुन निम्नअनुसार छन् :

#### तराई भाग (८०-९९)

यस भेगमा समथर खेतबारी रहेकोले राम्रो खेती हुन्छ। घनाबस्ती समेत रहेको यस क्षेत्रमा व्यापारिक कृयाकलाप फस्टाउनुको साथै उद्योगहरू समेत रहेको छन्। साल, साफ, शिरिस, वैदार, बाँस, निगालो, चिउरी आदिका रुखहरू पाइन्छन्। मकै, धान, गहुँ, तोरीको खेती गरिन्छ। तराई क्षेत्र भएकाले गर्मीमा बढी गर्मी र हिउँदमा शितलहर लाग्ने गर्दछ।

## २.४ भू-क्षेत्रको वर्गीकरण

भौगोलिक हिसाबले ८५°११'१३.६३" देखि ८५°१७'३८" पूर्वी देशान्तर र २६°४९'१.०४२" देखि २६°५३'१२" उत्तरी अक्षांशमा अवस्थित परोहा नगरपालिकाको भूमिलाई भू-बनौट, प्रणाली, तथा भू-स्खलन जस्ता प्रबृत्तिका आधारमा अध्ययन गर्दा भूमिको बर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने (Degrading) क्रममा राखिएको छ। अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रबृत्ति भूबनोट अनुसार फरक पर्दै जान्छ। त्यसै क्रमले भूमिको स्थायित्वलाई मजबुत बनाउने उपायको भौतिक लक्षण (Physical characteristics) का आधारमा माटोको अवस्था र भिरालोपन आँकडन गरिएको छ। परोहा नगरपालिकाको भूमिलाई भू-बनौट, पारिस्थितिक प्रणाली, तथा भू-स्खलन जस्ता तत्वका आधारमा भूमिको वर्गीकरणलाई हेर्दा नगरपालिकाको जमिनमा १.४३ डिग्रि देखि १५.२ डिग्रि सम्मको भिरालोपन देखिन्छ। यस नगरपालिकाको भू-उपयोगको अवस्थालाई हेर्दा धेरै समथर भूमि रहेको पाइन्छ। समथर भूमि भएको कारणले यस नगरपालिकाको भिरालोपनामा खासै फरक नभएको पाइन्छ। जसलाई तल उल्लेख गरिएको छ।

### क) Slope 1°-5° (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने कान्ला बनाई खेती गर्न सकिने)


यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ। मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गह्राहरू बनाउनु पर्दछ। सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ। माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ।

यस वर्गको जमिनमा परम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ। मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ। यस्तो जमिनमा धान खेती गर्न सकिन्छ। सिंचाइ सुविधा उपलब्ध भएको छ भने मोटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ। सिंचाइ भएमा हिउँदे एवं बसन्ते बाली पनि लगाउन सकिन्छ।

### ख) Slope 5°-15° (माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने)

५°-१५° स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मी. देखि १०० से.मि. सम्म रहेको जग्गा यस वर्गमा पर्दछ । यस वर्गको जमिनमा भू-क्षयीकरणका प्रवृत्तिहरू सामान्यरुपमा देखा परि रहन्छन्। त्यसैले जमिनलाई सामान्यरुपमा व्यवस्थापन नगरिएमा यस्ता प्रवृत्तिमा झन् वृद्धि हुने हुन्छ। वन, वनस्पतीका लागि यो जमिन त्यति सहज हुँदैन। गाईबस्तुको आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन विकासलाई यस प्रकारको जमिनमा प्रश्रय दिन ठीक हुँदैन। तर, पालैपालो निश्चित स्थानहरूमा गाईबस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पनि पुर्‍याउन सक्दछ ।

यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गह्राहरू बनाउन अनिवार्य हुन्छ। यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनुपर्ने हुन्छ। यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सिपको सम्मिश्रणले मुख्य भूमिका खेलेको हुन्छ। सिंचाइको प्रयोग नियमित रुपमा पहिलेदेखि नै भइरहेको खण्डमा सिंचाइ गर्दा भू-क्षयको समस्या आउदैन, तर नयाँ सिंचाइ प्रणाली शुरु गर्ने हो भने शुरुमा सावधानी अपनाउनु पर्दछ। एक्कासी बढी सिंचाइ भएको खण्डमा भू-क्षयीकरणको प्रवृत्ति तुरुन्त शुरु हुन सक्दछ।




नक्सा नं. ४ : नगरपालिकाको भिरालोपन

## २.५ नगरपालिकामा रहेका सम्भाव्यता र अवसरहरू

नगरपालिका क्षेत्रमा कृषि, लघु व्यवसाय, उद्योग, व्यापार, पोखरीहरूमा माछापालन व्यवसाय, आधुनिक कृषि व्यवसाय जस्ता थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन्।

समग्रमा यस परोहा नगरपालिकाको क्षेत्र हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। नगरपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यवसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

नगरपालिकामा रहेको उर्वर भूमिमा वस्ती विकास तथा अन्य भौतिक पूर्वाधार निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कुलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा बस्न लायक जिवन्त स्थानको जोहो गर्न सकिनेछ।

नगरपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले ग्रामीण पहुँच विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र नगरपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस नगरपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई  व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ। यस नगरपालिकामा प्राकृतिक नदी तथा खोलाहरू भएको र केही अन्य ठाउँहरूमा ताल निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र खासगरी भारतबाट आयात हुने माछा प्रतिस्थापन भई स्वदेशकै माछाको माग पूर्ति गर्न सक्ने सम्भावना रहेको छ।

नगरपालिकामा रहेको राम जानकी मन्दिर, ब्रह्मा मन्दिर, शिव पार्वती मन्दिर, मस्जिद तथा साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरू गहनाको रुपमा रहेका छन् । नगरमा विभिन्न किसिमका जातजातिका रहनसहन

तथा चाडपर्व रहेका छन् भने धार्मिक, पौराणिक महत्वका स्थलहरू प्रमुख पर्यटकीय आकर्षणको रुपमा रहेका छन् । यी स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रुपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ।

नगरपालिका तथा देशमै बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस नगरपालिकाका इच्छुक युवाहरूलाई सिपमुलक तालिम प्रदान गरी नगरपालिकामा रोजगारी श्रृजना भएमा नगरपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ। यसका अतिरिक्त परोहा नगरपालिकाको विकासका लागि विभिन्न सम्भावनायुक्त उपायहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- नगरपालिका क्षेत्र भित्र रहेका पानीका स्रोतहरुबाट आधुनिक कुलो तथा नहर मार्फत् पानी सिंचाई गरी व्यवसायीक रुपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ ।
- स्थानीय कच्ची सडकको स्तर वृद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले भरपुर सुबिधा लिनुका साथै समग्र नगरपालिकाको सुन्दरतामा वृद्धि हुन सक्छ ।
- तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले व्यवसायिक कृषि उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ ।
- यस नगरपालिकामा थप औद्योगिक क्षेत्र विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी वृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ ।
- यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरू रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ ।
- सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरू यस क्षेत्रमा क्रियाशिल रहेकाले नगरपालिकाको विकासमा साझेदार हुन सक्ने देखिन्छ ।
- नगरपालिका क्षेत्रमा उपभोक्ताहरूको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ ।

## २.६ नगरपालिकाको समस्या, चुनौती, अवसर र सम्भावनाहरू

यस परोहा नगरपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान समस्या चुनौती र सम्भावनाहरू निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

### क) अवसर र सम्भावनाहरू

- उर्बर कृषि जमिन, पोखरी ,नदी नालासम्म भौगोलिक अवस्था र जैविक विविधता जस्ता प्राकृतिक सम्पदाको यथेष्ट उपलब्धता देखिन्छ ।
- शिक्षित मानवीय श्रोतमा वृद्धि हुँदै गएको देखिन्छ ।
- युवा जनसमुदायको बाहुल्यता देखिन्छ ।
- राष्ट्रिय राजमार्ग प्रणालीसंग आवद्ध भएको छ ।
- शिक्षा केन्द्रहरूको संचालनमा व्यवस्था
- पर्यटन क्षेत्रको विकास

### ख)    चुनौती र समस्याहरू

- नगरपालिकाको क्षेत्र भित्र आवश्यक रोजगारमुलक उद्योगधन्दा, कलकारखाना पर्याप्तता नहुनु ।
- सार्वजनिक निर्माण र विकासमा सम्बन्धित निकायहरूको समन्वयको अभाव ।
- वातावरण संरक्षण र फोहोर व्यवस्थापनको ठोस योजना नहुनु ।
- नगरपालिका क्षेत्रमा खानेपानी उचित व्यवस्थापन हुन नसक्नु ।
- नगरपालिका क्षेत्रभित्रका धेरै सडकहरू कच्ची तथा कम गुणस्तरको रहनु ।
- कृषियोग्य भूमी भएतापनि व्यवसायिक खेतीको विकास हुन नसक्नु ।
- आयश्रोतको कमिले नगरपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- योजनाबद्ध बस्ती बिकासको अभाव ।
- आकासे पानीमा निर्भर सिचाई ।
- परम्परागत कृषि प्रणाली ।
- सार्वजनिक निर्माण र विकासमा सम्बन्धित निकायहरूको समन्वयको अभाव ।
- योजनावद्ध वस्ती विकासको अभाव ।
- वातावरण संरक्षणको ठोस कार्यक्रमको अभाव

## २.७ नदी तथा खोलाको विवरण




नगरपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका नदी, खोलानाला तथा पोखरीहरूले विभिन्न किसिमका जलचरहरू र पशुपंछीहरूलाई सुरक्षित बासस्थानको रूपमा आश्रय दिइरहेको पाइन्छ। साथै यस्ता जलाधार क्षेत्रबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत सिंचाईको लागि पानीको प्रयोग गर्दछन्। मानव वस्तीको क्रमिक विकास साथै अनुत्पादक पशुहरूको चरीचरण र उपयोगले प्राकृतिक जलक्षेत्रहरू सुक्ने साथसाथै नदी नाला तथा खोला छेउछाउ अव्यवस्थित बसोवास र त्यहाँ बाट निस्किएका फोहोर र ढलले नदी तथा खोलाको स्वरूप बिग्रिने सम्भावना रहन्छ । त्यसकारण यी प्राकृतिक ताल तलाउ तथा खोलानालालाई संरक्षण गरी पर्यटकीय आकर्षण केन्द्रको रूपमा विकसित गर्दै लैजानुपर्छ ।

परोहा नगरपालिकामा भएर बग्ने खोलाहरूमा भकुवा नदी, लालवकैया आदि प्रमुख नदी तथा खोलाहरू हुन जसको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।


**तालिका नं. २ :** नदी तथा खोलाको विवरण

| क. सं | नदी तथा खोला | नदिले छोएका वस्तीहरू | लम्बाई (कि.मि.) |
|---|---|---|---|
| १ | लालवकैया | पोखरीया, दमार, तेजापाकड, जिंगडवा वे | |
| २ | गण्डक नहर | लौकाहा | |
| ३ | भकुवा नदी | नरकटिया | |

*स्रोत : परोहा नगरपालिकाको कार्यालय, २०७५*




नक्सा नं. ५ : नगरपालिकाको नदी सञ्जाल




नक्सा नं. ६ : नगरपालिकाको वार्डहरुको सिमाना र क्षेत्रफल

## २.८ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरू



पर्यटन नीति २०६५ ले मुलभूतरुपमा पर्यटन मार्फत स्वरोजगार श्रृजना, गरिबी निवारण, मूर्त तथा अमूर्त सम्पदाको खोज अनुसन्धान, हवाई तथा स्थलमार्गको थप विकास र विस्तार गर्ने र पर्यटन पुर्वाधारलाई दिगो विकासको अवधारणा अनुरुप अगाडि बढाउने उद्देश्य लिएको छ । जसअनुसार यस परोहा नगरपालिकामा भएका विभिन्न धार्मिक तथा पर्यटकीय स्थलहरूको विवरणलाई तलको तालिकामा प्रस्तुत गरीएको छ ।

**तालिका नं. ३ :** नगरपालिकामा भएका धार्मिक तथा पर्यटकिय स्थलहरूको विवरण

| क्र. सं. | स्थलको नाम | वडा नं. | सडकको अवस्था | होटल, लज रेष्टुराँ | नजिकको बजार केन्द्र सम्मको दुरी (कि.मी.) | स्वामित्व | विशेषता |
|---|---|---|---|---|---|---|---|
| १ | रामजानकी मठ | ९ | पुगेको | | | | |
| २ | शिव पार्वती मन्दिर | ९ | पुगेको | | | | |
| ३ | शिव मन्दिर | ४ | पुगेको | साधारण | लौकाहा | नेपाल सरकार | |
| ४ | ब्रह्मा मन्दिर | ३ | पुगेको | | | सामुदायिक | |
| ५ | महादेव मन्दिर | ३ | पुगेको | | | सामुदायिक | |
| ६ | जानकी मठ | ३ | पुगेको | | | | |

*स्रोत : परोहा नगरपालिकाको कार्यालय, २०७५*

## २.९ मुख्य चाडपर्वहरू

यस नगरपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दू धर्म र इस्लाम धर्म मान्ने मानिसहरू रहेका छन् भने बाँकी धर्म मान्ने मानिसहरू नगण्य संख्यामा रहेका छन् । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन् । जसमा ईद, वकरईद, मोहरम, बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ, होली, चैते दशैं, साउने-माघे सक्रान्ती, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, आदि चाडपर्वहरू रहेका छन् ।

**तालिका नं. ४ :** मुख्य चाडपर्वहरू

| क.सं. | नाम | स्थान | मनाउने महिना | तिथि | मनाउने जातजाती |
|---|---|---|---|---|---|
| १ | इद, बकरइद, मोहरम | जिंगडवा वे | भाद्र | | मुस्लिम |
| २ | छठ, दशै, होली | " | | | हिन्दु |
| ३ | दिपावली, तीज | | | | हिन्दु |
| ४ | मेला | नरकटिया साविक वडा नं १ | भदौ | | हिन्दु |
| ५ | कृष्ण जन्मअष्टमी | परोहा नगरपालिका वडा नं. ५ | भदौ | | हिन्दु |
| ६ | दुर्गा पूजा | लौकाहा बजार | | | हिन्दु |
| ७ | महावीरी | लौकाहा बजार | | | हिन्दु |

*स्रोत : परोहा नगरपालिकाको कार्यालय, २०७५*

## २.१० सँस्कृति, कला, भाषा र साहित्य

नेपाल एक बहुसाँस्कृतिक, बहुभाषिक, बहुजातिय र विविधतायुक्त राष्ट्र हो । यसैगरी परोहा नगरपालिका सँस्कृति, कला, भाषाका दृष्टिकोणले धनी नगरपालिकाका रुपमा रहेको छ । नगरपालिकामा विभिन्न किसिमका जातजाति, धर्म र भाषाभाषी बोल्ने परिवारहरूको बसोबास रहेको छ । आ-आफ्नो जाति तथा धार्मिक आस्था अनुरुप विभिन्न संस्कृति अवलम्बन गरेको देखिन्छ ।

## २.११ सार्वजनिक पाटीपौवा र चौतारासम्बन्धी विवरण




नगरपालिकामा रहेका विभिन्न सार्वजनिक पाटी पौवा तथा चौताराहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ । विगतमा सडक यातायातको विस्तार र विकास नहुँदा यी पाटी तथा चौताराहरू बटुवाहरूको आराम गर्ने तथा थकान मेटाउन महत्वपूर्ण स्थलहरूको रुपमा विकसित भएको र हाल यस्ता स्थानहरू सार्वजनिक बहस तथा स्थानीयवासीहरू जम्मा भइ अन्तरक्रिया गर्ने सार्वजनिक स्थलको रुपमा रहेका छन् । पार्क र उद्यान जस्तै यी सार्वजनिक क्षेत्रहरूको समेत संरक्षण गर्न जरुरी छ ।

**तालिका नं. ५ :** सार्वजनिक पाटीपौवा र चौतारासम्बन्धी विवरण

| क.सं. | वडा नं. | स्थान | उपयोग | कैफियत |
|---|---|---|---|---|
| १ | १ | ब्रह्मस्थान | समुदायका सबै | |
| २ | २ | महादेव मन्दिर | हिन्दू समुदाय | |
| ३ | ३ | मठ (जानकी) | हिन्दू समुदाय | |

*स्रोत : परोहा नगरपालिकाको कार्यालय, २०७५*




नक्सा नं. ७ : नगरपालिकाको धार्मिक तथा पर्यटकिय स्थल

# खण्ड ३ : जनसांख्यिक विवरण

## ३.१ वडागत घरपरिवार संख्या तथा लिङ्गको आधारमा जनसंख्याको विवरण

२०७५ सालमा परोहा नगरपालिकामा सम्पन्न गरिएको घरपरिवार तथ्याङ्क संकलनबाट प्राप्त तथ्याङ्क अनुसार कूल ३७.४४ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यस नगरपालिकाको ९ ओटै वडाहरूमा गरी जम्मा ७,०७२ घरपरिवारमा अक्सर बसोबास गर्ने कुल ३७,८४५ जनसंख्या रहेको छ। तथ्याङ्कलाई हेर्दा लैङ्गिक अनुपात प्रति १०० जना महिलाहरुमा पुरुषको जनसंख्या भने कम अर्थात ९५ जना देखिन्छ। अर्कोतर्फ प्रति वर्ग किलोमिटर क्षेत्रफलमा १९६ जनाको दरमा जनघनत्व रहेको देखिन्छ। अर्थात् नगरपालिकाको कूल क्षेत्रफलले कुल जनसंख्यालाई भाग गर्दा प्रति वर्ग किलोमिटर क्षेत्रफलमा १,०१० जनसंख्या पर्न आउँछ। क्षेत्रफलको हिसाबले वडा नं. ३ सबैभन्दा बढी क्षेत्रफल भएको वडा हो भने जनसंख्याको हिसाबले वडा नं. ९ सबैभन्दा बढी जनसंख्या भएको वडा हो। यस वडामा घरपरिवार संख्या, जनसंख्या, र क्षेत्रफलका हिसाबले वडा नं. १ सबै भन्दा सानो वडा हो भने यस वडाको जनघनत्व बढी रहेको देखिन्छ। यस तथ्याङ्कलाई विश्लेषण गर्दा दुई पक्षहरु स्पष्ट देख्न सकिन्छ। पहिलो जनघनत्व दोस्रो लैङ्गिक अनुपात। जनघनत्वको हिसाबले वडा नं. १ सबैभन्दा बढी जनघनत्व भएको वडा हुनुका पछाडि अन्य वडाहरुको तुलनामा वडा नं. १ मा रहेका विभिन्न मानवीय सुविधाहरु शिक्षा, स्वास्थ्य, रोजगार, आवास, सुरक्षा, व्यापार आदीको सघनता हो। तसर्थ योजना निर्माणमा जनघनत्व र त्यसलाई प्रत्यक्ष प्रभाव पार्ने तत्वहरुको अध्ययन गर्नु अर्थात जनसंख्या वितरणलाई क्षेत्रगत हिसाबले सन्तुलनमा राख्न मानवीय सुविधाहरुमा केन्द्रित हुनुपर्दछ। अर्कोतर्फ पुरुषको तुलनामा महिलाको जनसंख्या बढी हुनु समेत जनसांख्यिक विश्लेषणको महत्वपुर्ण पाटो हो।

सामान्यतया नेपाली सामाजिक संरचना र परम्परालाई हेर्दा पितृसत्तात्मक स्वरुपको समाजमा छोराको चाहना पुरा गर्ने मनोविज्ञानका कारण छोरीहरुको संख्या अप्रत्यक्ष ढङ्गले बढेको देखिन्छ। अर्को तर्फ छोरीहरुको संख्या बढ्दा छोरीहरुको अर्थात महिलाहरुको विशिष्ट आवस्यकताहरु जस्तै : प्रजनन् स्वास्थ्य, महिला शिक्षा, महिला अधिकार जस्ता विषयहरुलाई सम्बोधन गर्ने योजनाहरु राज्यद्वारा निर्माण हुनु आवस्यक देखिन्छ। साथै लैङ्गिक अनुपातमा रहेको अन्तर वृद्धि हुँदै जाँदा त्यसले सामाजिक स्वरुपमा नै लैङ्गिक रुपमा परिवर्तित गरिदिन्छ। यसतर्फ समग्र समाजको ध्यान जानु आवस्यक छ। थप वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ६ :** घरपरिवार तथा जनसंख्यासम्बन्धी विवरण


| वड नं. | घरपरिवार संख्या | पुरुष | महिला | जम्मा | क्षेत्रफल ( वर्ग कि.मि.) | जनघनत्व ( प्रति वर्ग कि.मि.) | परिवारको आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४५४ | १०९९ | १३९६ | २४९५ | १.३३ | १८७५.९४ | ५.५० | ७८.७२ |
| २ | ७२४ | १८८४ | २१६२ | ४०४६ | ४.१७ | ९७०.२६ | ५.५९ | ८७.१४ |
| ३ | ९९६ | २३४७ | २४१३ | ४७६० | ८.११ | ५८६.९३ | ४.७८ | ९७.२६ |
| ४ | ८४९ | २५२४ | २६०७ | ५१३१ | ३.०९ | १६६०.५२ | ६.०४ | ९६.८२ |
| ५ | ६९५ | २०५० | २१७० | ४२२० | ३.७५ | ११२५.३३ | ६.०७ | ९४.४७ |
| ६ | ७४२ | १९२८ | १९६६ | ३८९४ | ६.०५ | ६४३.६४ | ५.२५ | ९८.०७ |
| ७ | ६३७ | १८२० | १९९१ | ३८११ | ४.९७ | ७६६.८० | ५.९८ | ९१.४१ |
| ८ | ७५८ | १९६० | १८६६ | ३८२६ | २.०९ | १८३०.६२ | ५.०५ | १०५.०४ |
| ९ | १२१७ | २८३९ | २८२३ | ५६६२ | ३.८८ | १४५९.२८ | ४.६५ | १००.५७ |
| **जम्मा** | ७०७२ | १८४५१ | १९३९४ | ३७८४५ | ३७.४४ | १०१०.८२ | ५.३५ | ९५.१४ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*


**तालिका नं. ७ :** अनुपस्थित जनसंख्याको विवरण

| वडा नं. | घरपरिवार | अक्सर बसोबास गर्ने जनसंख्या | | | अनुपस्थित | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १ | ४५४ | १०९९ | १३९६ | २४९५ | ४२१ | ५९ | ४८० | १५२० | १४५५ | २९७५ |
| २ | ७२४ | १८८४ | २१६२ | ४०४६ | ३५१ | २४ | ३७५ | २२३५ | २१८६ | ४४२१ |
| ३ | ९९६ | २३४७ | २४१३ | ४७६० | ३२२ | २१ | ३४३ | २६६९ | २४३४ | ५१०३ |
| ४ | ८४९ | २५२४ | २६०७ | ५१३१ | २९१ | ३४ | ३२५ | २८१५ | २६४१ | ५४५६ |
| ५ | ६९५ | २०५० | २१७० | ४२२० | ३३९ | २३ | ३६२ | २३८९ | २१९३ | ४५८२ |
| ६ | ७४२ | १९२८ | १९६६ | ३८९४ | ४२७ | १३६ | ५६३ | २३५५ | २१०२ | ४४५७ |
| ७ | ६३७ | १८२० | १९९१ | ३८११ | ३३८ | ३० | ३६८ | २१५८ | २०२१ | ४१७९ |
| ८ | ७५८ | १९६० | १८६६ | ३८२६ | ३८७ | १०५ | ४९२ | २३४७ | १९७१ | ४३१८ |
| ९ | १२१७ | २८३९ | २८२३ | ५६६२ | २६४ | २८ | २९२ | ३१०३ | २८५१ | ५९५४ |
| **जम्मा** | ७०७२ | १८४५१ | १९३९४ | ३७८४५ | ३१४० | ४६० | ३६०० | २१५९१ | १९८५४ | ४१४४५ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*




नक्सा नं. ८ : नगरपालिकाको कूल जनसंख्याको महिला र पुरुषको अनुपात




नक्सा नं. ९ : नगरपालिकाको वडाअनुसार घरधुरी


## ३.२ लिङ्गको आधारमा उत्तरदाताको विवरण

**तालिका नं. ८ :** लिङ्गको आधारमा उत्तरदाताको विवरण

| वडा नं. | पुरुष | | महिला | | जम्मा उत्तरदाता संख्या |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ३३१ | ७२.९% | १२३ | २७.१% | ४५४ |
| २ | ५२८ | ७२.९% | १९६ | २७.१% | ७२४ |
| ३ | ६५१ | ६५.४% | ३४५ | ३४.६% | ९९६ |
| ४ | ६०३ | ७१.०% | २४६ | २९.०% | ८४९ |
| ५ | ५२४ | ७५.३% | १७२ | २४.७% | ६९६ |
| ६ | ५५७ | ७३.४% | २०२ | २६.६% | ७५९ |
| ७ | ४५६ | ७१.६% | १८१ | २८.४% | ६३७ |
| ८ | ५९१ | ७७.०% | १७७ | २३.०% | ७६८ |
| ९ | १०३१ | ८४.७% | १८६ | १५.३% | १२१७ |
| जम्मा | ५२७२ | ७४.३% | १८२८ | २५.७% | ७१०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस परोहा नगरपालिकामा २०७५ सालमा गरिएको घरपरिवार तथ्याङ्क संकलन अनुसार कुल ७,०७२ घरपरिवारहरू रहेका छन् । कुल घरपरिवारहरू मध्ये घरपरिवार तथ्याङ्क संकलनमा उत्तरदाताको रुपमा सहभागिहरूको तथ्याङ्क हेर्दा ५,२७२ जना पुरुष र १,८२८ जना महिला सहभागीहरूले उत्तरदाताको रूपमा सहभागिता जनाएका थिए । सामान्यतया सबै वडाहरूमा पुरुषको सहभागिता उल्लेख्य रहेको र तुलनात्मक रुपमा महिला सहभागिता कम रहेको देखिन्छ । विस्तृत विवरण तालिकामा उल्लेख छ ।



## ३.३ लिङ्ग अनुसार वडागत जनसंख्या विवरण

**तालिका नं. ९ :** लिङ्ग अनुसार वडागत जनसंख्या विवरण

| वडा नं. | घरपरिवार | पुरुष | | महिला | | जम्मा जनसंख्या |
|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ४५४ | १०९९ | ६.०% | १३९६ | ७.२% | २४९५ |
| २ | ७२४ | १८८४ | १०.२% | २१६२ | ११.१% | ४०४६ |
| ३ | ९९६ | २३४७ | १२.७% | २४१३ | १२.४% | ४७६० |
| ४ | ८४९ | २५२४ | १३.७% | २६०७ | १३.४% | ५१३१ |
| ५ | ६९५ | २०५० | ११.१% | २१७० | ११.२% | ४२२० |
| ६ | ७४२ | १९२८ | १०.४% | १९६६ | १०.१% | ३८९४ |
| ७ | ६३७ | १८२० | ९.९% | १९९१ | १०.३% | ३८११ |
| ८ | ७५८ | १९६० | १०.६% | १८६६ | ९.६% | ३८२६ |
| ९ | १२१७ | २८३९ | १५.४% | २८२३ | १४.६% | ५६६२ |
| **जम्मा** | ७०७२ | १८४५१ | ४८.७५ | १९३९४ | ५१.२५ | ३९,०९७ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा रहेका कुल ७,०७२ घरपरिवारहरूमा १८,४५१ जना पुरुष र १९,३९४ जना महिला गरी कूल ३७,८४५ जनसंख्या रहेको छ । वडागत विवरण अनुसार सबैभन्दा धेरै घरपरिवारहरू भएको वडा नं. ९ जहाँ १,२१७ घरपरिवारहरू र सबैभन्दा कम घरपरिवारहरू भएको वडा भने वडा नं. १ जहाँ ४५४ घरपरिवारहरू रहेका छन् । वडागत जनसंख्याको महिला/पुरुषको अनुपात विवरण समेत सामान्यतया समान किसिमको देखिन्छ । सबैजसो वडामा महिलाको जनसंख्या पुरुषको भन्दा बढी देखिन्छ । लैङ्गिक अनुपातलाई हेर्दा प्रति १०० जना महिनामा ९५.१४ पुरुषको संख्या देखिन्छ । अर्थात


$$\text{लैङ्गिक अनुपात} = \frac{\text{पुरुषको संख्या}}{\text{महिलाको संख्या}} \times १००$$

$$= \frac{१८४५१}{१९३९४} \times १००$$

$$= ९५.१४ \text{ जना पुरुष}$$

लैङ्गिक अनुपात ९५.१४ : १००

यसको अर्थ प्रति १०० जना महिलाको जनसंख्याको पुरुषको जनसंख्याको आँकडा मिलाउँदा जम्मा ९५.१४ जना मात्र पुरुषहरू पर्दछन् । महिलाको जनसंख्याको तुलनामा पुरुषको जनसंख्या कम देखिन्छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



## ३.४ उमेर समूह अनुसार वडागत जनसंख्याको विवरण

**तालिका नं. १० :** उमेर समूह अनुसार वडागत जनसंख्याको विवरण

| वडा नं. | उमेर समूह | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ०-४ | ५-९ | १०-१४ | १५-१९ | २०-२४ | २५-२९ | ३०-३४ | ३५-३९ | ४०-४४ | ४५-४९ | ५०-५४ | ५४-५९ | ६०-६४ | ६४-६९ | ७०-७४ | ७५ वर्ष भन्दा माथि | जम्मा |
| १ | ४६५ | ४२० | २९२ | २०७ | १८४ | १७३ | १२० | ११७ | ७७ | ८६ | ७१ | ७४ | ७४ | ७३ | ३१ | ३१ | २४९५ |
| २ | ६६४ | ६२७ | ४९८ | ४०० | ३६५ | ३०९ | १७० | २०० | १६३ | १४८ | ११४ | ८० | ७१ | १२९ | ५७ | ५१ | ४०४६ |
| ३ | ७२४ | ७४० | ५८६ | ४७६ | ३२४ | २९९ | २६९ | २९७ | २१३ | १७३ | १३७ | १२३ | १३० | ९९ | ९४ | ७६ | ४७६० |
| ४ | ६६४ | ७७२ | ६८९ | ५८५ | ३८३ | ३३४ | ३१५ | ३०० | २३९ | १९३ | १४० | १४० | ११८ | ११२ | ८१ | ६६ | ५१३१ |
| ५ | ६४५ | ७३३ | ५६२ | ३९९ | ३२६ | २५७ | २२८ | २३४ | १६२ | १४५ | १११ | ९० | १०८ | ९१ | ६० | ६९ | ४२२० |
| ६ | ४८७ | ५५१ | ४४८ | ३५६ | २९१ | २९७ | २४६ | २६९ | १६६ | १४१ | १०२ | ११९ | १०१ | १३९ | ९३ | ८८ | ३८९४ |
| ७ | ५५८ | ६२९ | ५०९ | ३६१ | २६८ | २३६ | २०२ | १९९ | १४१ | १३२ | ११२ | ११० | १०७ | १०५ | ७७ | ६५ | ३८११ |
| ८ | ५२३ | ५९२ | ४९६ | ३२५ | २६१ | २४४ | २२८ | २५१ | २०२ | १४८ | ११७ | ८७ | ९५ | १०२ | ८६ | ६९ | ३८२६ |
| ९ | ७५४ | ८०९ | ७६७ | ५३३ | ५३७ | ३७७ | ३३८ | ३३९ | २२९ | २१३ | १५७ | १७३ | १७७ | १३४ | ७७ | ४८ | ५६६२ |
| **जम्मा** | **५४८४** | **५८७३** | **४८४७** | **३६४२** | **२९३९** | **२५२६** | **२११६** | **२२०६** | **१५९२** | **१३७९** | **१०६१** | **९९६** | **९८१** | **९८४** | **६५६** | **५६३** | **३७८४५** |
| **प्रतिशत** | **१४.४९** | **१५.५२** | **१२.८१** | **९.६२** | **७.७७** | **६.६७** | **५.५९** | **५.८३** | **४.२१** | **३.६४** | **२.८०** | **२.६३** | **२.५९** | **२.६०** | **१.७३** | **१.४९** | **१००.००** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा रहेका कूल ३७,८४५ जनसंख्या मध्ये ५ देखि ९ वर्ष उमेर समूहका बालबालिकाको जनसंख्या सबैभन्दा बढी ५,८७३ अर्थात १५.५२ प्रतिशत दोस्रोमा ० देखि ०४ वर्ष उमेर समूहका ५,४८४ अर्थात १४.४९ प्रतिशत र तेस्रोमा १५ देखि १९ वर्ष उमेर समूहका ४,८४७ अर्थात १२.८१ प्रतिशत रहेका छन् । समग्र

तथ्याङ्कलाई विश्लेषण गर्दा उमेर समूह बढ्दै जाँदा जनसंख्या घट्दै गैरहेको छ। १० देखि २४ वर्ष भित्रको जनसंख्या सबैभन्दा बढी देखिन्छ। १० वर्ष भन्दा मूनिका बालबालिकाको जनसंख्या र २४ वर्ष माथिका प्रौढ तथा वृद्धवृद्धाहरूको संस्था क्रमश घट्दै गैरहेको देखिन्छ।

यूवा उमेरको जनसंख्या बढी हुनु राम्रो भएतापनि उनीहरूको शिक्षा, स्वास्थ्य तथा मानव संसाधन विकासमा राज्यले व्यापक लगानी गर्नुपर्ने हुन्छ। अर्कोतर्फ यूवाहरूलाई सहि दिशातर्फ उन्मूख बनाउन र रोजगारीका अवसरहरू श्रृजनागरी राष्ट्र निर्माणमा सरिक बनाउनु समाज र राज्यको दायित्व हुन आउँछ। बालबालिका तथा शिशुहरूको संख्या कमहुनुले क्रमश प्रजनन दर घट्दै गएको संकेत गर्दछ भने वृद्धहरूको तथा प्रौढहरूको संख्या कम हुनुले औषत आयू अन्य देशहरूको तुलनामा कम हुनु र प्रौढहरूको संख्या कम हुनुले औषत आयू अन्य देशहरूको तुलनामा कम हुनु र प्रौढ अवस्थामा लाग्ने रोगका कारण पाका उमेरको जनसंख्याको मृत्यूदर बढी हुनु भन्ने जनाउँछ। यद्यपी बढ्दो उमेरको संख्या कम हुनु स्वभाविक हो। उमेर अनुसारको जनसंख्याको विश्लेषण गर्दा प्रत्येक उमेर समूहका आवश्यकताहरू सम्बोधन गरी उनीहरूको उचित व्यवस्थापन गर्नु नै चुनौतीपूर्ण हुन्छ। बालबालिकाको पोषण र स्याहार तथा शिक्षा, यूवालाई उचित रोजगारी र वृद्धहरूलाई आवश्यक सामाजिक सूरक्षा तथा स्वास्थ्य सेवा र स्याहार राज्यले निर्वाह गर्नुपर्ने दायित्वहरू भित्र आउँछन्। नगरपालिकाले यसतर्फ ध्यान पुऱ्याउन आवश्यक छ। वडागत उमेर समूह अनुसारको विस्तृत विवरण तालिममा प्रस्तुत गरिएको छ।

## ३.५ उमेर र लिङ्गअनुसार वडागत जनसंख्याको विवरण

**तालिका नं. ११ :** उमेर र लिङ्गअनुसार वडागत जनसंख्याको विवरण


| वडा नं. | लिङ्ग | ०-४ | ५-९ | १०-१४ | १५-१९ | २०-२४ | २५-२९ | ३०-३४ | ३५-३९ | ४०-४४ | ४४-४९ | ५०-५४ | ५४-५९ | ६०-६४ | ६४-६९ | ७०-७४ | ७५+ वर्ष माथि | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुरुष | २३१ | २०५ | १३८ | ७८ | ५७ | ५० | ५० | ४२ | ३२ | ४३ | ३० | ३३ | ३८ | ४० | १६ | १६ | १०९९ | ४४.०% |
| | महिला | २३४ | २१५ | १५४ | १२९ | १२७ | १२३ | ७० | ७५ | ४५ | ४३ | ४१ | ४१ | ३६ | ३३ | १५ | १५ | १३९६ | ५६.०% |
| | जम्मा | ४६५ | ४२० | २९२ | २०७ | १८४ | १७३ | १२० | ११७ | ७७ | ८६ | ७१ | ७४ | ७४ | ७३ | ३१ | ३१ | २४९५ | १००.०% |
| २ | पुरुष | ३१३ | ३२५ | २३८ | १९५ | १२९ | १४९ | ५१ | ९१ | ६८ | ६१ | ६४ | ४४ | ३४ | ६८ | २७ | २७ | १८८४ | ४६.६% |
| | महिला | ३५१ | ३०२ | २६० | २०५ | २३६ | १६० | ११९ | १०९ | ९५ | ८७ | ५० | ३६ | ३७ | ६१ | ३० | २४ | २१६२ | ५३.४% |
| | जम्मा | ६६४ | ६२७ | ४९८ | ४०० | ३६५ | ३०९ | १७० | २०० | १६३ | १४८ | ११४ | ८० | ७१ | १२९ | ५७ | ५१ | ४०४६ | १००.०% |
| ३ | पुरुष | ३५१ | ३७४ | २९८ | २४२ | १५१ | १३४ | १११ | १४१ | १०८ | ८४ | ७७ | ६३ | ६८ | ५७ | ४७ | ४१ | २३४७ | ४९.३% |
| | महिला | ३७३ | ३६६ | २८८ | २३४ | १७३ | १६५ | १५८ | १५६ | १०५ | ८९ | ६० | ६० | ६२ | ४२ | ४७ | ३५ | २४१३ | ५०.७% |
| | जम्मा | ७२४ | ७४० | ५८६ | ४७६ | ३२४ | २९९ | २६९ | २९७ | २१३ | १७३ | १३७ | १२३ | १३० | ९९ | ९४ | ७६ | ४७६० | १००.०% |

| वडा नं. | लिङ्ग | ०-४ | ५-९ | १०-१४ | १५-१९ | २०-२४ | २५-२९ | ३०-३४ | ३५-३९ | ४०-४४ | ४४-४९ | ५०-५४ | ५४-५९ | ६०-६४ | ६४-६९ | ७०-७४ | ७५+ वर्ष माथि | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | पुरुष | ३१४ | ३८८ | ३५४ | २७९ | १७७ | १५२ | १४७ | १४३ | १२७ | ९७ | ७९ | ७५ | ५५ | ६१ | ४५ | ३१ | २५२४ | ४९.२% |
| | महिला | ३५० | ३८४ | ३३५ | ३०६ | २०६ | १८२ | १६८ | १५७ | ११२ | ९६ | ६१ | ६५ | ६३ | ५१ | ३६ | ३५ | २६०७ | ५०.८% |
| | जम्मा | ६६४ | ७७२ | ६८९ | ५८५ | ३८३ | ३३४ | ३१५ | ३०० | २३९ | १९३ | १४० | १४० | ११८ | ११२ | ८१ | ६६ | ५१३१ | १००.०% |
| ५ | पुरुष | ३४० | ३८१ | २५३ | १८८ | १३८ | १११ | ९४ | ११८ | ८५ | ६९ | ६३ | ४१ | ५५ | ५१ | २९ | ३४ | २०५० | ४८.६% |
| | महिला | ३०५ | ३५२ | ३०९ | २११ | १८८ | १४६ | १३४ | ११६ | ७७ | ७६ | ४८ | ४९ | ५३ | ४० | ३१ | ३५ | २१७० | ५१.४% |
| | जम्मा | ६४५ | ७३३ | ५६२ | ३९९ | ३२६ | २५७ | २२८ | २३४ | १६२ | १४५ | १११ | ९० | १०८ | ९१ | ६० | ६९ | ४२२० | १००.०% |
| ६ | पुरुष | २५७ | २८१ | २२२ | १७७ | १२६ | १३९ | १०१ | १३३ | ८८ | ८१ | ४६ | ५८ | ५६ | ७१ | ५५ | ३७ | १९२८ | ४९.५% |
| | महिला | २३० | २७० | २२६ | १७९ | १६५ | १५८ | १४५ | १३६ | ७८ | ६० | ५६ | ६१ | ४५ | ६८ | ३८ | ५१ | १९६६ | ५०.५% |
| | जम्मा | ४८७ | ५५१ | ४४८ | ३५६ | २९१ | २९७ | २४६ | २६९ | १६६ | १४१ | १०२ | ११९ | १०१ | १३९ | ९३ | ८८ | ३८९४ | १००.०% |
| ७ | पुरुष | २७३ | ३१८ | २४२ | १८५ | ११९ | ८५ | ९० | ८३ | ६३ | ५८ | ५७ | ६१ | ४९ | ६२ | ३४ | ४१ | १८२० | ४७.८% |
| | महिला | २८५ | ३११ | २६७ | १७६ | १४९ | १५१ | ११२ | ११६ | ७८ | ७४ | ५५ | ४९ | ५८ | ४३ | ४३ | २४ | १९९१ | ५२.२% |
| | जम्मा | ५५८ | ६२९ | ५०९ | ३६१ | २६८ | २३६ | २०२ | १९९ | १४१ | १३२ | ११२ | ११० | १०७ | १०५ | ७७ | ६५ | ३८११ | १००.०% |
| ८ | पुरुष | २७१ | ३१४ | २६५ | १६२ | १२२ | ११९ | १०६ | ११८ | १२१ | ७२ | ६४ | ४६ | ४० | ५६ | ४८ | ३६ | १९६० | ५१.२% |
| | महिला | २५२ | २७८ | २३१ | १६३ | १३९ | १२५ | १२२ | १३३ | ८१ | ७६ | ५३ | ४१ | ५५ | ४६ | ३८ | ३३ | १८६६ | ४८.८% |
| | जम्मा | ५२३ | ५९२ | ४९६ | ३२५ | २६१ | २४४ | २२८ | २५१ | २०२ | १४८ | ११७ | ८७ | ९५ | १०२ | ८६ | ६९ | ३८२६ | १००.०% |
| ९ | पुरुष | ४०३ | ३८९ | ३९४ | २६४ | २३५ | १८८ | १५१ | १८४ | १०९ | ११३ | ८१ | ८८ | ८४ | ८३ | ३९ | ३४ | २८३९ | ५०.१% |
| | महिला | ३५१ | ४२० | ३७३ | २६९ | ३०२ | १८९ | १८७ | १५५ | १२० | १०० | ७६ | ८५ | ९३ | ५१ | ३८ | १४ | २८२३ | ४९.९% |
| | जम्मा | ७५४ | ८०९ | ७६७ | ५३३ | ५३७ | ३७७ | ३३८ | ३३९ | २२९ | २१३ | १५७ | १७३ | १७७ | १३४ | ७७ | ४८ | ५६६२ | १००.०% |
| **कुल जम्मा** | पुरुष | २७५३ | २९७५ | २४०४ | १७७० | १२५४ | ११२७ | ९०१ | १०५३ | ८०१ | ६७८ | ५६१ | ५०९ | ४७९ | ५४९ | ३४० | २९७ | १८४५१ | ४८.८% |
| | महिला | २७३१ | २८९८ | २४४३ | १८७२ | १६८५ | १३९९ | १२१५ | ११५३ | ७९१ | ७०१ | ५०० | ४८७ | ५०२ | ४३५ | ३१६ | २६६ | १९३९४ | ५१.२% |
| | जम्मा | ५४८४ | ५८७३ | ४८४७ | ३६४२ | २९३९ | २५२६ | २११६ | २२०६ | १५९२ | १३७९ | १०६१ | ९९६ | ९८१ | ९८४ | ६५६ | ५६३ | ३७८४५ | १००.०% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा रहेको कूल ३७,८४५ जनसंख्या मध्ये कूल १८,४५१ पुरुष र १९,३९४ जना महिला रहेका छन् । ४ देखि ९ वर्षका बालिकाहरू बाहेक १० देखि ५४ वर्षसम्मको सबै उमेर समूहमा किशोरी र महिलाहरूको बाहुल्यता रहेको छ । यसरी लैङ्गिक अनुपात हेर्दा प्रति ९५.१४ जना पुरुषमा १०० जना महिला रहेका छन् । छोराको चाहाना गरेर बढी छोराहरू जन्माउने प्रवृति नेपालमा परम्परागत हिसाबले नै रहि आएको छ । लैङ्गिक भेदभाव उन्मूलनका विविध प्रयासहरू भै रहेतापनि ठोस उपलब्धी भने हासिल हुन सकेको देखिँदैन । यद्यपी यसमा सुधार भने भैरहेको छ । उमेर समूह अनुसार हेर्दा १५ देखि ३९ वर्ष उमेर समूह भित्रका किशोरी र

महिलाहरूको जनसंख्यामा र उमेर पुगेका महिलाहरूका शारिरीक, मानसिक, सामाजिक तथा आर्थिक मूद्धाहरूलाई सम्बोधन गर्ने खालको योजनाहरू निर्माण गर्नु जरुरी छ। प्रजनन स्वास्थ्य, यौन स्वास्थ्य, रजस्वला सम्बन्धी समस्याहरू, महिला मैत्री शौचालय, परामर्श केन्द्रहरू, महिला हिंसा, चेलीवेटी बेचविखन, घरेलु लैङ्गिक हिंसा, पाठेघर खस्ने समस्या, दाइजो प्रथा, महिला शसक्तिकरण तथा अधिकार जस्ता विषयहरू आम महिलाका प्रमुख तथा संवेदनशिल विषय भएकोले नगरपालिकाले यि विषयहरूको प्रभावकारी योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने संकेत समग्र तथ्याङ्कले गर्दछ। वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ।




## ३.६ जातजातीको आधारमा वडागत जनसंख्याको विवरण

**तालिका नं. १२ :** जातजातीको आधारमा वडागत जनसंख्याको विवरण

| जातजाति | वडा नं. | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| मुसलमान | १७१६ | २८७५ | १६२८ | २६०० | २७१४ | १३ | १२२८ | ८६९ | २१५५ | १५७९८ | ४१.७४ |
| कुर्मी | ० | ० | ३११ | ३६२ | ३२० | १६३५ | ७९१ | ६४७ | १०३३ | ५०९९ | १३.४७ |
| यादव | ० | २५४ | १४३ | १२८९ | ० | ४६ | ५८५ | ० | २५९ | २५७६ | ६.८१ |
| तेली | ५२ | १८५ | १८५ | ३८१ | १२४ | ३६९ | ५१ | २८ | ३३९ | १७१४ | ४.५३ |
| नुनिया | ६८ | १५७ | ३१७ | ० | ३२९ | १७९ | ९९ | ९९ | ८८ | १३३६ | ३.५३ |
| चमार/हरिजन/राम | ६८ | २२२ | २७१ | ३७ | १३७ | ६१ | ६३ | २४३ | ६६ | ११६८ | ३.०९ |
| कलवार | २ | ३० | १ | २६ | २२ | ३८९ | १३८ | २९६ | १८ | ९२२ | २.४४ |
| धोवी | ४६६ | ४८ | ३० | ० | १९ | ९१ | २९ | १२४ | ३५ | ८४२ | २.२२ |
| कानु | ० | ० | १८५ | १ | २४९ | ४७ | ५० | ७७ | १८४ | ७९३ | २.१० |
| दुसाध/पाश्वान/पासी | ० | १२६ | ३३७ | ० | ० | ९७ | १६४ | ८ | ४९ | ७८१ | २.०६ |
| बराई | ७० | ० | ३ | ४८ | ० | ० | ४७ | ५४१ | ० | ७०९ | १.८७ |
| कोइरी/कुश्वाह | १० | ० | ४५५ | ० | ० | २८ | १७४ | १ | ३२ | ७०० | १.८५ |
| मल्लाह | ० | ० | ० | ० | ० | १३९ | ० | २२ | ४९९ | ६६० | १.७४ |
| लोहार | ६ | ९ | ४४ | ० | १२५ | १४९ | ६२ | ० | २१२ | ६०७ | १.६० |
| कुमाल | ६ | ० | ४०८ | ० | ० | ७ | ६८ | १ | ० | ४९० | १.२९ |
| तत्मा/तत्वा | ० | ० | ६६ | ० | १९ | ९१ | ० | ० | ३०४ | ४८० | १.२७ |
| हजाम/ठाकुर | ८ | १८ | ५५ | ३३ | ७० | ४३ | ० | १०७ | ८२ | ४१६ | १.१० |
| ठकुरी | ० | ० | २० | ११३ | ३२ | ० | ० | १२१ | २२ | ३०८ | ०.८१ |
| सन्यासी/दशनामी | ० | ९३ | ० | ० | ० | ० | ५१ | १२० | २५ | २८९ | ०.७६ |
| राजपुत | ० | ० | ५८ | ० | ० | ११० | ० | ३९ | ४९ | २५६ | ०.६८ |
| ब्राह्मण तराई | ० | ० | १२१ | ३५ | ० | ४४ | ३६ | ७ | ० | २४३ | ०.६४ |
| थाहा नभएको | १८ | ० | ० | १०० | ० | ० | ० | ० | ० | ११८ | ०.३१ |
| उल्लेख नगरिएको | ० | ० | ० | २ | १ | ० | ४४ | ० | १८ | ६५ | ०.१७ |
| अन्य | ५ | २९ | १२२ | १०४ | ५९ | ३५६ | १३१ | ४७६ | १९३ | १४७५ | ३.९० |
| **जम्मा** | २४९५ | ४०४६ | ४७६० | ५१३१ | ४२२० | ३८९४ | ३८११ | ३८२६ | ५६६२ | ३७८४५ | १००.०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा सबैभन्दा धेरै १५,७९८ अर्थात ४१.७४ प्रतिशत मुसलमान, दोस्रोमा ५,०९९ अर्थात १३.४७ प्रतिशत कुर्मी, तेस्रोमा यादव ६.८१ प्रतिशत, चौथो र पाँचौमा क्रमश तेली ४.५३ प्रतिशत र नुनिया ३.५३ प्रतिशत रहेका छन्। त्यसैगरी चमार/हरिजन/राम, कलवार, धोवी, कानु, दुसाध/पाश्वान/पासी लगायत अन्य जातजातिहरुको बसोबास रहेको छ। यसरी जातिय हिसाबले विविधतायुक्त समाजमा स्थानीयहरू सामाजिक सहिष्णुताका साथ बसेको पाइन्छ। विभिन्न नगरपालिकामा बसोबास गर्ने विभिन्न जातजातीको मौलिक संस्कृति, परम्परा, भाषा र रहनसहनलाई संरक्षण गरी उनीहरुको पहिचान कायम राख्ने कार्यक्रमहरुको निर्माण गर्नु आवश्यक छ। विस्तृत विवरण वडागत रुपमा तालिकामा प्रस्तुत गरिएको छ।




## ३.७ नगरपालिकामा बोलिने भाषाको आधारमा जनसंख्याको विवरण


**तालिका नं. १३ :** नगरपालिकामा बोलिने भाषाको आधारमा जनसंख्याको विवरण

| मातृभाषा | वडा न.. | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| बज्जिका | १३५४ | ३९५८ | ४७३७ | ३३६० | ९२१ | ३८४५ | १८९३ | ३०५४ | ५४९८ | २८६२० | ७५.६२ |
| भोजपुरी | ११२५ | ० | १ | १७४१ | २८११ | ३ | १८९१ | ७५१ | २८ | ८३५१ | २२.०७ |
| नेपाली | ११ | २७ | १२ | २८ | ४६६ | ३५ | १८ | १७ | १२३ | ७३७ | १.९५ |

| मातृभाषा | वडा न.. | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| थाहा नभएको | १ | ४१ | ० | ० | ० | ० | ० | ० | ० | ४२ | ०.११ |
| मुसल्मान | ० | ० | ० | ० | २१ | ० | ० | ० | ० | २१ | ०.०६ |
| लिम्बु | ० | १ | ३ | १ | ० | ४ | ९ | १ | १ | २० | ०.०५ |
| अन्य | ४ | १९ | ७ | १ | १ | ७ | ० | ३ | १२ | ५४ | ०.१४ |
| **जम्मा** | २४९५ | ४०४६ | ४७६० | ५१३१ | ४२२० | ३८९४ | ३८११ | ३८२६ | ५६६२ | ३७८४५ | १००.०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा रहेका कुल ३७,८४५ जनसंख्या मध्ये सबैभन्दा बढी २८,६२० अर्थात ७५.६२ प्रतिशतले बज्जिका भाषा, ८,३५१ अर्थात २२.०७ प्रतिशतले भोजपुरी भाषा, ७३७ अर्थात १.९५ प्रतिशतले नेपाली भाषा र बाँकी अन्य नगण्य संख्याले अन्य भाषा प्रयोग गर्ने गरेको पाइयो । संविधानको धारा ३२ मा भाषा तथा संस्कृतिको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको र धारा ३१ को शिक्षा सम्बन्धी हकको उपधारा ५ बमोजिम “नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुनेछ ।” भनि स्पष्ट किटान गरेको छ । तसर्थ बज्जिका, भोजपुरी वा अन्य अर्थात आफ्नो मातृभाषामा पढ्न चाहने विद्यार्थीहरूलाई नगरपालिकाले विशेष व्यवस्था गर्न सक्ने प्रावधान रहेको छ । वडा अनुसार विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।




## ३.८ धर्म अनुसार जनसंख्याको वडागत विवरण

**तालिका नं. १४ :** धर्म अनुसार जनसंख्याको वडागत विवरण

| वडा नं. | हिन्दु | बौद्ध | ईस्लाम | किरात | क्रिस्चियन | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ७७६ | १ | १७१५ | ३ | ० | ० | २४९५ |
| २ | ११६६ | ० | २८७९ | ० | ० | १ | ४०४६ |
| ३ | ३१४२ | ० | १६१८ | ० | ० | ० | ४७६० |
| ४ | २५६३ | ० | २२९८ | १ | ० | २६९ | ५१३१ |
| ५ | १४७२ | ० | २७४७ | ० | १ | ० | ४२२० |
| ६ | ३८८० | २ | १२ | ० | ० | ० | ३८९४ |
| ७ | २५७० | ० | १२४१ | ० | ० | ० | ३८११ |
| ८ | २९७० | १ | ८५५ | ० | ० | ० | ३८२६ |
| ९ | ३४९२ | ० | २१६६ | ३ | १ | ० | ५६६२ |
| **जम्मा** | २२०३१ | ४ | १५५३१ | ७ | २ | २७० | ३७८४५ |
| **प्रतिशत** | ५८.२१ | ०.०१ | ४१.०४ | ०.०२ | ०.०१ | ०.७१ | १००.०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा रहेका कुल ३७,८४५ जनसंख्या मध्ये २२,०३१ अर्थात ५८.२१ प्रतिशत जनसंख्याले हिन्दु धर्म मान्दछन् भने दोस्रोमा इस्लाम धर्म मान्नेको संख्या १५,५३१ अर्थात ४१.०४ प्रतिशत रहेका छन् । वडागत रुपमा विभिन्न धर्मावलम्बीहरूको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ । हिन्दु धर्मावलम्बी बाहुल्यता रहेको हुनाले हिन्दु धर्म मान्ने ५८.२१ प्रतिशत देखिएपनि नगरपालिकामा इस्लाम धर्मावलम्बीहरूको संख्या पनि उल्लेख्य रहेको तथ्याङ्कले देखाउँछ । नगरपालिकामा ४१.०४ प्रतिशत इस्लाम धर्मावलम्बी रहेका छन् । केहि मात्रामा धार्मिक विविधता रहेपनि नगरपालिकामा हिन्दु र ईस्लाम धर्मावलम्बीहरूको प्रधानता रहेको तथ्याङ्कले देखाउँछ । नेपालमा सदियौं देखि रहि आएको धार्मिक सहिष्णुता भने यस नगरपालिकामा कायमै रहेको देखिन्छ ।



## ३.९ लैङ्गिक आधारमा १० वर्ष भन्दा माथिको जनसंख्याको वैवाहिक स्थिति

वैवाहिक स्थिति भन्नाले विवाह गरेका, विवाह गरेर पनि सम्वन्ध विच्छेद भएका साथै श्रीमान वा श्रीमती गुमाएर एकल भई बसेको अवस्थालाई जनाउँछ । लैङ्गिक आधारमा समाजको वैवाहिक स्थिति असमान देखिन्छ । नेपाली समाजमा महिलाले श्रीमान्को मृत्यु भए पनि विवाह गर्नु हुँदैन भन्ने मान्यता र विधुवालाई हेरिने दृष्टिकोण रुढिवादी र परम्परागत रहेको छ । जसले गर्दा समाजमा बहुविवाह तथा विदुर र विधुवाको संख्यात्मक स्थिति असमान देखिन्छ । अझ प्राचीन समयमा सती प्रथा प्रचलनमा रहेको थियो तर १९७७ चन्द्रशमशेरले कानूनीरुपमा कु-प्रथाको रुपमा रहेको सती प्रथाको अन्त्य गरी महिला माथिको अन्यायको जड उठाएका थिए । सामान्यतया पितृसत्तात्मक समाज रहेको हाम्रो देशमा विधुवा महिलाको संख्या पुरुषको संख्या भन्दा दुई गुणा बढी देखिन्छ । सामाजिकरुपमा महिला र पुरुषको वैवाहिक स्थितिमा असमानता देखिन्छ तसर्थ परोहा नगरपालिकाको वैवाहिक स्थितिको विवरण तालिका तथा स्तम्भमा उल्लेख गरिएको छ ।


**तालिका नं. १५ :** लैङ्गिक आधारमा १० वर्ष भन्दा माथिको जनसंख्याको वैवाहिक स्थिति

| वडा नं. | लिङ्ग | वैवाहिक स्थिति | | | | | | | | १० वर्ष वा सोभन्दा माथिका जम्मा जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विवाह नभएको | एक विवाह | बहु-विवाह | पुर्नविवाह | विदुर/ विधुवा | सम्बन्ध विच्छेद/ पारपाचुके | छुट्टिएको | थाहा नभएको | |
| १ | पुरुष | २३२ | ४१६ | ११ | ३ | ० | ० | १ | ० | ६६३ |
| | महिला | २३० | ६८६ | ० | ५ | २३ | १ | २ | ० | ९४७ |
| | जम्मा | ४६२ | ११०२ | ११ | ८ | २३ | १ | ३ | ० | १६१० |
| २ | पुरुष | ४७५ | ७३९ | १६ | ० | १६ | ० | ० | ० | १२४६ |
| | महिला | ४२९ | १०५० | ० | ० | २८ | २ | ० | ० | १५०९ |
| | जम्मा | ९०४ | १७८९ | १६ | ० | ४४ | २ | ० | ० | २७५५ |
| ३ | पुरुष | ५९४ | १०१३ | ५ | ० | १० | ० | ० | ० | १६२२ |
| | महिला | ४६९ | ११८६ | ० | ० | १८ | १ | ० | ० | १६७४ |
| | जम्मा | १०६३ | २१९९ | ५ | ० | २८ | १ | ० | ० | ३२९६ |
| ४ | पुरुष | ७४५ | १०४८ | ८ | ० | १७ | १ | ० | ३ | १८२२ |
| | महिला | ५७९ | १२१२ | १ | ० | ७६ | ३ | ० | २ | १८७३ |
| | जम्मा | १३२४ | २२६० | ९ | ० | ९३ | ४ | ० | ५ | ३६९५ |
| ५ | पुरुष | ४६१ | ८३८ | १४ | ५ | १० | १ | ० | ० | १३२९ |
| | महिला | ४१७ | १०५१ | ४ | ९ | ३० | ० | २ | ० | १५१३ |
| | जम्मा | ८७८ | १८८९ | १८ | १४ | ४० | १ | २ | ० | २८४२ |
| ६ | पुरुष | ४६८ | ८६५ | ७ | १० | ३९ | ० | १ | ० | १३९० |
| | महिला | ३८९ | ९८३ | ४ | ६ | ८४ | ० | ० | ० | १४६६ |
| | जम्मा | ८५७ | १८४८ | ११ | १६ | १२३ | ० | १ | ० | २८५६ |
| ७ | पुरुष | ४७७ | ७२५ | ११ | ० | १६ | ० | ० | ० | १२२९ |
| | महिला | ३८४ | ९८० | २ | १ | २८ | ० | ० | ० | १३९५ |
| | जम्मा | ८६१ | १७०५ | १३ | १ | ४४ | ० | ० | ० | २६२४ |

| वडा नं. | लिङ्ग | वैवाहिक स्थिति | | | | | | | | १० वर्ष वा सोभन्दा माथिका जम्मा जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विवाह नभएको | एक विवाह | बहु-विवाह | पुर्नविवाह | विदुर/ विधुवा | सम्बन्ध विच्छेद/ पारपाचुके | छुट्टिएको | थाहा नभएको | |
| ८ | पुरुष | ४८९ | ८५२ | ९ | ५ | १९ | १ | ० | ० | १३७५ |
| | महिला | ३७३ | ९१२ | ० | ४ | ४७ | ० | ० | ० | १३३६ |
| | जम्मा | ८६२ | १७६४ | ९ | ९ | ६६ | १ | ० | ० | २७११ |
| ९ | पुरुष | ७६९ | १२१७ | २६ | २ | ३३ | ० | ० | ० | २०४७ |
| | महिला | ६१४ | १३५८ | ४ | १ | ७३ | १ | ० | १ | २०५२ |
| | जम्मा | १३८३ | २५७५ | ३० | ३ | १०६ | १ | ० | १ | ४०९९ |
| **जम्मा** | **पुरुष** | **४७१०** | **७७१३** | **१०७** | **२५** | **१६०** | **३** | **२** | **३** | **१२७२३** |
| | **महिला** | **३८८४** | **९४१८** | **१५** | **२६** | **४०७** | **८** | **४** | **३** | **१३७६५** |
| | **जम्मा** | **८५९४** | **१७१३१** | **१२२** | **५१** | **५६७** | **११** | **६** | **६** | **२६४८८** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

लैङ्गिक आधारमा १० वर्ष माथिको जनसंख्याको वैवाहिक स्थितिलाई हेर्दा ४,७१० जना पुरुष र ३,८८४ महिलाहरु गरी कुल ८,५९४ जना अविवाहित अर्थात कहिल्यै विवाह नभएको देखिन्छ भने ७,७१३ जना पुरुष र ९,४१८ जना महिलाको एक विवाह भएको देखिन्छ। एकातर्फ १०७ जना पुरषहरुको बहु-विवाह र १६० जना पुरुषहरू विधुर रहेका छन् भने अर्को तर्फ १५ जना महिलाको बहु-विवाह र ४०७ महिलाहरू विधवा भएको देखिन्छ। यहाँ तुलनात्मक रुपमा महिला र पुरुषको वैवाहिक अवस्थालाई हेर्दा असमान अवस्था देखिन्छ। पुरुषको तुलनामा बढी महिलाको विवाह भएको साथै विधुर पुरुष भन्दा विधवा महिलाको संख्या समेत बढी देखिन्छ। पुरुष भन्दा महिलाको विवाह समयमै गर्ने परिपाटी र विधवा महिलालाई विवाह गरी स्वीकार्ने सामाजिक सोचाइमा कमी रहेका कारण पुरुष र महिला बीचमा ठूलो असमानता देखिएको हो । यस प्रकारका असमानताको अन्त्य गर्न सामाजिक जागरणका कार्यक्रमहरूलाई प्रभावकारी ढंगले संचालन गर्नुपर्दछ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ३.१० उमेर समूहका आधारमा १० वर्षभन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको विवरण

**तालिका नं. १६ :** उमेर समूहका आधारमा १० वर्षभन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको विवरण

| उमेर समूह | अविवाहित | एक विवाह | बहु-विवाह | पुर्नविवाह | विदुर/विधवा | सम्बन्ध विच्छेद | छुट्टिएको | थाहा नभएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १०-१४ वर्ष | ४७९९ | ४६ | ० | ० | ० | ० | ० | २ | ४८४७ |
| १५-१९ वर्ष | २८६६ | ७६८ | २ | ३ | १ | १ | ० | १ | ३६४२ |
| २०-२४ वर्ष | ६८३ | २२४२ | ६ | ४ | ३ | ० | ० | १ | २९३९ |
| २५-२९ वर्ष | ११५ | २३९० | ११ | ३ | ३ | १ | २ | १ | २५२६ |
| ३०-३४ वर्ष | ३६ | २०५० | ८ | ९ | ९ | २ | २ | ० | २११६ |
| ३५-३९ वर्ष | २३ | २१५२ | ११ | २ | १६ | २ | ० | ० | २२०६ |
| ४०-४४ वर्ष | १६ | १५४६ | १० | ६ | १३ | १ | ० | ० | १५९२ |
| ४५-४९ वर्ष | ७ | १३३१ | १४ | ३ | २३ | १ | ० | ० | १३७९ |
| ५०-५४ वर्ष | ९ | १००९ | ६ | ३ | ३४ | ० | ० | ० | १०६१ |
| ५५-५९ वर्ष | ७ | ९३१ | १२ | २ | ४४ | ० | ० | ० | ९९६ |
| ६०-६४ वर्ष | १० | ८७० | १३ | ३ | ८४ | १ | ० | ० | ९८१ |
| ६५-६९ वर्ष | ८ | ८६० | १४ | ५ | ९४ | १ | २ | ० | ९८४ |
| ७०-७४ वर्ष | ८ | ५२४ | ८ | ५ | ११० | ० | ० | १ | ६५६ |
| ७५+ वर्ष | ७ | ४१२ | ७ | ३ | १३३ | १ | ० | ० | ५६३ |
| जम्मा | ८५९४ | १७१३१ | १२२ | ५१ | ५६७ | ११ | ६ | ६ | २६४८८ |
| प्रतिशत | ३२.४% | ६४.७% | ०.५% | ०.२% | २.१% | ०.०% | ०.०% | ०.०% | १००.०% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा १० वर्ष भन्दा माथिको उमेर समूहमा रहेका २६,४८८ जनसंख्या मध्ये कहिल्यै विवाह नगरेको अविवाहित जनसंख्या ८,५९४ अर्थात ३२.४ प्रतिशत, एक विवाह भएका १७,१३१ अर्थात ६४.७ प्रतिशत, वहु-विवाह भएका १२२ अर्थात् ०.५ प्रतिशत, विधवा वा विधुरको संख्या ५६७ अर्थात २.१ प्रतिशत, पारपाचुके/सम्बन्ध विच्छेद गर्ने ११ जना र छुट्टिएर बसेकाहरूको संख्या ६ रहेकोले नगरपालिकामा समग्र वैवाहिक अवस्था सामान्य रहेको देखिन्छ । हाल विधवा विवाहलाई प्रोत्साहन गर्न राज्यले नितिहरू लिएको र जनचेतनामा आएको सकारात्मक परिवर्तनले विधवा बस्ने क्रम घटिरहेको भएतापनि व्यापक रुपमा सुधार गर्न समय लाग्ने देखिन्छ । विस्तृत विरण तालिकामा उल्लेख गरिएको छ ।




## ३.११ उमेर समूह तथा लैङ्गिक आधारमा १० वर्ष भन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको विवरण

**तालिका नं. १७ :** उमेर समूह तथा लैङ्गिक आधारमा १० वर्ष भन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको विवरण

| लिङ्ग | उमेर समूह | वैवाहिक स्थिति | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विवाह नभएको | एक विवाह | बहु-विवाह | पुर्नविवाह | विदुर/विधवा | सम्बन्ध विच्छेद | छुट्टिएको | थाहा नभएको | जम्मा |
| पुरुष | १०-१४ वर्ष | २३९४ | १० | ० | ० | ० | ० | ० | ० | २४०४ |
| | १५-१९ वर्ष | १५९८ | १७० | १ | ० | १ | ० | ० | ० | १७७० |
| | २०-२४ वर्ष | ५३९ | ७०७ | ५ | ० | २ | ० | ० | १ | १२५४ |
| | २५-२९ वर्ष | ९० | १०२९ | ६ | ० | ० | १ | ० | १ | ११२७ |
| | ३०-३४ वर्ष | २७ | ८६१ | ७ | ३ | २ | ० | १ | ० | ९०१ |
| | ३५-३९ वर्ष | १५ | १०२२ | ११ | २ | ३ | ० | ० | ० | १०५३ |
| | ४०-४४ वर्ष | १४ | ७७४ | ८ | ३ | २ | ० | ० | ० | ८०१ |
| | ४५-४९ वर्ष | ४ | ६५५ | १३ | ३ | ३ | ० | ० | ० | ६७८ |
| | ५०-५४ वर्ष | ७ | ५४३ | ६ | १ | ४ | ० | ० | ० | ५६१ |
| | ५५-५९ वर्ष | ६ | ४७७ | ११ | १ | १४ | ० | ० | ० | ५०९ |
| | ६०-६४ वर्ष | ४ | ४४७ | ११ | २ | १४ | १ | ० | ० | ४७९ |
| | ६५-६९ वर्ष | ४ | ४९६ | १४ | ४ | ३० | ० | १ | ० | ५४९ |
| | ७०-७४ वर्ष | ५ | २८८ | ७ | ४ | ३५ | ० | ० | १ | ३४० |
| | ७५+ वर्ष | ३ | २३४ | ७ | २ | ५० | १ | ० | ० | २९७ |
| | जम्मा | ४७१० | ७७१३ | १०७ | २५ | १६० | ३ | २ | ३ | १२७२३ |
| | प्रतिशत | १७.८% | २९.१% | .४% | .१% | .६% | .०% | .०% | .०% | ४८.०% |

| लिङ्ग | उमेर समूह | वैवाहिक स्थिति | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विवाह नभएको | एक विवाह | बहु-विवाह | पुर्नविवाह | विदुर/विधवा | सम्बन्ध विच्छेद | छुट्टिएको | थाहा नभएको | जम्मा |
| महिला | १०-१४ वर्ष | २४०५ | ३६ | ० | ० | ० | ० | ० | २ | २४४३ |
| | १५-१९ वर्ष | १२६८ | ५९८ | १ | ३ | ० | १ | ० | १ | १८७२ |
| | २०-२४ वर्ष | १४४ | १५३५ | १ | ४ | १ | ० | ० | ० | १६८५ |
| | २५-२९ वर्ष | २५ | १३६१ | ५ | ३ | ३ | ० | २ | ० | १३९९ |
| | ३०-३४ वर्ष | ९ | ११८९ | १ | ६ | ७ | २ | १ | ० | १२१५ |
| | ३५-३९ वर्ष | ८ | ११३० | ० | ० | १३ | २ | ० | ० | ११५३ |
| | ४०-४४ वर्ष | २ | ७७२ | २ | ३ | ११ | १ | ० | ० | ७९१ |
| | ४५-४९ वर्ष | ३ | ६७६ | १ | ० | २० | १ | ० | ० | ७०१ |
| | ५०-५४ वर्ष | २ | ४६६ | ० | २ | ३० | ० | ० | ० | ५०० |
| | ५५-५९ वर्ष | १ | ४५४ | १ | १ | ३० | ० | ० | ० | ४८७ |
| | ६०-६४ वर्ष | ६ | ४२३ | २ | १ | ७० | ० | ० | ० | ५०२ |
| | ६५-६९ वर्ष | ४ | ३६४ | ० | १ | ६४ | १ | १ | ० | ४३५ |
| | ७०-७४ वर्ष | ३ | २३६ | १ | १ | ७५ | ० | ० | ० | ३१६ |
| | ७५+ वर्ष | ४ | १७८ | ० | १ | ८३ | ० | ० | ० | २६६ |
| | जम्मा | ३८८४ | ९४१८ | १५ | २६ | ४०७ | ८ | ४ | ३ | १३७६५ |
| | प्रतिशत | १४.७% | ३५.६% | .१% | .१% | १.५% | .०% | .०% | .०% | ५२.०% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा रहेका १० वर्ष भन्दा माथिको २६,४८८ जनसंख्या मध्ये १० देखि १९ वर्ष सम्मका ९०.४० प्रतिशत जनसंख्या अविवाहित देखिन्छ भने ९.६० प्रतिशत विवाहित देखिन्छ । त्यसैगरी २० देखि २९ वर्ष समूहको ८५.३० प्रतिशत जनसंख्या विवाहित र १४.७० प्रतिशत जनसंख्या अविवाहित देखिन्छ । ३० देखि ३९ वर्ष समूहको भने ९८.६२ प्रतिशत जनसंख्या विवाहित रहेका र १.३८ प्रतिशत अविवाहित रहेको देखिन्छ । विधवाको संख्या भने स्वाभाविक रुपमा उमेर बढ्दै जाँदा बढ्दै गएको पाइन्छ । छुट्टीएर बसेको उमेर समूहको तथ्याङ्कलाई हेर्दा २० देखि ४९ वर्षको बीचमा बढी र पाको उमेर वा सानो उमेर समूहमा कम देखिन्छ । पाको उमेरमा मनोवैज्ञानिक र भौतिक रुपमा समेत जोडिको आवश्यकता पर्ने साथै सानो उमेरमा विपरित लिङ्गि प्रति स्वाभाविक आर्कषण हुनेहुँदा छुट्टिएर बस्नेको संख्या कम भएको अनुमान लगाउन सकिन्छ भने बीचको उमेर समूहमा व्यवहारिक जीवनमा पारिवारकि कलह वा टकरावका कारण बेमेल श्रृजना भई छुट्टिएर बसेको हुनसक्छ । अर्कोतर्फ केहि जनसंख्या भने जीवनभर अविवाहित बस्ने प्रवृति यस नगरपालिकामा समेत रहेको छ । समग्रमा हेर्दा नगरपालिकाको वैवाहिक स्थिति सामान्य नै मान्न सकिन्छ थप विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

## ३.१२ १० वर्ष वा सोभन्दा माथिको लैङ्गिक आधारमा विवाहित जनसंख्याको पहिलो विवाह गर्दाको उमेरको विवरण

**तालिका नं. १८ :** १० वर्ष वा सोभन्दा माथिको लैङ्गिक आधारमा विवाहित जनसंख्याको पहिलो विवाह गर्दाको उमेरको विवरण

| वडा नं. | लिङ्ग | १४ वर्ष भन्दा कम | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३०-३९ वर्ष | ४० वर्ष भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुरुष | २० | ३३७ | ६९ | ४ | १ | ० | ० | ४३१ |
| | महिला | ६९ | ६०६ | ३६ | ४ | १ | ० | १ | ७१७ |
| | जम्मा | ८९ | ९४३ | १०५ | ८ | २ | ० | १ | ११४८ |
| २ | पुरुष | १५ | ४२५ | २९४ | २७ | ७ | २ | १ | ७७१ |
| | महिला | १४ | ८६४ | १९४ | ३ | १ | ३ | १ | १०८० |
| | जम्मा | २९ | १२८९ | ४८८ | ३० | ८ | ५ | २ | १८५१ |
| ३ | पुरुष | ४४ | ४७३ | ४६० | ४६ | ४ | १ | ० | १०२८ |
| | महिला | १२९ | ९३८ | १३२ | ५ | १ | ० | ० | १२०५ |
| | जम्मा | १७३ | १४११ | ५९२ | ५१ | ५ | १ | ० | २२३३ |
| ४ | पुरुष | ४५ | ४४५ | ५३७ | ४४ | २ | ० | १ | १०७४ |
| | महिला | ११८ | ८८५ | २८० | ७ | २ | ० | ० | १२९२ |
| | जम्मा | १६३ | १३३० | ८१७ | ५१ | ४ | ० | १ | २३६६ |
| ५ | पुरुष | ९६ | ४७६ | २८८ | ५ | ० | १ | २ | ८६८ |
| | महिला | २१८ | ६७१ | २०० | ५ | १ | १ | ० | १०९६ |
| | जम्मा | ३१४ | ११४७ | ४८८ | १० | १ | २ | २ | १९६४ |
| ६ | पुरुष | १८ | ६५७ | २२३ | २२ | २ | १ | ० | ९२३ |
| | महिला | ६३ | ८७४ | १३३ | ३ | ० | ० | ४ | १०७७ |
| | जम्मा | ८१ | १५३१ | ३५६ | २५ | २ | १ | ४ | २००० |
| ७ | पुरुष | ५ | ४६८ | २५७ | १८ | ३ | ० | १ | ७५२ |
| | महिला | २६ | ९१२ | ६५ | ५ | ० | ० | ३ | १०११ |
| | जम्मा | ३१ | १३८० | ३२२ | २३ | ३ | ० | ४ | १७६३ |
| ८ | पुरुष | १४ | ५९४ | २६१ | १५ | १ | १ | ० | ८८६ |
| | महिला | ४४ | ७५८ | १५८ | २ | ० | ० | १ | ९६३ |
| | जम्मा | ५८ | १३५२ | ४१९ | १७ | १ | १ | १ | १८४९ |
| ९ | पुरुष | २० | ७३७ | ४७७ | २३ | १९ | २ | ० | १२७८ |
| | महिला | १४१ | ९५४ | ३११ | ७ | १८ | २ | ४ | १४३७ |
| | जम्मा | १६१ | १६९१ | ७८८ | ३० | ३७ | ४ | ४ | २७१५ |
| **जम्मा** | **पुरुष** | **२७७** | **४६१२** | **२८६६** | **२०४** | **३९** | **८** | **५** | **८०११** |
| | **महिला** | **८२२** | **७४६२** | **१५०९** | **४१** | **२४** | **६** | **१४** | **९८७८** |
| | **जम्मा** | **१०९९** | **१२०७४** | **४३७५** | **२४५** | **६३** | **१४** | **१९** | **१७८८९** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

लैङ्गिक आधारमा विवाहित जनसंख्याको पहिलो विवाह गर्दाको उमेरको विवरण हेर्दा पहिलो विवाह गर्दाको उमेर १४ वर्ष भन्दा कम उमेरमा पहिलो विवाह हुनेहरुको जनसंख्या १,०९९ रहेका छन् जसमा २७७ जना पुरुष र ८२२ जना महिला रहेको पाइयो । यसैगरी १५ देखि १९ वर्षसम्मको उमेरसमुहमा पहिलो विवाह हुनेहरुको

जनसंख्या सबैभन्दा बढी १२,०७४ अर्थात कुल विवाहितको ६७.४९ प्रतिशत रहेको देखिन्छ। जसमध्ये ४,६१२ पुरुष र ७४६२ महिला रहेका छन्। कूल विवाहित महिलाको जनसंख्याको ७५.५४ प्रतिशत महिलाहरूको १९ वर्ष नपुग्दै वा पुग्दा पुग्दै विवाह भैसकेको हुन्छ। अर्कोतर्फ २०-२४ वर्षको उमेर भित्र पहिलो विवाह गर्ने पुरुषको जनसंख्या महिलाको भन्दा बढी छ अर्थात सो उमेर समूहमा नपुग्दै अधिकांश किशोरीहरूको विवाह भैसकेको देखिन्छ। समग्र महिला र पुरुषको संयूक्त तथ्याङ्कलाई हेर्दा सबैभन्दा बढी १२,०७४ जना अर्थात ६७.४९ प्रतिशत विवाहितहरूको पहिलो विवाह गर्दाको उमेर १५ देखि १९ नै रहेको छ।

कानूनी रुपमा हेर्दा समेत मुलूकी संहिताको प्रावधान अनुसार २० वर्ष भन्दा कम उमेरमा विवाह गर्न नपाउने बन्देज रहेतापनि त्यसको कार्यान्वयनको अवस्था नाजुक देखिन्छ। छिटो विवाह गर्नाले अध्ययन रोजगारीमा पर्ने नकारात्मक प्रभावका साथै शारिरिक तथा मानसिक विकास समेत पूर्णरुपमा नभैसकेको अवस्थामा विवाह गर्दा त्यसले पारिवारकि र सामाजिक रुपमा जटिलता थप्ने निश्चित छ। तसर्थ उपयुक्त समयमा विवाह गर्न अनिवार्य गर्नुपर्ने र छिटो विवाह गर्ने कार्यलाई पूर्ण रुपले निरुत्साहित गर्नुपर्ने र त्यसो गर्नेलाई कानूनी दायरामा ल्याउनुपर्ने देखिन्छ। समग्र पक्षलाई मध्यनजर गर्दा २५ देखि २९ वर्षको उमेर विवाहका लागि उपयुक्त मान्न सकिन्छ। अन्य उमेर समूह अनुसारको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ३.१३ परिवारले प्रयोग गरेको घरको स्वामित्वको वर्गीकरण


**तालिका नं. १९ :** परिवारले प्रयोग गरेको घरको स्वामित्वको वर्गीकरण

| वडा नं. | निजी | | भाडामा | | संस्थागत | | अन्य | | जम्मा घरपरिवार संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ४४८ | ९८.७% | ० | ०.०% | ० | ०.०% | ६ | १.३% | ४५४ |
| २ | ७१७ | ९९.०% | १ | ०.१% | ० | ०.०% | ६ | ०.८% | ७२४ |
| ३ | ९८८ | ९९.२% | ० | ०.०% | ६ | ०.६% | २ | ०.२% | ९९६ |
| ४ | ८३५ | ९८.४% | १ | ०.१% | १ | ०.१% | १२ | १.४% | ८४९ |
| ५ | ६९० | ९९.३% | २ | ०.३% | १ | ०.१% | २ | ०.३% | ६९५ |
| ६ | ७३३ | ९८.८% | २ | ०.३% | ० | ०.०% | ७ | ०.९% | ७४२ |
| ७ | ६३५ | ९९.७% | १ | ०.२% | ० | ०.०% | १ | ०.२% | ६३७ |
| ८ | ७५३ | ९९.३% | १ | ०.१% | ० | ०.०% | ४ | ०.५% | ७५८ |
| ९ | १२१२ | ९९.६% | २ | ०.२% | ० | ०.०% | ३ | ०.२% | १२१७ |
| **जम्मा** | **७०११** | **९९.१%** | **१०** | **०.१%** | **८** | **०.१%** | **४३** | **०.६%** | **७०७२** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस परोहा नगरपालिकामा रहेका कुल ७,०७२ घरपरिवारहरू मध्ये ९९.१ प्रतिशत अर्थात ७,०११ परिवारको आफ्नै स्वामित्वमा रहेको निजी घर, ०.१ प्रतिशत अर्थात १० घरपरिवार भाडामा बस्ने गरेको, ०.१ प्रतिशत

अर्थात ८ घरहरू संस्थागत हिसाबले प्रयोग गरेको र अन्यमा ०.६ प्रतिशत अर्थात ४३ घरपरिवारहरू रहेको पाइयो । व्यवसायीक, भाडाको प्रयोजन र संस्थागत हिसाबले प्रयोग भएका घरहरूको संख्या नगन्य हुनुले परोहा नगरपालिका पूर्ण रुपमा ग्रामिण परिवेशको स्थितिमा रहेको स्पष्ट हुन्छ । अन्य वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ३.१४ परिवारले प्रयोग गरेको घर भएको जग्गाको स्वामित्व विवरण


**तालिका नं. २० :** परिवारले प्रयोग गरेको घर भएको जग्गाको स्वामित्व विवरण

| वडा नं. | निजी | | गुठी | | सार्वजनिक/ऐलानी/सुकुम्बासी | | अन्य | | जम्मा घरपरिवार |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ४४८ | ९८.७% | १ | ०.२% | ४ | ०.९% | १ | ०.२% | ४५४ |
| २ | ७१५ | ९८.८% | ० | ०.०% | ५ | ०.७% | ४ | ०.६% | ७२४ |
| ३ | ९८३ | ९८.७% | ० | ०.०% | १० | १.०% | ३ | ०.३% | ९९६ |
| ४ | ८३२ | ९८.०% | ० | ०.०% | ५ | ०.६% | १२ | १.४% | ८४९ |
| ५ | ६८८ | ९९.०% | २ | ०.३% | २ | ०.३% | ३ | ०.४% | ६९५ |
| ६ | ७२४ | ९७.६% | ० | ०.०% | १७ | २.३% | १ | ०.१% | ७४२ |
| ७ | ६३६ | ९९.८% | १ | ०.२% | ० | ०.०% | ० | ०.०% | ६३७ |
| ८ | ७५३ | ९९.३% | ० | ०.०% | ३ | ०.४% | २ | ०.३% | ७५८ |
| ९ | ११२८ | ९२.७% | १ | ०.१% | ८८ | ७.२% | ० | ०.०% | १२१७ |
| **जम्मा** | ६९०७ | ९७.७% | ५ | ०.१% | १३४ | १.९% | २६ | ०.४% | ७०७२ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस नगरपालिका स्थित ७,०७२ घरपरिवारहरू मध्ये ६,९०७ अर्थात ९७.७ प्रतिशत घरपरिवारहरूको घर निजि स्वामित्वको जमिनमा निमार्ण भएको, १३४ अर्थात् १.९ प्रतिशत घरपरिवारहरूको घरको जमिन

सार्वजनिक/ऐलानी/सुकुम्बासी  जमिन रहेको छ । त्यसैगरी ५ घरपरिवार अर्थात् ०.१ प्रतिशत घरपरिवारहरूले गुठीको जग्गामा घर बनाएको र अन्यमा २६ घरपरिवार अर्थात ०.५ प्रतिशत रहेको पाइयो । देशमा लोकतान्त्रिक शासन व्यवस्था लागु भई आवास जस्तो आधारभूत मानवीय आवश्यकतालाई संविधानले घारा ३७ मा मौलिक हकको रुपमा प्रत्याभूत गरेपनि यस नगरपालिकामा सार्वजनिक/ऐलानी/सुकुम्बासी जमिनको प्रयोग गर्नेहरुको संख्या १.९ प्रतिशत रहेको छ । आवास विहिन सुकुम्बासीहरूलाई सस्तो, सुलभ र सुरक्षित आवासका एकीकृत कार्यक्रम सञ्चालन गरी व्यवस्थापन गर्नु पर्ने देखिन्छ । वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ३.१५ घरको किसिमको आधारमा घरपरिवार विवरण


**तालिका नं. २१ :** घरको किसिमको आधारमा घरपरिवार विवरण

| वडा नं. | पक्की | अर्धपक्की | कच्ची | झुप्रो/छाप्रो/टहरा | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | १४० | १५३ | १३२ | २६ | ३ | ४५४ |
| २ | २१३ | २३५ | २३१ | ४५ | ० | ७२४ |
| ३ | १४२ | ४१९ | २७५ | १६० | ० | ९९६ |
| ४ | १९६ | ८२ | ५२७ | ४३ | १ | ८४९ |
| ५ | १०३ | २५९ | २५२ | ८१ | ० | ६९५ |
| ६ | २९७ | १५८ | २१३ | ७४ | ० | ७४२ |
| ७ | १६८ | ९७ | २६९ | १०३ | ० | ६३७ |
| ८ | २५५ | १४८ | २६४ | ९१ | ० | ७५८ |
| ९ | ४७० | ३५२ | ३१४ | ८१ | ० | १२१७ |
| **जम्मा** | **१९८४** | **१९०३** | **२४७७** | **७०४** | **४** | **७०७२** |
| **प्रतिशत** | **२८.०५%** | **२६.९१%** | **३५.०३%** | **९.९५%** | **०.०६%** | **१००.००%** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस नगरपालिकाका कुल ७,०७२ मध्ये सबैभन्दा बढी २,४७७ अर्थात ३५.०३ प्रतिशत घरहरू कच्ची, १,९८४ अर्थात २८.०५ प्रतिशत पक्की, १,९०३ अर्थात २६.९१ प्रतिशत अर्ध-पक्की, ७०४ अर्थात ९.९५ प्रतिशत

घरपरिवारहरू टहरा/झुप्रो/छाप्रोमा र ४ घरपरिवार वा ०.०६ प्रतिशत घरपरिवारहरू अन्य प्रकारको घरमा बस्ने गरेको पाइयो । नगरपालिका ३५.०३ प्रतिशत घरहरू कच्ची हुनुले भूकम्पीय जोखिमको हिसाबले अत्यन्त जोखिमपूर्ण अवस्थामा रहेको स्पष्ट हुन्छ । अधिकांश घरहरू कच्ची रहनु आर्थिक विपन्नताको सूचक समेत रहेकोले सुरक्षित आवासका दीर्घकालीन योजना निमार्ण गर्नु अनिवार्य देखिन्छ। अर्कोतर्फ ९.९५ प्रतिशत घरहरू टहरा/झुप्रो/छाप्रोमा अर्थात विपन्न अवस्थामा निम्न गुणस्तरीय जीवन निर्वाह गरी झुप्रोमा बस्ने गरेको देखिन्छ । वडागत विवरण तालिकामा उल्लेख गरिएको छ ।




## ३.१६ परिवार बसोबास गर्ने घरको तल्लाको आधारमा परिवारको विवरण


**तालिका नं. २२ :** परिवारले बसोबास गर्ने घरको तल्लाको आधारमा घरपरिवारको विवरण

| वडा नं. | एक तल्ला | दुई तल्ला | तिन तल्ला | चार तल्ला वा सो भन्दा माथी | जम्मा |
|---|---|---|---|---|---|
| १ | ४३३ | २० | १ | ० | ४५४ |
| २ | ७०१ | १८ | १ | ४ | ७२४ |
| ३ | ९८९ | ४ | १ | २ | ९९६ |
| ४ | ८२० | २७ | ० | २ | ८४९ |
| ५ | ६७५ | १८ | १ | १ | ६९५ |
| ६ | ७०१ | ३४ | ३ | ४ | ७४२ |
| ७ | ६११ | २० | ४ | २ | ६३७ |
| ८ | ७१३ | ३९ | १ | ५ | ७५८ |
| ९ | ११४५ | ५४ | १३ | ५ | १२१७ |
| **जम्मा** | **६७८८** | **२३४** | **२५** | **२५** | **७०७२** |
| **प्रतिशत** | **९५.९८%** | **३.३१%** | **०.३५%** | **०.३५%** | **१००.००%** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस नगरपालिकाका कुल ७,०७२ घर परिवार मध्ये ६,७८८ अर्थात ९५.९८ प्रतिशत घरपरिवाहरु १ तल्ले, २३४ अर्थात ३.३१ प्रतिशत दुई तल्ले, २५ अर्थात ०.३५ प्रतिशत ३ तल्ले, २५ अर्थात ०.३५ प्रतिशत घर परिवार ४

वा ४ तल्ला वा सो भन्दा बढी तल्लाको घरमा बसोबास गरेको पाइयो । कुल घर परिवारहरूको ९५.९८ घरहरू एक तल्ले र माथिको तथ्याङ्क अनुसार अधिकांश घरहरू कच्ची तथा अर्ध पक्की अवस्थामा रहेकोले परोहा नगरपालिकाका बाढी, भुकम्प, सर्प दंश लगायत अन्य सुरक्षाका हिसाबले समेत संवेदनशिल अवस्थामा रहेको देखिन्छ । वडागत हिसाबले विस्तुत विवरण तालिकामा उल्लेख गरिएको छ ।




## ३.१७ परिवारले प्रयोग गरेको घर बनेको अवधीको आधारमा घरपरिवारको विवरण


**तालिका नं. २३ :** परिवारले प्रयोग गरेको घर बनेको अवधीको आधारमा घरपरिवारको विवरण

| वडा नं. | ०-४ वर्ष | ५-९ वर्ष | १०-१४ वर्ष | १५-२५ वर्ष | २६-५० वर्ष | ५१-७५ वर्ष | ७५ वर्ष वा सोभन्दा माथि | जम्मा परिवार संख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | १०७ | ७४ | ८० | १३७ | ५३ | ० | ३ | ४५४ |
| २ | १८० | १५५ | ११९ | २२६ | ४४ | ० | ० | ७२४ |
| ३ | २०९ | १८२ | २०६ | २९७ | ९९ | ३ | ० | ९९६ |
| ४ | १८० | १३० | ११३ | २६९ | १३३ | १८ | ६ | ८४९ |
| ५ | ११४ | १२० | १७१ | २२८ | ५९ | २ | १ | ६९५ |
| ६ | १५६ | १४१ | १४० | २२६ | ६८ | ९ | २ | ७४२ |
| ७ | १३३ | ११० | ११४ | २२९ | ४७ | ४ | ० | ६३७ |
| ८ | ९३ | १५५ | १६८ | २६१ | ७१ | ८ | २ | ७५८ |
| ९ | २३६ | ३१० | १७८ | ३९६ | ८२ | १४ | १ | १२१७ |
| **जम्मा** | १४०८ | १३७७ | १२८९ | २२६९ | ६५६ | ५८ | १५ | ७०७२ |
| **प्रतिशत** | १९.९१% | १९.४७% | १८.२३% | ३२.०८% | ९.२८% | ०.८२% | ०.२१% | १००.००% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा निर्माण भएका घरहरूलाई बनेको अवधि हेर्दा सबैभन्दा बढी २,२६९ अर्थात ३२.०८ प्रतिशत घरहरू १५-२५ वर्षको अन्तरालमा बनेका छन् । दोस्रोमा १,४०८ अर्थात १९.९१ प्रतिशत घरहरू पछिल्लो ४

वर्षको अन्तरालमा बनेका छन् । त्यसैगरी २६-५० वर्ष सम्म बनेका घरहरु ९.२८ प्रतिशत रहेका छन् । ५० वर्ष भन्दा अघि बनेका घरहरुको संख्या कम रहेको देखिन्छ । यस तथ्याङ्कलाई हेर्दा समग्रमा ०-२५ वर्ष सम्मको अवधिमा बनेका घरहरू धेरै रहेको देखिन्छ। त्यसपछि क्रमश पछिल्लो ४ वर्ष र ५-९ वर्षमा बढि भएको देखिन्छ जसले वस्ती विस्तारको क्रम बढ्दै गएको देखिन्छ। यसको कारण जनसंख्या वृद्धि, बसाइसराँइ र नगरपालिकामा मानवीय सुविधा जस्तै खेतीयोग्य जमिन, सडक वृद्धि भएको देखिन्छ। वडागत पूर्ण विवरण तालिकामा उल्लेख गरिएको छ।




## ३.१८ परिवार बसोबास गर्ने घरdf भएको कोठाको संख्याको आधारमा घरपरिवारको विवरण


**तालिका नं. २४ :** परिवार बसोबास गर्ने घरमा भएको कोठाको संख्याको आधारमा घरपरिवारको विवरण

| वडा नं. | १-२ कोठा | ३-४ कोठा | ५-६ कोठा | ७-१० कोठा | १०-१४ कोठा | १५-१९ कोठा | २० कोठा वा सोभन्दा बढी | जम्मा परिवार संख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | २६१ | १३४ | ४५ | ११ | ३ | ० | ० | ४५४ |
| २ | ३८२ | २२६ | १०४ | ९ | ३ | ० | ० | ७२४ |
| ३ | ७६७ | २०७ | १८ | ४ | ० | ० | ० | ९९६ |
| ४ | ५०५ | २४६ | ८१ | १५ | २ | ० | ० | ८४९ |
| ५ | ४५७ | १८१ | ४७ | १० | ० | ० | ० | ६९५ |
| ६ | २९५ | ३०० | १०१ | ४० | ४ | २ | ० | ७४२ |
| ७ | ४०१ | १५२ | ६९ | १३ | १ | ० | १ | ६३७ |
| ८ | ४०८ | २१८ | ११० | १८ | १ | २ | १ | ७५८ |

| वडा नं. | १-२ कोठा | ३-४ कोठा | ५-६ कोठा | ७-१० कोठा | १०-१४ कोठा | १५-१९ कोठा | २० कोठा वा सोभन्दा बढी | जम्मा परिवार संख्या |
|---|---|---|---|---|---|---|---|---|
| ९ | ७५६ | ३२६ | १०५ | ३० | ० | ० | ० | १२१७ |
| जम्मा | ४२३२ | १९९० | ६८० | १५० | १४ | ४ | २ | ७०७२ |
| प्रतिशत | ५९.८४% | २८.१४% | ९.६२% | २.१२% | ०.२०% | ०.०६% | ०.०३% | १००.००% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा रहेको घरहरूमध्ये घरमा रहेको कोठाहरूको संख्याको आधारमा हेर्दा १ देखि २ वटासम्म कोठा भएका घरहरू सबैभन्दा बढी ४,२३२ अर्थात ५९.८४ प्रतिशत ३-४ वटा कोठा भएका घरहरु १,९९० अर्थात २८.१४ प्रतिशत, ५ देखि ६ वटा कोठाहरू भएका घरहरु ६८० अर्थात ९.६२ प्रतिशत, ७ देखि १० वटा कोठाहरू भएका घरहरू १५० अर्थात २.१२ प्रतिशत र अन्य त्यस भन्दा बढी कोठासंख्या भएका घरहरू नगन्य रहेको देखिन्छ । कुल घरपरिवारको ५९.८४ प्रतिशत घरमा जम्मा १ देखि २ वटा मात्र कोठा हुनुले ती परिवारहरूले अत्यन्त साघुँरो र कष्टपूर्ण तरीकाले जीवन निर्वाह गरेको स्पष्ट हुन्छ । कोठाको संख्या कमीहुँदा विद्यार्थीहरूलाई पढ्न शान्त वातावरणको कमी, सबै घरेलु कृयाकलाप जस्तै खाना पकाउने, सुत्ने र केहि स्थानहरूमा त घरपालुवा पशु चौपाया वा पंक्षीहरू समेत सँगै राख्नु पर्ने वाध्यताका कारण व्यक्तिगत, पारिवारीक तथा सामुदायिक स्वास्थ्य र सरसफाईका दृष्टिले समेत अत्यन्त जटिल अवस्था देखिन्छ । वडागत विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।





## ३.१९ परिवारले प्रयोग गरेको कोठाको संख्याको आधारमा घरपरिवारको विवरण

**तालिका नं. २५ :** परिवारले प्रयोग गरेको कोठाको संख्याको आधारमा घरपरिवारको विवरण

| वडा नं. | १-२ कोठा | ३-४ कोठा | ५-६ कोठा | ७-१० कोठा | ११-१४ कोठा | जम्मा संख्या |
|---|---|---|---|---|---|---|
| १ | २६५ | १३५ | ४३ | ९ | २ | ४५४ |
| २ | ३८५ | २२६ | १०१ | ९ | ३ | ७२४ |
| ३ | ७७८ | १९८ | १६ | ४ | ० | ९९६ |
| ४ | ५३२ | २३९ | ६३ | १३ | २ | ८४९ |
| ५ | ५०२ | १५७ | २९ | ७ | ० | ६९५ |
| ६ | ३५६ | २९३ | ७९ | १३ | १ | ७४२ |
| ७ | ४२१ | १५६ | ५२ | ७ | १ | ६३७ |
| ८ | ५२२ | १७८ | ४६ | १० | २ | ७५८ |
| ९ | ८२४ | ३०९ | ६९ | १५ | ० | १२१७ |
| **जम्मा** | **४५८५** | **१८९१** | **४९८** | **८७** | **११** | **७०७२** |
| **प्रतिशत** | **६४.८३%** | **२६.७४%** | **७.०४%** | **१.२३%** | **०.१६%** | **१००.००%** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा रहेको घरहरूमध्ये १ देखि २ वटा कोठा प्रयोग गर्ने घरपरिवारको संख्या सबैभन्दा बढी ४,५८५ अर्थात ६४.८३ प्रतिशत, ३ देखि ४ वटा कोठा प्रयोग गर्ने घरपरिवारको संख्या १,८९१ अर्थात २६.७४ प्रतिशत, ५ देखि ६ वटा कोठा प्रयोग गर्नेको संख्या ४९८ अर्थात ७.०४ प्रतिशत, ७ देखि १० वटा कोठा प्रयोग गर्नेको संख्या ८७ अर्थात १.२३ प्रतिशत र १० वटा भन्दा बढी कोठाहरू प्रयोग गर्नेको संख्या भने न्यून रहेको छ । अत्यन्त न्यून संख्यामा मात्र कोठाहरू प्रयोग गर्ने घरपरिवारको संख्या बढी हुँदा नगरपालिकाका अधिकांश घरपरिवारको आवास उपभोगको तह ऋणात्मक रहेको तथ्याङ्कले देखाउँछ । यसमा आफ्ना नागरिकहरूलाई विपन्नताबाट आधारभूत मानवीय आवश्यकता परिपूर्ति हुने अवस्थामा पुऱ्याउन स्थानीय, प्रदेश तथा संघीय सरकारहरूले गरीबी निवारणका प्रभावकारी कार्यक्रमहरूलाई सघन रुपमा संचालन गर्नुपर्ने देखिन्छ ।




## ३.२० भान्सा र सुत्ने कोठा अलग भए नभएको आधारमा परिवारको विवरण

**तालिका नं. २६ :** भान्सा र सुत्ने कोठा अलग भए नभएको आधारमा परिवारको विवरण

| वडा नं. | भान्सा र सुत्ने कोठा अलग भएको | भान्सा र सुत्ने कोठा अलग नभएको | जम्मा संख्या |
|---|---|---|---|
| १ | १२५ | ३२९ | ४५४ |
| २ | ३९९ | ३२५ | ७२४ |
| ३ | २४४ | ७५२ | ९९६ |
| ४ | ४१८ | ४३१ | ८४९ |
| ५ | १७० | ५२५ | ६९५ |
| ६ | ३५० | ३९२ | ७४२ |
| ७ | २४९ | ३८८ | ६३७ |
| ८ | ३१२ | ४४६ | ७५८ |
| ९ | ६३७ | ५८० | १२१७ |
| जम्मा | २९०४ | ४१६८ | ७०७२ |
| प्रतिशत | ४१.०६% | ५८.९४% | १००.०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा रहेका कुल ७,०७२ परिवारहरू मध्ये ४,१६८ अर्थात् ५८.९४ प्रतिशत परिवारहरूको भान्सा कोठा र सुत्ने कोठा एउटै रहेको तथ्याङ्क छ । यस तथ्याङ्कले ती परिवारहरूको पारिवारिक जीवनको गुणस्तर अत्यन्त न्यून रहेको संकेत गर्दछ । सुत्ने र खाना पकाउने कोठा एउटै हुँदा पारिवारिक र व्यक्तिगत सरसफाई र स्वास्थ्यका दृष्टिकोणले नकारात्मक तथा जोखिमको स्थिति रहन्छ । ग्याँस चुलो, विद्युतीय माध्यम बाहेक दाउरा र गुइँठा लाई घरेलु इन्धनको रुपमा प्रयोग गर्ने र विद्युतीय उज्यालोको पहुँच नभएका यस्ता परिवारहरूमा एउटै कोठामा भान्सा र सुत्नुपर्ने हुँदा स्थिति थप जटिल बन्दछ। यस्ता परिवारहरूमा सहजै ढंगले बालबालिकाहरूले पढ्ने वातावरण हुँदैन भने आवस्यक व्यक्तिगत गोपनियता समेत रहँदैन । तसर्थ यस प्रकारको निम्न गुणस्तरीय जीवन भएका परिवारको जीवनस्तर उकास्ने प्रभावकारी कार्यक्रमहरू कार्यान्वयन गर्नु राज्यको विशेषत स्थानीय सरकारको दायित्व रहन्छ। तथ्याङ्कलाई हेर्दा नगरपालिकाको कुल घरधुरी संख्याले कुल जनसंख्यालाई भाग गर्दा आउने औषत परिवारको आकार ५.४ जना प्रति परिवार रहेकाले यसरी एउटै कोठामा गुजारा गर्नुपर्ने परिवार सदस्य संख्या औषतमा ५ जना हुन आउँछ। तसर्थ यो स्थिति गम्भीर स्थिति हो। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ३.२१ महिलाको नाममा घर/ जमिन भए नभएको आधारमा परिवारको विवरण

**तालिका नं. २७ :** घर तथा जमिनमा महिलाको स्वामित्व सम्बन्धी विवरण

| वडा नं. | भएको | | नभएको | | थाहा नभएको | | जम्मा परिवार संख्या |
|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | १९७ | ४३.४% | २५० | ५५.१% | ७ | १.५% | ४५४ |
| २ | २०२ | २७.९% | ५२२ | ७२.१% | ० | ०.०% | ७२४ |
| ३ | ११९ | ११.९% | ८७७ | ८८.१% | ० | ०.०% | ९९६ |
| ४ | १४९ | १७.६% | ६९९ | ८२.३% | १ | .१% | ८४९ |
| ५ | १०३ | १४.८% | ५८२ | ८३.७% | १० | १.४% | ६९५ |
| ६ | २०३ | २७.४% | ५३५ | ७२.१% | ४ | .५% | ७४२ |
| ७ | १५२ | २३.९% | ४८२ | ७५.७% | ३ | .५% | ६३७ |
| ८ | १२४ | १६.४% | ६२२ | ८२.१% | १२ | १.६% | ७५८ |
| ९ | २५१ | २०.६% | ८४५ | ६९.४% | १२१ | ९.९% | १२१७ |
| जम्मा | १५०० | २१.२% | ५४१४ | ७६.६% | १५८ | २.२% | ७०७२ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस नगरपालिकामा रहेका कुल ७,०७२ घरपरिवारहरू मध्ये १,५०० अर्थात २१.२ प्रतिशत घरपरिवारमा महिलाको नाममा घर तथा जमिन रहेको छ भने ७,०९५ अर्थात् ८३.२ प्रतिशत घरपरिवारमा पुरुषको नै स्वामित्व रहेको देखिन्छ। ३६ घरपरिवारहरूबाट भने स्पष्ट उत्तर प्राप्त भएन। यस तथ्याङ्कलाई हेर्दा जम्मा ५ भागको १ भाग भन्दा कम महिलाको जमिन र घरमा स्वामित्व रहेको देखिन्छ। हालका वर्षहरूमा शिक्षाको सकारात्मक प्रभाव, सञ्चार माध्यमको विकास र त्यसको प्रचारात्मक प्रभाव, प्रमुख राजनैतिक तथा सामाजिक परिवर्तन जस्ता कारणले लैङ्गिक भेदभाव क्रमशः कम हुँदै गएतापनि नगरपालिकाको तथ्याङ्कलाई हेर्दा जम्मा १/५ भाग भन्दा कम महिलाहरूमा नाममात्रको जग्गा जमिनको स्वामित्व रहेको छ। यस तथ्यले लैङ्गिक भेद्भाव हटाउन राज्यले प्रभावकारी कदमहरू कडाइका साथ चाल्नु अनिवार्य छ। तथ्याङ्कको वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ।



## ३.२२ अनुपस्थित जनसंख्या

६ महिना भन्दा लामो समयसम्म काम, शिक्षा, व्यवसाय, अन्य रोजगारी वा नोकरी, औषधोपचार जस्ता कारणले घरपरिवारमा अनुपस्थित हुने जनसंख्यालाई अनुपस्थित जनसंखया भनिन्छ। तसर्थ यस्तो जनसंख्या मुल थलोमा अनुपस्थित रहने भएकोले त्यसलाई अनुपस्थित जनसंख्याकोरुपमा तथ्याङ्कमा देखाउने गरिन्छ । अनुपस्थित जनसंख्याहरु सेवा सुविधाको खोजीमा धेरै शहर केन्द्रित भएको पाईन्छ। जसले नगरपालिकाका कतिपय घरहरु खाली रहेको पाईन्छ। यसको समाधान गर्न नगरपालिकाले जनतालाई आवश्यक पर्ने आधारभुत सेवा सुविधालाई घरदैलोमा पुऱ्याउन जोड दिनुपर्ने देखिन्छ। यस परोहा नगरपालिकामा रहेका ७,०७२ घरपरिवार मध्ये २,१२१ घरपरिवारमा ३६०० जनसंख्याको अनुपस्थिति रहेको देखिन्छ। विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. २८ :** अनुपस्थित घरपरिवार र जनसंख्याको विवरण

| वड नं. | सदयस्य अनुपस्थित भएको परिवार | सदस्य अनुपस्थित नभएको परिवार | जम्मा घरपरिवार | अनुपस्थित जनसंख्या | | | जम्मा जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | जम्मा | |
| १ | २५५ | १९९ | ४५४ | ४२१ | ५९ | ४८० | २४९५ |
| २ | २६६ | ४५८ | ७२४ | ३५१ | २४ | ३७५ | ४०४६ |
| ३ | २३४ | ७६२ | ९९६ | ३२२ | २१ | ३४३ | ४७६० |
| ४ | १८० | ६६९ | ८४९ | २९१ | ३४ | ३२५ | ५१३१ |
| ५ | २३४ | ४६१ | ६९५ | ३३९ | २३ | ३६२ | ४२२० |
| ६ | २५८ | ४८४ | ७४२ | ४२७ | १३६ | ५६३ | ३८९४ |
| ७ | २३९ | ३९८ | ६३७ | ३३८ | ३० | ३६८ | ३८११ |
| ८ | २५८ | ५०० | ७५८ | ३८७ | १०५ | ४९२ | ३८२६ |
| ९ | १९७ | १०२० | १२१७ | २६४ | २८ | २९२ | ५६६२ |
| **जम्मा** | **२१२१** | **४९५१** | **७०७२** | **३१४०** | **४६०** | **३६००** | **३७८४५** |
| **प्रतिशत** | ३०.० | ७०.० | १००.०० | ८७.२ | १२.८ | ९.५१ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

### ३.२२.१ उमेर र लिङ्गका आधारमा अनुपस्थित जनसंख्याको विवरण


**तालिका नं. २९ :** उमेर र लिङ्गका आधारमा अनुपस्थित जनसंख्याको विवरण

| वडा नं. | लिङ्ग | अनुपस्थित हुँदाको उमेर समुह | | | | | | जम्मा अुपस्थित |
|---|---|---|---|---|---|---|---|---|
| | | ०-९ वर्ष सम्म | १०-१९ वर्ष | २०-२९ वर्ष | ३०-३४ वर्ष | ४०-४९ वर्ष | ५० वर्ष वा सो भन्दा माथि | |
| १ | पुरुष | ३९ | १२७ | १४२ | ७९ | २७ | ७ | ४२१ |
| | महिला | १५ | २१ | ९ | ९ | २ | ३ | ५९ |
| २ | पुरुष | १५ | ६९ | १५१ | ७० | ३६ | १० | ३५१ |
| | महिला | ८ | ८ | ३ | ५ | ० | ० | २४ |
| ३ | पुरुष | २१ | ९२ | ८७ | ६२ | ३८ | २२ | ३२२ |
| | महिला | ६ | १२ | १ | २ | ० | ० | २१ |
| ४ | पुरुष | ११ | ११३ | ७२ | ५१ | ३२ | १२ | २९१ |
| | महिला | १३ | १५ | ३ | २ | १ | ० | ३४ |
| ५ | पुरुष | २२ | ९१ | १११ | ७० | २९ | १६ | ३३९ |
| | महिला | ९ | ४ | ५ | ४ | १ | ० | २३ |

| वडा नं. | लिङ्ग | अनुपस्थित हुँदाको उमेर समुह | | | | | | जम्मा अुपस्थित |
|---|---|---|---|---|---|---|---|---|
| | | ०-९ वर्ष सम्म | १०-१९ वर्ष | २०-२९ वर्ष | ३०-३४ वर्ष | ४०-४९ वर्ष | ५० वर्ष वा सो भन्दा माथि | |
| ६ | पुरुष | ५४ | ११९ | १३९ | ७० | ३२ | १३ | ४२७ |
| | महिला | ३३ | ३२ | ३३ | २० | १५ | ३ | १३६ |
| ७ | पुरुष | २७ | ७१ | ११८ | ७६ | ३६ | १० | ३३८ |
| | महिला | ११ | ६ | ६ | ५ | २ | ० | ३० |
| ८ | पुरुष | ४६ | १०१ | १३३ | ६४ | ३४ | ९ | ३८७ |
| | महिला | २७ | २६ | २९ | १६ | ७ | ० | १०५ |
| ९ | पुरुष | ३४ | १३३ | ५४ | ३७ | ४ | २ | २६४ |
| | महिला | १३ | ३ | ६ | ५ | १ | ० | २८ |
| **कुल जम्मा** | **पुरुष** | **२६९** | **९१६** | **१००७** | **५७९** | **२६८** | **१०१** | **३१४०** |
| | **महिला** | **१३५** | **१२७** | **९५** | **६८** | **२९** | **६** | **४६०** |
| | **जम्मा** | **४०४** | **१०४३** | **११०२** | **६४७** | **२९७** | **१०७** | **३६००** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकाको तथ्याङ्कलाई हेर्दा सबैभन्दा बढी २०-२९ वर्षका पुरुषहरू घरमा अनुपस्थित भएको पाइयो भने सबैभन्दा कम अनुपस्थित जनसंख्याको उमेर समूह ५० वर्ष भन्दा माथिका महिलाहरू रहेका छन् । २०-४९ वर्षका १००७ प्रतिशत पुरुषहरू नगरपालिकामा अनुपस्थित भएको पाइयो । दोस्रो उमेर समूहमा ० देखि १९ वर्षका ९१६ पुरुषहरु अनुपस्थित रहेका छन् । यस तथ्याङ्कको विश्लेषणबाट शसक्त यूवा अवस्थाको पुरुष जनसंख्या काम, रोजगारी, अध्ययन वा अन्य कारणले नगरपालिका बाहिर हुनु भनेको नगरपालिका भित्र ती सबैखाले अवसरहरू न्यून हुनु हो । अर्कोतर्फ महिलाको अनुपस्थित जनसंख्या उल्लेख्य रुपमा कम हुनुले लैङ्गिक असमानता रहेको स्पष्ट हुन्छ । यसको अर्को अर्थ नगरपालिकामा महिला, वृद्धहरू र केटाकेटीको जनसंख्याको वाहुल्यता रहेको समेत स्पष्ट हुन्छ । यसरी सक्षम र जुझारु युवा जनशक्तिको ठूलो हिस्सा नगरपालिकाबाट बाहिर रहँदा नगरपालिकाको समग्र विकासमा दीर्घकालिन नकारात्मक प्रभाव पर्दछ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



### ३.२२.२ शैक्षिक स्तरको आधारमा नगरपालिकामा अनुपस्थित जनसंख्याको विवरण

**तालिका नं. ३०** : अनुपस्थित हुँदा उतीर्ण गरेको कक्षा/तह अनुसार अनुपस्थित जनसंख्याको विवरण

| अनुपस्थित हुँदा उत्तीर्ण गरेको कक्षा/तह | वडा नं. | | | | | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | संख्या | प्रतिशत |
| नर्सरी/केजी | २५ | १ | २८ | ४५ | ७ | ३२ | ३८ | २४ | ३ | २०३ | ५.६% |
| कक्षा १ | २२ | ८ | १० | ० | २ | ६ | १४ | ६ | ४ | ७२ | २.०% |
| कक्षा २ | २९ | १५ | ९ | ७ | ३ | १० | ४२ | १४ | ८ | १३७ | ३.८% |
| कक्षा ३ | ३३ | २० | ७ | ६ | १२ | १२ | ३६ | ६ | ९ | १४१ | ३.९% |
| कक्षा ४ | २३ | १९ | १३ | ११ | २३ | १३ | २६ | १८ | २१ | १६७ | ४.६% |
| कक्षा ५ | ३४ | ३१ | १८ | १४ | २० | १५ | २४ | २३ | २८ | २०७ | ५.८% |
| कक्षा ६ | ८ | १५ | ७ | १० | १२ | १६ | १३ | ९ | १५ | १०५ | २.९% |
| कक्षा ७ | १३ | १० | १० | ९ | १२ | २८ | १७ | ८ | २६ | १३३ | ३.७% |
| कक्षा ८ | १८ | १० | १२ | १२ | ७ | ३४ | २० | १७ | २४ | १५४ | ४.३% |
| कक्षा ९ | ११ | ६ | ५ | ९ | ७ | १४ | ८ | १३ | १३ | ८६ | २.४% |
| कक्षा १० | २५ | १६ | १६ | १५ | १२ | २५ | १९ | २० | १७ | १६५ | ४.६% |
| एस.ई.ई./एस.एल.सी./सो सरह | १७ | ० | ३२ | २४ | ९ | ८६ | १६ | ३४ | १८ | २३६ | ६.६% |
| प्रविणता प्रमाणपत्र वा सो सरह | १४ | १४ | ११ | ८ | ३ | ८२ | २३ | १८ | १० | १८३ | ५.१% |
| स्नातक वा सो सरह | २४ | ९ | ७ | ३ | २ | १२ | १३ | ५ | ३ | ७८ | २.२% |
| स्नातकोत्तर वा सो सरह | ११ | २ | २ | ४ | १ | ९ | ० | २ | २ | ३३ | ०.९% |
| पीएचडी वा सो सरह | ० | ० | ० | १ | ० | ० | १ | ० | १ | ३ | ०.१% |
| अन्य | ८६ | १६० | १२० | १०४ | ११ | ३ | १७ | १५ | १८ | ५३४ | १४.८% |
| अनौपचारिक शिक्षा | ० | १ | १ | ४ | ० | ० | ० | ६ | १ | १३ | ०.४% |
| साक्षर | ३ | २६ | ३२ | १८ | १६८ | ३४ | १९ | ८६ | ३१ | ४१७ | ११.६% |
| थाहा नभएको | ८४ | १२ | ३ | २१ | ५१ | १३२ | २२ | १६८ | ४० | ५३३ | १४.८% |
| जम्मा | ४८० | ३७५ | ३४३ | ३२५ | ३६२ | ५६३ | ३६८ | ४९२ | २९२ | ३६०० | १००.०% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*


| अनुपस्थित हुँदा उत्तीर्ण गरेको कक्षा/तह | लिङ्ग | वडा नं. | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| पुर्व-प्राथमिक ( नर्सरी/कक्षा १-३) | पुरुष | ९१ | ३९ | ४९ | ५२ | २० | ४२ | ११९ | ३२ | १७ | ४६१ | १२.८१ |
| | महिला | १८ | ५ | ५ | ६ | ४ | १८ | ११ | १८ | ७ | ९२ | २.५६ |
| | **जम्मा** | १०९ | ४४ | ५४ | ५८ | २४ | ६० | १३० | ५० | २४ | ५५३ | १५.३६ |
| आधारभूत तह - कक्षा ४-८) | पुरुष | ८४ | ८१ | ५८ | ५१ | ७० | ८० | ९५ | ५८ | १०९ | ६८६ | १९.०६ |
| | महिला | १२ | ४ | २ | ५ | ४ | २६ | ५ | १७ | ५ | ८० | २.२२ |
| | **जम्मा** | ९६ | ८५ | ६० | ५६ | ७४ | १०६ | १०० | ७५ | ११४ | ७६६ | २१.२८ |

| अनुपस्थित हुँदा उत्तीर्ण गरेको कक्षा/तह | लिङ्ग | वडा नं. | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| **माध्यमिक तह ( कक्षा ९-१२)** | पुरुष | ६१ | ३२ | ६२ | ५१ | ३० | १७२ | ५५ | ६५ | ५३ | ५८१ | १६.१४ |
| | महिला | ६ | ४ | २ | ५ | १ | ३५ | ११ | २० | ५ | ८९ | २.४७ |
| | **जम्मा** | ६७ | ३६ | ६४ | ५६ | ३१ | २०७ | ६६ | ८५ | ५८ | ६७० | १८.६१ |
| **स्नातक वा सोभन्दा माथि** | पुरुष | २७ | १० | ७ | ७ | २ | १८ | १३ | ६ | ४ | ९४ | २.६१ |
| | महिला | ८ | १ | २ | १ | १ | ३ | १ | १ | २ | २० | ०.५६ |
| | **जम्मा** | ३५ | ११ | ९ | ८ | ३ | २१ | १४ | ७ | ६ | ११४ | ३.१७ |
| **अन्य** | पुरुष | ८० | १५५ | ११३ | ८९ | १० | ३ | १६ | ८ | १४ | ४८८ | १३.५६ |
| | महिला | ६ | ५ | ७ | १५ | १ | ० | १ | ७ | ४ | ४६ | १.२८ |
| | **जम्मा** | ८६ | १६० | १२० | १०४ | ११ | ३ | १७ | १५ | १८ | ५३४ | १४.८३ |
| **अनौपचारिक शिक्षा** | पुरुष | ० | ० | १ | ४ | ० | ० | ० | ६ | १ | १२ | ०.३३ |
| | महिला | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | ०.०३ |
| | **जम्मा** | ० | १ | १ | ४ | ० | ० | ० | ६ | १ | १३ | ०.३६ |
| **साक्षर** | पुरुष | २ | २३ | २९ | १८ | १६४ | २३ | १९ | ७७ | ३१ | ३८६ | १०.७२ |
| | महिला | १ | ३ | ३ | ० | ४ | ११ | ० | ९ | ० | ३१ | ०.८६ |
| | **जम्मा** | ३ | २६ | ३२ | १८ | १६८ | ३४ | १९ | ८६ | ३१ | ४१७ | ११.५८ |
| **थाहा नभएको** | पुरुष | ७६ | ११ | ३ | १९ | ४३ | ८९ | २१ | १३५ | ३५ | ४३२ | १२.०० |
| | महिला | ८ | १ | ० | २ | ८ | ४३ | १ | ३३ | ५ | १०१ | २.८१ |
| | **जम्मा** | ८४ | १२ | ३ | २१ | ५१ | १३२ | २२ | १६८ | ४० | ५३३ | १४.८१ |
| **जम्मा** | **पुरुष** | ४२१ | ३५१ | ३२२ | २९१ | ३३९ | ४२७ | ३३८ | ३८७ | २६४ | ३१४० | ८७.२२ |
| | **महिला** | ५९ | २४ | २१ | ३४ | २३ | १३६ | ३० | १०५ | २८ | ४६० | १२.७८ |
| | **जम्मा** | ४८० | ३७५ | ३४३ | ३२५ | ३६२ | ५६३ | ३६८ | ४९२ | २९२ | ३६०० | १००.०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

शैक्षिक स्तरको आधारमा हेर्दा ३६०० जना मध्ये पुर्व प्राथमिक शिक्षा (१-३) उत्तीर्ण गर्नेहरुको संख्या ५५३, आधारभूत शिक्षा अर्थात ४ देखि ८ कक्षा अध्ययन गरेका ७६६ जना, माध्यामिक अर्थात ९-१२ कक्षा अध्ययन गरेका ६७० जना र स्नातक वा सोभन्दा माथि अध्ययन गरेका ११४ जना रहेका छन् । अनुपस्थित जनसंख्या काम तथा रोजगारी वा अन्य कारणले अनुपस्थित भएको पाइयो । तथ्याङ्कलाई हेर्दा नगरपालिकामा आधारभूत तह अध्ययन गरी अनुपस्थित हुनेको संख्या धेरै रहेको देखिन्छ । साथै माध्यामिक स्तरसम्मका अध्ययन पूरा गरी काम वा रोजगारमा बाहिरिने जनसंख्या र पढ्दा पढ्दै आठ कक्षा उर्त्तिण गरेर काम वा रोजगारीका लागि पढाइ छोड्नेको जनसंख्या उल्लेख्य रहेको पाइयो । यस हिसाबले शिक्षित र दक्ष जनशक्ति भन्दा अर्धशिक्षित र अदक्ष वा अर्धदक्ष जनसंख्याले अध्ययन भन्दा सामान्य स्तरको वा स्तरभन्दा न्यून खालको रोजगारी वा काममा बाहिरिएका संकेत गर्दछ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**शैक्षिक स्तरको आधारमा गाउँपालिकामा अनुपस्थित जनसंख्याको विवरण**




## ३.२२.३ अनुपस्थित व्यक्तिको अनुपस्थित हुनुको कारण सम्बन्धी विवरण


**तालिका नं. ३१ :** अनुपस्थित व्यक्तिको अनुपस्थित हुनुको कारण सम्बन्धी विवरण

| वडा नं. | अनुपस्थित हुनुको कारण | | | | | | | | | जम्मा संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवसाय | निजी नोकरी | सकारी जागिर | अध्ययन /तालिम | काम/जागिर को खोजी | आश्रित | दन्द्व | अन्य | थाहा नभएको | |
| १ | १६ | २ | ५ | ११६ | ३११ | ५ | १ | २३ | १ | ४८० |
| २ | ३ | १ | ० | ४६ | ३११ | ६ | १ | ७ | ० | ३७५ |
| ३ | २६ | १९७ | १३ | ९८ | ० | ० | ० | ९ | ० | ३४३ |
| ४ | २ | २ | ४ | १२२ | १७६ | ३ | १ | १४ | १ | ३२५ |
| ५ | ९६ | ८९ | १ | ३३ | १२० | ४ | ० | १५ | ४ | ३६२ |
| ६ | ५२ | १७ | १८ | १६३ | १९६ | ९५ | २ | १४ | ६ | ५६३ |
| ७ | ३० | ३३ | ११ | ५७ | २२२ | ८ | ० | ७ | ० | ३६८ |
| ८ | १४ | ३९ | ११ | ९३ | २४९ | ४६ | ० | ४० | ० | ४९२ |
| ९ | १० | ११३ | २ | ३८ | ९८ | ३ | १ | २१ | ६ | २९२ |
| **जम्मा** | २४९ | ४९३ | ६५ | ७६६ | १६८३ | १७० | ६ | १५० | १८ | ३६०० |
| **प्रतिशत** | ६.९२% | १३.६९% | १.८१% | २१.२८% | ४६.७५% | ४.७२% | ०.१७% | ४.१७% | ०.५०% | १००.०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा अनुपस्थित रहेका कुल ३,६०० जनसंख्या मध्ये १५० जनाले अन्य कारण र १८ जनाले कारण थाहा नभएको उत्तर आएकोले त्यो संख्या अस्पष्ट छ। बाँकी जनसंख्या मध्ये सबैभन्दा धेरै १,६८३ जना अर्थात् ४६.७५ प्रतिशत जागिर/कामको खोजीको सिलसिलामा अनुपस्थित रहेका छन्। त्यसैगरी ७६६ अर्थात २१.२८

प्रतिशत अध्ययनको शिलशिलामा, ४९३ अर्थात १३.६९ प्रतिशत निजी नोकरीको शिलशिलामा अनुपस्थित भएको देखिन्छ। अनुपस्थित हुने जनसंख्याको कारणहरू हेर्दा नगरपालिका भित्र शिक्षा तथा रोजगारको पर्याप्त अवसरहरू नभएर उपयुक्त अवसरको खोजीमा बाहिरिएको तथ्य देखिन्छ । अधिकांश बाहिरिनेहरूमा काम, रोजगारी तथा शिक्षाको खोजीमा नै परिवार सहित अनुपस्थित रहने हुँदा उनीहरूसँग आश्रित सदस्यहरू विशेषगरी विद्यालय जाने बालबालिका साथमा गएको कारणले हो । वडा अनुसारको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।





### ३.२२.४ अनुपस्थित जनसंख्या हाल बसिरहेको स्थानको विवरण

**तालिका नं. ३२ :** अनुपस्थित जनसंख्या हाल बसिरहेको स्थानको विवरण

| वडा नं. | हाल बसिरहेको स्थान | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | नेपाल (अन्य जिल्ला) | एसियन राष्ट्र | अष्टेलिया/ न्युजल्याण्ड | युरोपियन राष्ट्र | उत्तर अमेरिकी राष्ट्र | अफ्रिकन राष्ट्र | अफ्रिकन राष्ट्र | अन्य | जम्मा |
| १ | १६५ | ३११ | ० | १ | १ | ० | ० | २ | ४८० |
| २ | ५७ | ३१६ | २ | ० | ० | ० | ० | ० | ३७५ |
| ३ | १५० | १७५ | ० | ० | ० | ० | ४ | १४ | ३४३ |
| ४ | १४९ | १७० | ० | ० | ० | ० | २ | ४ | ३२५ |
| ५ | १२२ | २३० | ० | ० | ० | ० | १० | ० | ३६२ |
| ६ | ३७२ | १६१ | ० | ० | ० | ० | २६ | ४ | ५६३ |
| ७ | ११७ | २४८ | ० | १ | ० | १ | १ | ० | ३६८ |
| ८ | १५६ | ३१४ | ० | ० | ० | ० | २२ | ० | ४९२ |
| ९ | ७३ | ११७ | ० | १ | ० | ० | ९९ | २ | २९२ |
| **जम्मा** | १३६१ | २०४२ | २ | ३ | १ | १ | १६४ | २६ | ३६०० |
| **प्रतिशत** | ३७.८१% | ५६.७२% | ०.०६% | ०.०८% | ०.०३% | ०.०३% | ४.५६% | ०.७२% | १००.००% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा अनुपस्थित रहेका ३६०० जनसंख्या मध्ये सबैभन्दा बढी १,३६१ अर्थात ३७.८१ प्रतिशत जनसंख्या देशभित्रकै अन्य जिल्लाहरूमा रहेको, २,०४२ अर्थात ५६.७२ प्रतिशत जनसंख्या एसियन मुलुकहरूमा रहेको, १६४ जना अर्थात ४.५६ प्रतिशत अफ्रिकन राष्ट्रमा रहेको र बाँकी अन्य मूलुकहरूमा ज्यादै न्यून संख्यामा रहेको देखिन्छ । तथ्याङ्कको विश्लेषणबाट ठूलो संख्याको अनुपस्थित जनसंख्या देश बाहिर गएको देखिन्छ जसमो रोजगारीको शिलशिलामा एसियाका विभिन्न मुलुकहरूमा पुग्नेको संख्या भने सबै भन्दा बढी रहेका छन् । अको तर्फ अवसरको खोजीमा देशकै अन्य शहरी इलाकामा कम्पनी, सरकारी नोकरीको शिलसिलामा अन्य जिल्ला तथा अध्ययन तथा अन्य अवसरको कारण संघीय राजधानी काठमाडौंमा रहेको अनुमान गर्न सकिन्छ । यस बाहेक अन्य यूरोपियन, अमेरिकन र अष्ट्रेलिया जानेहरूको संख्या भने अत्यन्त न्यून रहेको छ । विकसित मूलुक भन्दा छिमेकी मुलुक भारत र उदाउँदा औद्योगिक खाडी राष्ट्रहरूमा कामको लागि जोखिमयूक्त र कडा श्रमयुक्त कार्य गर्न बाध्य रहेका छन् । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




### ३.२२.५ अनुपस्थित जनसंख्या हाल बसिरहेको देशको विवरण

**तालिका नं. ३३ :** अनुपस्थित जनसंख्या हाल बसिरहेको देशको विवरण

| देशको नाम | वडा नं. | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| भारत | १६५ | १३३ | ९७ | १०८ | १८५ | ८९ | १४४ | २४६ | ७२ | १२३९ | ५५.३४% |
| मलेसिया | २७ | २५ | ४६ | २१ | १५ | ५७ | २० | १९ | ३५ | २६५ | ११.८४% |
| कतार | ७८ | ७५ | २० | २४ | १३ | ४ | ३६ | ३९ | ५ | २९४ | १३.१३% |

| देशको नाम | वडा नं. | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| युनाइटेड अरब इमिरेटस् | १ | ३ | ० | ० | १ | २ | ३ | ० | ० | १० | ०.४५% |
| बंगलादेश | २ | ० | ० | ० | ० | १ | १ | ० | ० | ४ | ०.१८% |
| फिलिपिन्स | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | २ | ०.०९% |
| चीन | १ | ० | ० | ० | ० | ० | १ | ० | ० | २ | ०.०९% |
| बहराईन | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | २ | ०.०९% |
| कुवेत | ० | ६ | ० | ० | ० | १ | ० | ० | ० | ७ | ०.३१% |
| ब्रुनाई | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १ | ०.०४% |
| ओमान | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ०.०४% |
| साउदी अरेबिया | ३६ | ७२ | ७ | १७ | १५ | ७ | ४१ | ८ | ५ | २०८ | ९.२९% |
| अन्य एशियाली राष्ट्र | ० | १ | २ | ० | ० | ० | २ | २ | ० | ७ | ०.३१% |
| अष्ट्रेलिया | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | २ | ०.०९% |
| फ्रान्स | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ०.०४% |
| अन्य युरोपेली राष्ट्र | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | २ | ०.०९% |
| अमेरिका | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ०.०४% |
| दक्षिण अफ्रिका | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | १ | ०.०४% |
| अन्य राष्ट्र | ० | ० | ४ | २ | १० | २६ | १ | २२ | ९९ | १६४ | ७.३२% |
| थाहा छैन | २ | ० | १४ | ४ | ० | ४ | ० | ० | २ | २६ | १.१६% |
| **जम्मा** | ३१५ | ३१८ | १९३ | १७६ | २४० | १९१ | २५१ | ३३६ | २१९ | २२३९ | १००.००% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा अनुपस्थित रहका कुल ३६०० मध्ये सबैभन्दा बढी भारत गएकाहरुको संख्या १,२३९ अर्थात ५५.३४ प्रतिशत, दोस्रोमा कतार गएकाहरुको संख्या २९४ अर्थात १३.१३ प्रतिशत रहेका छन् । त्यसैगरी मलेसिया गएकाहरुको संख्या २६५ अर्थात ११.८४ प्रतिशत र साउदी अरेबिया गएकाहरुको संख्या २०८ अर्थात ९.२९ प्रतिशत रहेका छन् । यी बाहेक युरोपेली राष्ट्र, अमेरिकन राष्ट्र जानेहरुको संख्या भने कम देखिन्छ । यसरी ठूलो हिस्सा जनसंख्या बाहिरिदाँ विप्रेषणले मात्र कालान्तर नगरपालिकाको विकास संभव हुँदैन । यसका लागि दूरदृष्टि सहित दिगो सोच र विकासको लक्ष्य लिएर अगाडि बढ्ने युवा जमातको उपस्थिति नगरपालिकामै हुनु अनिवार्य छ । यसरी युवा शक्तिलाई नगरपालिकाकै विकासका लागि परिचालन गरी अनुपस्थित जनसंख्यालाई कम गर्ने प्रभावकारी योजना र त्यसको कार्यन्वयन गर्नु स्थानीय सरकारको लक्ष्य हुन जरुरी छ । विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।


## ३.२३ नागरिकताको आधारमा वडागत जनसंख्याको विवरण

**तालिका नं. ३४ :** नागरिकताको आधारमा वडागत जनसंख्याको विवरण

| वडा नं. | नेपाली | | भारतिय | | अन्य | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | २४९५ | ६.९३% | ० | ०.००% | ० | ०.००% | २४९५ |
| २ | ४०३९ | ११.२२% | ५ | ०.८७% | २ | ०.१६% | ४०४६ |
| ३ | ३६५३ | १०.१५% | ३ | ०.५२% | ११०४ | ८७.४१% | ४७६० |
| ४ | ५१०८ | १४.१९% | २३ | ४.००% | ० | ०.००% | ५१३१ |
| ५ | ४१५९ | ११.५५% | ५८ | १०.०९% | ३ | ०.२४% | ४२२० |
| ६ | ३७६० | १०.४४% | १३३ | २३.१३% | १ | ०.०८% | ३८९४ |
| ७ | ३७८७ | १०.५२% | २४ | ४.१७% | ० | ०.००% | ३८११ |
| ८ | ३६१४ | १०.०४% | २११ | ३६.७०% | १ | ०.०८% | ३८२६ |
| ९ | ५३९२ | १४.९७% | ११८ | २०.५२% | १५२ | १२.०३% | ५६६२ |
| **जम्मा** | ३६००७ | ९५.१४% | ५७५ | १.५२% | १२६३ | ३.३४% | ३७८४५ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा रहेका कुल ३७,८४५ जनसंख्या मध्ये ३६,००७ अर्थात ९५.१४ प्रतिशत जनसंख्याको राष्ट्रियता नेपाली रहेको छ। त्यसैगरी ५७५ अर्थात् १.५२ प्रतिशत भारतीय र १,२६३ अर्थात् ३.३४ प्रतिशत अन्य राष्ट्रको रहेको देखिन्छ। वडागतरुपमा वडा नं. ८ मा भारतीय जनसंख्या तुलनात्मकरुपमा बढी देखिन्छ भने वडा नं. ३ मा अन्य जनसंख्याको बसोबास भएको देखिन्छ। कामकाजको शिलशिलामा यस नगरपालिकामा आएका केहि भारतिय र अन्य भए पनि धेरै नेपाली राष्ट्रियता भएका नेपालीहरूको नै बसोबास रहेको देखिन्छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।



## ३.२४ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न कानुनी प्रक्रियाहरु पालना गर्नु पर्ने हुन्छ। नागरिकता, राहादानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानूनी प्रक्रिया पालना गर्नुपर्ने हुन्छ। यसका लागि सरकारले आधिकारीक प्रमाणपत्र उपलब्ध गराउँछ। जन्म, मृत्यु, बसाईसराई, विवाह र सम्बन्ध विच्छेद जस्ता घटना समयमा नै दर्ता गर्नु पर्ने हुन्छ। संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ। त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो। राष्ट्रिय तथ्याङ्क बनाउने यसको विश्वव्यापी मान्यता हो। कहाँ कति जन्मे, कतिको मृत्यु भयो कतिले बसाईसराई गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्यले पाउनु पर्छ। यसको आधारमा सरकारले नीति बनाउने हुँदा जनचेतना अभिवृद्धि गर्नु पर्ने देखिन्छ।


### ३.२४.१ पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ताको आधारमा वडागत विवरण

**तालिका नं. ३५ :** पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ताको आधारमा वडागत विवरण

| वडा नं. | ५ वर्ष सम्मका बालबालिका संख्या | | जन्मदर्ता भएका | | जन्मदर्ता नभएका | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ३०० | ९.६% | २९२ | ९.४% | ८ | ०.३% |
| २ | ६२५ | २०.१% | ५८१ | १८.६% | ४४ | १.४% |
| ३ | ४४५ | १४.३% | ३६८ | ११.८% | ७७ | २.५% |
| ४ | २७२ | ८.७% | १५९ | ५.१% | ११३ | ३.६% |
| ५ | २३४ | ७.५% | २१० | ६.७% | २४ | ०.८% |
| ६ | २९४ | ९.४% | २५७ | ८.२% | ३७ | १.२% |
| ७ | १४८ | ४.७% | ९६ | ३.१% | ५२ | १.७% |
| ८ | ५६३ | १८.१% | ५४० | १७.३% | २३ | ०.७% |
| ९ | २३५ | ७.५% | ९८ | ३.१% | १३७ | ४.४% |
| **जम्मा** | **३११६** | **१००.०%** | **२६०१** | **८३.५%** | **५१५** | **१६.५%** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा जन्म भएका पाँच वर्ष मुनिका ३,११६ बालबालिकाहरू मध्ये २,६०१ अर्थात ८३.५ प्रतिशतको जन्मदर्ता गरिएको र ५१५ जना अर्थात १६.५ प्रतिशतको जन्मदर्ता नभएको तथ्याङ्क रहेको छ। जन्म, मृत्यु, बसाइ-सराइ र विवाह जस्ता जीवनका प्रमुख व्यक्तिगत घटनाको अनिवार्य र समयमै दर्ता गर्नुपर्दछ। यसबाट स्थानीय सरकारलाई यकिन तथ्याङ्कको अभिलेख तयार पार्न सहयोग पुग्दछ भने अर्को तर्फ नागरिकहरूले राज्यबाट प्राप्त गर्ने सेवा सुविधाका लागि नागरिकको पहिचान कायम गर्न र अन्य कानूनी कृयाकलापहरूमा यसको आवश्यकता पर्दछ तसर्थ जन्मदर्तालाई समयमै अनिवार्य रुपमा गर्न प्रोत्साहन गर्ने स्थानीय सरकारले गर्नुपर्ने देखिन्छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।





### ३.२४.२ मृतकको मृत्युदर्ता सम्बन्धी विवरण

**तालिका नं. ३६ :** मृत्यु दर्ता गराउने घरपरिवार

| वडा नं. | मृत्यु दर्ता भएको | | मृत्यु दर्ता नभएको | | जम्मा मृतक संख्या |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ८ | ७.२% | ३ | २.७% | ११ |
| २ | ३ | २.७% | ७ | ६.३% | १० |
| ३ | १२ | १०.८% | १५ | १३.५% | २७ |
| ४ | ६ | ५.४% | ८ | ७.२% | १४ |
| ५ | ७ | ६.३% | १० | ९.०% | १७ |
| ६ | ३ | २.७% | ३ | २.७% | ६ |
| ७ | ७ | ६.३% | ५ | ४.५% | १२ |
| ८ | १० | ९.०% | ४ | ३.६% | १४ |
| ९ | ५६ | ५०.५% | ५५ | ४९.५% | १११ |
| **जम्मा** | **८** | **७.२%** | **३** | **२.७%** | **१००.००** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा तथ्याङ्क संकलन अवधिको विगत १२ महिनामा कुल १११ जनाको मृत्यु भएकोमा ५६ जना अर्थात् ५०.५ प्रतिशतको मृत्युदर्ता भएको देखिन्छ भने ५५ जना अर्थात् ४९.५ प्रतिशतको मृत्युदर्ता नभएको देखिन्छ । । स्थानीय सरकारको तथ्याङ्कको आधारको रुपमा रहने पञ्चिकरणलाई हरेक नागरिकले जिम्मेवार भएर सहयोग पुऱ्याउनु पर्दछ । यसका लागि थप प्रचार प्रसारको खाँचो देखिन्छ । मृत्यू दर्ता समयमै गर्दा अन्य कानूनी कृयाकलाप जस्तै नामसारी, हकभोग आदि सहज हुने र तथ्याङ्क समेत अध्यावधी गर्न सकिन्छ ।





### ३.२४.३ लिङ्गअनुसार विगत १२ महिनामा मृत्यु भएकाको विवरण

**तालिका नं. ३७ :** लङ्गअनुसार विगत १२ महिनामा मृत्यु भएकाको विवरण

| उमेर | मृतक पुरुषको | | मृतक महिलाको | | मृतकको जम्मा संख्या |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ०-०४ वर्ष | ३ | २.७% | ७ | ६.३% | १० |
| ०५-०९ वर्ष | १ | ०.९% | २ | १.८% | ३ |
| १०-१४ वर्ष | १ | ०.९% | ४ | ३.६% | ५ |
| १५-१९ वर्ष | ० | ०.०% | २ | १.८% | २ |
| २०-२४ वर्ष | २ | १.८% | २ | १.८% | ४ |
| २५-२९ वर्ष | १ | ०.९% | २ | १.८% | ३ |
| ३०-३४ वर्ष | ४ | ३.६% | १ | ०.९% | ५ |
| ३५-३९ वर्ष | १ | ०.९% | १ | ०.९% | २ |
| ४०-४४ वर्ष | ० | ०.०% | ३ | २.७% | ३ |
| ४५-४९ वर्ष | १ | ०.९% | १ | ०.९% | २ |
| ५०-५४ वर्ष | ४ | ३.६% | ५ | ४.५% | ९ |
| ५५-५९ वर्ष | ३ | २.७% | ० | ०.०% | ३ |
| ६०-६४ वर्ष | ८ | ७.२% | ४ | ३.६% | १२ |
| ६५-६९ वर्ष | ५ | ४.५% | ० | ०.०% | ५ |
| ७०-७४ वर्ष | ८ | ७.२% | ५ | ४.५% | १३ |
| ७५-७९ वर्ष | ८ | ७.२% | ५ | ४.५% | १३ |
| ८०-८९ वर्ष | ३ | २.७% | ५ | ४.५% | ८ |
| ९०-९९ वर्ष | ३ | २.७% | १ | ०.९% | ४ |
| १०० वर्ष वा सोभन्दा बढी | २ | १.८% | ३ | २.७% | ५ |
| जम्मा | ५८ | ५२.३% | ५३ | ४७.७% | १११ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा विगत १२ महिनामा मृत्यु हुनेहरूको संख्यालाई हेर्दा सबै भन्दा बढी मृत्यु संख्या ७० वर्ष भन्दा माथिको उमेर समूहका पुरुषहरूको देखिन्छ भने दोस्रोमा ० देखि ४ वर्षका महिलाहरु देखिन्छ । सबैभन्दा कम मृत्यु हुने उमेर समूह भने १० देखि १९ वर्षको पुरुष देखिन्छ । चौधौ आवधिक योजनाका अनुसार नेपालमा जन्मदाको बखत आम नेपालीको औषत आयू ६९ वर्ष उल्लेख गरिएको छ । सामान्यतया उमेर पुगेर हुने प्राकृतिक मृत्यूलाई स्वाभाविक मान्न सकिन्छ तसर्थ यस नगरपालिकामा बढी मृत्यू हुने उमेर समूह हेर्दा ६० वर्ष माथिको नै देखिन्छ । यद्यपि पछिल्लो समय औषधी विज्ञान र चिकित्सा पद्धतिमा भएको उच्च विकास र आधुनिक औषधि उपचारमा बृद्धि भएको पहुँच र क्रमिक रुपमा स्वास्थ्य चेतनाको बृद्धिका कारण नेपालको औषत आयू समेत विगतका वर्ष भन्दा बढ्दै गैरहेको छ ।




## ३.२५ बसाई सराईको अवस्था

कुनै पनि स्थानमा जनसंख्या परिवर्तन हुने कारणहरुमध्ये बसाइसराई एक प्रमुख कारण मानिन्छ । यस जिरी नगरपालिकामा छिमेकी नगरपालिका एवं जिल्लाबाट सिमित संख्यामा बसाईसराई गरी आउने गरेको तर विभिन्न अवसर र रोजगारीको खोजीमा देश भित्र वा देश बाहिर एक स्थानबाट अर्को स्थानमा स्थाई वा अस्थाई

रुपमा बसाई सरेर जाने प्रवृत्ति क्रमश बढ्दै गएको पाइन्छ । यसरी बसाई सरी जानु वा आउनुका विभिन्न कारणहरु छन् । तिमध्ये पाँच मुख्य कारण आर्थिक वृद्धि, द्वन्द्व, सामाजिक कारण, व्यापार र रोजगार हुन् ।

### ३.२५.१ जन्म स्थानको आधारमा जनसंख्या विवरण


**तालिका नं. ३८ :** जन्म स्थानको आधारमा जनसंख्या विवरण

| वडा नं. | जन्मस्थान | | | | जम्मा |
|---|---|---|---|---|---|
| | यही न.पा./गा.पा. | यही जिल्ला | अन्य जिल्ला | विदेशमा | |
| १ | १६५४ | ३३० | ४४ | ६१ | २०८९ |
| २ | ३०७७ | ४७७ | ६६ | १२४ | ३७४४ |
| ३ | ३०७७ | ५३८ | १५० | २३३ | ३९९८ |
| ४ | ३२६४ | ६१८ | १४१ | १३६ | ४१५९ |
| ५ | १८६८ | १०९८ | ९४ | १६० | ३२२० |
| ६ | २८४४ | २६० | १२३ | १३१ | ३३५८ |
| ७ | १८१४ | ६७१ | १४२ | २६४ | २८९१ |
| ८ | २८७७ | ३३५ | ११३ | ३६१ | ३६८६ |
| ९ | ३८१७ | ३०१ | ७२ | २७२ | ४४६२ |
| **जम्मा** | **२४२९२** | **४६२८** | **९४५** | **१७४२** | **३१६०७** |
| **प्रतिशत** | **७६.८६** | **१४.६४** | **२.९९** | **५.५१** | **१००.००** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

# खण्ड ४ : भू-उपयोग

## ४.१ भू-पयोग





नक्सा नं. १० : नगरपालिकाको भू-उपयोग विवरण

परोहा नगरपालिका विद्यमान भू-उपयोग हेर्दा नगरका ८७.९५ प्रतिशत (३२.९२ वर्ग कि.मि.) जग्गा खेतियोग्य जमिनको रुपमा रहेको छ भने ५.०८ प्रतिशत (१.९ वर्ग कि.मि.) बस्तीले ओगटेको छ। नगरपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित यस नगरपालिका खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ। त्यस्तै नगरपालिकामा जल क्षेत्रले १.८७ प्रतिशत (०.७ वर्ग कि.मी ) भूभाग ओगटेको छ। बालुवाले ३.०२ प्रतिशत (१.१३ वर्ग कि.मि) र बँगैचाले १.९८ प्रतिशत (०.७४ वर्ग कि.मि.)ओगटेको छ। नगरमा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा नगरबासीहरूको आर्थिक हैसीयत वृद्धि गर्न र वातावरणमा प्रतिकूल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा नीतिहरू अवलम्बन गर्न सकिन्छ। यस विषयमा विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। भू-उपयोगको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ३९ :** भू-उपयोग विश्लेषण २०७५

| विवरण | क्षेत्रफल (वर्ग कि.मि. मा) | प्रतिशत |
|---|---|---|
| खेतीयोग्य जमिन | ३२.९२ | ८७.९५ |
| बस्तीले ढोकेको क्षेत्र | १.९ | ५.०८ |
| बाँझो जमिन | ०.०४ | ०.११ |
| बालुवा | १.१३ | ३.०२ |
| जल क्षेत्र | ०.७ | १.८७ |
| बँगैचा | ०.७४ | १.९८ |
| **जम्मा** | ३७.४३ | १००.०० |

*स्रोत : नापी विभाग, २०७५*




## ४.२ वस्ती विकासको स्वरुप

परोहा नगरपालिकाको सडक सञ्जाल देशको सबै मुख्य मुख्य सडक संजालसँग जोडिएको हुँदा नगरपालिकाको सबै वडाहरूमा सडक, विद्युत, संचार जस्ता सुविधाहरूको पहुँच क्रमश वद्धि भएको देखिन्छ। यसका अतिरिक्त अधिकांश क्षेत्रहरू क्रमश विकसित भैरहेका देखिन्छन्। नगरपालिकामा अधिकांश भू-भागबाट नगरपालिकामा बसाइसराइको क्रम वृद्धि भइरहेको र नगरपालिकाका अन्य क्षेत्रहरूमा व्यवस्थित बस्ती विकासको संरचना नदेखिएकोले ती स्थानमा व्यवस्थित योजना बनाएर बाटो, खानेपानी, ढल निकास इत्यादीको समयमै विकास गर्नुपर्ने देखिन्छ। नगर बासीहरूलाई घरदैलोमा सेवा प्रवाह गर्ने ध्येयका साथ वडा समिति कार्यालयहरू, सम्बन्धित वडा मै स्थापना गरी सेवा प्रवाह गर्ने वडा समिति स्थापना गरी सेवा प्रवाह भै रहेका छन् ।

**तालिका नं. ४० :** मुख्य वस्ती सम्बन्धी विवरण

| क्र. सं. | वडा नं. | मुख्य वस्ती/गाउँ/टोलको नाम |
|---|---|---|
| १ | ९ | खाप टोल |
| २ | ९ | रामपुर टोल |
| ३ | ४ | लौकाहा |
| ४ | ४ | पोखरिया |
| ५ | ६ | वसन्तपट्टी |
| ६ | ५ | नमनगरा |
| ७ | ५ | दमार |
| ८ | ५ | भेडीपाटी |
| ९ | २ | जिंगडवा टोल, वेलविछ्वा |
| १० | ७ | कुर्मी बस्ती, कलवार बस्ती, यादव बस्ती, मुस्लिम बस्ती |
| ११ | ८ | माझी (मुसहर बस्ती), नरकटिया |
| १२ | ३ | धरारो टोल, तेजापाकड |

*स्रोत : नगर कार्यपालिकाको कार्यालय, २०७५*




नक्सा नं. ११ : नगरपालिकाको वस्ती विवरण

### ४.२.१ जग्गा विकास कार्यक्रम (Land Development Program)

वस्ती विस्तार क्षेत्र नीतिले शहर (वस्ती) लाई कुन क्षेत्र तर्फ क्रमश: विस्तार गर्दै लाने भन्ने दिशा निर्देश गरेको हुन्छ । पूर्वाधार लगानी नीति अनुरुप भौतिक पूर्वाधार योजनाको निर्माण गरिएमा वस्तीहरू जथाभावी छरिएर विकास हुनबाट नियन्त्रण गर्न सक्दछ । तर प्रस्ताव गरिएका विस्तार क्षेत्रको व्यवस्थित तवरले विकास गर्न ( प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरू लगायत भौतिक तथा पूर्वाधारको निर्माण आदि) निम्न अनुसार जग्गा विकास कार्यक्रहरू संचालन गर्नुपर्ने हुन्छ ।

(क) निर्देशित जग्गा विकास कार्यक्रम (Guided Land Development Programme)
(ख) जग्गा एकीकरण कार्यक्रम (Land Pooling Programme)
(ग) घडेरी तथा सेवा सुविधा कार्यक्रम (Site & Services Programme)

आवधिक योजना तर्जुमा गर्ने समयमा माथि उल्लेखित के कस्ता जग्गा विकास कार्यक्रमहरू नगरपालिका क्षेत्रमा संचालन गर्न सकिन्छ त्यस्ता क्षेत्रको पहिचान गर्ने कार्य मात्र गर्न सकिन्छ । त्यस्ता क्षेत्रहरूको पहिचान गर्दा प्रस्तावित शहरी विस्तार क्षेत्रलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ । जग्गा विकास कार्यक्रम सम्वन्धी थप जानकारी तल उल्लेख गरिएको छ ।

#### *(क) निर्देशित जग्गा विकास कार्यक्रम* (Guided Land Development Programme):

निर्देशित जग्गा विकास कार्यक्रम विशेष गरी बस्तीहरूको विकास भइसकेको र निकट भविष्यमा हुने क्षेत्रहरूमा बाटोघाटो चौडा गर्न र नयाँ बाटो खोल्न संचालन गरिने कार्यक्रम हो । विद्यमान बस्तीहरू योजना विना नै आफैँ विकास हुँदै आएको हुनाले यस्ता बस्तीहरूका बाटाघाटाहरू साँघुरा र नागवेली प्रकारका छन् । आपतकालीन अवस्थामा (जस्तो आगलागी हुँदा दमकल लैजान र विरामी पर्दा एम्वुलेन्स वा ट्याक्सी प्रवेशको लागि) यस्ता बाटाहरू बाधक बनेका हुन्छन् । तसर्थ यस्ता बस्तीका बासिन्दाहरूले आफ्नो इलाकामा बाटो चौडा गरी आवागमन सहज बनाई सुधार गर्न आवश्यकता अनुसार केही जग्गा र कहीं कहीं घर, टहराको केही अंश समेत भत्काउन सकिन्छ। जग्गाधनी र घरधनीको अनुमति बेगर यस्ता कार्यक्रमहरू संचालन गर्न सकिँदैनन् ।

जग्गा विकास कार्यक्रममा जग्गा अधिग्रहण गर्ने र जग्गा एकीकरण गर्ने जस्ता केही कार्य गर्नु पर्दैन । जग्गा र घरधनीको सहमतिमा नगरपालिकाले बाटो चौडा गरिदिने कार्य गर्दछ । यस कार्यक्रम अन्तर्गत कुनै कुनै ठाउँमा नयाँ बाटो खोल्ने कार्य पनि हुन्छ । नेपालको संविधान वमोजिम जग्गा विकास सम्बन्धी काम नगरपालिका आफैले गर्न सक्छ ।

#### *(ख) जग्गा एकीकरण कार्यक्रम* (Land Pooling Programme):

जग्गा एकीकरण कार्यक्रम संचालन गर्न जग्गा अधिग्रहण गर्नुपर्दैन । जग्गा एकीकरण गरिने क्षेत्र भित्रका घर जग्गाको किनबेच धनीहरूको अनुमतिमा केही समयको लागि बन्द गरिन्छ । यस अवधि भित्र एकीकरण गरिएका सम्पूर्ण जग्गालाई एउटै चाक्लाका रूपमा मिलाएर बाटोघाटो, ढल, टेलिफोन, चउर आदि सुविधाहरू निर्माण गर्ने कार्य हुन्छ । पूर्वाधार सुविधा निर्माण गर्नको लागि केही जग्गा बिक्री गरिन्छ र सो जग्गाबाट प्राप्त रकमबाट उक्त निर्माण कार्य सम्पन्न गरिन्छ ।

पूर्वाधार निर्माणको लागि चाहिने खर्च खुला क्षेत्र तथा सडक आदिमा जाने जग्गाको मोल हिसाब गर्नुपर्दछ । यस अतिरिक्त जग्गाधनीले कति जग्गा दिनुपर्ने हो सो समेत पहिल्यै यकिन गर्नुपर्दछ । जग्गाधनीहरूले योजनाले

निर्धारित गरे अनुसार जग्गा दिए बापत पछि विकसित घडेरी पाउँछन् । विकसित घडेरीको (सबै पूर्वाधारयुक्त) बजार मूल्य पहिला को भन्दा धेरै गुणा बढी हुने हुनाले जग्गाधनीहरू यस कार्यक्रमबाट प्रत्यक्ष रूपले लाभान्वित हुने हुन्छन् । यसरी जग्गाधनीहरूको सहमति र अनुमति बेगर संचालन नहुने यो कार्यक्रमबाट जग्गाधनीहरू प्रत्यक्ष लाभान्वित हुने हुँदा यो कार्यक्रम अहिले अत्यन्त लोकप्रिय सावित भएको छ ।

यो कार्यक्रमको राम्रो पक्ष भनेको नै जग्गा अधिग्रहण गर्नुनपर्ने भएकोले मुआब्जा वितरण गर्ने जस्तो झन्झट यसमा झेल्नुपर्दैन । तुलनात्मक हिसाबले योजना चाँडो सम्पन्न हुने हुनाले जग्गाधनीले एकातिर चाँडो फाइदा हासिल गर्न सक्दछ भने अर्कातिर बजारमा विकसित घडेरीको आपूर्ति हुन गई व्यवस्थित शहरीकरणको प्रयासमा समेत यसले निकै ठुलो टेवा पुऱ्याउने हुन्छ ।

### (ग) घडेरी तथा सेवा सुविधा कार्यक्रम (Site & Services Programme):

यो कार्यक्रम कार्यान्वयन गर्नको लागि कुनै निश्चित ठाउँ (जहाँ घडेरी तथा सेवा सुविधा कार्यक्रम गर्न प्रस्ताव गरिएको छ) जग्गा अनिवार्य रूपले अधिग्रहण गर्नुपर्दछ । योजना क्षेत्रको लागि आवश्यक जग्गा अधिग्रहण गरेपछि जग्गा तथा घरधनीलाई तोकेको मुआब्जा दिनुपर्दछ । यसरी अधिग्रहण गरेपछि योजनामा व्यवस्था गरिए अनुसारको बाटोघाटो, ढल, टेलिफोन, खानेपानी, खुला चौर आदि निर्माण गर्ने कार्य हुन्छ । व्यवस्थित बसोबासका हिसाबले चाहिने प्रायः सम्पूर्ण सेवा सुविधाहरूको व्यवस्था र निर्माण कार्य सम्पन्न भइसकेपछि यस्ता विकसित घडेरीहरू (एकै किसिमको वा विभिन्न किसिमको) निर्धारित मूल्यमा निश्चित नीति अन्तर्गत रही बिक्री वितरण गरिन्छ । विकसित घडेरीको मूल्यमा अधिग्रहणको मुआब्जाको रकमका साथै पूर्वाधार विकास निर्माणमा लागेको खर्च, खुला चौरको लागि छाडेको जग्गाको मूल्य आदि जोडिन्छ । तसर्थ विकसित घडेरीको मोल सुरुको अधिग्रहणको मोल भन्दा धेरै गुणा बढ्नु स्वाभाविक छ ।

## ४.३ क्रमिक विकास भइरहेका बस्तीहरूको विवरण



परोहा नगरपालिका भू-वनोट, सुगमता र जलवायुको आधारमा बसोबासको लागि उपयुक्त मानिएको छ। हुलाक, टेलीफोन, स्वास्थ्यचौकी र विद्यालयको पहुँचका साथै यातायातको आंसिक सुविधा हुनाले पनि ग्रामीण बस्ती विकासका लागि योगदान पुऱ्याइरहेको पाइन्छ। यसका साथै विभिन्न स्थानहरूमा नगरपालिकाहरूले आफ्ना आन्तरिक यातायात मार्गहरू बनाई सार्वजनिक क्षेत्रहरूमा हाट बजारको व्यवस्थापन गर्ने काम साथै स-साना व्यापारिक केन्द्रको रुपमा क्रमिक विकास भइरहेको छ।

स्थानीय सरकारले बजारोन्मुख बस्तीहरूमा हाट बजारको विकासको लागि केही आवश्यक छाना/सेड तथा भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ। यसका अतिरिक्त एकातर्फ यी बस्तीहरूको छेउछाउको जमिनको समेत अप्रत्याशितरुपले मूल्य वृद्धि भइरहेको पाइन्छ भने अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्क जस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना अहिलेदेखि नै बनाउनु आवश्यक छ।

नगरपालिका क्षेत्रहरूको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर बाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरू लगायत भौतिक तथा पूर्वाधारको निर्माण सहितको व्यवस्थित वस्तीको विकास गर्न जग्गा एकीकरण वा सेवा सुविधा जस्ता कार्यक्रमहरू संचालन गर्नु पर्दछ । यसरी जग्गा विकास कार्यक्रम संचालन गर्दा शहरी विस्तार क्षेत्र प्रस्तावना गरिएका क्षेत्रहरूलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ ।

## ४.४ घर निर्माण सम्पन्न प्रमाणपत्रको आधारमा घरपरिवारको विवरण


**तालिका नं. ४१ :** घर निर्माण सम्पन्न प्रमाणपत्र लिएका घरपरिवारको संख्याको आधारमा घरपरिवारको विवरण

| वडा नं. | घर निर्माण सम्पन्न प्रमाणपत्र लिएका | घर निर्माण सम्पन्न प्रमाणपत्र नलिएका | थाहा नभएको | जम्मा |
|---|---|---|---|---|
| १ | | | | ४५४ |
| २ | ० | ७२४ | ० | ७२४ |
| ३ | १५० | ८४६ | ० | ९९६ |
| ४ | २ | ८४६ | १ | ८४९ |
| ५ | ३ | ६०२ | ९० | ६९५ |
| ६ | १ | ७३६ | ३ | ७४० |
| ७ | ० | ६३५ | २ | ६३७ |
| ८ | ८ | ७३९ | ११ | ७५८ |
| ९ | ८ | १०७२ | १३७ | १२१७ |
| **जम्मा** | १७२ | ६६४७ | २५१ | ७०७० |
| **प्रतिशत** | २.४% | ९४.०% | ३.६% | १००.०% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा लालपुर्जा भएको आफ्नै जमिनमा घर निर्माण गरेका ७,०७० घरपरिवारहरू मध्ये जम्मा १७२ घरहरूको मात्र घर निर्माण सम्पन्न प्रमाणपत्र रहेको छ । बाँकी ६,६४७ घरपरिवार अर्थात ९४ प्रतिशत

घरपरिवारको घर निर्माण सम्पन्न प्रमाणपत्र छैन । यस अवस्थालाई हेदा नगरपालिकाका करीब ९४ प्रतिशत घरपरिवारहरू कच्ची र भवन निर्माणका सुरक्षित विधिहरू नअपनाइ बनाइएका छन्, भूकम्प, बाढी तथा तराई क्षेत्रमा डुबानको उच्च जोखिम भएका क्षेत्रहरुमा जोखिम हुने हुँदा राष्ट्रिय भवन निर्माण संहितामा रहेर नगरपालिकाले भवन निर्माण मापदण्ड लागु गरी सुरक्षा संवेदनशिलतामा ध्यान दिनु आवश्यक छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ४.५ वस्ती विकासमा देखिएका चुनौतीहरू

बढ्दो जनसंख्या सँगै क्रमश विकास भैरहेको शहरोन्मुख ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हुन सकेको छैन। बस्तीहरूमा सुविधा बर्गिकरण (Zoning) को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यालय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन। यस सम्बन्धमा बस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासिय क्षेत्र, व्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र पहिले नै निर्धारण गर्नु जरुरी देखिएको छ।
- बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रुपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन। विकासोन्मुख बस्तीहरूबाट निकास हुने फोहोरमैलालाई संकलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्ने र ठुला बस्तीहरूमा छाडा पशुहरूको व्यवस्थापन तथा पशु हाट बजारको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ। खोलानालामा ढल निकास गरी पानी प्रदुषण भइरहेको हुँदा प्रशोधन प्रणालीको विकास हुनुपर्ने देखिन्छ।

➢ सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पुर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन। यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुनु सकेको छैन।

## ४.६ भू-क्षय सम्भावित क्षेत्र

नगरपालिकाका नदी तथा खोला किनारका भागहरू भूक्षयको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ। प्राकृतिक वातावरणमा असर पर्ने मानवीय गतिविधि कारणबाट नगरपालिका क्षेत्रमा अनियन्त्रित डढेलो, चरीचरन राख्ने प्रवृत्ति एवं खोलाबाट अव्यवस्थित ढंगले ढुंगा तथा बालुवाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रन गई बस्ती एवं खेती तर्फ अनियन्त्रित बाढीको प्रकोप केन्द्रीत भएको छ। खोलाको क्षमताभन्दा बढी मात्रामा नदीजन्य वस्तु निकासी भएकोले खोलाको सतह गहिँरिदैं जाँदा आसपासका क्षेत्रहरूमा कटान तथा भूक्षयको सम्भावना बढ्दो देखिन्छ। मूलतः नगरपालिकाका खोलाहरूको वरिपरी नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले र अनुत्पादक पशुहरूको चापले यो संवेदनशिल क्षेत्रमा भूक्षयको दृष्टिकोणले प्रतिकुल प्रभाव पारेको छ। यसक्रमलाई रोक्नको लागि ढल निकासको व्यवस्था मिलाउनुपर्ने देखिन्छ। त्यस्तै, अल्पकालिन, मध्यकालिन र दीर्घकालिन उपायहरू अबलम्बन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राख्दै अल्पकालिन उपायको रुपमा स्पर एवं तटबन्ध निर्माण गर्ने मध्यकालिन उपायको रुपमा प्रभावित क्षेत्रको वरिपरी वृक्षारोपण गर्ने र दीर्घकालिन उपायको रुपमा सम्पूर्ण खोला प्रभावित क्षेत्रलाई संरक्षण गर्नेतर्फ काम अगाडि बढाउनु पर्ने देखिन्छ। उल्लेखित क्षेत्रलाई मानवीय गतिविधिबाट अप्रभावित पार्ने र सघन जलाधार क्षेत्र संरक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ।

## ४.७ नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

**तालिका नं. ४२ :** नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

| क्र. सं. | संभावित प्रकोप | विद्यमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र नगरपालिकामा भूकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रुपमा लागु नभएको | जुनसुकै समयमा |
| २ | बाढी | नगरपालिकामा विशेषतः साना ठुला नदी/खोलाहरू बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरूले आसपासका भुभागहरू बर्षेनी डुवान र कटान गरि क्षति पुर्‍याईरहेको छ। बर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भैरहेका छन् । | जेष्ठ–असोज |
| ३ | पहिरो | भौगोलिकरुपले विकट तथा नाङ्गा डाँडा पाखाहरु तथा भुकम्प प्रभावित भीर पाखाहरुमा पहिरो जाने गरेको । | असार -असोज |
| ४ | आगलागी | नगरपालिकाको धेरै जसो भू–भागमा घनावस्ती रहेका अति विपन्न समुदायका घरहरू सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, खाना पकाउने कोठाका भित्ताहरू माटोले नपोत्नु, | चैत्र–जेष्ठ |

| | | | |
|---|---|---|---|
| | | हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको। | |
| ५ | महामारी | बाढी पश्चात पूर्ण प्रकोपका रुपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना कमी, अनुकूल क्षमताको अभाव। | विपद् पछि, अन्य समयमा |
| ६ | वर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयामा |
| ७ | शितलहर | चिसोको मात्रा बढ्दै गएको समयमा विपन्न वस्ती बढी प्रभावित | पुस –माघ |
| ८ | जंगली जनावर आतंक | नगरपालिकाको वनजंगल वरिपरि बसोबास भएको क्षेत्रहरू | जुनसुकै समयमा |
| ९ | मौसमी सुख्खा | पानी नपरेमा नहरको सिचाईं नपुगेका भागहरू | असार –भदौ |
| १० | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| ११ | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

*स्रोतः जिल्ला समन्वय समिति, रौतहट २०७५*



# खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति

## ५.१ नगरपालिका अर्थतन्त्रको संरचनात्मक स्वरुप




नगरपालिकाको अर्थतन्त्र मुख्यतयाः कृषि, उद्योग, व्यापार, सेवामूलक व्यवसाय, नोकरी, निर्माण, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट तथा समतल समेत भएकाले भएको यस नगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको क्षेत्र भएको हुँदा नगरपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन । यस परिवेशमा आधुनिक कृषि तथा पशुपालनलाई बढि जोड दिनुपर्दछ। नगरपालिकामा रहेका तालहरूसहितको सिमसार क्षेत्र, जैविक विविधताले नगरपालिकाको विकासमा थप सम्भावना बोकेको छ । मील, फर्निचर उद्योग, क्रसर उद्योग, कुखुरा पालन, पशु पालन आदि यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरू हुन् । यस नगरपालिकाका मानिसहरू क्रमश साना उद्योगहरूको विकास तर्फ लागिरहेका छन् । यस नगरपालिकाका मुख्य आर्थिक क्रियाकलापहरूमा व्यापार व्यवसाय, नोकरी र विकल्पमा वैदेशिक रोजगार रहेको देखिन्छ।

## ५.२ नगरपालिकाको रोजगारी, आम्दानी तथा खर्चको अवस्था


### ५.२.१ घरपरिवारको वार्षिक आम्दानीले परिवार धान्न पुग्ने महिना सम्बन्धी विवरण

**तालिका नं. ४३ :** घरपरिवारको वार्षिक आम्दानीले परिवार धान्न पुग्ने महिना सम्बन्धी विवरण

| वडा नं. | परिवारको वार्षिक अम्दानीले परिवार धान्न नपुग्ने परिवार | ०-३ महिना | ४-६ महिना | ७-९ महिना | ९-१२ सम्म महिना | जम्मा परिवार संख्या |
|---|---|---|---|---|---|---|
| १ | ६ | ४ | ९३ | ८३ | २६८ | ४५४ |
| २ | २० | १६ | ३९ | ११९ | ५३० | ७२४ |
| ३ | १५९ | ५२ | १०८ | २१९ | ४५८ | ९९६ |
| ४ | ३०७ | ३ | २४ | २४ | ४९१ | ८४९ |
| ५ | ६ | ६ | ४६ | ४० | ५९७ | ६९५ |
| ६ | १ | २ | २१ | ७३ | ६४५ | ७४२ |
| ७ | ५४ | ४७ | ५८ | ७७ | ४०१ | ६३७ |
| ८ | ३ | १ | १० | ३७ | ७०७ | ७५८ |
| ९ | ६ | ७ | ७३ | ११३ | १०१८ | १२१७ |
| **जम्मा** | **५६२** | **१३८** | **४७२** | **७८५** | **५११५** | **७०७२** |
| **प्रतिशत** | **७.९५** | **१.९५** | **६.६७** | **११.१०** | **७२.३३** | **१००.००** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस नगरपालिकामा रहेका कुल ७,०७२ घरपरिवारहरू मध्ये आफ्नै वार्षिक आम्दानीले ९ देखि १२ महिना परिवार धान्न पुग्ने परिवारको संख्या ५,११५ अर्थात ७२.३३ प्रतिशत देखिन्छ । त्यसैगरी ७ देखि ९ महिनासम्म धान्न पुग्ने घरपरिवारको संख्या ७८५ अर्थात ११.१० प्रतिशत, ४ देखि ६ महिनासम्म धान्न पुग्ने घरपरिवारको संख्या ४७२ अर्थात् ६.६७ प्रतिशत र ० देखि ३ महिना मात्र धान्न पुग्नेको संख्या १३८ अर्थात १.९५ प्रतिशत रहेको छ भने ५६२ अर्थात् ७.९५ प्रतिशत घरपरिवारको वार्षिक आम्दानीले परिवार धान्न नपुग्ने देखिन्छ ।




### ५.२.२ ऋणको आधारमा घरपरिवारको विवरण

**तालिका नं. ४४ :** ऋणको आधारमा घरपरिवारको विवरण

| वडा नं. | ऋण लिने घरपरिवार | | ऋण नलिने घरपरिवार | | जम्मा परिवार संख्या |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | २८० | ६१.७% | १७४ | ३८.३% | ४५४ |
| २ | ३९८ | ५५.०% | ३२६ | ४५.०% | ७२४ |
| ३ | ६७७ | ६८.०% | ३१९ | ३२.०% | ९९६ |
| ४ | ३९१ | ४६.१% | ४५८ | ५३.९% | ८४९ |
| ५ | २८५ | ४१.०% | ४१० | ५९.०% | ६९५ |
| ६ | ४७१ | ६३.५% | २७१ | ३६.५% | ७४२ |
| ७ | ३८२ | ६०.०% | २५५ | ४०.०% | ६३७ |
| ८ | ३६१ | ४७.६% | ३९७ | ५२.४% | ७५८ |
| ९ | ४११ | ३३.८% | ८०६ | ६६.२% | १२१७ |
| **जम्मा** | **३६५६** | **५१.७%** | **३४१६** | **४८.३%** | **७०७२** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा रहेका कुल ७,०७२ घरपरिवारहरू मध्ये विभिन्न वित्तीय संस्था सहकारी वा अन्य तवरले आफ्ना विभिन्न क्रियाकलाप सञ्चालन गर्न वा लगानी गर्न ऋण लिएका घरपरिवारहरूको संख्या ३,६५६ अर्थात ५१.७ प्रतिशत र ऋण नलिएका घरपरिवारहरूको संख्या ३,४१६ अर्थात ४८.३ प्रतिशत रहेका छन् ।



## ५.२.३ विप्रेशणबाट आएको रकम खर्च हुने स्थान सम्बन्धी विवरण

**तालिका नं. ४५ :** विप्रेशणबाट आएको रकम खर्च हुने स्थान सम्बन्धी विवरण

| विप्रेषण खर्चको स्थान | खर्चको शीर्षक | वडा नं. | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| **विप्रेषण खर्च भएको पहिलो क्षेत्र** | शिक्षमा खर्च गरेको | १३४ | ६६ | १७ | ५६ | ३३ | ९९ | ९२ | ३४ | ५७ | ५८८ | ३२.४५% |
| | स्वास्थ्य उपचारमा खर्च | १०३ | १२८ | ५२ | २६ | ७५ | ११ | ४८ | ७८ | ६२ | ५८३ | ३२.१७% |
| | घरायसी उपभोग | ४४ | ४६ | ४१ | १५ | ५० | २३ | २४ | ४० | ३२ | ३१५ | १७.३८% |
| | ऋण तिरेको | ५ | ३३ | २१ | १२ | ९ | ३२ | ११ | ३३ | २६ | १८२ | १०.०४% |
| | विवाह/ब्रतबन्ध/चाडपर्व मनाउन | ३ | ८ | १ | ३ | ३ | ६ | १० | १ | ३ | ३८ | २.१०% |
| | बचत गरेको | १ | ९ | ४ | २ | ४ | ४ | २ | ३ | ४ | ३३ | १.८२% |
| | घर बनाएको | १ | ७ | १ | १ | ० | ७ | ४ | १ | ५ | २७ | १.४९% |
| | बस्तुभाउ खरिद गरेको | ० | ० | ० | ० | १ | ४ | १ | ८ | ० | १४ | ०.७७% |
| | जग्गा किनेको | ० | १ | २ | ० | १ | ४ | २ | १ | १ | १२ | ०.६६% |
| | अरुलाई ऋण दिएको | १ | ० | ० | २ | ० | २ | १ | २ | १ | ९ | ०.५०% |
| | अन्य | ० | ० | ० | १ | १ | ० | ० | २ | ० | ४ | ०.२२% |
| | थाहा नभएको | ० | ० | ० | १ | १ | ० | ० | १ | ० | ३ | ०.१७% |
| | गरगहना खरिद गरेको | ० | १ | ० | १ | ० | १ | ० | ० | ० | ३ | ०.१७% |
| | व्यापार/व्यवसायमा लगानी गरेको | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | १ | ०.०६% |
| | जम्मा | २९२ | २९९ | १३९ | १२० | १७८ | १९४ | १९५ | २०४ | १९१ | १८१२ | १००.००% |
| **विप्रेषण खर्च भएको दोस्रो क्षेत्र** | स्वास्थ्य उपचारमा खर्च | १४४ | ८१ | ४१ | ५७ | ७८ | ९५ | १०५ | ५२ | ५७ | ७१० | ३९.९१% |
| | घरायसी उपभोग | १०० | १०६ | ६१ | ३५ | ७७ | २८ | ४३ | ७२ | ६४ | ५८६ | ३२.९४% |
| | शिक्षमा खर्च गरेको | १५ | १९ | ११ | १३ | ५ | २७ | २० | १९ | २१ | १५० | ८.४३% |
| | ऋण तिरेको | ६ | १३ | १९ | ० | ७ | ७ | १० | ३२ | १७ | १११ | ६.२४% |
| | बचत गरेको | १७ | ५१ | १ | १ | ० | ४ | १ | २ | १३ | ९० | ५.०६% |
| | विवाह/ब्रतबन्ध/चाडपर्व मनाउन | ८ | १५ | १ | १ | ० | ७ | ९ | ३ | ६ | ५० | २.८१% |
| | बस्तुभाउ खरिद गरेको | ० | १ | ० | ३ | १ | ११ | ३ | १२ | ० | ३१ | १.७४% |
| | घर बनाएको | १ | ४ | ० | २ | ३ | ६ | १ | १ | २ | २० | १.१२% |
| | अन्य | ० | ० | ० | २ | २ | १ | ० | ३ | ३ | ११ | ०.६२% |
| | थाहा नभएको | ० | ० | ० | २ | १ | ० | १ | ० | ३ | ७ | ०.३९% |
| | जग्गा किनेको | ० | ० | १ | ० | ० | ३ | ० | ३ | ० | ७ | ०.३९% |
| | अरुलाई ऋण दिएको | ० | ० | ० | १ | ० | १ | ० | २ | १ | ५ | ०.२८% |
| | व्यापार/व्यवसायमा लगानी गरेको | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | १ | ०.०६% |
| | जम्मा | २९१ | २९० | १३५ | ११८ | १७४ | १९० | १९३ | २०१ | १८७ | १७७९ | १००.००% |
| **विप्रेषण खर्च भएको तेस्रो क्षेत्र** | शिक्षमा खर्च गरेको | ५ | १६ | ६ | ४ | ६ | १० | ११ | ९ | १६ | ८३ | ४.९१% |
| | स्वास्थ्य उपचारमा खर्च | १३ | ९ | ३९ | ११ | ८ | ३८ | २१ | ३५ | २० | १९४ | ११.४९% |
| | घरायसी उपभोग | १२८ | ६८ | ४२ | ५२ | ४९ | ८८ | ७० | ८४ | ४८ | ६२९ | ३७.२४% |
| | विवाह/ब्रतबन्ध/चाडपर्व मनाउन | २९ | २६ | २ | ९ | ५२ | ४ | ४० | २ | ९ | १७३ | १०.२४% |
| | ऋण तिरेको | ४५ | ५५ | ३० | १४ | २४ | १३ | २२ | २३ | २५ | २५१ | १४.८६% |
| | अरुलाई ऋण दिएको | ० | ० | ४ | १ | ४ | ० | १ | ० | ३ | १३ | ०.७७% |
| | बचत गरेको | ४९ | ५० | ३ | ८ | ८ | ३ | १ | १४ | ३४ | १७० | १०.०७% |
| | घर बनाएको | ४ | ८ | ५ | ३ | १० | ३ | ७ | १ | २ | ४३ | २.५५% |
| | जग्गा किनेको | ० | ३ | ३ | ० | ० | ४ | ० | १ | १ | १२ | ०.७१% |

| विप्रेषण खर्चको स्थान | खर्चको शीर्षक | वडा नं. | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| | गरगहना खरिद गरेको | ० | ० | ० | १ | ० | ० | २ | २ | ० | ५ | ०.३०% |
| | बस्तुभाउ खरिद गरेको | १ | ० | ० | २ | ११ | १७ | ७ | १३ | १ | ५२ | ३.०८% |
| | अन्य | ० | ३ | ० | ४ | १ | ६ | १ | १५ | ९ | ३९ | २.३१% |
| | थाहा नभएको | ० | १ | ० | ८ | १ | ० | ९ | ० | ६ | २५ | १.४८% |
| | जम्मा | २७४ | २३९ | १३४ | ११७ | १७४ | १८६ | १९२ | १९९ | १७४ | १६८९ | १००.००% |
| **विप्रेषण खर्च भएको चौथो क्षेत्र** | बचत गरेको | ११४ | १०६ | १४ | २३ | १२ | ७ | ४ | ८ | ३६ | ३२४ | २१.३३% |
| | ऋण तिरेको | ६१ | ३८ | २९ | १७ | ५२ | १९ | ४० | २६ | २६ | ३०८ | २०.२८% |
| | घरायसी उपभोग | ११ | १ | ३९ | ५ | २४ | ७७ | १५ | ६४ | १० | २४६ | १६.१९% |
| | विवाह/ब्रतबन्ध/चाडपर्व मनाउन | १२ | ७ | ७ | १० | २६ | १४ | ४६ | ६ | ५ | १३३ | ८.७६% |
| | स्वास्थ्य उपचारमा खर्च | ७ | ३ | २४ | १ | १३ | १५ | ५ | ३३ | ६ | १०७ | ७.०४% |
| | बस्तुभाउ खरिद गरेको | ० | ० | २ | १५ | १३ | १२ | ३८ | १० | २ | ९२ | ६.०६% |
| | अन्य | ० | १६ | ० | ११ | ५ | १७ | ४ | १२ | १३ | ७८ | ५.१३% |
| | घर बनाएको | ९ | ७ | ७ | ५ | १४ | ५ | १३ | ४ | ९ | ७३ | ४.८१% |
| | शिक्षमा खर्च गरेको | ८ | ३ | ७ | २ | ० | ५ | ९ | १९ | १४ | ६७ | ४.४१% |
| | थाहा नभएको | ० | २ | ० | १७ | १ | ३ | १२ | ० | १३ | ४८ | ३.१६% |
| | अरुलाई ऋण दिएको | ० | ० | २ | ० | ३ | ४ | १ | २ | ४ | १६ | १.०५% |
| | जग्गा किनेको | २ | ४ | ० | ० | १ | ३ | ३ | ० | २ | १५ | ०.९९% |
| | गरगहना खरिद गरेको | १ | २ | ० | ३ | १ | १ | ० | १ | ० | ९ | ०.५९% |
| | व्यापार/व्यवसायमा लगानी गरेको | ० | ० | ० | ० | १ | १ | १ | ० | ० | ३ | ०.२०% |
| | जम्मा | २२५ | १८९ | १३१ | १०९ | १६६ | १८३ | १९१ | १८५ | १४० | १५१९ | १००.००% |
| **विप्रेषण खर्च भएको पाँचौं क्षेत्र** | घरायसी उपभोग | १३ | २ | ५५ | २ | २० | ५७ | ८ | ६४ | ४ | २२५ | १८.८३% |
| | बचत गरेको | ५८ | ४० | ११ | १६ | ११ | १० | ४ | ५ | १९ | १७४ | १४.५६% |
| | बस्तुभाउ खरिद गरेको | ० | ० | ० | ५ | ४४ | १४ | ७७ | ७ | १ | १४८ | १२.३८% |
| | ऋण तिरेको | १३ | ७ | १९ | २ | १८ | २४ | २४ | २२ | १९ | १४८ | १२.३८% |
| | स्वास्थ्य उपचारमा खर्च | ४ | २ | १८ | ० | १५ | १७ | २२ | २१ | ६ | १०५ | ८.७९% |
| | शिक्षमा खर्च गरेको | १० | १ | ५ | ० | १ | १७ | ९ | ३३ | १० | ८६ | ७.२०% |
| | थाहा नभएको | ० | ११ | ० | ३१ | १ | ३ | १२ | २ | २३ | ८३ | ६.९५% |
| | अन्य | ० | १२ | ० | २० | १२ | ७ | ३ | १४ | १२ | ८० | ६.६९% |
| | घर बनाएको | ६ | २ | ५ | ८ | १९ | ११ | १० | २ | ३ | ६६ | ५.५२% |
| | विवाह/ब्रतबन्ध/चाडपर्व मनाउन | २ | ४ | ३ | १ | ३ | ११ | ६ | ५ | ४ | ३९ | ३.२६% |
| | जग्गा किनेको | ४ | १ | १ | १ | ६ | १ | ४ | ० | २ | २० | १.६७% |
| | अरुलाई ऋण दिएको | ० | ० | ० | ० | ३ | १ | २ | १ | १ | ८ | ०.६७% |
| | गरगहना खरिद गरेको | १ | १ | ० | ० | ० | ३ | १ | १ | ० | ७ | ०.५९% |
| | व्यापार/व्यवसायमा लगानी गरेको | ० | ० | ० | ० | १ | ० | ५ | ० | ० | ६ | ०.५०% |
| | जम्मा | १११ | ८३ | ११७ | ८६ | १५४ | १७६ | १८७ | १७७ | १०४ | ११९५ | १००.००% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा अनुपस्थित रहेर आन्तरिक वा बाह्य (वैदेशिक) विप्रेषण प्राप्त गर्नेहरूको परिवारमा तपाईले विप्रेषणबाट प्राप्त रकमलाई खर्च गर्नुपर्दा कुन क्षेत्रलाई सबैभन्दा पहिलो प्राथमिकता दिनुहुन्छ भनेर सोधिएकोमा ५८८ जना अर्थात ३२.५ प्रतिशत घरपरिवारले शिक्षालाई पहिलो प्राथमिकता दिएको पाइयो । संविधानले मौलिक हकका रुपमा स्थापित गरी आधारभूत शिक्षालाई पूर्ण रुपमा नि:शुल्क गर्ने प्रावधानको व्यवस्था गरेपनि त्यसको

व्यवहारिक र प्रभावकारी कार्यान्वय हुन नसक्दा पारिवारीक खर्चको ठूलो हिस्सा निजिक्षेत्रका विद्यालय तथा विश्वविद्यालयहरूमा र कतिपय अवस्थामा वैदेशिक अध्ययनमा समेत खर्च हुने गरेको छ । अर्कोतर्फ शिक्षा गुणस्तरिय जीवनको प्रमुख पूर्वाधार भएको तथ्य सर्वसाधारणमा महशुस भैसकेको र शिक्षामा गर्ने लगानी गुणस्तरीय जीवनको लागि गरिएको लगानीको रुपमा स्विकार गरेको पाइन्छ । यसले ग्रामीण र पिछडिएको समाजमा क्रमशः शिक्षाको आवश्यकता बारेको चेतना वृद्धि भैरहेको संकेत गर्दछ । तर राज्यको मूल दायित्व अन्तर्गत पर्ने शिक्षामा नै धेरै लगानी गर्नुपर्ने वाध्यता रहेको स्पष्ट हुन्छ ।

दोस्रो प्राथमिकता बारे सोधिएको प्रश्नमा ७१० जना अर्थात ३९.९१ प्रतिशतले औषधि उपचारमा खर्चको दोस्रो प्राथमिकता केन्द्रित गरेको पाइयो । पुनः संविधानले मौलिक हकको रुपमा स्थापित गरेको स्वास्थ सेवामा नागरिकको पहुँच अत्यन्त न्यून हुनु र कमाइको ठूलो अंश औषधि उपचारमा खर्च गर्नुपर्ने बाध्यतामा जनसाधारणहरू रहेको स्पष्ट हुन्छ । यसरी समय र श्रम खर्चे र पठाएको रकम निरन्तर आधारभूत आवश्यकता परिपूर्तिमा मात्र खर्चनु पर्दा अन्य उत्पादनशील क्षेत्रमा लगानी गर्ने विषय ओझेलमा पर्ने र जीवनस्तर सुधारमा प्रगति नहुने संकेत देखिन्छ ।

त्यसैगरी तेस्रो प्राथमिकता बारे सोधिएको प्रश्नमा ६२९ जना अर्थात ३७.२४ प्रतिशतले घरायसी गर्जोटार्न तेस्रो प्राथमिकता केन्द्रित गरेको पाइयो । यसरी पहिलो, दोस्रो र तेस्रो प्राथमिकतालाई हेर्दा उत्पादनशिल क्षेत्रमा नभई साधारण र अत्यावश्यक जीवन निर्वाहका क्षेत्रमा मात्र विप्रेषणको अत्याधिक रकम खर्च हुने गरेको पाइयो । यसरी राज्यले विप्रेषणलाई उत्पादनशिल लगानीका क्षेत्रहरू जस्तै कृषि, उद्योग, पर्यटन, उर्जा जस्ता क्षेत्रमा केन्द्रित गर्ने ठोस कार्ययोजना निर्माण नगरेमा युवाहरूको बहुमूल्य श्रमशक्तिको उचित सदुपयोग हुन नसक्ने र समाज यथास्थितिमै रहने अवस्था देखिन्छ । यसरी पहिलो, दोस्रो र तेस्रो प्राथमिकतालाई हेर्दा उत्पादनशिल क्षेत्रमा नभई साधारण र अत्यावश्यक जीवन निर्वाहका क्षेत्रमा मात्र विप्रेषणको अत्याधिक रकम खर्च हुने गरेको पाइयो । यसरी राज्यले विप्रेषणलाई उत्पादनशिल लगानीका क्षेत्रहरू जस्तै कृषि, उद्योग, पर्यटन, उर्जा जस्ता क्षेत्रमा केन्द्रित गर्ने ठोस कार्ययोजना निर्माण नगरेमा युवाहरूको बहुमूल्य श्रमशक्तिको उचित सदुपयोग हुन नसक्ने र समाज यथास्थितिमै रहने अवस्था देखिन्छ । थप विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

## ५.३ कृषि

नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ । ग्रामीण जनताहरूको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा लिन सकिन्छ । खाद्यान्न तथा नगदे बालीहरू फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरू कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्तरमा कृषि सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि विकास सहकारी तथा गरिबी निवारण मंत्रालय र केन्द्रीय तथ्याङ्क विभाग रहेका छन् । स्थानीय उत्पादनको वृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

आर्थिक सर्वेक्षण २०७३/७४ अनुसार नेपालको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २९.३७ प्रतिशत रहेको छ। नेपालमा करिब ६३ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकाको लागी कृषिमा निर्भर रहेका छन्। वर्षेनी युवा जनशक्ति पलायनमा बढोत्तरी, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डिकरण, घडेरीकरण, जग्गा बाँझो राख्ने प्रवृत्ति, समग्र कृषि क्षेत्रका चुनौतीहरू हुन्। कृषि क्षेत्रको विकासका लागि आवश्यक सिँचाई, सडक, विजुली, संचार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरूमा पर्याप्त लगानी आर्कषण गर्न नसक्नु कृषि क्षेत्रको मूलभूत समस्या हो भने कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र व्यवसायिक रुपमा स्थापित गर्नु पनि चुनौतिको रुपमा रहेको छ।

नगरपालिकाको ठूलो क्षेत्रफल समथर भूभागले भरिएको हुँदा कृषिका लागि ८७.९५ प्रतिशत उपयोगी क्षेत्र रहेको छ। सामान्यतः कृषि प्रणालीमा मुख्य अन्न बालीहरू धान, मकै, गहुँ आदि हुन्। यस्तै दलहन बालीमा मास, मसुरो, रहर, चना उत्पादन हुने गर्दछ। तेलहन बालीमा तोरी, सुर्यमुखी र भटमास उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, टमाटर उत्पादन हुन्छ। त्यस्तै उखु, सुर्ती, जुट आदी नगदे बाली हुन् साथै नगरपालिकामा आँप, केरा, लिचि, कागती जस्ता फलफुल पनि उत्पादन हुने गरेको पाईन्छ। परोहा नगरपालिका कृषि क्षेत्रलाई अझ व्यवसायिक र आधुनिकरण गर्नु पर्ने देखिन्छ। जसले नगरपालिकाको आर्थिक वृद्धिदर वृद्धि भई विकास हुने देखिन्छ।

### (क) हिउँदे बाली

नगरपालिकामा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरूमा उखु, मसुरो, चना, अरहर, मास, गहत, राजमा, भटमास, मुङ, तोरी, तिल, आलस, केरा, आलु, मसला बाली आदि रहेका छन्।

### (ख) वर्षे बाली

नगरपालिकाका प्रमुख वर्षे बालीहरूमा धान, मकै, दलहन, भटमास, मास, मुग, गहत, वर्षे तरकारी, आलु, कागती निबुवा, केरा, मसला बाली, अदुवा आदि छन्।

## ५.३.१ कृषिजन्य बाली सम्बन्धी विवरण

परोहा नगरपालिकामा धान, गहुँ, अरहर, मसुरो लगायतका अन्न तथा दलहनको उत्पादन हुन्छ। तेलहन वाली अन्तर्गत तोरीको उत्पादन भएको देखिन्छ। यस्तैगरी आलु, प्याज, माछा, आँप, आदि खाद्यान्नको पनि राम्रो उत्पादन हुने गरेको छ। नगरपालिकाबाट छिमेकी राष्ट्र भारतमा आँप निर्यात पनि गरिन्छ। जसको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरीएको छ।

**तालिका नं. ४६ :** नगरपालिकामा कृषिजन्य बाली सम्बन्धी विवरण

| अन्न | दलहन | तेलहन | खाद्यान्न |
|---|---|---|---|
| **धान** | अरहर | तोरी | आलु |
| **गँहु** | मसुरो | | प्याज |
| | | | माछा |
| | | | आँप |

*स्रोत: परोहा नगरपालिकाको कार्यालय, २०७५*

### ५.३.२ कृषि बालीमा लाग्ने रोग

नगरपालिकाको कृषि उत्पादनमा धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफूल आदी नै मुख्य रुपमा रहेको छ । सामान्यतया धानमा डढुवा, खैरो थोप्ले, सिथ ब्लाइट रोगहरू देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरे जस्ता रोगहरू देखिन्छन् । यसैगरी मकैमा डाठ वा धोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटव्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिने जस्ता रोगहरू मुख्य रुपमा देखा पर्दछन् । फलफूलमा विशेषगरी कोत्रे, सेतो धुले रोग, भोजक पात गुजुमुज्ज हुने, जरा कुहिने, ओइलाउने आदी रोगहरूको प्रकोपबाट कृषकहरू समस्यामा परेका छन् । मुख्य बालीहरूमा लाग्ने शत्रु जीव र रोगहरूको विस्तृत विवरण तलको तालिकामा राखिएको छ ।

**तालिका नं. ४७ :** विभिन्न बालीमा लाग्ने रोग विवरण

| क्र.सं. | बाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| १ | धान | गवारो, पात बेरुवा, पात कटुवा, हरियो फडके, खैरो फड्के, स्किपर, पतेरो, मिलिवग, निमाटोड, ढुङ्गे, फट्याङ्ग्रा | मरुवा, डढुवा, खैरो, थोप्ले, सिथ व्लाइट, खैरे रोग |
| २ | गहुँ | कटवर्म, वायरवर्म, लाही | कालो पोके, सिन्दुरे, खैरा |
| ३ | मकै | खुम्रे, फेद वटुवा, गवारो, फट्याङ्ग्रा, लाही | डाठ कुहिने, घोगा कुहिने, कालोपोके |
| ४ | आलू | लाही, फेद कटुवा, खुम्रे, रातो कमिला, धमिरा, आलुको पुतली | लेटव्लाइट, मोजाइक, ओइलाउने रोग, खोस्टे रोग, डढुवा |
| ५ | तरकारी | भण्टाको गवारो, लाही, वन्दाको पुतली, टमाटरको फलको गवारो, फल कुहाउने औसा, सुलसुले, रातो खपटे, डल्ले खपटे, थ्रिप्स, खुम्रे | ओइलाउने रोग, अल्टरनोरिया, क्लवरट, ड्याम्पिङ्ग अफ, डाइ ब्याक, जरा कुहिने, पाउडरी मिल्ड्यू |
| ६ | फलफूल | आपको मधुवा, गवारो, फल कुहाउने औसा सुलसुले, अनारको पुतली, होपर | एनथ्राक्नोजा, सेतो ढुसी, डाईव्याक, आँपको गुच्चा हुने, डाउनी मिल्ड्यू |
| ७ | केरा खेती | केराको स्किपर, थाम र गानोका गवारा तथा घुनहरू, खपटे | जरा कुहिने रोग, ओईलाउने रोग, गुवो कुहिने, डढुवा, बन्चिटप |

*स्रोत : जिल्ला स्तरिय प्रोफाईल, २०७३*

### ५.३.३ कृषि बजारीकरण

परम्परागत कृषि बजारीकरणमा उत्पादकहरूले असंगठीत रुपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार श्रृंखला पार गर्दै कृषि उपजहरूको बजारीकरण प्रचलन विकास हुन थालेको छ । नगरपालिका निर्माणका प्रारम्भिक दिनदेखि यहाँका कृषिजन्य वस्तु बजारीकरणका ढाँचाहरू

विभिन्न खालका अभ्यासमा आएका छन् । यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरूले कृषि बजारको क्रमिक विकासमा टेवा पुऱ्याएका छन् । नगरपालिकामा विभिन्न हाट बजारहरूबाट कृषि लगायत अन्य वस्तुहरूको (तरकारी, खाद्यान्न तथा लत्ताकपडा, पशुजन्य ) बजारीकरण हुने गरेको देखिन्छ ।


### ५.३.४ कृषि प्रयोजनको लागि जग्गा/जमिन सम्बन्धी विवरण

**तालिका नं. ४८ :** कृषिको प्रयोजनको लागि जग्गा/जमिन भए/नभएको आधारमा परिवारको विवरण

| वडा नं. | कृषि प्रयोजनको लागि जमिन भएको | | कृषि प्रयोजनको लागि जमिन नभएको | | जम्मा परिवार संख्या |
|---|---|---|---|---|---|
| | परिवार संख्या | प्रतिशत | परिवार संख्या | प्रतिशत | |
| १ | २५६ | ५६.४% | १९८ | ४३.६% | ४५४ |
| २ | ४४२ | ६१.०% | २८२ | ३९.०% | ७२४ |
| ३ | ४७३ | ४७.५% | ५२३ | ५२.५% | ९९६ |
| ४ | ३६५ | ४३.०% | ४८४ | ५७.०% | ८४९ |
| ५ | ११२ | १६.१% | ५८३ | ८३.९% | ६९५ |
| ६ | ३९० | ५२.६% | ३५२ | ४७.४% | ७४२ |
| ७ | १९८ | ३१.१% | ४३९ | ६८.९% | ६३७ |
| ८ | ३१५ | ४१.६% | ४४३ | ५८.४% | ७५८ |
| ९ | ५१५ | ४२.३% | ७०२ | ५७.७% | १२१७ |
| **जम्मा** | ३०६६ | ४३.४% | ४००६ | ५६.६% | ७०७२ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा रहेका कुल घरपरिवारहरूमध्ये कृषि प्रयोजनको जमिनको स्वामित्व भएका वा प्रयोग गरेका घरपरिवारहरूका संख्या ३,०६६ अर्थात ४३.४ प्रतिशत र नभएकाको संख्या ४,००६ अर्थात ५६.६ प्रतिशत रहेका छन् । वडागतरुपमा वडा नं. ५ मा कृषि प्रयोजनको जमिनको स्वामित्व भएका वा प्रयोग गरेका घरपरिवारहरूका संख्या न्युन रहेको देखिन्छ । कृषिलाई उच्च प्रतिफलमूखी बनाउन ध्यान पुऱ्याउनु पर्ने र कृषि क्षेत्रमा रहेको अदृष्य बेरोजगारीलाई न्यून गर्ने कार्यक्रमहरू ल्याउनुपर्ने हुन्छ । वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ । चौधौं आवधिक योजना ९२०७३/७४ - २०७५/७६) अनुसार करिब ६३% जनसंख्या जीविका तथा बेरोजगारको लागि कृषिमा निर्भर रहेका छन् भने कुल गार्हस्थ उत्पादनमा यसको (कृषि क्षेत्रको) योगदान ३२% रहेको छ । नेपालको संविधान भाग ३ को धारा ३६ (३) बमोजिम “प्रत्येक नागरिकलाई कानुन बमोजिम खाद्य सम्प्रभुताको हक” को सुनिश्चितता गर्दै गरिएको सन्दर्भमा कृषि उत्पादनमा आत्मानिर्भरता हासिल गर्ने भूमिको वैज्ञानिक वितरण र व्यवस्थापन गर्दै व्यवसायिक खेतीतर्फ कृषकलाई आर्कषित गर्ने नीति राज्यद्वारा अंगिकार गरिनुपर्छ ।




## ५.४ पशुपालन

नगरपालिकामा विशेषगरी गाई, भैँसी, बाखा, सुँगुर नै यहाँका मुख्य घरपालुवा जनावर हुन् । यसबाट नगरपालिकाबासीहरूको जीविकोपार्जनमा उल्लेख्य सुधार भैरहेको छ । पशुजन्य उत्पादनहरू जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, खसी, बोकाहरूको बिक्रीबाट आम्दानी बढेको देखिन्छ । यहाँ डेरी उद्योग, व्यापारिक फार्म, गाइ, भैसी, कुखुरा फार्महरू लगायतका कृषिजन्य उद्योगहरू रहेका छन् । नेपालको सन्दर्भमा कृषि सेवाको पुरकको पशुपालन व्यवसाय रहेको देखिन्छ यस्तै परोहा  नगरपालिकामा पनि विभिन्न व्यवसायिक तथा सामान्य पशुपालन हुने गरेको देखिन्छ । नगरपालिकामा पशुपालन व्यवसायलाई अझ व्यवस्थित बनाउन सके अर्थतन्त्रमा विकास हुने देखिन्छ ।

### ५.४.१ पशु नश्ल

नगरपालिकामा पालन गरिने मुख्य पशुपंक्षीहरूमा गाई, भैंसी, बाखा, भेंडा र बंगुर रहेका छन् । सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरूको हिस्सा कुल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ । गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाखा र बंगुरतर्फ उन्नत जातका भालेहरूसँग प्रजनन् गराउने परिपाटी बसेको हुँदा यी जातका जनावरहरूमा वर्णशंकरको संख्या बढ्दो छ । तथापि बँधुवा पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालनसम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्ण शंकरबाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन । त्यसैगरी ठूलो संख्यामा रहेका कम उत्पादक जनावरहरूले अपेक्षाकृत बढी उत्पादक जनावरहरूको आहारा खाई दिनु समेत यस क्षेत्रको समस्या हो । तसर्थ नश्ल सुधारमार्फत् नयाँ जन्मिएका जनावरका बच्चाहरूलाई भविष्यको राम्रो माउमा विकसित गर्ने कुरा मध्यनजर गरी थप कार्यक्रमहरू संचालन गर्नु आवश्यक छ ।

सारांशमा, विगतका वर्षहरूमा नगरपालिकाको पशुपालन क्षेत्रले राम्रो फड्को मारेको छ जसले गर्दा पशुपंक्षीजन्य उत्पादनमा परिमाणात्मक विकास सम्भव भएको छ । तर हालको परिमाणात्मक विकासको गति सुस्त छ । पशु पालन क्षेत्रमा क्रमिक रुपमा व्यवसायिकता थपिएको छ तरपशुपंक्षीजन्य उत्पादन प्रशोधनका लागि उद्योग स्थापना खासै हुन सकेको पाईंदैन । त्यसैगरी पशुपालनतर्फ गुणात्मक विकासको पनि एकदम खाँचो सर्वत्र महसुस गरिएको छ । पशुपालनसँग आवद्ध श्रमिक तथा महिला वर्गहरूको उत्पादकत्व अति न्युन हुनु, युवा वर्गहरू विदेश पलायन हुनु र सो अनुरुप पशुपालनमा यान्त्रिकिकरण हुन नसक्नु, पशु पालन क्षेत्रमा पुँजी लगानीको आकार धेरै सानो हुनु तथा जनमानसमा पशुपालनको कृषि अर्थतन्त्रमा योगदानको बारेमा अज्ञानता आदि कारणले गर्दा पशुपालन क्षेत्रबाट आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन ।

### ५.४.२ पशुपंक्षीमा लाग्ने रोगहरू

कृषकहरूको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको पशुपंक्षीहरूको पालन यस नगरपालिकामा पनि आम्दानीको स्रोत रहेको देखिन्छ । नगरपालिकामा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजनन् सम्बन्धि र जुका पर्दछन्। नगरपालिकाको वन जंगलसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत पिपिआर स्वाइन फिवर जस्ता अत्यन्त संक्रामक रोगको प्रकोप पनि यस नगरपालिकामा त्यत्तिकै रहेको पाइन्छ। यसका कारणहरूलाई हेर्दा, पशुको अवैध आवत जावत तथा आयात, दयनिय व्यवस्थापन, खोप लगाउनुपर्छ भन्ने चेतनाको कमी, आदि मान्न सकिन्छ। यि रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास भइरहेको देखिन्छ।

जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुत्ते, चरचरे विरुद्ध यस नगरपालिकाका किसानहरूले खोप लगाउने गरेको पाइन्छ। तापनि यी रोगहरू फाटफुट रुपमा देखिने गरेका छन्। नगरपालिकामा स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्य समेत नगरपालिकाका विभिन्न वडाहरूमा संचालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ। सामान्यतया पशुपंक्षीमा ठूलो महामारी फैलिएको पाइँदैन । तथापी यहाँका पशुपंक्षीहरूमा खोरेत, भ्यागुते, चरचरे, नाम्ले जुका, रेवीज जस्ता रोगहरूको प्रकोप रहेको छ भने पंक्षीहरूमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रुपमा लाग्ने गरेको छ ।

**तालिका नं. ४९ :** पशुमा देखिएका रोगको विवरण

| S.N. | Disease | Animals | | | | Other |
|---|---|---|---|---|---|---|
| 1 | Liver Fluke | Cattle | Buffalo | Goats | | |
| 2 | HS@BQ | Cattle | Buffalo | Goats | | |
| 3 | Pramphistomom | Cattle | Buffalo | Goats | | |
| 4 | Nerves Sign | Cattle | Buffalo | Goats | | |
| 5 | Respiratory Sign | Cattle | Buffalo | Goats | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 6 | Cocciodiosis | | | | Fowl | |
| 7 | Skin Lesions | | | | Fowl | |
| 8 | Wound/Abscess | Cattle | Buffalo | Goats | | |
| 9 | Red Urine | Cattle | Buffalo | Goats | | |
| 10 | Abortion | Cattle | Buffalo | Goats | | |
| 11 | Warble Infestation | Cattle | Buffalo | Goats | | |
| 12 | Diarrhoea | Cattle | Buffalo | Goats | | |
| 13 | Infertility | Cattle | Buffalo | Goats | | |
| 14 | Mastitis | Cattle | Buffalo | Goats | | |
| 15 | Distocia | Cattle | Buffalo | Goats | | |
| 16 | Prolapse | Cattle | Buffalo | Goats | | |
| 17 | Retained Placenta | Cattle | Buffalo | Goats | | |
| 18 | Mange | Cattle | Buffalo | Goats | | |
| 19 | Rabis | Cattle | Buffalo | Goats | | Dog |
| 20 | Tick/Lice(External Parasite) | Cattle | Buffalo | Goats | Fowl | |
| 21 | Intestinal Helmenthis | | | | Fowl | |
| 22 | Orf | | | Goats | | |
| 23 | Parasitic Gastroenteritis | Cattle | Buffalo | Goats | | Pig |
| 24 | Anoestrous | Cattle | Buffalo | Goats | | |
| 25 | Indigestion/Anorexia | Cattle | Buffalo | Goats | | |
| 26 | Tympany/Bloats | Cattle | Buffalo | Goats | | |
| 27 | Magout wound | Cattle | Buffalo | Goats | | |
| 28 | Cough | Cattle | Buffalo | Goats | | |
| 29 | Pnoumonia | Cattle | Buffalo | Goats | | |
| 30 | Gumbarrow | | | | Fowl | |
| 31 | Cyst | Cattle | Buffalo | Goats | | |
| 32 | FMD | | | Goats | | |
| 33 | PPR | | | Goats | | |
| 34 | Ranikhet | | | | Fowl | |
| 35 | CRD | | | | Fowl | |

*स्रोत: जिल्ला पशु कार्यालय, २०७५*

### ५.४.३ सार्वजनिक पोखरी तथा माछापालन

**तालिका नं. ५०** : सार्वजनिक पोखरी तथा माछापालन

| क.सं | पोखरी रहेको स्थान | वडा नं. | पोखरी क्षेत्रफल (बिघा) | वार्षिक उत्पादन (क्वीन्टल) | स्वामित्व | वार्षिक आम्दानी (रु.) | नगरपालिकामा बार्षिक शुल्क (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | रामपुर | ९ | २-२-७ | | | १३३०७० | |
| २ | बसन्तपट्टी | ६ | ४-०-० | ५० | | २००००० | |
| ३ | लौकाहा | ४ | ४-०-० | ५ | विद्यालय | | |

*स्रोत: नगर कार्यपालिकाको कार्यालय, २०७५*

## ५.५ उद्योग

विकासको प्रमुख अधारशीला मध्ये उद्योग पनि एक प्रमुख आधार हो । परोहा नगरपालिकामा ठुला उद्योगहरू नभएता पनि कृषिमा आधारित साना उद्योगहरू सञ्चालनमा रहेका छन् । यस बाहेक मह, बेसार, अदुवा, भटमास, जस्ता कृषिजन्य घरेलु उत्पादनमा पनि क्रमश व्यवसायिक हुँदै जान थालेको छ। परम्परागत उद्योगमा आधारित स-साना घरेलु उद्योगहरू भने सञ्चालनमा रहेको देखिन्छ तर यसलाई अझ व्यवसायिक र प्राथमिकता साथ लैजानु पर्ने देखिन्छ। परोहा नगरपालिकामा उपलब्ध प्राकृतिक कच्चा पदार्थ तथा विभिन्न स्रोत र साधनले परोहा नगरपालिकामा उद्योगको संभावना प्रखर देखिन्छ तर लगानी अभाव तथा विभिन्न पुर्वाधारको असुविधाको कारण उद्योगमा अपेक्षित विकास हुन सकेको देखिँदैन। यहाँ सञ्चालित केही साना उद्योगहरूले परोहा नगरपालिका लगायत आसपासका क्षेत्रहरूको सिमित स्थानीय आवश्यकता परिपुर्ति गर्न मात्र सफल भएका छन् तर ती उद्योगहरूले राष्ट्रिय माग तथा अर्थतन्त्रको हिस्सा भने खासै ओगट्न सकेको देखिँदैन।

## ५.६ व्यापारिक केन्द्र

यहाँ विभिन्न हाट बजारहरू व्यापार व्यवसायका लागि प्रशिद्ध रहेका छन्। यस्ता बजारहरूबाट विशेषगरी खुद्रा व्यापार हुने गरेको छ। यसैगरी, परोहा नगरपालिकाबाट थोक व्यापार समेत हुने गरेको छ । थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल छिमेकी जिल्लासँग हुने गरेको छ भने अन्य थोक व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री यस नगरपालिका हुने गरेको पाइन्छ।

ठूलो भूमिमा विस्तार भएको समथर जमिन, कृषिजन्य कच्चा पदार्थहरूको उपलब्धता, परम्परागत तथा जातिगत सीप, कौशल, पर्यटकीय महत्वका स्थलहरूको उपलब्धता लगायतका विभिन्न कारणले नगरपालिकामा औद्योगिक विकासको राम्रो सम्भावना रहेको छ । स्थानीय माग कार्यमा केही मझौला, साना तथा घरेलु उद्योग भने

संचालित छन् । त्यसैगरी साप्ताहिक रुपमा लाग्ने विभिन्न हाट बजारमा स्थानीय उत्पादन तथा चौपायाको किनबेच हुने गर्दछ । यसले पनि आर्थिक कारोबारको मात्रामा वृद्धि गराएको छ ।



## ५.७ नगरपालिकाको अर्थतन्त्रको विशिष्टिकरण

नगरपालिकाको अर्थतन्त्रमा प्राकृतिक सम्पदाको संरक्षण गरी सतह तथा भूमिगत सिंचाइमा आधारित दिगो कृषि प्रणालीलाई नै मेरुदण्डको रुपमा लिन सकिन्छ। साथै यो नगरपालिका व्यापारिक केन्द्र तथा पर्यटकिय क्षेत्रको रुपमा समेत रहेको छ। कृषि, पशुजन्य कच्चा पदार्थको सुलभ उपलब्धता, नगरपालिकाका सबैजसो वडाहरूमा सडक, विजुली, पानीलगायत आधारभूत औद्योगिक पूर्वाधारको विकास तथा उद्योग स्थापनाका लागि पर्याप्त समथर जमिन यस नगरपालिका रहेको हुँदा नगरपालिकामा कृषि, पशुलगायतको उद्योगका साथै शैक्षिक र औषधीय पर्यटन (Medical tourism) समेतको विकासको सम्भावना रहेको छ । अर्थतन्त्रका यिनै विशिष्ट क्षेत्रहरूमा नगरपालिकाको विशिष्टता एवं प्राथमिकता केन्द्रित गर्नु उपयुक्त देखिन्छ।

## ५.८ बैंकको विवरण

नगरपालिकामा उद्योग व्यापार लगानी गर्न वित्तीय संस्थाहरूमा वाणिज्य बैंकहरू मार्फत कर्जा लगानी हुने गरेको देखिन्छ । यसबाहेक नगरपालिकामा संचालित अन्य बैंकहरूले पनि कर्जा उपलब्ध गर्दै आएका छन् भने नगरबासीहरूसँग रहेको रकमलाई निक्षेपको रुपमा स्विकार गरी बचत पनि गर्दै आएका छन् ।


### ५.८.१ बैंकमा खाता भए/नभएको आधारमा परिवार संख्याको विवरण

**तालिका नं. ५१ :** बैंकमा खाता भए/नभएको आधारमा परिवार संख्याको विवरण

| वडा नं. | बैंकमा खाता भएको घरपरिवार | | बैंकमा खाता नभएको घरपरिवार | | थाहा नभएको | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | १४८ | ३२.६% | २९७ | ६५.४% | ९ | २.०% | ४५४ |
| २ | १८१ | २५.०% | ५४३ | ७५.०% | ० | ०.०% | ७२४ |
| ३ | १९० | १९.१% | ८०४ | ८०.७% | २ | ०.२% | ९९६ |
| ४ | ३४७ | ४०.९% | ४९८ | ५८.७% | ४ | ०.५% | ८४९ |
| ५ | १०४ | १५.०% | ५६२ | ८०.९% | २९ | ४.२% | ६९५ |
| ६ | ३३८ | ४५.६% | ३८९ | ५२.४% | १५ | २.०% | ७४२ |
| ७ | २२० | ३४.५% | ४१५ | ६५.१% | २ | ०.३% | ६३७ |
| ८ | २६१ | ३४.४% | ४८८ | ६४.४% | ९ | १.२% | ७५८ |
| ९ | ४२९ | ३५.३% | ६२७ | ५१.५% | १६१ | १३.२% | १२१७ |
| जम्मा | २२१८ | ३१.४% | ४६२३ | ६५.४% | २३१ | ३.३% | ७०७२ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस नगरपालिकामा रहेका कुल ७,०७२ घरपरिवारहरू मध्ये २,२१८ अर्थात ३१.४ प्रतिशत घरपरिवारको बैङ्क खाता रहेको र बाँकी अर्थात ४,६२३ अर्थात ६५.४ प्रतिशत घरपरिवारको बैङ्क खाता नरहेको देखिन्छ। ग्रामीण जनतालाई आधुनिक बैङ्किङ सुविधा प्रदान गर्न धेरै कार्य गर्नुपर्ने देखिन्छ। यसो गर्दा नागरिकले गर्ने सबै आर्थिक कारोबारको पूर्ण अभिलेख रहन्छ र राज्यद्वारा प्राप्त हुने विभिन्न सुविधाहरू बैङ्किङ प्रणालीबाट गर्दा त्यो लक्षित वर्गमा पुग्ने सुनिश्चितता समेत हुनजान्छ। राज्यलाई वित्तिय व्यवस्थापन गरी सम्पूर्ण जनसाधारणहरूमा बैङ्किङ प्रति सकारात्मक धारणा विकास सहयोग पुऱ्याउनु पर्ने देखिन्छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।



## ५.९ सहकारी संस्थाको विवरण

नगरपालिकाको आर्थिक तथा सामाीजक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका छन् । सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तिय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ ।

परोहा नगरपालिकामा ३८ वटा सहकारी संस्थाहरू रहेका छन् । विशेषत नगरपालिकामा कृषि तथा बचत सहकारी संस्थाहरू रहेका छन् । सहकारी संस्थाको विस्तृत विवरण तल तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ५२ :** सहकारी संस्थाहरूको विवरण

| क्र.सं. | दर्ता नम्बर | दर्ता मिति | सहकारी संस्थाको नाम | ठेगाना |
|---|---|---|---|---|
| १ | २७० | ०६६/३/१ | जनता कृषि स.सं. लि. | रामपुर खाप १ |
| २ | २६१ | ०६६/३/१ | जयमाँ जानकी उपभोक्ता स.सं.लि. | रामपुर खाप ३ |
| ३ | ६३४ | ०७०/६/३ | रामपुरवा महिला कृषि स.सं.लि. | रामपुर खाप ५ |
| ४ | १००२ | ०६९/२/१० | सुनरमाई कृषि स.सं.लि. | रामपुर खाप ७ |
| ५ | ७६७ | ०७२/१/१५ | निल कमल बचत तथा ऋण स.सं.लि. | रामपुर खाप ६ |
| ६ | ७७८ | ०७२/२/५ | गौरी माता महिला कृषि स.सं.लि. | रामपुर खाप ६ |
| ७ | ८०० | ०७३/२/२४ | निर्धन कृषि स.सं.लि. | वसन्तपट्टी ७ |
| ८ | ५४४ | ०६९/३/२८ | लोकहित बचत तथा ऋण स.सं.लि. | वसन्तपट्टी १ |
| ९ | ५६८ | ०६३/३/५ | सहयोगी बचत तथा ऋण स.सं.लि. | वसन्तपट्टी ७ |
| १० | ८७४ | ०६८/९/८ | अनुसन्धान तथा कल्याण कृषि स.सं.लि. | वसन्तपट्टी ९ |
| ११ | ६१६ | ०७०/२/३० | सर्वोत्तम कृषि स.सं.लि. | वसन्तपट्टी ९ |
| १२ | १२० | ०६५/१२/५ | ग्रामिण विकास कृषक स.सं.लि. | वसन्तपट्टी ८ |
| १३ | ८६८ | ०६८/९/३ | समावेशी कृषि स.सं.लि. | वसन्तपट्टी ८ |
| १४ | ३१९ | ०६७/१/२८ | जनसेवा बचत तथा ऋण स.सं.लि. | वसन्तपट्टी ८ |
| १५ | ५८० | ०६९/७/२६ | घरदैलो दुग्ध उत्पादन स.सं.लि. | वसन्तपट्टी ८ |
| १६ | ८३० | ०७४/१/११ | बसन्तपट्टी साना किसान कृषि स.सं.लि. | परोहा नगरपालिका ५ |
| १७ | ६२६ | ०७०/४/२९ | नरनारी कृषि स.सं.लि. | वसन्तपट्टी २ |
| १८ | ५६८ | ०६८/६/५ | जिविकोपार्जन बचत तथा ऋण स.सं.लि. | वसन्तपट्टी २ |
| १९ | ७५३ | ०६५/७/२६ | सहारा संगम बचत तथा ऋण स.सं.लि. | वसन्तपट्टी २ |
| २० | २७८ | ०६६/३/३ | भगवती उपभोक्ता स.सं.लि. | नरकटिया १ |
| २१ | ८१८ | ०७३/८/१७ | खुवी कृषि स.सं.लि. | नरकटिया २ |
| २२ | ६८१ | ०७०/१०/२३ | लगनशील कृषि स.सं.लि. | नरकटिया ७ |
| २३ | ३७५ | ०६७/८/६ | राधे कृष्ण कृषि स.सं.लि. | नरकटिया ९ |
| २४ | ६९२ | ०७०/१०/२९ | नाजरा कृषि स.सं.लि. | नरकटिया २ |
| २५ | (११) ७४८ | ०३५/३/१५ | सहकारी सं.लि. | लौकाहा |
| २६ | ६२० | ०७०/३/११ | हँसिलो महिला कृषि स.सं.लि. | लौकाहा ४ |
| २७ | ७९१ | ०६८/७/१६ | जनता कृषि स.सं.लि. | लौकाहा ५ |
| २८ | २७६ | ०६६/३/३ | किसान समावेशी उपभोक्ता कृषि स.सं.लि. | लौकाहा ५ |
| २९ | ५९२ | ०६९/१०/१७ | आकृति महिला विकास कृषि स.सं.लि. | लौकाहा ७ |
| ३० | ५९५ | ०६९/११/८ | रिद्धि सिद्धि कृषि स.सं.लि. | तेजापाकड ४ |
| ३१ | ४३ | ०६४/९/१० | गरीव उत्थान कृषि स.सं.लि. | तेजापाकड ५ |
| ३२ | ३७६ | ०६७/८/६ | दिव्य ज्योती कृषि स.सं.लि. | तेजापाकड ५ |

| क्र.सं. | दर्ता नम्बर | दर्ता मिति | सहकारी संस्थाको नाम | ठेगाना |
|---|---|---|---|---|
| ३३ | ३१० | ०६६/१०/२८ | तुलसी महिला कृषि स.सं.लि. | तेजापाकड ७ |
| ३४ | ६५० | ०७०/८/१७ | आदिल कृषि स.सं.लि. | जिंगडवा वे |
| ३५ | ५५६ | ०६९/५/८ | राजयमुन बचत तथा ऋण स.सं.लि. | जिंगडवा वे ७ |
| ३६ | ७६० | ०७१/१२/१८ | जिंगडवा वेलविछवा कृषि स.सं.लि. | जिंगडवा वे ३ |
| ३७ | ७१८ | ०६४/२/६ | महिला अभियान कृषि स.सं.लि. | जिंगडवा वे |
| ३८ | ७७६ | ०७२/१/३० | आदिल बचत तथा ऋण स.सं.लि. | जिंगडवा वे १ |

*स्रोत : डिभिजन सहकारी कार्यालय, २०७५*

## ५.१० जनचेतनामुलक तालिम प्राप्त गरेका जनशक्तिको विवरण

**तालिका नं. ५३ :** जनचेतनामुलक तालिम प्राप्त गरेका जनशक्तिको विवरण


| क्र.सं. | तालिम विवरण | लिङ्ग | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | |
| १ | नेतृत्व विकास तालिम | | २६ | २६ | |
| २ | महिला पुरुष समविकास तालिम | २५ | २५ | ५० | |
| ३ | बाखा पालन तालिम | | ३९ | ३९ | |

*स्रोत : नगर कार्यपालिकाको कार्यालय, २०७५*



# खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार

## ६.१ सडक, सवारी तथा यातायात



नक्सा नं. १२ : नगरपालिकाको सडक सञ्जाल

सडक सञ्जाल तथा यातायात आर्थिक विकास, सार्वजनिक सेवा प्रवाह र सामाजिक एकीकरणको माध्यम हो । विकासको आधारभूत पूर्वाधारको रूपमा रहेका यातायातका साधनहरूको माध्यमबाट क्षेत्रीय असमानता कम गर्न, आर्थिक क्रियाकलापलाई गतिशीतला प्रदान गर्न र अन्य क्षेत्रको विकास तथा सेवा प्रवाहलाई सहज बनाउन सकिन्छ । हालसम्म नेपालमा सडकलाई यातायातको मुख्य माध्यमको रूपमा लिइदै आएको भए तापनि, हवाईमार्ग, रेलमार्ग, जलमार्ग, रज्जुमार्गजस्ता अन्य माध्यमहरूको विकासबाट पनि पर्याप्त फाइदा लिन सकिने सम्भावना रहेको छ । कुनै पनि क्षेत्रको आर्थिक सामाजिक विकासकालाई गतिशिल बनाउन सार्वजनिक वस्तु तथा सेवा प्रवाहलाई सरल र सहज बनाउन कृषि तथा गैर कृषि क्षेत्रको विकास गर्न सडक तथा यातायात सेवा एउटा महत्वपूर्ण पुर्वाधारको रुपमा रहेको हुन्छ ।




### ६.१.१ विद्यमान सडक सञ्जाल

नेपालको प्रदेश नम्बर २ मा पर्ने परोहा नगरपालिकाको सबै क्षेत्रहरूमा बाह्रै महिना चल्ने सडक सञ्जाल विस्तार भएको छ । नगरपालिकामा उत्पादन हुने खाद्यान्न, दलहन, फलफूल, दुग्ध उत्पादन आदिको उत्पादन भैरहेकोमा नगरपालिकाका सबै वडाहरूमा सडकको सुविधा भएकाले उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउन सजिलो परेको देखिन्छ। सडक यातायातको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी साधन पार्किङ स्थल, बस

स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, पैदलयात्रीले सडक पार गर्ने जेब्रा क्रसिङ, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनी सम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रुपमा विकास गर्नु पर्ने देखिन्छ।


### ६.१.२ सडक सुविधा पहुँचको प्रकारका आधारमा वडागत घरपरिवारको विवरण

**तालिका नं. ५४ :** सडक सुविधा पहुँचको प्रकारका आधारमा वडागत घरपरिवारको विवरण

| वडा नं. | कालो पत्रे | ग्राभेल सडक | धुले कच्ची (अस्थायी) | गोरेटो | अन्य | जम्मा घरपरिवार |
|---|---|---|---|---|---|---|
| १ | २८ | ७७ | २०२ | १४४ | ३ | ४५४ |
| २ | १ | ७४ | ५६६ | ७५ | ८ | ७२४ |
| ३ | १८० | ८५ | ६४३ | ८१ | ७ | ९९६ |
| ४ | ९१ | १५२ | ५८२ | २ | २२ | ८४९ |
| ५ | ६० | १४५ | ३८७ | १०३ | ० | ६९५ |
| ६ | १७ | ११४ | ४८९ | ११७ | ५ | ७४२ |
| ७ | ६९ | ५३ | ४७७ | ३५ | ३ | ६३७ |
| ८ | १७९ | १३५ | २६६ | १७८ | ० | ७५८ |
| ९ | ३८७ | २३२ | ५८३ | १० | ५ | १२१७ |
| **जम्मा** | १०१२ | १०६७ | ४१९५ | ७४५ | ५३ | ७०७२ |
| **प्रतिशत** | १४.३१ | १५.०९ | ५९.३२ | १०.५३ | ०.७५ | १००.०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा रहेका ७,०७२ घरपरिवारहरू मध्ये धुले कच्ची (अस्थायी सडक) को पहुँच भएको घरपरिवार संख्या ४,१९५ अर्थात ५९.३२ प्रतिशत, ग्राभेल सडकको पहुँच भएको घरपरिवारहरूको संख्या १,०६७ अर्थात १५.०९ प्रतिशत, कालो पत्रे गरेको सडकसम्म पहुँच भएको १,०१२ अर्थात १४.३१ प्रतिशत, गोरेटो बाटोको पहुँच भएका घरपरिवारहरू ७४५ अर्थात १०.५३ प्रतिशत र अन्य ५३ अर्थात ०.७५ प्रतिशत रहेका छन् । तथ्याङ्कलाई हेर्दा ६९.८५ प्रतिशत घरपरिवारमा सहज प्रकारको सडक पहुँच छैन अर्थात उनीहरू या त अस्थायी प्रकृतिको सडकमा हिँड्छन् वा गोरेटोमा । पुर्वाधार विकासमा सबैभन्दा महत्वपुर्ण सडकको अवस्था नाजुक हुँदा अन्य विकासले गति लिन सक्दैन तसर्थ सहज आवागमनका लागि नगरपालिकाले सडक संचालनको विकास र स्तरको उन्नतिका लागि यातायात गुरुयोजना निर्माण गरी लागु गर्नुपर्ने देखिन्छ। अस्थायी सडक प्रयोग गर्नुपर्ने घरपरिवारहरूमध्ये वडा नं. २ को घरपरिवारहरूको संख्या अधिक रहेको छ । वडा नं. २ को १ घरपरिवारमा मात्र पक्की /कालोपत्र सडक सञ्जालको पहुँच रहेको देखिन्छ। अन्य वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




### ६.१.३ यातायात सेवा



नगरपालिकामा यातायात साधनको उपयोग हेर्दा साइकलको प्रयोग सबैभन्दा बढी भएको देखिन्छ। यसका साथै नगरपालिकामा मोटरबाईक, बस, जिप, ट्याक्टर, म्याजिक ट्याम्पो, सिटी सफारी लगायतका यातायातका साधन

दैनिक रुपमा सञ्चालन हुने गरेको पाइन्छ। नगरपालिकामा सार्वजनिक सवारीको प्रयोग केहि मात्रमा हुने गरेको पाइन्छ। आन्तरीक सवारी साधनमा बस बाहेक अन्य सार्वजनिक सवारी जस्तै ट्याक्सी र विद्युतीय सवारीको ( ई-रिक्सा) प्रयोग हाल बढ्दै गएको देखिन्छ।

## ६.२ संचार

सूचना र प्रविधिमा भएका नविनतम खोज तथा विकासले गाउँ, समुदाय, देश, अन्तर देशलाई एउटा सीमाहिन विश्व समुदायको रुपमा रुपान्तरित गरिदिएको छ। दिनानुदिन संचार प्रविधिको प्रयोग विस्तारित भइरहेको छ। वि.सं. २०४७ सालको दशकमा सिमित जनसंख्याले प्रयोग गर्ने संचारका माध्यामहरू हाल आधारभूत आवश्यकतामा परिणत भएको छ। ११०.३ प्रतिशत टेलिफोनको घनत्व ४६.५ प्रतिशत इन्टरनेटका प्रयोगकर्ता, रेडियोको राष्ट्रिय प्रसारणमा पँहुच ८८ प्रतिशत रहेको तथ्याङ्कले संचार क्षेत्रको तीब्र विकास र विकासका अन्य क्षेत्रमा यसको प्रभाव दर्शाउँछ।

परोहा नगरपालिकामा स्थानीय एफ.एम स्टेसनहरू र रेडियो नेपाल लगायत विभिन्न अन्य स्टेसनहरू काठमाडौंबाट नै सिधा प्रशारण हुन्छन्। नगरपालिकामा नेपाल टेलिकम र एनसेल दुवैको 3G Network उपलब्ध छ। नगरपालिकामा ADSL, NCell, NTC र अन्य इन्टरनेट कम्पनीहरुले इन्टरनेट सेवा पुऱ्याउँदै आइरहेका छन् विभिन्न केवल नेटवर्क तथा सेटलाइट च्यानल जस्तै डिस होम आदिद्धारा नगरपालिकाबासीहरूले मनोरन्जनात्मक टेलिभिजन कार्यक्रमहरू हेर्ने गरेको पाइन्छ।

### ६.२.१ नगरपालिकामा सेवा प्रदान गर्ने एफ.एम. रेडियोहरू

सञ्चार सेवामा एफ.एम तथा रेडियोको महत्वपुर्ण भुमिका रहेको हुन्छ। परोहा नगरपालिकामा अन्तर्राष्ट्रिय स्तरका बीबीसी नेपाली सेवा तथा राष्ट्रिय स्तरका रेडियो नेपाल को साथै स्थानीय परोहा एफ.एम. पनि प्रसारण हुने गरेको पाईन्छ। जसबाट नगरपालिकाका वासिन्दाले प्रत्यक्ष लाभ लिइरहेका छन्।

### ६.२.२ टेलिफोन/मोबाइल

सञ्चार प्रणालीको विवेचना गर्दा यस नगरपालिकाका ९ ओटै वडाहरूमा ल्याण्डलाइन, सिडिएमए, एडिएसएल, मोबाइल, आदि सेवा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले उपलब्ध गराएका छन् । नगरपालिकाको केही क्षेत्रहरूमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुऱ्याउन प्राविधिक कठिनाइको साथै, बढी खर्चिलो हुने देखिएकोले त्यस्ता स्थानहरूमा वायरलेस प्रणालीबाट सेवा पुऱ्याउनु पर्ने देखिन्छ।

### ६.२.३ हुलाक सेवा

नगरपालिकामा भएका हुलाक कार्यालयहरूबाट नगरपालिकाभित्र र नगरपालिका बाहिर एवम् विदेशमा समेत हुलाक सेवा प्रदान गरिरहेको छ। हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन् । यद्यपी संचार र यातायातका सेवामा भएको तीव्र र उच्च विकासले हुलाक सेवा प्रयोगकर्ताको संख्या घट्दै गैरहेको छ ।


## ६.३ परिवारमा भएको साधन तथा सुविधाको विवरण

**तालिका नं. ५५ :** परिवारमा भएको साधन तथा सुविधाको विवरण

| साधन तथा सुविधा | वडा नं. | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| रेडियो | २६ | १२१ | ५० | ३३२ | २५ | ८५ | ३३ | ६७ | ३२४ | १०६३ |
| टेलिभिजन | २५ | ३३ | ५४ | ६१ | ४५ | २१२ | ५० | १११ | १५६ | ७४७ |
| केवल/डिस | १९ | १६ | २८ | ४९ | २४ | १२७ | २१ | ४१ | ४९ | ३७४ |
| कम्प्युटर/ल्यापटप | ११ | १९ | १४ | ३३ | १२ | २८ | ५ | १५ | ६ | १४३ |
| इन्टरनेट सुविधा | १४२ | २४७ | ८४ | २६२ | २७० | १५७ | १३९ | ११९ | १९० | १६१० |
| ल्याण्डलाइन फोन | १ | २ | ३ | ३ | ३ | ३ | ० | १ | १ | १७ |
| मोबाइल फोन | ३७८ | ५२४ | ८२६ | ६१२ | ५९१ | ६६८ | ५०८ | ६७८ | ८२८ | ५६१३ |
| मोटरसाईकल/स्कुटर | ९९ | १३३ | १४९ | १९४ | १३६ | १७० | १४८ | १८४ | २४० | १४५३ |
| कार/जीप/भ्यान निजी प्रयोगको लागि | ५ | ३ | ७ | ६ | २ | ३ | ४ | ९ | ३ | ४२ |
| अन्य ढुवानी साधन ( बस, ट्रक, कार, जीप) | ३ | २ | ९ | ६ | ५ | ४ | ३ | २ | २ | ३६ |
| ट्र्याक्टर | १५ | ६ | १७ | १७ | १४ | १२ | ११ | १९ | १६ | १२७ |
| पावर टिलर/पम्पसेट | १९ | १६ | १६ | १ | १७ | १६ | १ | ४ | ४६ | १३६ |
| साइकल/रिक्सा | ९२ | २४० | ५५८ | ४०० | ४९४ | ४८४ | ४०० | ५५३ | ५५५ | ३७७६ |
| एयर कण्डिसन/कुलर | ० | ० | २ | ३ | ४ | ० | १ | ० | ४ | १४ |
| वासिङ मेसिन | ० | १ | ५ | ३ | १ | ३ | २ | ३ | ९ | २७ |
| हिटर/गिजर/सोलार | ० | १ | ४ | ७ | ० | ४ | ० | ४ | ४ | २४ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

साधन तथा सेवा सुविधाको आधारमा नगरपालिकामा मोबाइल सुविधा उपब्धता भएको घरपरिवारको संख्या उच्च रहेको देखिन्छ। नगरपालिकाका कुल घरपरिवारहरु मध्ये ५,६१३ घरपरिवारमा मोबाइल भएको देखिन्छ। दोस्रोमा साईकल तथा रिक्सा हुने परिवारको संख्या ३,७७६, ईन्टरनेट सुविधा उपलब्ध भएको परिवारको संख्या १,६१०, मोटरसाईकल/स्कुटर हुने परिवार संख्या १,४५३, रेडियो हुने परिवारको संख्या १०६३, टेलिभिजन हुने परिवारको संख्या ७४७ रहेको छ ।




समग्रमा तथ्याङ्कलाई हेर्दा संचार क्षेत्रको प्रमुख मोबाइल तथा ईन्टरनेट सेवामा वृद्धि हुँदै गएको देखिन्छ। मोबाइल प्रयोगकर्ताले सबैखाले संचारका सुविधा जस्तै श्रव्य, दृष्य, सुचना, गीत, खबर आदान प्रदान लगायतका धेरै काम गर्न सहज हुने भएकोले टेलिभिजन, रेडियो प्रयोगकर्ताको संख्या झन न्यून देखिन्छ। अर्कोतर्फ कार/जीप, एर कन्डिसनर, हिटर वा ग्याँस गिजरजस्ता उच्च सुविधाका सामाग्रीहरूको संख्या झन कम देखिन्छ। यद्यपि ग्रामीण इलाकाहरूमा समेत क्रमशः आधुनिक सुख सुविधाका सामग्रीहरूको प्रयोगकर्ताहरू बढ्नाले उपभोक्तावादी संस्कृतिको विकास भएरहेको देखिन्छ। वडागत रुपमा विस्तृत विवरण तालिका तथा स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।

## ६.४ विद्युत तथा उर्जा


### ६.४.१ घरपरिवारले दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण

**तालिका नं. ५६ :** दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण

| वडा नं. | बिजुली | सोलार | मट्टितेल | गोबरग्याँस | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ३८२ | १ | ६९ | ० | २ | ४५४ |
| २ | ७२४ | ० | ० | ० | ० | ७२४ |
| ३ | ७६५ | ७ | २२४ | ० | ० | ९९६ |
| ४ | ६७३ | १ | १७१ | १ | ३ | ८४९ |
| ५ | ५९७ | ४ | ९२ | ० | २ | ६९५ |
| ६ | ७१७ | २ | २२ | १ | ० | ७४२ |
| ७ | ५७५ | १ | ५७ | १ | ३ | ६३७ |
| ८ | ६८५ | ५ | ६५ | ३ | ० | ७५८ |
| ९ | १२१३ | ० | ४ | ० | ० | १२१७ |
| **जम्मा** | ६३३१ | २१ | ७०४ | ६ | १० | ७०७२ |
| **प्रतिशत** | ८९.५२% | ०.३०% | ९.९५% | ०.०८% | ०.१४% | १००.००% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकाका कुल ७,०७२ घरपरिवारहरू मध्ये ६,३३१ अर्थात ८९.५२ प्रतिशतले विद्युत, २१ अर्थात ०.३० प्रतिशतले सोलार, ६ अर्थात ०.०८ प्रतिशतले गोबरग्याँस, ७०४ अर्थात ९.९५ प्रतिशतले मट्टितेल र बाँकीले अन्य इन्धनको प्रयोग गरेको पाइयो । यस तथ्याङ्कलाई हेर्दा ग्रामिण विद्युतिकरणमा व्यापक विकास भईसकेको देखिन्छ। नगरपालिकामा विद्युतको पहुँच नपुगेको जनसंख्या नगन्य रहेको देखिन्छ भने सेवा नपुगेका क्षेत्रहरूमा त्यसको विसतार हुनु जरूरी छ। वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ।




### ६.४.२ घरपरिवारले खाना पकाउने इन्धनको आधारमा परिवारको विवरण


**तालिका नं. ५७ :** खाना पकाउने इन्धनको आधारमा घरपरिवारको विवरण

| वडा नं. | काठ/दाउरा | एल.पी.ग्याँस | मट्टितेल | बिजुली | गोबरग्याँस | गोबर/गुइँठा | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३७७ | २९ | ३ | ३ | ४० | १ | १ | ४५४ |
| २ | ६९८ | २६ | ० | ० | ० | ० | ० | ७२४ |
| ३ | ६५६ | ३० | ३ | १ | ६ | २९१ | ९ | ९९६ |
| ४ | १४४ | ४२ | ५ | ९ | १९७ | ३७५ | ७७ | ८४९ |
| ५ | ६६७ | २३ | ० | ० | ५ | ० | ० | ६९५ |
| ६ | ५४८ | १४८ | ० | ० | २ | ४४ | ० | ७४२ |
| ७ | २७६ | २५ | ० | १ | ३ | २३६ | ९६ | ६३७ |
| ८ | ५३१ | १२० | ० | ० | २ | ९७ | ८ | ७५८ |
| ९ | ९४७ | ६० | ० | २ | १ | २०० | ७ | १२१७ |
| **जम्मा** | ४८४४ | ५०३ | ११ | १६ | २५६ | १२४४ | १९८ | ७०७२ |
| **प्रतिशत** | ६८.५०% | ७.११% | ०.१६% | ०.२३% | ३.६२% | १७.५९% | २.८०% | १००.०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

दिगो विकासको अवधारणा अनुसार पर्यावरणिय सन्तुलन बनाइ राख्न मानिको उपभोगशैलीमा परिवर्तन गर्नु अपरिहार्य छ । उदाहरणका लागि नेपालले आधारवर्ष २०१५ मा ७४.७ % रहेको इन्धनको प्राथमिक श्रोतको रुपमा काठ, दाउरा, गुइँठा आदि प्रयोग गर्ने जनसमुदाय सन् २०३० सम्म ३०% मा झार्ने (SDG–7) तथा पकाउने प्रयोजनार्थ LPG प्रयोगलाई १८% (२०१५) बाट ३३% मा पुऱ्याउने लक्ष्य राखेको छ । यसै राष्ट्रिय लक्ष्यलाई आत्मसाथ गर्दै यस नगरपालिकाका नीति तथा कार्यक्रमहरूलाई त्यसतर्फ उन्मुख बनाउनु आवश्यक छ ।

नगरपालिकाको कुल घरपरिवारहरू मध्ये ४,८४४ अर्थात् ६८.५० प्रतिशतले काठदाउरा, १,२४४ अर्थात् १७.५९ प्रतिशतले गोबर/गुइँठा, ५०३ अर्थात् ७.११ एल.पी ग्याँसको प्रयोग गर्दछन् भने मट्टितेल, बिजुली र अन्य स्रोत प्रयोग गर्ने जनसंख्या नगन्य रहेको पाइयो । स्थानीयहरूले अधिकांश काठ दाउराको प्रयोग गरेबाट एकातर्फ वनजंगल र पर्यावरणमा क्षति पुग्ने र अर्कोतर्फ धुवाँ र दाउरा संकलन गर्दा लाग्ने समयले क्रमशः स्वास्थ्यमा असर पुऱ्यानुका साथै समय समेत बढी खर्च हुने देखिन्छ । तसर्थ ग्रामिण भेगहरूमा वैकल्पिक उर्जाको उत्तम उपायको रुपमा गोबर ग्याँसको प्रयोगलाई प्रोत्साहन गर्ने र आय आर्जनका कार्यक्रमहरूमा केन्द्रित गरी नगरपालिकावासीलाई काठ दाउराको विकल्प तर्फ लैजानुपर्ने देखिन्छ । वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



# खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा

## ७.१ शिक्षा




कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ । यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ । यसै सिलसिलामा यहाँ परोहा  नगरपालिकाको शैक्षिक स्थिती देखाउन खोजिएको छ। विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा  नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको नै सर्वोपरि भूमिका अनिवार्य रहन्छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रुपमा नीतिगत रुपमा अबलम्बन गरिएको छ। नेपालको संविधान २०७२ को  भाग ३, धारा ३१ शिक्षा सम्बन्धी हक मा देहायबमोजिमको व्यवस्था गरिएको छ ।

(१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।

(३) अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

संविधान तथा योजनाको ठूलठूला वहस भएता पनि शिक्षाको हकमा विश्वको सामु तुलनात्मक अध्ययन गर्दा उल्लेखनीय विकास भने भएको देखिँदैन । शिक्षाले ज्ञान र सिपको प्रयोगात्मक परिवर्तन ल्याउने, पिछडिएको, विपन्न र अभावग्रस्त वर्गको पक्षपोषण गर्ने, अवोध बालबालिका एवं आवाज विहिनका पक्षमा रही देशलाई समृद्ध बनाउने परिकल्पनालाई साकार पार्नुपर्दछ । देशका लागि आवश्यक नेतृत्वदायी क्षमताको विकास, अथकरूपमा सिक्ने र सिकाउने प्रवृति, सामाजिक र मानवीय मूल्यमान्यता र आत्मविश्वासजस्ता आधारभूत समग्र पक्षको विकास गर्न सघाउनु नै गुणस्तरीय शिक्षाको विशेषता हो । यस्तो शिक्षामा विश्लेषणात्मक र मौलिक सोचको पर्याप्तता हुनुपर्छ । निर्दिष्ट सिकाइमात्र स्तरीयता होइन । आज व्यावहारिक परिवर्तन, श्रमसँगको आस्था, जीवनोपयोगी खोज अनुसन्धान, सान्दर्भिकता देश र संस्कृतिप्रति प्रेम, नैतिक जिम्मेवारी, मौलिकरूपमा विज्ञानको उपयोग गर्न स्तरीय शिक्षाको आवश्यकता छ । शिक्षाको स्तरीय विकासले मात्र देशमा रोजगारीको अवसर, कलकारखानाको विकास, सुविधाको पहुँच, प्रविधिको विस्तार, उत्पादनमुखी कृषि, आयमुखी व्यवसाय, स्थानीय साधनश्रोतको प्रचुर सदुपयोगले जनताको जीवनस्तर उकास्न सकिन्छ ।

शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै सिलसिलामा यस परोहा नगरपालिकाको शैक्षिक स्थिती देखाउन यहाँको साक्षरता स्थिति, शिक्षण संस्थाको विवरण, शिक्षक दरबन्दी विवरण, विद्यार्थीको भर्ना, तहगत तथा विषयगत शैक्षिक विवरण देखाउन खोजिएको छ जसबाट परोहा नगरपालिकाको शैक्षिक अवस्थालाई बुझी अगामी दिनमा सुधार गर्न नीति तथा कार्यक्रम बनाउन सकिन्छ ।

## ७.२ नगरपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण

नगरपालिकामा शिक्षा क्षेत्रमा धेरै प्रयास भएता पनि अपेक्षित उपलब्धि भने प्राप्त गर्न सकिएको छैन। तथापि योजनाबद्ध रूपमा शैक्षिक पूर्वाधार एवम् सेवा विस्तार गर्ने प्रयास हुँदै आएको छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक माध्यमको रूपमा नीतिगत रूपमा अबलम्बन गरिएको छ ।

शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरुप यस नगरपालिकामा आ.व.२०७४/७५ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण अनुसार नगरपालिकामा २१ वटा सामुदायिक बालविकास केन्द्र रहेका छन् । त्यसैगरी आधारभूत तहसम्म

कूल १५, माध्यमिक तहका कूल २, क्याम्पस १ र मदरसा ४ वटा शैक्षिक संस्थाहरु रहेका छन् । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ५८ :** परोहा नगरपालिकामा रहेका विद्यालयको विवरण

| विवरण | सामुदायिक | निजी विद्यालय | कुल |
|---|---|---|---|
| बाल विकास केन्द्र | २१ | - | २१ |
| आधारभूत तह | | | |
| कक्षा १-३ | २ | १ | ३ |
| कक्षा १-५ | ९ | | ९ |
| कक्षा १-८ | ३ | | ३ |
| मा. वि. | | | |
| कक्षा १-१० | | | |
| कक्षा १-१२ | २ | | २ |
| क्याम्पस | १ | | १ |
| वेद विद्याश्रम | | | |
| मदरशा | ४ | | ४ |
| गुम्बा | | | |
| प्राविधिक शिक्षालय | | | |
| सीप विकास तालिम केन्द्र | | | |

*स्रोत : परोहा नगरपालिका, २०७५*

*(नोट : नयाँ शिक्षा ऐन अनुसार कक्षा १ देखि ८ सम्मको तहलाई आधारभूत तह र कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक तहमा घोषणा गरिएको छ । त्यस्तै कक्षा १ भन्दा मुनिको तहलाई बाल विकास भनेर नामाकरण गरिएको छ ।)*

**तालिका नं. ५९ :** नगरपालिकामा रहेको क्याम्पसको विवरण

| क्र.सं. | क्याम्पसको नाम | ठेगाना | सञ्चालित तह | विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | छात्रा | छात्र | जम्मा |
| १ | ब्रह्मज्योती क्याम्पस | परोहा-४ | मा.न.वि.कि.(स्नातक) | | | |

*स्रोत : परोहा नगरपालिका, २०७५*

परोहा नगरपालिकामा स्नातक तह सम्म अध्यापन हुने १ वटा सामुदयिक क्याम्पस रहेको छ । क्याम्पसमा मा.न.वि.कि संकायमा स्नातकसम्म अध्यापन भइरहेको छ ।

### ७.२.१ विद्यार्थी विवरण

परोहा नगरपालिकाको सामुदयिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको विवरण अध्ययन गर्दा आधारभुत तर्फ कूल ११५५ विद्यार्थी रहेका छने जसमा छात्राको संख्या ५३४ र छात्रको ६२१ रहेको छ । त्यसैगरी माध्यमिकतर्फ कूल ९, ०९२ विद्यार्थी अध्ययनरत रहेका छन् जसमा छात्रा १७५ र छात्र १८० रहेका छन् । जसको विस्तृत विवरण तालिमा उल्लेख गरिएको छ ।

**तालिका नं. ६० :** विद्यार्थीको विवरण

| तह | कक्षा | सरकारी विद्यालय | | | निजी विद्यालय | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| आधारभूत | १ | ६९२ | ६८९ | १३८१ | | | | | | |
| | २ | ४४० | ४५० | ८९० | | | | | | |
| | ३ | ४२४ | ३७८ | ८०२ | | | | | | |
| | ४ | ३४१ | ३६३ | ७०४ | | | | | | |
| | ५ | ३६२ | २४४ | ६०६ | | | | | | |
| | **१-५** | २२५९ | २१२४ | ४३८३ | | | | | | |
| | ६ | १८४ | १७४ | ३५८ | | | | | | |
| | ७ | १८६ | २३४ | ४२० | | | | | | |
| | ८ | १६४ | २१३ | ३७७ | | | | | | |
| | **६-८** | ५३४ | ६२१ | ११५५ | | | | | | |
| माध्यमिक | ९ | १२७ | १७६ | ३०३ | | | | | | |
| | १० | ८० | १२६ | २०६ | | | | | | |
| | **९-१०** | २०७ | ३०२ | ५०९ | | | | | | |
| | ११ | ८५ | ८५ | १७० | | | | | | |
| | १२ | ९० | ९५ | १८५ | | | | | | |
| | **११-१२** | १७५ | १८० | ३५५ | | | | | | |

*स्रोत : परोहा नगरपालिका, २०७५*

### ७.२.२ बालविकास केन्द्र

**तालिका नं. ६१ :** बाल विकासकेन्द्रमा अध्ययनरत बालबालिकाहरूको विवरण

| क.सं. | नाम | ठेगाना | प्रकार | संख्या | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | | बालक | बालिका | |
| १ | प्रतिभा प्रा.वा.वि. केन्द्र | परोहा - १ | समुदायमा आधारित | १३ | १२ | २५ |
| २ | रानी शिसु प्रा.वा.वि. केन्द्र | परोहा - १ | समुदायमा आधारित | ११ | १४ | २५ |
| ३ | श्री अनहोती लाल मा.वि. (क) | परोहा - ६ | विद्यालयमा आधारित | २० | २० | ४० |
| ४ | श्री अनहोती लाल मा.वि. (ख) | परोहा - ६ | विद्यालयमा आधारित | १८ | २० | ३८ |
| ५ | श्री ब्रह्मज्योती मा.वि. | परोहा - ४ | विद्यालयमा आधारित | १९ | ६ | २५ |
| ६ | श्री आ.वि., जिङ्गडवा | परोहा - २ | विद्यालयमा आधारित | १५ | १५ | ३० |
| ७ | श्री आ.वि., तेजापाकड (क) | परोहा - ३ | विद्यालयमा आधारित | ११ | १६ | २७ |
| ८ | श्री आ.वि., तेजापाकड (ख) | परोहा - ३ | विद्यालयमा आधारित | ११ | १६ | २७ |
| ९ | श्री ओरम आ.वि., नरकटिया | परोहा - ७ | विद्यालयमा आधारित | ५१ | ४३ | ९४ |
| १० | श्री प्रा.वि भेडियाही (क) | परोहा - ६ | विद्यालयमा आधारित | ७ | १८ | २५ |

| क.सं. | नाम | ठेगाना | प्रकार | संख्या | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | | बालक | बालिका | |
| ११ | श्री प्रा.वि भेडियाही (ख) | परोहा - ६ | विद्यालयमा आधारित | ७ | १९ | २६ |
| १२ | श्री प्रा.वि नगनगरा | परोहा - ५ | विद्यालयमा आधारित | १९ | १८ | ३७ |
| १३ | श्री भगवान प्रा.वि., तेजापाकड | परोहा - ३ | विद्यालयमा आधारित | १५ | १७ | ३२ |
| १४ | शंकर प्रा.वि., नरकटिया | परोहा - ८ | विद्यालयमा आधारित | १५ | ७ | २२ |
| १५ | राधाकृष्ण प्रा.वि., मोतीपुर | परोहा - ८ | विद्यालयमा आधारित | १३ | १२ | २५ |
| १६ | जनता प्रा.वि., नरकटिया | परोहा - ७ | विद्यालयमा आधारित | ७ | १२ | १९ |
| १७ | प्रा.वि. रामपुर, खाप | परोहा - ९ | विद्यालयमा आधारित | २८ | १६ | ४४ |
| १८ | मोर्डन एजुकेसन सामुदायिक प्रा.वि., रामपुर खाप | परोहा - ९ | विद्यालयमा आधारित | १९ | २१ | ४० |
| १९ | जामीय सलफीया मदरसा नरकटिया | परोहा - ७ | विद्यालयमा आधारित | २० | १५ | ३५ |
| २० | समिमुल ओलुम गर्ल्स मदरसा रामपुर खाप | परोहा - ९ | विद्यालयमा आधारित | २० | १६ | ३६ |
| २१ | जामीय मदिनुस्थाम रामपुर खाप | परोहा - ९ | विद्यालयमा आधारित | १९ | १५ | ३४ |

*स्रोत : परोहा नगरपालिका, २०७५*



### ७.२.३ शिक्षकको विवरण

**तालिका नं. ६२ :** शिक्षकको विवरण

| तह | स्वीकृत दरबन्दीमा कार्यरत | | | | परियोजना | | राहत दरबन्दीमा कार्यरत | | निजी स्रोत | | तालिम प्राप्त शिक्षक संख्या | विद्यालय कर्मचारी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्थाई | | अस्थाई | | | | | | | | | |
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | | |
| बालविकास केन्द्र | | | २० | १ | | | | | | | | |
| प्रा.वि. | १ | २७ | २ | ६ | | | १७ | ११ | ९ | २१ | ६४ | १५ |
| नि.मा. वि. | | २ | | १ | | | | २ | | | ५ | ३ |
| मा.वि | १ | | | १ | | | | १ | | | ३ | २ |
| उ.मा.वि. | | | | ४ | | | | | | | | |
| जम्मा | २ | २९ | २२ | १३ | ० | ० | १७ | १४ | ९ | २१ | ७२ | २० |

*स्रोत : परोहा नगरपालिका, २०७५*


### ७.२.४ लिङ्ग अनुसार ५ वर्ष वा सो भन्दा माथिल्लो उमेर उमेर समुहका जनसंख्याको वडागत साक्षरता स्थिति

साक्षरताले पढ्न र लेख्न सक्ने सिप भन्दा माथि समग्र मानव विकास सूचकलाई इंगित गर्दछ। नगरपालिकामा ५ वर्ष वा सो भन्दा माथिको उमेर समूहका कुल २९,१०५ जनसंख्या मध्ये १०,८२४ अथात् ६९.२ प्रतिशत साक्षर रहेका छन्। नगरमा पढ्न र लेख्न सक्ने साक्षर जनसंख्या १०,८२४ छन् भने पढ्न मात्र सक्ने ७४५ जना रहेका छन्। पढ्ने र लेख्ने नजान्ने (दुवै सिप नभएका अर्थात निरक्षर) जनसंख्या १७,५३६ अर्थात ६०.३ प्रतिशत रहेको छ। वडागत रुपमा तुलना गर्दा सबैभन्दा बढी साक्षरता प्रतिशत वडा नं ६ रहेको छ जसको साक्षरता ४९ प्रतिशत रहेको छ भने सबैभन्दा न्यून साक्षरता वडा नं ५ जसको साक्षरता केवल २७.१ प्रतिशत रहेको छ। वडागत विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ६३ :** ५ वर्ष वा सो भन्दा माथिल्लो उमेर समुहका जनसंख्याको वडागत साक्षरताको विवरण

| वडा नं. | पढ्न वा लेख्न सक्ने | | पढ्न मात्र सक्ने | | पढ्न वा लेख्न नसक्ने | | ५ वर्ष वा सो भन्दा माथिल्लो उमेर समुहका जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ६६३ | ३६.२% | ३ | ०.२% | ११६८ | ६३.७% | १८३४ |
| २ | १००५ | ३१.१% | ९१ | २.८% | २१३८ | ६६.१% | ३२३४ |
| ३ | १२५३ | ३४.४% | ५ | ०.१% | २३८३ | ६५.४% | ३६४१ |
| ४ | १५१६ | ३८.४% | ४४० | ११.२% | १९९० | ५०.४% | ३९४६ |
| ५ | ८२१ | २७.१% | ३ | ०.१% | २२०६ | ७२.८% | ३०३० |
| ६ | १५३२ | ४९.०% | ६ | ०.२% | १५८९ | ५०.८% | ३१२७ |
| ७ | ११३३ | ४०.९% | १५ | ०.५% | १६२२ | ५८.६% | २७७० |
| ८ | १४४२ | ४४.६% | ६८ | २.१% | १७२५ | ५३.३% | ३२३५ |
| ९ | १४५९ | ३४.०% | ११४ | २.७% | २७१५ | ६३.३% | ४२८८ |
| जम्मा | १०८२४ | ३७.२% | ७४५ | २.६% | १७५३६ | ६०.३% | २९१०५ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*




### ७.२.५ ५ देखि ३५ उमेरसमुहका जनसंख्या हाल विद्यालय/कलेज गए नगएको विवरण


**तालिका नं. ६४ :** लैङ्गिक आधारमा ५ देखि ३५ वर्षका हाल विद्यालय/कलेज गइरहेका जनसंख्याको विवरण

| वडा नं. | हाल विद्यालय कलेज गइरहेका | हाल विद्यालय नजाने | ५ देखि ५ वर्षका जम्मा जनसंख्या |
|---|---|---|---|
| १ | ४०९ | ८५४ | १२६३ |
| २ | ६८७ | १६३८ | २३२५ |
| ३ | ६७१ | १८३६ | २५०७ |
| ४ | ७८६ | १९५८ | २७४४ |
| ५ | ४१५ | १७२३ | २१३८ |
| ६ | ७६३ | १२७२ | २०३५ |
| ७ | ६०३ | १२२८ | १८३१ |
| ८ | ८७८ | १३२६ | २२०४ |
| ९ | ६४६ | २३०२ | २९४८ |
| **जम्मा** | **५८५८** | **१४१३७** | **१९९९५** |
| **प्रतिशत** | २९.३० | ७०.७० | १००.०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा ५ देखि ३५ वर्ष उमेर भित्रका कूल १९,९५५ जनसंख्यालाई  के तपाइँ स्कुल/कलेज जानुहुन्छ भनि सोधिएको प्रश्नमा हाल स्कूल कलेज गईरहेकाहरुको संख्या ५,८५८ अर्थात २९.३० प्रतिशत रहेका छन् । अर्कोतफ १४,१३७ अर्थात ७०.७० प्रतिशत विद्यालय/कलेज गएका छैनन् । यस तथ्याङ्कलाई हेर्दा ५ देखि ३५ वर्षको उमेर समूह भनेको अध्ययन र सीप विकासको सबैभन्दा महत्वपूर्ण समयको उमेर समूह हो । तसर्थ यस उमेर समूहका ७०.७० प्रतिशत विद्यालय/कलेज नजानुले मानव संशाधन विकासको अपरिहार्य आधार शिक्षा तथा सीप विकासको अवसरबाट टाढा हुनु हो । तसर्थ यस उमेर समूहको जनसंख्या विद्यालय/कलेज जान

नसक्नु वा नपाउनुका कारणहरूको पहिचान गरी समाधान तर्फ पहल गर्नु जरुरी देखिन्छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




### ७.२.६ ५ देखि ३५ वर्ष उमेरसमूहका हाल स्कूल/कलेज नगएका जनसंख्या मध्ये कहिल्यै स्कूल/कलेज नगएका जनसंख्याको विवरण


नगरपालिकामा ५ देखि ३५ वर्ष उमेर भित्रका कुल १९,९५५ जना जनसंख्या मध्ये, हाल विद्यालय नजाने १४,१३७ लाई के तपाइँ विगतमा कहिल्यै स्कुल/कलेज जानु भएको छ भनि सोधिएको प्रश्नमा विगतमा स्कुल/कलेज जानेहरुको संख्या २,०३८ जना रहेका छन् भने १२,०९९ जना हाल सम्म कहिल्यै पनि स्कुल/कलेज नगएको पाइयो । यो तथ्यलाई हेर्दा आधुनिकता, विकास र नवजागरणको चहल पहल चरम अवस्थामा पुगेको वर्तमान विश्व परिवेशमा यस नगरपालिकामा विद्यालय/कलेज नै नगएको संख्या उल्लेख्य हुनु गम्भिर विषय हो । तसर्थ यो अवस्थालाई प्रभावकारी ढंगले अन्त्य गर्न अविलम्ब पहल गरिनु आवश्यक छ। यसका लागि औपचारिक शिक्षा, अनौपचारिक शिक्षा, प्रौढ शिक्षा तथा अन्य शैक्षिक विकासका व्यवहारिक र कार्यन्वयनमुखी योजना निमार्ण गरी लागू गर्नु जरुरी छ। वडागत विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ६५ :** ५ देखि ३५ वर्ष उमेरसमूहका हाल स्कूल/कलेज नगएका जनसंख्या मध्ये कहिल्यै स्कूल/कलेज नगएका जनसंख्याको विवरण

| वडा नं. | विगतमा विद्यालय कलेज गएका | कहिल्यै विद्यालय/कलेज नगएका | हाल विद्यालय/कलेज नजाने जम्मा संख्या |
|---|---|---|---|
| १ | १२८ | ७२६ | ८५४ |
| २ | २२४ | १४१४ | १६३८ |
| ३ | २४७ | १५८९ | १८३६ |
| ४ | ३३६ | १६२२ | १९५८ |
| ५ | २६४ | १४५९ | १७२३ |
| ६ | १२४ | ११४८ | १२७२ |
| ७ | १४९ | १०७९ | १२२८ |
| ८ | २६६ | १०६० | १३२६ |
| ९ | ३०० | २००२ | २३०२ |
| **जम्मा** | **२०३८** | **१२०९९** | **१४१३७** |
| **प्रतिशत** | **१४.४२** | **८५.५८** | **१००.००** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

## ५ देखि ३५ वर्ष उमेरसमूहका हाल स्कूल/कलेज नगएका जनसंख्या मध्ये कहिल्यै स्कूल/कलेज नगएका जनसंख्याको विवरण





### ७.२.७ विद्यालय/कलेजको प्रकार अनुसार ५ वर्षदेखि ३५ वर्षको उमेर समुहमा हाल विद्यालय वा कलेज गइरहेका जनसंख्याको विवरण

**तालिका नं. ६६ :** विद्यालय/कलेजको प्रकार अनुसार ५ वर्षदेखि ३५ वर्षको उमेर समुहमा हाल विद्यालय वा कलेज गइरहेका जनसंख्याको विवरण

| वडा नं. | हाल गईरहेको स्कुल/कलेजको प्रकार | | | | हाल विद्यालय कलेज गइरहेका जम्मा जनसंख्या |
|---|---|---|---|---|---|
| | सामुदायिक/सरकारी | संस्थागत/निजी | गुरुकुल/मदरशा/गुम्बा | अन्य | |
| १ | १२१ | ४९ | २३९ | ० | ४०९ |
| २ | २६८ | ५४ | ३६५ | ० | ६८७ |
| ३ | ५८९ | ४९ | ३० | ३ | ६७१ |
| ४ | ४५७ | १७५ | ११६ | ३८ | ७८६ |
| ५ | २८४ | ३४ | ९६ | १ | ४१५ |
| ६ | ५५८ | २०५ | ० | ० | ७६३ |
| ७ | ३४४ | १२३ | १३४ | २ | ६०३ |
| ८ | ६२२ | ११५ | १४१ | ० | ८७८ |
| ९ | ५४५ | ९३ | ७ | १ | ६४६ |
| **जम्मा** | **३७८८** | **८९७** | **११२८** | **४५** | **५८५८** |
| **प्रतिशत** | ६४.६६ | १५.३१ | १९.२६ | ०.७७ | १००.०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा ५ देखि ३५ वर्ष भित्रका हाल विद्यालय/कलेज गैरहेको ५,८५८ जनामा सरकारी अर्थात सामुदायिक विद्यालय वा कलेज जानेहरुको पुरुषको संख्या ३,७८८ अर्थात् ६४.६६ प्रतिशत रहेका छन्। त्यसैगरी ८९७ अर्थात १५.३१ प्रतिशत संस्थागत अर्थात निजी विद्यालय वा कलेज जाने, ११२८ अर्थात १९.२६ प्रतिशत गुरुकुल/मदरशा/गुम्बा जाने गरेको तथ्याङ्कले देखाउँछ । तुलनात्मकरुपमा वडा नं. १ र २ मा गुरुकुल/मदरशा/गुम्बा जानेको संख्या बढी रहेको देखिन्छ। एकातर्फ संस्थागत तथा निजी विद्यालयमा प्रशस्त लगानि गरेर पढाउनु पर्ने र अर्कोतर्फ सरकारी र सामुदायिक विद्यालयमा अपेक्षाकृत गुणस्तरीय शिक्षा प्राप्त नहुने अवस्थाका कारण आम नागरिकहरुलाई राज्यको दायित्व भित्र पर्ने शिक्षा क्षेत्रमा खर्च गर्नुपर्ने बाध्यता छ। अर्कोतर्फ नगरपालिकामा संस्थागत तथा निजी विद्यालय वा कलेजमा पढाउन नसक्नेको संख्या धेरै देखिन्छ। सामुदायिक वा सरकारी र संस्थागत वा निजी विद्यालय/कलेज बीचको शैक्षिक गुणस्तरको भिन्नता बढ्दै गैरहेको र सामुदायिक विद्यालयहरूको गुणस्तर सुधारमा ठोस उपलब्धी हासिल भै-नसकेको अवस्थामा एकै उमेर समूहका विद्यार्थीहरू बीच शिक्षामा समान पहुँचका दृष्टिकोणले हेर्दा असमान स्थिति उचित नभएकाले सम्बन्धित सबै सरोकारवालाहरूको चासो केन्द्रित हुन जरुरी छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।



## ७.२.८ ५ वर्षदेखि ३५ वर्षसम्म उमेर समूहका जनसंख्या हाल विद्यालय/कलेज नजानुका कारणका आधारमा वडागत विवरण


**तालिका नं. ६७ :** ५ वर्षदेखि ३५ वर्षसम्म उमेर समूहका जनसंख्या हाल विद्यालय/कलेज नजानुका कारणका तथा लिङ्गको आधारमा वडागत विवरण

| हाल विद्यालय/कलेज नजानुको कारण | वडा नं. | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| अरु पढ्ने ठाउँ नभएकोले | ४ | २८ | १३ | ४८ | ६ | १९२ | ७ | ७८ | १११ | ४८७ | ३.४४ |
| धेरै महँगो भएकोले | ४१ | ११८ | ७०१ | ८६ | १३ | १०३ | ६ | २०४ | ८२२ | २०९४ | १४.८१ |
| धेरै टाढा भएकोले | ४ | ९७ | १५ | ३० | १५ | ४ | ४ | २१ | १३२ | ३२२ | २.२८ |
| घरमा काम सघाउनु परेकोले | ३३७ | ७५१ | १७४ | २४७ | २३३ | ११६ | २८४ | ३२६ | ५७८ | ३०४६ | २१.५५ |
| बाबु/आमाले नचाहेकोले | १०१ | ४१२ | ६३० | २०४ | ८५१ | १९८ | ४७४ | ३५० | २६० | ३४८० | २४.६२ |
| चाहेजति पढिसकेकोले | २३ | ५९ | १२ | ९९ | १८ | ८१ | ११ | २६ | २१५ | ५४४ | ३.८५ |
| विवाह भएकोले | ६४ | ४८ | ७९ | ४२९ | १४८ | १०८ | ७५ | २०४ | ७० | १२२५ | ८.६७ |
| काम शुरु गरेको/जागिर पाएर | ९ | ३ | १० | ११७ | १९ | १७ | २ | २६ | ४७ | २५० | १.७७ |
| विद्यालयले भर्ना गर्न नमानेकोले | ३ | ५ | २ | १९ | ० | ३ | ९ | ६ | २६ | ७३ | ०.५२ |
| अन्य | २६८ | ११७ | २०० | ६७९ | ४२० | ४५० | ३५६ | ८५ | ४१ | २६१६ | १८.५० |
| हाल विद्यालय/कलेज नजाने जम्मा जनसंख्या | ८५४ | १६३८ | १८३६ | १९५८ | १७२३ | १२७२ | १२२८ | १३२६ | २३०२ | १४१३७ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा ५ देखि ३५ वर्षसम्म उमेरसमुहका हाल १४,१३७ जना विद्यालय/कलेज गैरहेका छैनन् । विद्यालय/कलेज नजानुको कारण हेर्दा सबैभन्दा बढी ३,४८० अर्थात २४.६२ प्रतिशतले आमा/बाबुले नचाहेकाले, ३,०४६ अर्थात २१.५५ प्रतिशतले घरमा काम सघाउनु परेकोले, २,०९४ अर्थात १४.८१ प्रतिशतले धेरै महँगो भएकाले र १२२५ अर्थात ८.६७ प्रतिशतले विवाह भएकोले भन्ने जवाफ दिएका छन् । अन्यमा कारण उल्लेख्य जनसंख्या रहेको छ । जे सुकै कारणले भएपनि उचित शिक्षाबाट बञ्चित हुनु राम्रो होइन तसर्थ शिक्षालाई प्राथमिकता दिने र युवाहरूलाई शिक्षातर्फ उत्साहित गर्न रोजगारमूलक र जीवनोपयोगी शिक्षा, व्यवसायीक, शिक्षा तथा सीपमूलक शिक्षाको व्यवस्था गर्नु आवश्यक हुन्छ वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**५ देखि ३५ वर्षका हाल विद्यालय/कलेज नगएकाहरूको कारणका आधारमा वडागत लैङ्गिक विवरण**




## ७.२.९ १० वर्ष वा सोभन्दा माथिको जनसंख्यामा औपचारिक/अनौपचारिक तालिम सम्बन्धी वडागत विवरण


**तालिका नं. ६८ :** १० वर्ष वा सोभन्दा माथिको जनसंख्यामा औपचारिक/अनौपचारिक तालिम सम्बन्धी वडागत विवरण

| वडा नं. | औपचारिक/अनौपचारिक तालिम लिएका | औपचारिक/अनौपचारिक तालिम नलिएका | जम्मा |
|---|---|---|---|
| १ | ५३ | १७८१ | १८३४ |
| २ | ६४ | ३१७० | ३२३४ |
| ३ | १०६ | ३५३५ | ३६४१ |
| ४ | ११९ | ३८२७ | ३९४६ |
| ५ | २१७ | २८१३ | ३०३० |
| ६ | ६२ | ३०६५ | ३१२७ |
| ७ | ६६ | २७०४ | २७७० |
| ८ | १०७ | ३१२८ | ३२३५ |
| ९ | १९२ | ४०९६ | ४२८८ |
| **जम्मा** | ९८६ | २८११९ | २९१०५ |
| **प्रतिशत** | ३.४% | ९६.६% | १००.०% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा रहेका १० वर्ष वा सो भन्दा माथिका २९,१०५ जनसंख्यालाई के तपाईले कुनै औपचारिक वा अनौपचारिक तालिम लिनुभएको छ भनि सोधिएको प्रश्नमा औपचारिक/अनौपचारिक तालिम लिएको छ भन्नेको संख्या ९८६ अर्थात ३.४ प्रतिशत र औपचारिक/अनौपचारिक तालिम लिएको छैन भन्नेको संख्या २८,११९ अर्थात ९६.६ प्रतिशत देखिन्छ। गुणस्तरीय जीवन निर्वाह गर्दा र रोजगार तथा पेशालाई उन्नत, प्रविधियुक्त र बढी उत्पादन मूखी बनाउन मानव संसाधन विकासको मूल आधार भनेको शिक्षा र तालिम नै हो। नगरपालिकाको

९६.६ प्रतिशत जनसंख्या कुनैपनि प्रकारको तालिम वा सिप विहिन हुनु भनेको मानव संशाधन विकासको अत्यन्त गम्भीर अवस्था भएकोले सीप विकास तथा तालिमका माध्यमबाट मानव संशाधन विकासमा उल्लेख्य फड्को मार्न सके मात्र कार्यक्षमता विकास मार्फत वृहद विकासमा अघि बढ्न सकिन्छ । यसतर्फ सबैको ध्यान जानु जरुरी छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




### ७.२.१० शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

**विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु :** विद्यार्थीहरू प्राथमिक तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासीहरूको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रुपमा देखिएको छ ।

**कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु :** प्राथमिक तहको विद्यार्थीहरूको तथ्याङकलाई आधार मानेर हेर्दा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ ।

**दलित, आदिवासी जनजाती भर्नादर न्यून हुनु :** विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु नगरपालिकाको शैक्षिक विकासको चुनौतीको रुपमा रहेको छ ।

**दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दर :** नगरपालिकाको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरूको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो ।

**विद्यालयहरू आर्थिक रुपले कमजोर हुनु :** नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिले समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्यक विद्यालयहरूको आर्थिक स्थिति निकै कमजोर देखिन्छ । दुर्बल आर्थिक अवस्थाले गर्दा शैक्षिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्न बाधा पुगेको देखिन्छ ।

**अभिभावकहरू चनाखो नहुनु :** बालबालिकाहरूको शैक्षिक प्रगतिबारे अभिभावकहरूको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरूको स्थितिबारे अभिभावकलाई जानकारी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ ।

**शिक्षक दरबन्दी कम हुनु :** दरबन्दी अनुसार शिक्षकको कमी हुनु तथा केही समयका लागि कुनै शिक्षकको अनुपस्थिति हुँदा कक्षाहरू खाली रहने गरेको देखिन्छ । यसरी शिक्षकहरू तालिममा जाँदा, सुत्केरी बिदा वा सञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालित शिक्षकको व्यवस्था गर्न सक्ने प्रावधान रहेको छैन । एकातिर नेपाल सरकारबाट आवश्यक दरबन्दी अनुसार शिक्षक उपलब्ध गराउन नसक्नु अर्कोतर्फ स्थानीय निकाय एवम् व्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन ।

**राजनीतिकरण हुनु :** विभिन्न राजनीतिक पार्टीहरूले शिक्षकहरूको संगठनहरू मार्फत शिक्षकहरूलाई आफ्नो पार्टीको स्वार्थ पूरा गर्न प्रयोग गरिरहेको देखिएको छ । राजनीतिक पार्टीहरूको दबावका कारण शिक्षकहरूमाथि अनुशासनको कारवाही समेत गर्न नसकेको पाइएको छ । यस बाहेक व्यवस्थापन समितिले समेत शिक्षकहरूलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रुपमा प्रयोग गर्दै आएको देखिएको छ ।

**शिक्षकहरूमा प्रतिबद्धताको कमी :** शिक्षकहरूले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रुपमा देखा परेको छ । प्रायः पठन-पाठन समयमा पुरा नहुनु समेत मुख्य समस्याको रुपमा देखिएको छ ।

**आधुनिक प्रविधिको प्रयोग नहुनु :** सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरू बञ्चित हुनु पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ । प्रायः धेरै विद्यार्थी र शिक्षकहरू कम्प्युटर र इन्टरनेटको प्रयोगको सुबिधाबाट बञ्चित रहेका छन् ।

## ७.३ स्वास्थ्य

नेपालको प्रदेश नं २ अन्तर्गत तराईमा अवस्थित परोहा नगरपालिकाको स्वास्थ्य अवस्था र स्वास्थ्य सेवामा मध्यम पहुँच देखिन्छ । नगरपालिकामा सबैजसो वडाहरुमा स्वास्थ्य चौकीका साथसाथै अन्य सञ्चालित निजी फार्मेसी, क्लिनिक तथा पोलिक्लिनिक जस्ता स्वास्थ्य संस्थाहरूले सेवा पुऱ्याईरहेका छन् । ग्रामीणस्तरमा उपचारात्मक स्वास्थ्य स्थिति सामान्य रहेको छ भने नगरपालिकाको केन्द्र तथा बजार क्षेत्रमा निजी तथा सरकारी स्वाथ्य संस्थाको पहुँच ग्रामीण भेग भन्दा सहज देखिन्छ । यद्यपि नगरपालिकाको आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरू छैनन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षण अनुसार करिब आधाजति जनसंख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्र यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ।

यस क्षेत्रमा आपतकालिन प्रसुती सेवा (Emergency Obstetric Care) को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ। समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको (Symptoms) गम्भीरता सम्बन्धि बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System)_माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि लामो यात्रा गर्नुपर्ने सेवाको लागत, परम्परागत विश्वास, आदिका स्वास्थ्य क्षेत्रका समस्याहरु हुन् ।

नगरपालिकामा रहेको स्वास्थ्य केन्द्रमा विशेषज्ञ चिकित्सकहरूको (Medical Officers) संख्यामा कमी रहेको छ। दरबन्दी अनुसार डाक्टर लगायत स्वास्थ्यकर्मीहरू उपलब्ध हुन सकेको छैन । अस्पतालमा हालसम्म अवस्ट्रेटीसियन (Obstetrician) वा अनेस्थेसिओलोजिस्ट (Anaesthesiologist) छैनन् र पर्याप्त मात्रामा औषधीको आपुर्ति हुदैन।

स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रुपमा रहेको देखिन्छ। दुर्गम वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा अझ कठिनाई झेल्नु पर्ने अवस्था छ।

### ७.३.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू

सन् १९९० देखि तराईमा जम्मा ४०० जनसंख्याको आधारमा महिला स्वास्थ्य स्वयंसेवीकाहरू छनौट गर्ने प्रावधान रहेको थियो । नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीति अनुसार सन् २००० को प्रारम्भमा नै छनौट भएका महिला स्वास्थ्य स्वंयसेविकाहरूले उपचारात्मक, प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन्। परोहा नगरपालिकामा ९ वटा महिला स्वयम सेविकाहरू कार्यरत रहेका छन् ।

### ७.३.२ गााउँघर क्लिनीक र नियमित खोप

खोप तथा मासिक क्लिनिकहरू सञ्चालन गर्नको लागि हरेक नगरपालिकाले विभिन्न स्थानहरूको पहिचान गर्दछ। नगरपालिकाका विभिन्न स्थानमा गाउँघर क्लिनिक कार्यक्रम संचालन भएको पाइएको छ। यी स्थानहरूमा आश्विन महिना बाहेक क्लिनिकहरूलाई नियमित रुपमा सञ्चालन गरिएको देखिन्छ । यद्यपी तिनीहरूलाई खटाइएको कर्मचारीहरूको नियमित उपस्थिति भने कम पाइएको छ भने औषधीको आपुर्ति पनि उपलब्ध छैन। शारिरिक वृद्धिको लेखाजोखा जस्ता अन्य सेवाहरू स्वास्थ्य चौकीको तहमा मात्र उपलब्ध गराइन्छ। नगरपालिकामा नियमित खोप कार्यक्रम नियमित रुपमा नै चालु रहेको छ तथा यसले ढाक्ने लक्षित वर्ग पनि बढ्दो क्रममा पाइएको छ। ६ किसिमका विभिन्न प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जन्मेको १ वर्षभित्र ११ वटा खोप पुरा लगाइसक्नु पर्दछ।

### ७.३.३ एच. आई. भी./एड्सको अवस्था

सन् १९८८ मा पहिलो संक्रमण भेटिएपछि नेपालमा एच.आई.भी.को प्रकोप विस्तारै बालबालिकामा पनि फैलिन थालेको छ। बालबालिका समेत यो समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभावित हुदै गएका छन्। हाल नेपालमा एचआईभी संक्रमित बालबालिकाको संख्या उल्लेख्य रहेको छ। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार २०७१ को साउन महिना सम्म नेपालमा भेटिएका जम्मा २२,९९४ एच.आइ.भी.संक्रमण मध्ये १६१८ जना १५ वर्ष मुनिका बालबालिकामा एच.आइ.भी. संक्रमण भेटिएको छ। भारतलगायतका अन्य मुलुकमा कामको खोजीमा जाने अभ्यास, बढ्दो रुपमा भइरहेको देह व्यापार, चेलीबेटी बेचविखन, सुईद्वारा लागुपदार्थको प्रयोग, अशिक्षा र गरिबीजस्ता सामाजिक समस्याले एच.आइ.भी.को प्रकोप बढाउनमा भूमिका खेलिरहेका छन्। जिल्ला एड्स समन्वय शाखाको तथ्याङ्क अनुसार रौतहट जिल्ला पनि एच.आई.भी./एड्सको जोखिममा रहेको छ। यद्यपि नगरपालिकामा एच.आइ.भी. संक्रिमितको संख्या उपलब्ध छैन।

### ७.३.४ सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदा देखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलतः आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानुनी रुपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकेको छ। तर १७ प्रतिशत किशोरीहरू १५ देखि १९ वर्ष उमेरमा गर्भवती भएका वा आमा भइसकेका हुन्छन् (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११)।

### ७.३.५ १५ देखि ४९ वर्ष उमेर समूहका महिलाले हालसम्म जीवित सन्तान दिए/नदिएको विवरण

**तालिका नं. ६९ :** १५ देखि ४९ वर्ष उमेर समूहका महिलाले हालसम्म जीवित सन्तान दिए/नदिएको विवरण

| वडा नं. | जीवित सन्तान जन्म दिएको | | जीवित सन्तान जन्म नदिएको | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ४३४ | ५.९% | ९४ | १.३% | ५२८ | ७.२% |
| २ | ७०० | ९.५% | १४२ | १.९% | ८४२ | ११.४% |
| ३ | ७९० | १०.७% | १११ | १.५% | ९०१ | १२.२% |
| ४ | ५९६ | ८.१% | ३८७ | ५.३% | ९८३ | १३.४% |
| ५ | ४९५ | ६.७% | ३२८ | ४.५% | ८२३ | ११.२% |
| ६ | ६५७ | ८.९% | १०३ | १.४% | ७६० | १०.३% |
| ७ | ५४३ | ७.४% | १९६ | २.७% | ७३९ | १०.०% |
| ८ | ५९६ | ८.१% | १०१ | १.४% | ६९७ | ९.५% |
| ९ | ३८२ | ५.२% | ७०२ | ९.५% | १०८४ | १४.७% |
| **जम्मा** | **५१९३** | **७०.६%** | **२१६४** | **२९.४%** | **७३५७** | **१००.००** |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*


### ७.३.६ बितेका १२ महिनामा जन्मेका शिशुहरूको जन्मदाको तौलका आधारमा वडागत विवरण

**तालिका नं. ७० :** बितेका १२ महिनामा जन्मेका शिशुहरूको जन्मदाको तौलका आधारमा वडागत विवरण

| वडा नं. | २.५ केजी भन्दा कम | | २.५ केजी भन्दा बढी | | जम्मा |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ४३ | १७.०६% | २८ | ६.७१% | ७१ |
| २ | २५ | ९.९२% | ५३ | १२.७१% | ७८ |
| ३ | २० | ७.९४% | ४३ | १०.३१% | ६३ |
| ४ | ४२ | १६.६७% | ३८ | ९.११% | ८० |
| ५ | ३६ | १४.२९% | ६० | १४.३९% | ९६ |
| ६ | २ | ०.७९% | ५१ | १२.२३% | ५३ |
| ७ | १६ | ६.३५% | ६१ | १४.६३% | ७७ |
| ८ | १८ | ७.१४% | ४८ | ११.५१% | ६६ |
| ९ | ५० | १९.८४% | ३५ | ८.३९% | ८५ |
| **जम्मा** | २५२ | ३७.६७ | ४१७ | ६२.३३ | ६६९ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा वितेको १२ महिनामा जन्मेका शिशुहरूको जन्मदाको तौलका आधारमा हेर्दा जम्मा ६६९ शिशु जन्मिएकोमा २.५ के.जी.भन्दा कम तौल भएका शिशुहरूको संख्या २५२ अर्थात ३७.६७ प्रतिशत र २.५ के.जी. भन्दा बढी तौल हुनेको संख्या ४१७ अर्थात ६२.३३ प्रतिशत रहेको थियो । २.५ के. जी. भन्दा कम तौलको शिशु जन्मनुमा गर्भवती हुँदा आमाको उचित स्याहार र खानपान नपुग्नु तथा आवश्यक सम्पूर्ण पोषण सहितको आहार नहुनु, धुम्रपान र किशोरी अवस्थामै आमा बन्नु जस्ता कारणहरू जिम्मेबार हुन्छन् । यस्ता शिशुहरूको शिशु मृत्युदर समेत उच्च रहन्छ । तसर्थ यसको समाधानका लागि उपयुक्त उमेरमा विवमह, उचित खानपान र स्याहारको प्रबन्ध गर्नुका साथै गर्भवती अवस्थामा परीवारका सदस्यहरूले गर्भवतीको उचित हेरचाह पुऱ्याउनु आवश्यक हुन्छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



### ७.३.७ खोपको विवरण

बालबालिका भविष्यका निर्माता हुन् । यसको लागि यिनीहरु स्वस्थ्य र निरोगी हुनु आवश्यक छ। बालक अवस्थामा उनीहरुलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रामा दिनै पर्दछ। बालबालिकाहरुको लागि पाँचओटै खोपहरु नियमित पुरा मात्रामा दिनु पर्दछ। नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुर्याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.-४) प्राप्त गर्न सहयोग पुगेको छ।

बाल्यकाल तथा उमेर पुगेपछि लाग्न सक्ने प्राणघातक रोगहरू जस्तै क्षयरोग, भ्यागुते रोग, लहरे खोकी, धनुषटंकार, हेपाटाइटिस बी, इन्ल्फुयन्जा टाइप बी, पोलियो, न्यूमोनिया, दादुरा, रुबेला र जापानिज इन्सफलाइटिस् विरुद्ध चरणबद्ध रुपमा समयमै खोपहरू अनिवार्य रुपमा लगाउनु पर्दछ। ती खोपहरू क्रमशः BCG, DPT, OPV, PCV, IPV, MR, JE / ID हुन्। यसरी खोपहरू समयमै लगाउँदा अत्यन्त सिमीत लगानीमा ठूला रोगहरूको जोखिमबाट मुक्त भई बाल मृत्यूदर नियन्त्रण गर्ने प्रभावकारी उपाय हुन्छ।


### ७.३.८ वर्षभन्दा कम उमेरका पूर्ण खोपयुक्त बालबालिकाको विवरण

नगरपालिकामा रहेका पाँच वर्षसम्मका कुल ३,११६ बालबालिकाहरू मध्ये २,४८० अर्थात ७९.६ प्रतिशतले पूर्णरुपमा खोप लगाएको पाइयो भने ६०० अर्थात १९.३ प्रतिशत बालबालिकाहरूले भने पूर्ण खोप नलगाएको पाइयो। यति ठूलो संख्याका बालबालिकाहरू खोपबाट टाढा हुँदा उनीहरूको स्वास्थ्य जोखिममा पर्दछ। यसले बाल मृत्युदर बढाउने र बालकको आधारभूत स्वास्थ्य सेवा प्राप्त गरी बाँच्न पाउने मौलिक अधिकार समेत हनन् हुने हुँदा यस तर्फ सरोकारवालाहरूको ध्यान पुग्नु जरुरी छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ७१ :** ५ वर्षभन्दा कम उमेरका पूर्ण खोपयुक्त बालबालिकाको विवरण

| वडा नं. | पूर्णखोप पाएका बालबालिका | | पूर्ण खोप नपाएका बालबालिका | | थाहा नभएको | | ५ वर्षसम्मका जम्मा बालबालिका |
|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | २८३ | ९.१% | १६ | ०.५% | १ | ०.०% | ३०० |
| २ | ५९० | १८.९% | ३५ | १.१% | ० | ०.०% | ६२५ |
| ३ | ३७४ | १२.०% | ६७ | २.२% | ४ | ०.१% | ४४५ |
| ४ | १५९ | ५.१% | ११३ | ३.६% | ० | ०.०% | २७२ |
| ५ | १८९ | ६.१% | ४१ | १.३% | ४ | ०.१% | २३४ |
| ६ | २४७ | ७.९% | ४५ | १.४% | २ | ०.१% | २९४ |
| ७ | १०४ | ३.३% | ४४ | १.४% | ० | ०.०% | १४८ |
| ८ | ४४९ | १४.४% | ११२ | ३.६% | २ | ०.१% | ५६३ |
| ९ | ८५ | २.७% | १२७ | ४.१% | २३ | ०.७% | २३५ |
| **जम्मा** | २४८० | ७९.६% | ६०० | १९.३% | ३६ | १.२% | ३११६ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*




### ७.३.९ बाल्यकालमा हुने रोगका जोखिम

५ वर्षमुनिका बालबालिकालाई विभिन्न रोगले संक्रमण गर्ने उच्च सम्भावना रहन्छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रुपमा श्वासप्रश्वास सम्बन्धि रोग, निमोनिया, झाडापखाला, कडा जलविनियोजन, मलेरिया, दादुरा र कुपोषण पर्दछन्। सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागु गरेको छ। कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ।

### ७.३.१० शिशु तथा ५ वर्ष मुनिको बाल मृत्युदर

राष्ट्रिय जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षण २०१६ (National Demographic and Health Survey 2016) का अनुसार नवजात शिशु मृत्युदर २१ प्रति हजार, शिशु मृत्युदर ३२ प्रति हजार र पँच वर्ष मुनिको बाल मृत्युदर ३९ प्रति हजार रहेको तथ्याङ्क सार्वजनिक भएको छ। परोहा नगरपालिकाको पाँच वर्ष मुनिको बाल मृत्युदर तथा शिशु मृत्युदरको तथ्याङ्क नभएतापनि राष्ट्रिय तथ्याङ्कले यहाँको अवस्था अनुमान गर्न सकिन्छ।

### ७.३.११ बालपोषण सम्वन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सुचकको रुपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित रुपमा बालवृद्धि अनुमान गर्दै आएको छ। बालअधिकार सम्बन्धि महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, बेवास्ता,

हेलचेक्राइ, दुव्यर्वहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान (२०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रुपमा राखेको छ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिक बिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ। यस नगरपालिकामा राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भइ आएका छन्। स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन्। कार्यक्रम सञ्चालनको सहयोगका लागि नगरपालिकामा स्वास्थ्य सञ्जाल विस्तार भएको छ।

### ७.३.१२ दीर्घकालीन रोगको प्रकार अनुसार दिर्घ रोगीहरूको जनसंख्या विवरण

नगरपालिकामा रहेका कुल जनसंख्या मध्ये दिर्घ रोगका कारण पिडितहरूको संख्या १,११४ रहेको छ। यी मध्ये सबैभन्दा बढी बाथ/हाडजोर्नी सम्बन्धी समस्या भएका २९० जना, दोस्रोमा ग्याष्ट्रिक/अल्सर/आन्द्राको रोग हुनेहरू संख्या २२४ जना, तेस्रोमा दम हुनेहरूको संख्या २१२ जना रहेका छन् भने यस बाहेक रक्तचापसम्बन्धी रोगी, मुटु रोगी, मधुमेह, महिला सम्बन्धी रोगी, श्वासप्रश्वास सम्बन्धी रोगीहरूको लगायतका दीर्घरोगीहरु रहेका छन्। त्यस्तै अन्य दीर्घ रोगीहरुको संख्या समेत धेरै रहेको छ। विशेषगरी खानपान र जीवनशैली, धुम्रपान, मध्यपान, शारिरीक व्यायामको कमी, मानसिक चिन्ता तथा बंशाणुगत कारणले दिर्घ रोगहरू लाग्छन्। तसर्थ यस्ता रोगहरू कम गर्न व्यापक स्वास्थ्य चेतना फैलाउने खालका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ। विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ७२ :** दीर्घकालीन रोगको प्रकार अनुसार दिर्घ रोगीहरूको जनसंख्या विवरण

| दीर्घ रोगको प्रकार | वडा नं. | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| बाथ/जोर्नी दुखाई | २७ | १२ | ८७ | ३० | १५ | २४ | २ | २० | ७३ | २९० | २०.५१% |
| अन्य | १ | ६ | ६० | ४२ | ९ | ६१ | ६ | १५ | ३१ | २३१ | १६.३४% |
| ग्याष्ट्रिक/अल्सर/आन्द्राको रोग | १७ | ६ | ४५ | १४ | १६ | १९ | ४ | ५६ | ४७ | २२४ | १५.८४% |
| दम | २१ | २८ | ५४ | २४ | १५ | २६ | ४ | १२ | २८ | २१२ | १४.९९% |
| रक्तचाप(उच्च/न्यून) | ७ | ६ | २० | ११ | २ | १५ | ४ | ७ | २३ | ९५ | ६.७२% |
| मुटु सम्बन्धी रोग | ६ | ५ | १९ | ३ | ७ | १३ | ० | ९ | १६ | ७८ | ५.५२% |
| मधुमेह | १० | ० | १७ | ११ | ४ | १६ | ० | ५ | ६ | ६९ | ४.८८% |
| स्वासप्रश्वास सम्बन्धी रोग | १० | ६ | ४ | १ | ६ | ५ | २ | ३ | १७ | ५४ | ३.८२% |

| दीर्घ रोगको प्रकार | वडा नं. | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| स्त्री रोग | ० | १ | २ | १ | १० | ४ | १ | ७ | २२ | ४८ | ३.३९% |
| कलेजो सम्बन्धी | ३ | ० | २ | ४ | ४ | ५ | ० | ० | २६ | ४४ | ३.११% |
| छारे रोग | १ | १ | ४ | ० | ३ | ७ | ० | १ | ४ | २१ | १.४९% |
| पेशागत रोग | ० | ० | ३ | ० | १ | ० | ० | ० | ९ | १३ | ०.९२% |
| मृगौला सम्बन्धी रोग | १ | ३ | १ | ० | ५ | १ | ० | २ | ० | १३ | ०.९२% |
| पर्किन्सन/अल्जाइमर/माईग्रन | ३ | २ | ० | ० | ० | ० | १ | ० | ५ | ११ | ०.७८% |
| अर्बुद (क्यान्सर) | ० | ० | २ | १ | १ | ६ | ० | १ | ० | ११ | ०.७८% |
| **जम्मा** | १०७ | ७६ | ३२० | १४२ | ९८ | २०२ | २४ | १३८ | ३०७ | १४१४ | १००.००% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

## ७.४ खेलकुद तथा मनोरञ्जन

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी नगरपालिकाको खेल अनुशासन र खेलकुद विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस नगरपालिकामा खेलकुदको विकास भएको पाइन्छ। यसको लागि नगरपालिकाले विभिन्न खुला स्थानहरू छोडेको छ। तर ती स्थानहरूमा खेलकुदको लागि केही मात्र पूर्वाधार तयार भएको देखिन्छ। जिल्ला समन्वय समिति तथा गाउँपालिका/नगरपालिकाहरूले पनि आ-आफ्ना कार्यक्षेत्र भित्र गतिशिल रहने गरी खेलकुद विकास समितिहरू गठन गरेका छन्। विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुऱ्याइरहेका छन्। यसका अतिरिक्त स्थानीय सरकारद्वारा गठन हुने खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा विभिन्न खेलहरूको आयोजना गर्ने गरिएको छ। समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वस्थ शारिरीक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्युन लगानी हुने गरेको देखिन्छ। विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। हालका दिनहरूमा आएर निजी क्षेत्रहरूबाट पनि क्रिकेट, ब्याडमिन्टन जस्ता केही खास खेलहरूमा लगानी गर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ। यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारीको रुपमा विकसित गर्दै लैजानुपर्ने देखिन्छ।

नगरपालिकामा मनोरञ्जनको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलकुद मैदानहरू नभएपनि खुल्ला जमिन, चौर, फुटबल मैदानमा यहाँका मानिसहरूले मनोरञ्जन लिने गरको पाइन्छ तर ती खुला जामिन, चौर तथा खेलमैदान व्यवस्थित मैदानको रुपमा विकसित भईसकेको छैन। यहाँका किसानहरू धेरै समय आफ्नो खेत बारीमा विताउने गर्दछन् भने फुर्सदको समयमा उनिहरू त्यहाँको स्थानीय प्राकृतिमा रमाउने र आफ्नो पहुँचमा रहको मनोरञ्जनका क्रियाकलापहरू गर्ने गरेको पाइन्छ।

## ७.५ नागरिक सुरक्षा सेवा

### ७.५.१ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०६९ बमोजिम समाजका जेष्ठ नागरिक, एकल महिला, विधवा, दलित वर्ग, लोपोन्मुख आदिवासी जनजाति, अशक्त अपाङ्गता भएका नागरिकहरू एवंम दलित बालबालिकाहरूले सामाजिक सुरक्षा भत्ता वृत्ति अनुदान प्राप्त गर्ने व्यवस्था गरेको छ । परोहा नगरपालिकामा विगत १२ महिनामा सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने जनसंख्याको विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ७३ :** विगत १२ महिनामा सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने जनसंख्याको विवरण

| वडा नं. | सामाजिक सुरक्षाभत्ताको किसिम | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लागु नहुने | जेष्ठ नागरिक | एकल महिला | अशक्त/ अपाङ्ग | लोपोउन्मुख जातजाति | बाल संरक्षण | निवृत्ति भरण | अन्य | नपाएको |
| १ | १७३८ | ६७ | ३८ | ९ | ० | २२४ | ८ | ० | ५ |
| २ | ३०९८ | ११७ | ४७ | ९ | १ | ४४८ | ५ | ११ | ८ |
| ३ | ३६३८ | १५६ | ४८ | १७ | ० | ११७ | ५ | २ | १५ |
| ४ | ३२३४ | १०३ | ७३ | ९ | ० | १९ | १ | १२ | ७०८ |
| ५ | २९८६ | ९६ | १७ | ११ | २ | ४१ | ४४ | ६ | १७ |
| ६ | २९४० | १८७ | ४५ | १२ | ० | १२९ | ५ | ५ | ३५ |
| ७ | २१३६ | ११८ | २१ | ३ | ० | ० | १४ | १३ | ५८६ |
| ८ | २९४४ | १४६ | ३५ | १२ | ० | १५३ | २५ | ० | ३७१ |
| ९ | ४१९० | १३६ | ६४ | १० | ० | ४१ | ० | ६ | १५ |
| **जम्मा** | २६९०४ | ११२६ | ३८८ | ९२ | ३ | ११७२ | १०७ | ५५ | १७६० |
| **प्रतिशत** | ८५.२७% | ३.५६% | १.२३% | ०.२९% | ०.०१% | ३.७१% | ०.३४% | ०.१७% | ५.५७% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

### ७.५.२ आर्थिक वर्ष २०७५/०७६ मा सुरक्षाभत्ता प्राप्त गर्ने जनसंख्याको विवरण

**तालिका नं. ७४ :** आर्थिक वर्ष २०७५/०७६ मा सुरक्षाभत्ता प्राप्त गर्ने जनसंख्याको विवरण

| लक्षित समुह | गत आ.व बाट नवीकरण भएको संख्या | बार्षिक कायम भएको संख्या | | | |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | अन्य | जम्मा |
| जेष्ठ नागरिक (अन्य) | ११३१ | ६७८ | ५७४ | | १२५२ |
| जेष्ठ नागरिक (दलित) | २७३ | १३५ | १६४ | | २९९ |
| एकल महिला | २७२ | ० | २६९ | | २६९ |
| विधवा | ५५० | ० | ५९७ | | ५९७ |
| पुर्ण अपाङ्गता | ४१ | २८ | २० | | ४८ |
| अति अशक्त अपाङ्गता | ९५ | ७८ | ३५ | | ११३ |
| बालबालिका सुरक्षा भत्ता | ४०९ | १६० | २०० | | ३६० |
| बाल पोषण भत्ता | ४७९६ | ३०७९ | २६९६ | ४ | ५७७९ |
| जेष्ठ नागरिक औषधी भत्ता | १४७१ | ७२६ | ८५७ | | १५८३ |
| **जम्मा** | ९०३८ | ४८८४ | ५४१२ | ४ | १०३०० |

*स्रोत : परोहा नगरपालिका, २०७५*

## ७.६ अपाङ्गता सम्बन्धी विवरण

शरीरका अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चार समेतबाट सिर्जना भएको अवरोध समेतले दैनिक क्रियाकलाप सामान्यरूपमा सञ्चालन गर्न एवं सामाजिक जीवनमा पूर्ण सहभागी हुन कठिनाइ हुने अवस्थालाई अपाङ्गता भनिन्छ । खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समस्याका कारण उत्पन्न (Trachoma) रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ।


### ७.६.१ अपाङ्गताको किसिमको आधारमा जनसंख्याको विवरण

घरधुरी तथ्याङ्क सर्वेक्षण २०७५ को तथ्याङ्क अनुसार नगरपालिकामा रहेको कूल ३१,६०७ जनसंख्या मध्ये ३८३ जनामा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ । जसमध्ये शारिरीक अपाङ्गता भएका १९४ जना, दृष्टिविहिन अपाङ्गता भएका ५३ जना, सुनाइ सम्बन्धी अपाङ्गता भएका २५जना, स्वर बोलाई सम्बन्धी अपाङ्गता भएका ४२ रहेका छन् । थप अपाङ्गता तथा वडागत अपाङ्गताको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७५ :** अपाङ्गताको आधारमा जनसंख्या विवरण

| वडा नं. | अपाङ्गताको किसिम | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अपाङ्गता नभएको | शारीरिक अपाङ्गता | दृष्टिसम्बन्धी अपाङ्गता | सुनाईसम्बन्धी अपाङ्गता | श्रवण दृष्टिबिहीन | स्वरबोलाई सम्बन्धी अपाङ्गता | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहु अपाङ्गता |
| १ | २०६० | १५ | ४ | २ | १ | २ | ३ | १ | १ |
| २ | ३७०१ | १६ | १ | ६ | १ | ९ | ४ | २ | ४ |
| ३ | ३९६१ | २१ | ७ | ० | ० | ७ | २ | ० | ० |
| ४ | ४०९९ | २८ | ९ | ४ | ० | ८ | ९ | २ | ० |
| ५ | ३१६८ | २८ | १० | ४ | ० | १ | ७ | ० | २ |
| ६ | ३३०६ | २१ | ८ | १ | ४ | ११ | २ | ३ | २ |
| ७ | २८७३ | १२ | ० | १ | २ | ० | १ | १ | १ |
| ८ | ३६५२ | १८ | १ | २ | १ | ४ | १ | ३ | ४ |
| ९ | ४४०४ | ३५ | १३ | ५ | २ | ० | ३ | ० | ० |
| **जम्मा** | ३१२२४ | १९४ | ५३ | २५ | ११ | ४२ | ३२ | १२ | १४ |
| **प्रतिशत** | ९८.७९% | ०.६१% | ०.१७% | ०.०८% | ०.०३% | ०.१३% | ०.१०% | ०.०४% | ०.०४% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*




### ७.६.२ अपाङ्गता भएको अवधिको आधारमा अपाङ्ग जनसंख्याको विवरण

**तालिका नं. ७६ :** अपाङ्गता भएको अवधिको आधारमा अपाङ्ग जनसंख्याको विवरण

| वडा | अपाङ्गता भएको अवधि | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ०-१ वर्ष | २-३ वर्ष | ४-५ वर्ष | ६-९ वर्ष | १०-१४ वर्ष | १५–२५ वर्ष | २६-४० वर्ष | ४० वर्ष भन्दा बढी | जन्मैदेखि |
| १ | ३ | २ | २ | ३ | २ | ५ | १ | ० | ११ |
| २ | २ | ० | २ | १ | ३ | ३ | ० | ० | ३२ |
| ३ | ० | १ | ५ | २ | २ | २ | ३ | १ | २१ |
| ४ | ९ | ५ | ८ | ४ | १० | ८ | ३ | १ | १२ |
| ५ | १ | ५ | ५ | ३ | ३ | ७ | ४ | १ | २३ |
| ६ | ५ | ४ | ० | २ | २ | ३ | १ | १ | ३४ |
| ७ | ३ | १ | १ | ० | ७ | ३ | २ | ० | १ |
| ८ | ० | १ | ० | १ | २ | ३ | १ | ० | २६ |
| ९ | ४ | ११ | ६ | ३ | १२ | ९ | २ | ० | ११ |
| **जम्मा** | २७ | ३० | २९ | १९ | ४३ | ४३ | १७ | ४ | १७१ |
| **प्रतिशत** | ७.०% | ७.८% | ७.६% | ५.०% | ११.२% | ११.२% | ४.४% | १.०% | ४४.६% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

### ७.६.३ अपाङ्गता परिचयपत्रको आधारमा अपाङ्ग जनसंख्याको विवरण

अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्यून दृष्टियुक्त, स्वरबोलाई सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग (पहेलो रङको परिचयपत्र) र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। हालसम्म यो समुदायको

सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानिय स्रोत साधन र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ। अपाङ्गता परिचयपत्रको आधारमा अपाङ्ग जनसंख्याको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ७७ :** अपाङ्गता परिचयपत्रको आधारमा अपाङ्ग जनसंख्याको विवरण

| वडा नं. | अपाङ्गता परिचयपत्रको किसिम | | | | | अपाङ्गता भएका जम्मा |
|---|---|---|---|---|---|---|
| | रातो कार्ड | नीलो कार्ड | पहेँलो कार्ड | सेतो कार्ड | कार्ड नपाएको | |
| १ | ५ | ० | १ | ३ | २० | २९ |
| २ | ५ | २ | ५ | १ | ३० | ४३ |
| ३ | ९ | ५ | २ | २ | १९ | ३७ |
| ४ | ५ | ९ | १ | ४ | ४१ | ६० |
| ५ | २ | ४ | २ | ५ | ३९ | ५२ |
| ६ | ३ | ९ | ० | २ | ३८ | ५२ |
| ७ | २ | २ | १ | २ | ११ | १८ |
| ८ | ५ | ३ | ४ | ५ | १७ | ३४ |
| ९ | ३ | ५ | ४ | ० | ४६ | ५८ |
| जम्मा | ३९ | ३९ | २० | २४ | २६१ | ३८३ |
| प्रतिशत | १०.२% | १०.२% | ५.२% | ६.३% | ६८.१% | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

**तालिका नं. ७८ :** नगरपालिकामा दर्ता भएको तथ्याङ्क अनुसार हालसम्म अपाङ्ग परिचयपत्र प्राप्त जनसंख्याको विवरण

| वडा नं. | पूर्ण अशक्त अपाङ्ग (रातो रंगको | | | अती अशक्त अपाङ्ग (निलो रंगको) | | | मध्यम अपाङ्गता (पहेलो रंगको) | | | सामान्य अपाङ्गता (सेतो रंगको) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १-९ | ३० | २९ | ५९ | ६७ | २९ | ९६ | ३४ | ३८ | ७२ | २५ | ४२ | ६७ |

*स्रोत : परोहा नगरपालिका, २०७५*

## ७.७ महिला तथा बालबालिका

### ७.७.१ बालबालिकासम्बन्धी विवरण

अन्तराष्ट्रिय स्तरमा १८ वर्षभन्दा मुनिका बालबालिकालाई बालक/बालिका भनिन्छ भनेता पनि नेपालको बालबालिकासम्बन्धी ऐन २०४८ ले १६ वर्षभन्दा मुनिका सम्पूर्ण मानिसहरूलाई बालबालिका हुन् भनेर परिभाषित गरेको छ। बालबालिका भविष्यका कर्णधार हुन्। बालबालिका साझा भविष्य हुन र उनीहरूको स्वतन्त्रता, अधिकार, संरक्षण, विकास र जीवनस्तर सुधारको लागि सामूहिक प्रतिवद्धता र साझा प्रयास आवश्यक छ भन्ने कुरा महसुस गरी संयुक्त राष्ट्र संघले सन् सन् १९८९ नोभेम्बरमा बाल अधिकारसम्बन्धी महासन्धि पारित गरे पछि हरेक वर्ष नोभेम्बर २० का दिन अन्तराष्ट्रिय बाल दिवस मनाइन्छ। नेपालको संविधान २०७२ ले बालबालिकासम्बन्धी थुप्रै हक अधिकारहरू समेटेको छ। नेपालको संविधान २०७२ को भाग ३ को धारा ३९ मा देहाय बमोजिमको बालबालिकाको हकको व्यवस्था गरिएको छ।

१ प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ।

२ प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ ।

३ प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

४ कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

५ कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

६ कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

७ कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

८ प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

९ असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

१० उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

यो सँगै बालबालिकाहरूको अधिकारसम्बन्धी महासन्धिमा ५० वटा देशहरू मध्ये नेपालपनि एक हस्ताक्षर कर्ता हो । संविधानमा बालबालिकासम्बन्धी हकको सुनिश्चितता र विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाको प्रयासको बावजुत घरेलु कामदारको रूपमा खटिएका बालबालिकाहरू, उद्योग तथा कलकारखानामा कडा श्रममा खटिएका बालबालिकाहरू, शिक्षा बाट बञ्चित रहेका बालबालिकाहरू, बाँच्न पाउने नैसर्गिक अधिकार संविधानमा सुनिश्चित भएर पनि जन्मन नपाई जन्मने अधिकार खोसिएका बालबालिकाहरू र बाल अधिकारको उपयोगबाट टाढा रहेका बालबालिकाहरूको उदाहरणहरू समाजमा हामी सामु छर्लङ्ग नै छन् । यसरी समाजमा हुने गरेका बाल श्रम तथा बाल अधिकार बाट बंञ्चित बालबालिकाहरूको लागि अझै सरकार, नागरिक समाज सचेत रहन जरुरी छ ।

### ७.७.२ बालक्लब

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रूपमा बालबालिकाहरू क्रियाशिल रहेका छन्। बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यम बनेको छ। जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नीतिगत दस्तावेजहरूमा पनि उल्लेख गरिएको छ। बालबालिकाहरूलाई समूहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्तका गर्नका लागि विभिन्न स्तरका नीती तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधित्वलाई मान्यता दिइएको छ।

व्यक्तिगतरूपमा नगरपालिकामा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेको छन्। बालक्लबहरूले संचालन गरेका कार्यक्रमहरूमा ( १) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यालय भर्ना अभियान, (३) बालश्रम न्यूनीकरण कार्यक्रम, (४) बालसहभागिता अभिबृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८)

वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतनाशिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मुलनसम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन्। नगरमा भएका बालक्लबहरू विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७९ :** बालक्लबको विवरण

| समुदायमा आधारित वालक्लवहरू | | | | विद्यालयमा आधारित वालक्लवहरू | | | |
|---|---|---|---|---|---|---|---|
| **बालक्लबको कुल संख्या** | बालिका | बालक | जम्मा | **बालक्लबको कुल संख्या** | बालिका | बालक | जम्मा |
| ९ | १०४ | १३६ | २४० | – | – | – | – |

*स्रोत : महिला तथा बालबालिका कार्यालय, २०७५*

## ७.७.३ बाल सञ्जालको अवस्था

**तालिका नं. ८० :** बाल सञ्जालको अवस्था

| वडा नं. | बाल सञ्जालको विवरण | सदस्य संख्या | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | लैङ्गिक आधार | | सामाजिक आधार | | | |
| | | बालक | बालिका | दलित | जनजाती | अन्य | |
| १–९ | नगरस्तरीय बाल संजाल | १३ | ९ | ४ | ७ | ११ | २२ |

*स्रोत : जिल्ला बाल कल्याण समिति, २०७५*

## ७.७.४ बालश्रमको अवस्था

आधारवर्ष २०१५ मा जोखिमपूर्ण अवस्थामा कार्यरत बालबालिकाको ३० प्रतिशत रहेकोमा सन् २०३० सम्म सुन्यमा झार्ने लक्ष्य लिइएको छ (SDG-8)।

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो। नेपालमा कानूनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ। १३ वर्ष उमेर नपुगेका बालबालिकाहरूलाई श्रमिकका रूपमा काममा लगाउन हुदैन भने १४ वर्षदेखि १५ वर्षसम्मकालाई खासखास क्षेत्रको हलुका र विशेष सुविधाका काममा लगाउन पाइन्छ। कुनै पनि बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन पाइदैन। तथापी सुरक्षित वातावरणमा नयाँ-नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिकाहरू बालश्रमिकका रूपमा काम गर्न बाध्य छन्। आफ्ना बालापनलाई कडा श्रमसँग साटिरहेका छन्। काम गर्नु पर्नाले शिक्षाबाट बञ्चित हुनुदेखि शोषण र दुर्व्यवहारबाट धेरै बालबालिका पिडित भएका छन्। नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठुला अध्ययन भए तापनि आवधिक, एकिकृत, आधिकारिक तथ्याङ्क तथा जानकारीको भने अभाव छ। बालश्रम नेपाली बालबालिकाको एक दु:खद यथार्थ हो । बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरित कार्य हो। यसैगरी नेपालले राज्य पक्षका रूपमा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघका बाल अधिकार सम्बन्धि महासन्धि, १९८९, अन्तराष्ट्रिय श्रम संगठनको रोजगारीको

न्यूनतम उमेरसम्बन्धी महासन्धी नं १३८ तथा निकृष्ट प्रकारको बालश्रमसम्बन्धी महासन्धी नं. १८२ तथा सिफारिश नं १९० ले पनि राज्यलाई बालश्रमविरुद्ध थप उत्तरदायित्व बहन गर्न प्रेरित गरेको छ।

### ७.७.५ महिलासम्बन्धी विवरण

कुल जनसङ्ख्याको आधा हिस्साभन्दा बढी ओगटेका महिलाहरू अझै पनि देश विकासको मुल प्रवाहमा उल्लेखनीयरूपमा आउन सकेका छैनन् । महिला सहभागिता,सशक्तिकरण तथा विभिन्न कार्यक्रमहरू पछिल्लो समयमा हुँदै आए पनि समान सहमागिता र लैङ्गिक समता भने कायम हुन सकेको देखिँदैन । यसको कारण समाजमा व्याप्त असमान शक्ति सम्बन्घ, पितृसत्तात्मक सोच तथा सामाजिक संरचना आदी रहेका छन् जसको फलस्वरूप महिलाहरू आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक र शैक्षिकरूपमा अझै पनि तुलनात्मकरूपमा पछाडी परेको देखिन्छ ।

विकासमा महिलाहरूको समानुपातिक र सक्रिय सहभागिता सुनिश्चित गर्न उनीहरूको आर्थिक र सामाजिक जीवनस्तर अभिवृद्धि गर्ने उद्देश्यका साथ अभियानका रूपमा आ.व.२०३८/०३९ देखि ५ जिल्लाबाट सुरु भएको महिला विकास कार्यक्रम हाल नेपालको ७५ जिल्लामा विस्तार भएको छ । महिला विकास कार्यक्रम महिला विकास र सशक्तिकरणको लागि एउटा महत्वपुर्ण प्रयास हो । ग्रामीण विपन्न महिलाहरूलाई समूह, समिति, संस्थामा संगठित गराई जनचेतना अभिवृद्धि, क्षमता विकास गरी सामाजिक तथा आर्थिकरूपमा सशक्त बनाउन, सामाजिक विभेद र लैङ्गिक हिंसा विरुद्ध जागरुकता बढाउन यस कार्यक्रमले प्रमुख भूमिका निर्वाह गर्दै आईरहेको छ ।

महिला हक, अधिकार र शसक्तिकरणका लागि विभिन्न गैर सरकारी संघ संस्था तथा सरकारी निकायहरूबाट कामहरू शसक्त रूपमा भईरहेको छ जसअनुसार लैंगिक सशक्तिकरण सूचक (GEM) मा नेपालको स्कोर ०.५७ (२०१५) रहेकोमा सन् २०३० सम्म ०.६९ मा वृद्धि गर्ने र लैंगिक असमानता सूचक (GII) ०.४९ (२०१५) बाट सन् २०३० सम्म ०.००५ मा झार्ने मुख्य योजना रहेको छ। नेपालको संविधान २०७२ मा महिला सम्बन्धि हक लाई मौलिक हकको रूपमा स्थापित गरिएको छ । नेपालको संविधान २०७२ को भाग ३ को धारा ३८ ले देहाय बमोजिमको महिलाको हक सुनिश्चित गरेको छ ।

- ✓ प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ ।
- ✓ प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुनेछ ।
- ✓ महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।
- ✓ राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।

- ✓ महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।
- ✓ सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।

विशेषगरी गर्भवती महिलाहरूको निःशुल्क वा न्यूनतम् शुल्कमा स्वास्थ्य परिक्षण गर्न तथा महिलाहरूमा देखिने स्तन क्यान्सर र पाठेघर क्यान्सरको अग्रिम पहिचान र न्यूनिकरणका लागि विशेष पहल गर्नुपर्ने देखिन्छ । जिल्ला जनस्वास्थ्य कार्यालय एवं अन्य सम्बद्ध स्वास्थ्य संस्थाहरूसँग समन्वय गरी मातृशिशु स्वास्थ्य तथा क्षयरोग नियन्त्रणका क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरूका लागि स्थायित्व, वृत्तिविकास तथा पुनर्ताजगि जस्ता कार्यक्रम ल्याई महिलाहरूका लागि लघु उद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसाय मार्फत आर्थिक रूपमा सबल बनाउनु पर्ने देखिन्छ । आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै नगर विकासमा महिलाहरूको समान सहभागिता गराउन अझैपनि उनीहरूलाई थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ । सामाजिक क्षेत्रमा उदाहरणीय कार्य गर्ने आमा समूह, टोल विकास संस्था, महिला समन्वय समिति तथा महिलासम्बन्धी संघसंस्थालाई संस्थागत विकासका लागि विभिन्न कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्नु पर्दछ । महिला तथा बालबालिकाका लागि सामुदायिक कार्यप्रक्रियालाई वडाहरूमा विस्तार गर्ने तथा सामाजिक परिचालन प्रवर्द्धन कार्यलाई निरन्तरता दिई लक्षित समूहतर्फ सबै समूह र वर्गको सहभागिता हुने कार्यक्रमहरू सञ्चालन गरि समावेशी अवधारणा अनुरूप स्थानीय शासन र विकासमा महिलाको संलग्नता वृद्धि गर्न विभिन्न क्षमता विकासका कार्यक्रमहरू ल्याउनुपर्ने देखिन्छ ।

### ७.७.६ महिला हिंसासम्बन्धी विवरण

देशका विभिन्न स्थानमा जस्तै यस नगरपालिमा पनि महिला हिंसा हुने गरेको छ । जसको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ८१ :** महिला हिंसासम्बन्धी विवरण

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | घरेलु हिंसाबाट पिडित | ४९ | |
| २ | बहुविवाह | ३३ | |
| ३ | आर्थिक हिंसा | – | |
| ४ | यौन दुर्व्यवहार | ३७ | |
| ५ | द्वन्द्वबाट पिडित | – | |
| ६ | सामाजिक कुरिति लगायत | ३ | |

*(महिला तथा बालबालिका वेचविखन सन् २०१५ मा १६९७ जना रहेकोमा २०३० सम्म ३२५ मा झार्ने लक्ष्य रहेको (SDG-5) ।)*

*स्रोत : महिला तथा बालबालिका कार्यालय, २०७५*

### ७.७.७ आमा महिला समूह तथा परम्परागत समूहको विवरण

**तालिका नं. ८२ :** आमा महिला समूह तथा परम्परागत समूहको विवरण

| समूह संस्था र सञ्जालको नाम | वडा नम्बर | समूहमा आवद्ध परिवार संख्या | | | | | | | वचत रकम (रु) | लगानी रकम (रु) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सदस्य संख्या | | | समेटेको परिवार | | | | | |
| | | महिला | पुरुष | जम्मा | दलित | जनजाति | अन्य | जम्मा | | |
| आमा तथा महिला समूह | १–९ | ११४१ | – | ११४१ | ३०२ | ४९७ | ३४२ | ११४१ | ६५३८०९२ | ८९६७४९८ |

*स्रोत : महिला तथा बालबालिका कार्यालय, २०७५*

### ७.७.८ महिला सहकारी संस्था

**तालिका नं. ८३ :** महिला सहकारी संस्थासम्बन्धी विवरण

| क्र.सं. | दर्ता नम्बर | दर्ता मिति | सहकारी संस्थाको नाम | ठेगाना |
|---|---|---|---|---|
| १ | ६३४ | ०७०/६/३ | रामपुरवा महिला कृषि स.सं.लि. | रामपुर खाप ५ |
| २ | ७७८ | ०७२/२/५ | गौरी माता महिला कृषि स.सं.लि. | रामपुर खाप ६ |
| ३ | ६२० | ०७०/३/११ | हँसिलो महिला कृषि स.सं.लि. | लौकाहा ४ |
| ४ | ५९२ | ०६९/१०/१७ | आकृति महिला विकास कृषि स.सं.लि. | लौकाहा ७ |
| ५ | ३१० | ०६६/१०/२८ | तुलसी महिला कृषि स.सं.लि. | तेजापाकड ७ |
| ६ | ७१८ | ०६४/२/६ | महिला अभियान कृषि स.सं.लि. | जिंगडवा वे |

*स्रोत : महिला तथा बालबालिका कार्यालय, २०७५*

## ७.८ खानेपानी तथा सरसफाई

नगरपालिका स्वच्छ र सफा हुनुपर्छ । खानेपानी स्वच्छ जीवनको प्रमुख आधार हो । खानेपानी सुरक्षित नहुँदा विभिन्न दुषित तथा असुरक्षित पानीबाट लाग्ने रोगको जोखिम हुन्छ । खानेपानी सुरक्षित राख्न त्यस ठाउँको वातावरण पनि सफा र स्वच्छ रहनु पर्दछ । खानेपानीमा प्रयोग गरिएको स्रोतको आधारमा नगर तथा नगरपालिकाको स्वास्थ्य स्थिति निर्धारण गर्न सकिन्छ । सुरक्षित खानेपानीको प्रयोगबाट विभिन्न रोगको जोखिम न्युनीकरण गर्न सकिन्छ ।

### ७.८.१ पिउनेपानको मुख्य श्रोतको आधारमा घरपरिवारको विवरण

**तालिका नं. ८४ :** खानेपानीको मुख्य श्रोतको आधारमा घरपरिवारको विवरण


| वडा नं. | धारा/पाइप | ट्युबवेल/हाते पम्प | खुल्ला इनार/कुवा | मुल धारा | जारको पानी | ट्यांकरको पानी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | १२ | ४२४ | ० | ० | ० | ० | १८ | ४५४ |
| २ | ११ | ७१३ | ० | ० | ० | ० | ० | ७२४ |
| ३ | ४ | ९९० | ० | ० | ० | ० | २ | ९९६ |
| ४ | ८७ | ४२७ | ० | ० | ४८ | १ | २८६ | ८४९ |
| ५ | ९ | ६५२ | १ | ० | ० | ० | ३३ | ६९५ |
| ६ | ३ | ७३७ | ० | १ | ० | ० | १ | ७४२ |
| ७ | १२४ | ४८९ | १३ | ० | ० | ० | ११ | ६३७ |
| ८ | ८ | ७४६ | १ | ० | २ | १ | ० | ७५८ |
| ९ | ३६३ | ८१५ | ० | ० | ० | ० | ३९ | १२१७ |

| वडा नं. | धारा/पाइप | ट्युबवेल/हाते पम्प | खुल्ला इनार/कुवा | मुल धारा | जारको पानी | ट्यांकरको पानी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **जम्मा** | ६२१ | ५९९३ | १५ | १ | ५० | २ | ३९० | ७०७२ |
| **प्रतिशत** | ८.७८% | ८४.७४% | ०.२१% | ०.०१% | ०.७१% | ०.०३% | ५.५१% | १००.००% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस नगरपालिकामा रहेका ७,०७२ घरपरिवारहरू मध्ये ट्युबवेल/हातेपम्प मार्फत आपूर्ति गरिएको पानी पिउनेको संख्या ५,९९३ अर्थात ८४.७४ प्रतिशत भएकाले सामान्यतया धेरैजसो घरपरिवारले ट्युबवेल/हातेपम्पको पानी पिउने गरेको देखिन्छ। दोस्रोमा भने धारा/पाइपको पानी पिउने घरपरिवारको संख्या ६२१ अर्थात ८.७८ प्रतिशत घरपरिवार रहेका छन्। अन्य श्रोत प्रयोग गर्नेको संख्या ५.५१ प्रतिशत रहेको छ। वडागत रुपमा विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

Sustainable Development Goals Status & Roadmap: २०१६ - २०३० का अनुसार (SDG – 6) आधार वर्ष २०१५ मा सुरक्षित पिउने पानी उपभोग गर्न जनसंख्या १५% मात्र देखिन्छ। दिगो विकास लक्ष्य अनुगमन ढाँचा समेत उल्लेख भएको उक्त दस्तावेज अनुसार यो जनसंख्या क्रमश वृद्धि गर्ने अपेक्षा गरिएको छ। जसअनुसार २०१९ मा ३५%, २०२२ मा ५०%, २०५५ मा ६५% हुँदै सन् २०३० सम्म सुरक्षित पिउने पानी प्रयोग कर्ता कुल ज.स.को ९०% हुने महत्वाकांक्षी लक्ष्य राखिएको छ। उक्त राष्ट्रिय लक्ष्य प्राप्तिमा टेवा पुर्‍याउन तथा आम जनसाधारणको जनस्वास्थमा सुधार गर्न पानी प्रयोग गर्दा पानीको उपयुक्तताको परीक्षण र सुरक्षाको उपायहरूबारे व्यापक जनजागरण फैलानु पर्ने देखिन्छ।




### ७.८.२ पिउनेपानी शुद्धिकरण गर्ने विधिका आधारमा परिवारको विवरण

**तालिका नं. ८५ :** पिउनेपानी शुद्धिकरण गर्ने विधिका आधारमा परिवारको विवरण

| वडा नं. | उमाल्ने | | फिल्टर गर्ने | | औषधी (पियुष आदि) | | अन्य विधि अपनाउने | | केहि नगर्ने/सिधै खाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | १ | ०.२२% | ४ | ०.८८% | ० | ०.००% | ० | ०.००% | ४४९ | ९८.९०% | ४५४ |
| २ | ६ | ०.८३% | २ | ०.२८% | ० | ०.००% | ० | ०.००% | ७१६ | ९८.९०% | ७२४ |
| ३ | १ | ०.१०% | ० | ०.००% | ० | ०.००% | ० | ०.००% | ९९५ | ९९.९०% | ९९६ |
| ४ | २०५ | २४.१५% | १ | ०.१२% | १ | ०.१२% | ० | ०.००% | ६४२ | ७५.६२% | ८४९ |
| ५ | १७४ | २५.०४% | १ | ०.१४% | ० | ०.००% | ११ | १.५८% | ५०९ | ७३.२४% | ६९५ |
| ६ | ३ | ०.४०% | १ | ०.१३% | २ | ०.२७% | ५ | ०.६७% | ७३१ | ९८.५२% | ७४२ |
| ७ | ० | ०.००% | ० | ०.००% | ० | ०.००% | ० | ०.००% | ६३७ | १००.००% | ६३७ |
| ८ | ० | ०.००% | ६ | ०.७९% | ० | ०.००% | ४ | ०.५३% | ७४८ | ९८.६८% | ७५८ |
| ९ | ७८ | ६.४१% | २ | ०.१६% | १ | ०.०८% | ८ | ०.६६% | ११२८ | ९२.६९% | १२१७ |
| **जम्मा** | ४६८ | ६.६२% | १७ | ०.२४% | ४ | ०.०६% | २८ | ०.४०% | ६५५५ | ९२.६९% | ७०७२ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकाका कुल घरपरिवररू मध्ये ६,५५५ अर्थात ९२.६९ प्रतिशत घरपरिवारहरूले पानीको शुद्धीकरण नगरी सिधै पिउने गरेको पाइयो । प्राकृतिक श्रोतहरूमा प्राप्त पानीलाई शुद्धीकरण नगरी पिउनु जनस्वास्थ्यको दृष्टिकोणले अत्यन्त जोखिमपूर्ण हुन्छ । यसबाट संक्रामण रोगहरू जस्तै आउँ, झाडा पखाला, जुका, टाइफाइड लाग्नुका साथै दीर्घ रोगहरू जस्तै पत्थरी, क्यान्सर जस्ता प्राणघातक रोगहरूको संभावना प्रवल रहन्छ तसर्थ स्थानीय सरकार र नगरपालिकाबासीहरूको सहकार्यमा पानी शुद्धीकरणका उपायहरू अबलम्बन गरी प्रयोग गर्ने र जनस्तरमा स्वास्थ्य शिक्षाको व्यापक प्रचार प्रसार गर्नु पर्दछ । पानी उमालेर पिउने जनसंख्या ४६८ अर्थात ६.६२ प्रतिशत मात्र रहेको देखिन्छ । फिल्टर, औषधि (पियूष आदि) र अन्य विधि अपनाउने गरेर पिउने जनसंख्या नगन्य रहेकोले पानी शुद्धीकरण गरी पिउन सचेत बनाउने अभियान नै सञ्चालन गर्नु पर्ने देखिन्छ । जीवनको आधारको रुपमा रहेको स्वस्थ्य र सुक्षित पानी बहुआयिमिक गरिबीको एउटा सूचक (HDI) समेत रहेका हुँदा स्वस्थकर पानीको प्रयोग वा प्रचलनको बाहुल्यताले उक्त स्थानको सम्पन्नतालाई समेत इंगित गर्दछ । वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




### ७.८.३ शौचालयको प्रकारको विवरण


**तालिका नं. ८६ :** शौचालयको प्रकारको विवरण

| वडा नं. | फ्लस भएको (सार्वजनिक ढल) | | फ्लस भएको (सेप्टिक ट्याङ्की) | | साधारण शौचालय | | सार्वजनिक शौचालय | | शौचालय नभएको | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | ० | ०.००% | २८ | ६.१७% | २९४ | ६४.७६% | ११ | २.४२% | १२१ | २६.६५% | ४५४ |
| २ | ० | ०.००% | १९ | २.६२% | ५४५ | ७५.२८% | ० | ०.००% | १६० | २२.१०% | ७२४ |
| ३ | २ | ०.२०% | ६११ | ६१.३५% | १९१ | १९.१८% | ० | ०.००% | १९२ | १९.२८% | ९९६ |
| ४ | ० | ०.००% | १९४ | २२.८५% | २७० | ३१.८०% | १०१ | ११.९०% | २८४ | ३३.४५% | ८४९ |
| ५ | २ | ०.२९% | १५८ | २२.७३% | २९० | ४१.७३% | २५ | ३.६०% | २२० | ३१.६५% | ६९५ |
| ६ | ५ | ०.६७% | ४५१ | ६०.७८% | २२२ | २९.९२% | ३ | ०.४०% | ६१ | ८.२२% | ७४२ |
| ७ | ० | ०.००% | १७२ | २७.००% | ३०७ | ४८.१९% | १ | ०.१६% | १५७ | २४.६५% | ६३७ |
| ८ | ० | ०.००% | २४१ | ३१.७९% | ४२० | ५५.४१% | ७ | ०.९२% | ९० | ११.८७% | ७५८ |
| ९ | ३६ | २.९६% | ९०७ | ७४.५३% | १७६ | १४.४६% | ९ | ०.७४% | ८९ | ७.३१% | १२१७ |
| **जम्मा** | ४५ | ०.६४% | २७८१ | ३९.३२% | २७१५ | ३८.३९% | १५७ | २.२२% | १३७४ | १९.४३% | ७०७२ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा कुल घरपरिवारहरू मध्ये २,७८१ अर्थात ३९.३२ प्रतिशतले फ्लस भएको (सेप्टि ट्याङ्क) भएको चर्पी, २,७१५ अर्थात ३८.३९ प्रतिशतले साधारण चर्पी, १५७ अर्थात २.२२ प्रतिशतले सामुदायिक चर्पी, ४५ अर्थात ०.६४ प्रतिशतले सार्वजनिक ढलयुक्त चर्पी प्रयोग गरेको र १,३७४ अर्थात १९.४३ प्रतिशतले भने चर्पीको

प्रयोग नै नगरेको पाइयो । साधारण चर्पी प्रयोग गर्नेको संख्या करिब आधा हुनु र १९.४३ प्रतिशत जनसंख्याले चर्पीको प्रयोग नै नगर्नुले व्यक्तिगत तथा सामुदायिक स्वास्थ्यमा जोखिम बढी रहेको देखाउँछ । सानो संख्याले मात्र खुल्ला स्थानमा दिसापिसाब गर्दा समेत समुदायको ठूलो हिस्साको जनस्वास्थ्य प्राणघातक संक्रामक रोगहरूको जोखिममा पर्ने हुँदा चर्पी प्रयोगलाई अनिवार्य गर्ने र चर्पीको गुणस्तर सुधारमा ध्यान दिनुपर्ने देखिन्छ ।




### ७.८.४ फोहोरमैला व्यवस्थापन गर्ने स्थानको आधार विवरण


**तालिका नं. ८७ :** फोहोरमैला व्यवस्थापन गर्ने स्थानको आधार विवरण

| वडा नं. | घरमा नै लिन आउँछ | फोहोर थुपार्ने ठाउँमा/क्यान मा | घरको कम्पाउण्ड भित्र बाल्ने | घरको कम्पाउण्ड भित्र गाड्ने | नदि वा खोल्सामा | सडक/सार्वजनिक स्थलमा | कम्पोष्ट मल बनाउने | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | ० | २८ | २२२ | ० | ३२ | १ | १७० | ४५४ |
| २ | ३ | ० | १५ | १३ | ३ | ४३७ | १ | २५२ | ७२४ |
| ३ | ३ | २ | १८९ | ६२५ | २५ | १५१ | १ | ० | ९९६ |
| ४ | ६ | १९९ | २७ | २४१ | २ | ३२६ | ४६ | २ | ८४९ |
| ५ | १ | १० | १५४ | ३४७ | २ | १८१ | ० | ० | ६९५ |
| ६ | ४ | २ | २१९ | १५२ | २३३ | १२८ | ४ | ० | ७४२ |
| ७ | ४ | ६० | ३७९ | ९७ | २ | ८७ | ० | ८ | ६३७ |
| ८ | २ | ० | १३९ | १७६ | १४६ | २९४ | १ | ० | ७५८ |
| ९ | १८ | ३२ | ३६२ | ४५७ | १ | १८९ | १५८ | ० | १२१७ |
| **जम्मा** | ४२ | ३०५ | १५१२ | २३३० | ४१४ | १८२५ | २१२ | ४३२ | ७०७२ |
| **प्रतिशत** | ०.५९ | ४.३१ | २१.३८ | ३२.९५ | ५.८५ | २५.८१ | ३.०० | ६.११ | १००.०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

नगरपालिकामा रहेका कुल घरपरिवारहरू मध्ये २,३३० अर्थात ३२.९५ प्रतिशतले फोहरलाई आफ्नै कम्पाउण्ड भित्र गाड्ने/थुपार्ने गरेको, १८२५ अर्थात २५.८१ प्रतिशतले सार्वजनिक स्थलमा फ्याल्ने गरेको, १,५१२ अर्थात २१.३८ प्रतिशतले आफ्नै कम्पाउण्ड भित्र बाल्ने गरेको, २१२ अर्थात ३ प्रतिशतले कम्पोष्ट मल बनाउने गरेको पाइयो । ग्रामीण इलाका तथा कृषि मुख्य पेशाको रुपमा रहेकोले यहाँका घरपरिवारले फोहरलाई कम्पोष्ट मलको

रुपमा प्रयोग गर्नु सर्वोत्तम हुने भएकोले यो फोहर व्यवस्थापनको उत्तम उपाय रहेतापनि फोहरको प्रकृति अनुसार प्लाष्टिक जन्य तथा अन्य नसड्ने फोहरहरू खेतीयोग्य जमिनमा पर्न जाँदा क्रमशः भू-प्रदुषण बृद्धि भई उत्पादकत्वमा ह्रास आउन सक्ने देखिन्छ। अर्कोतर्फ जलाउने, खोल्सामा फाल्ने साथै सार्वजनिक स्थलमा समेत फाल्ने कार्यहरूले प्रदुषण वृद्धिगराई जनस्वास्थ्यमा प्रत्यक्ष असर गर्दछ। तसर्थ फोहरको उचित व्यवस्थापनमा सजग बनाई नगरपालिकामा अव्यवस्थित फोहर व्यवस्थापनलाई समयमै सम्बोधन गर्नु पर्ने देखिन्छ।




### ७.८.५ फोहोर व्यवस्थापनमा देखिएका समस्याहरू :

हाल यस नगरपालिकामा देखिएका समस्याहरू देहाय बमोजिम रहेको छ :

- फोहोर व्यवस्थापनका नाममा फोहोरहरू खोलाखोल्साका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रबृति यत्रतत्र देखिन्छ। यसरी फालिएको फोहोर बर्षातका समयमा पानीले बगाएर खोला खोल्सा तथा नदीका तल्लो भाग सम्म पुर्‍याएर प्रदुषणलाई बिस्तारित गर्दछ।
- जमीनका होचाभाग पानीका स्रोत पनि हुने भएका र तिनै पानी सतहमा देखिने एवं जमीनको भित्रपनि छिरेर जानेहुँदा होचा भागमा फालिएको फोहोरले सतहको पानी तथा जमीन भित्रको पानी समेतलाई प्रदुषित गर्दछ।

### ७.८.६ फोहोरमैला व्यवस्थापनमा ध्यान दिनुपर्ने कुराहरु :

- भान्छाकोठाबाट निस्केको फोहोरलाई कुहिने र नकुहिने गरी छुट्याउने।
- कुहिनेलाई मलमा प्रयोग गर्न तालिम तथा हरेक घरधनीलाई उत्प्रेरित गर्ने कार्यक्रम नगरपालिकाले गर्ने ।
- नकुहिने फोहोरलाई पूनः बिभिन्न तहमा छुट्याउने जस्तै काठ, प्लाष्टीक, धातु, सीसा। यी फोहोरलाई आवश्यकता अनुसार पहिचान गरिसकेकपछि पून प्रयोगमा आउनेलाई सम्बन्धित सेवा व्यवस्थापन तर्फ जोड दिने। यस नगरपालिका क्षेत्रका खुला स्थान जहाँ पानीको स्रोत छैन त्यहाँ बैज्ञानिक तवरबाट छनौट गर्न व्यवस्था गर्ने

# खण्ड ८ : विकास सूचकाङ्क र गरिबीको स्थिति

## ८.१ मानव विकास सुचकको विवरण (HDI)

मानव विकास सूचकले तीनवटा कुरालाई आधार बनाएको छ। जसमा आम्दानी, शिक्षा र सापेक्षित आयु छन् । यी तिनवटै परिसूचकलाई समावेश गरी मानव विकासको सूचकाङ्क निर्धारण गरिएको छ। हरेक देश/ठाउँका जनताको स्वास्थ्य स्थिति, शैक्षिक अवस्था, तथा जीवनस्तरको अवस्था मापन गरी स्तर निर्धारण गर्ने प्रयोजनको लागि संयुक्त राष्ट्रसंघको विकास कार्यक्रम (UNDP) ले विकास गरेको शिक्षा, स्वास्थ्य तथा प्रतिव्यक्ति आयका सूचकहरूको संयुक्त सूचकाङ्क नै मानव विकास सूचकाङ्क हो। UNDP नेपालले हालै नेपालका सबै जिल्लाहरूको मानव विकास सूचकाङ्कको मान समेटिएको नेपाल मानव विकास प्रतिवेदन, २०१४ सार्वजनिक गरेको छ। यो प्रतिवेदन अनुसार यस परोहा नगरपालिका रहेको रौतहट जिल्लाको मानव विकास सूचकाङ्क ०.३८६ ( नेपालको ०.४९०) रहेको छ । अर्थात् रौतहट जिल्लाको मानव विकास सूचकाङ्क नेपालको राष्ट्रिय औषत भन्दा कम देखिन्छ। मानव विकास सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल काठमाण्डौं जिल्लाको मानव विकास सूचकाङ्क ०.६३२ रहेको छ भने दोस्रो स्थानमा ललितपुर मानव विकास सूचक ०.६०१ रहेको छ । पुच्छारमा रहेको बाजुरा जिल्लाको मानव विकास सूचकाङ्क ०.३६४ रहेको छ। मानव विकास सूचकाङ्का अवयव सूचकहरू हेर्ने हो भने रौतहट जिल्लाको हरेक व्यक्ति बाँच्ने अपेक्षित औषत आयु (Life Expectancy) ७०.९९ वर्ष र यसको सूचक ०.७६६, प्रौढ साक्षरता दर (Adult literacy) ३३.८९ प्रतिशत र यसको सूचक ०.३३९, शिक्षा आर्जनमा खर्चेको औषत समय (Mean years of schooling) २.१९ वर्ष र यसको सूचक ०.१४६ तथा कुल राष्ट्रिय प्रतिव्यक्ति आय (Per Capita Income) ७५७ अमेरिकी डलर र यसको सूचक ०.३३८ रहेको देखिन्छ।

**तालिका नं. ८८ :** मानव विकास सुचकको विवरण (HDI)

| क्षेत्र | स्वास्थ्य | | शिक्षा | | | | आम्दानी | | मानव विकास सुचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | सापेक्षित आयु | | प्रौढ साक्षरता | | विद्यालय जाने मध्यम वर्ष | | प्रतिव्यक्ति आम्दानी (क्रय शक्ति) | | ज्यामितीय मध्यक |
| | मान | सूचक | मान | सूचक | मान | सूचक | मान | सूचक | |
| **नेपाल** | ६८.८० | ०.७३० | ५९.५७ | ०.५९६ | ३.९० | ०.२६० | ११६० | ०.४०९ | ०.४९० |
| **रौतहट** | ७०.९९ | ०.७६६ | ३३.८९ | ०.३३९ | २.१९ | ०.१४६ | ७५७ | ०.३३८ | ०.३८६ |

*स्रोत: नेपाल मानव विकास प्रतिवेदन, २०१४*

## ८.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index)

अपेक्षित औषत आयु ४० वर्ष वा सो भन्दा कम भएको जनसंख्याको प्रतिशत, प्रौढ निरक्षरता, सुरक्षित खानेपानी नपुगेको जनसंख्याको प्रतिशत तथा कुपोषित ५ वर्ष भन्दा मुनिका बालबालिकाहरूको प्रतिशत जस्ता सूचकहरूको संयुक्त सूचकाङ्कको रुपमा विकास गरिने मानव गरीबी सूचकाङ्कको स्थिति हेर्दा रौतहट जिल्ला मानव विकास सूचकाङ्कको स्थिति खासै राम्रो देखिदैन। रौतहट जिल्लाको मानव गरीबी सूचकाङ्क मान ३३.३५ (नेपालको ३१.१२) रहेको छ। यो सूचकाङ्कको मान जति कम भयो त्यति राम्रो मानिन्छ किनभने यो सूचकाङ्क नकारात्मक सूचकहरूको प्रयोग गरी निकालिन्छ। जस्तै: प्रौढ निरक्षरता दर। मानव गरीबी सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थानमा हुम्ला जिल्लाको मानव गरीबी सूचकाङ्क ४९.२६ रहेको छ भने पुच्छारमा रहेको कास्की जिल्लाको मानव गरीबी सूचकाङ्क १६.५० रहेको छ। मानव गरीबी सूचकाङ्कका अवयव सूचकहरूमा रौतहट जिल्लाको प्रौढ निरक्षरता दर (Adult illiteracy rate) ६६.११ प्रतिशत, ४० वर्ष सम्म पनि बाँच्न सक्ने अपेक्षा नगरिएको जनसंख्या (Percentage of people not expected to survive to age 40) ७.२७ प्रतिशत, सुरक्षित खानेपानी नपुगेको जनसंख्या (Percentage without safe water) ४.८७ प्रतिशत र ५ वर्ष मुनिका कुपोषणबाट प्रभावित बालबालिकाको संख्या (Percentage of children under age five who are malnourished) ३९.७० प्रतिशत रहेको देखिन्छ।

*(स्रोत : नेपाल मानव विकास प्रतिवेदन ,२०१४, UNDP,NEPAL)*

## ८.३ मानव विकास र गरीबी

नेपालमा गरीबीको लघुक्षेत्र अनुमान, २०६८ अनुसार रौतहट जिल्ला न्यून समृद्धिस्तर भएका जिल्लाहरूको श्रेणीमा पर्दछ। ७५ जिल्लाहरू मध्ये यो जिल्ला ५४ औं स्थानमा रहेको छ र गरीबीको दर १.८३ प्रतिशत रहेको छ । जिल्लामा गरिबीको रेखामुनी रहेको संख्या २,२७,००० रहेको देखिन्छ । गरिबीको दरको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल कास्की जिल्लाको गरिबीको दर ४ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको गरीबीको दर ६४.१ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ८९ :** गरीबीको दरको विवरण

| गरिबीको स्थान | गरिबीको दर (प्रतिशत) | गरिबीको विषमता (प्रतिशत) | गरिबीको गहनता (प्रतिशत) | गरीबहरूको संख्या |
|---|---|---|---|---|
| **५४** | ३३.३५(१.८३) | ८.२८(०.६४) | २.९४(०.२८) | २,२७,००० |

*श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०६८*

## ८.४ गरिबी न्यूनीकरण

सहरी गरिबी न्यूनीकरणका लागि स्वरोजगार सृजना गर्ने, उद्यमशीलताको खोजी तथा प्रवर्द्धन गर्ने एवं विभिन्न सिपमूलक तथा क्षमता अभिवृद्धि हुने क्रियाकलापद्वारा विशेषत ग्रामीण प्रकृतिका वडाहरूमा रोजगारी सृजना गर्नेतर्फ कार्यक्रम केन्द्रित गरी नयाँ थप भएका वडाहरूमा विभिन्न शिपमूलक तालिम सञ्चालन गरी जीविकोपार्जनका कार्यक्रमलाई प्रोत्साहन गर्नु पर्ने देखिन्छ ।

## ८.५ समग्र विकास स्थिति

घरधुरी तथ्याङ्क सर्वेक्षण, २०७५ अनुसार ३७,८४५ जनताको बसोबास भएको यस परोहा नगरपालिकामा खास गरी सामाजिक रुपले पछिपरेका र आर्थिक रुपले विपन्न अवस्थामा रहेका गरिबीमा परेका जनताको जीवनस्तरलाई कसरी माथि उठाउने र सामाजिक भेदभाव रहित एवं आर्थिक रुपले समुन्नत नगरपालिकाको निर्माण कसरी गर्ने भन्ने चुनौतीलाई समयसापेक्ष रुपमा समाधान गर्न विगत देखि वर्तमानसम्म गरिएका मानवीय प्रयासहरू र तिनबाट प्राप्त प्रतिफलको आधारमा जीवनस्तरमा भएको रुपान्तरणलाई नै अहिलेसम्मको मानवीय विकासको रुपमा लिन सकिन्छ। यसरी हेर्दा नगरपालिकाबासीहरूको मानवविकास सूचकांक, लैंगिक समता सूचकांक, जनताको बाँच्ने औसत आयु, औसत ग्राहस्थ उत्पादन, औसत साक्षरतादर र औसत आम्दानी जस्ता विभिन्न आयामहरूलाई दृष्टिगत गर्नु आवश्यक हुन जान्छ। संक्षेपमा नगरपालिकाको मानवीय विकासको स्थितिलाई हेर्दा जनताको यातायात सेवामा पहुँच अझै पनि बाह्रै महिना भरपर्दो गरी पुऱ्याउन सकिएको छैन। यसै गरी स्वास्थ्य सेवाको पहुँचमा खास गरी आदिवासी जनसमुदायको बसोबास र बाहुल्य रहेको भौगोलिक क्षेत्रमा थप सेवा प्रदान गर्नुपर्ने आवश्यकता विद्यमान छ। अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र स्थापित भए बमोजिम आवश्यक दक्ष स्वास्थ्यकर्मीहरूको प्रयाप्ता नहुँदा जनताको स्वास्थ्य सेवा पाउने स्थितिमा गुणात्मक परिवर्तन आएको देखिँदैन। घरधुरी तथ्याङ्क सर्वेक्षण, २०७५ अनुसार नगरपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसमा ट्युबवेल/हातेपम्प मार्फत आपूर्ति गरिएको पानी पिउनेको संख्या ५,९९३ अर्थात ८४.७४ प्रतिशत भएकाले सामान्यतया धेरैजसो घरपरिवारले ट्युबवेल/हातेपम्पको पानी पिउने गरेको देखिन्छ । दोस्रोमा भने धारा/पाइपको पानी पिउने घरपरिवारको संख्या ६२१ अर्थात ८.७८ प्रतिशत घरपरिवार रहेका छन् ।

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयामको रुपमा रहेको शिक्षा क्षेत्रमा यो नगरपालिका रौतहट जिल्लाका अन्य स्थानीय निकायहरूको तुलनामा सामान्य अवस्थामा रहेको देखिन्छ। घरधुरी तथ्याङ्क सर्वेक्षण, २०७५ अनुसार यस नगरपालिकाको साक्षरता दर ३७.२ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो नगरपालिका पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको यस परोहा नगरपालिका रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ।

शिक्षा तर्फ र प्राथमिक शिक्षालाई सबै नगरपालिकाबासीहरूको प्राथमिक अधिकारको रुपमा अझै पनि व्यवहारिक रुपमा स्थापित गर्न सकिएको छैन र अद्यावधिक स्कूल जाने उमेरका केही बालबालिकाहरूले स्कूल भर्ना भई पढ्न पाइरहेका छैनन् । पहिलो कुरा त स्थापित स्कूलहरूमा समेत कक्षाकोठाहरूको कमी हुनु र शिक्षक विद्यार्थी अनुपात कमी रहनु स्वयंमा विडम्बनापूर्ण स्थिति छ भने अर्कातिर माध्यामिक शिक्षा पुरा गरेका युवाहरूको समेत रोजगारीको प्रत्याभुति हुन सकेको छैन । माध्यमिकस्तरको शिक्षालाई व्यवसायिक नबनाएसम्म हाल शिक्षामा देखिएको निराशजनक स्थितिको अन्त्य हुने सम्भावना पनि देखिँदैन ।

# खण्ड ९ : विविध

## ९.१ जननिर्वाचित प्रतिनिधीहरूको विवरण

**तालिका नं. ९० :** जननिर्वाचित प्रतिनिधीहरूको विवरण

| क.स. | पदाधिकारीको नाम थर | पद | मोबाइल नं | कैफियत |
|---|---|---|---|---|
| १ | श्री शेख वकिल | नगर प्रमुख | | |
| २ | श्रीसुगान्धि गिरी | उप मेयर | | |
| ३ | श्री शेख समिउल्लाह | वडा अध्यक्ष वडा नं. १ | | |
| ४ | श्री महेश सिंह | वडा अध्यक्ष वडा नं. ३ | | |
| ५ | श्री जवाहरलाल राय यादव | वडा अध्यक्ष वडा नं. ४ | | |
| ६ | श्री मो. नेजामुदिन | वडा अध्यक्ष वडा नं. ५ | | |
| ७ | श्री जितेन्द्र कुमार | वडा अध्यक्ष वडा नं. ६ | | |
| ८ | श्री रघुनाथ प्र. कलवार | वडा अध्यक्ष वडा नं. ७ | | |
| ९ | श्री खेदु मुखिया वीन | वडा अध्यक्ष वडा नं. ८ | | |
| १० | श्री शेख इर्नुस | वडा अध्यक्ष वडा नं. ९ | | |
| ११ | श्री बृजलाल हजारा | कार्यपालिकाको सदस्य | | |
| १२ | श्री राम प्रसाद ठाकुर | कार्यपालिकाको सदस्य | | |
| १३ | श्री मोहरलाल साह कलवार | कार्यपालिकाको सदस्य | | |
| १४ | श्री रामापति देवी पासवान | कार्यपालिकाको सदस्य | | |
| १५ | श्री जानकी देवी | कार्यपालिकाको सदस्य | | |
| १६ | श्री राजवती देवी | कार्यपालिकाको सदस्य | | |
| १७ | श्री राजकलीय देवी | कार्यपालिकाको सदस्य | | |
| १८ | श्री अनिसुन खातुन | कार्यपालिकाको सदस्य | | |
| १९ | श्री इन्दु देवी | वडा सदस्य | | |
| २० | श्री शेख जफिर | वडा सदस्य | | |
| २१ | श्री ओकिल अख्तर देवान | वडा सदस्य | | |
| २२ | श्री महिन्द्र महतो नुनिया | वडा सदस्य | | |
| २३ | श्री किसमतीय देवी | वडा सदस्य | | |
| २४ | श्री सकलदेव प्र. पटेल | वडा सदस्य | | |
| २५ | श्री मो. जफिर आलम | वडा सदस्य | | |
| २६ | श्री महेन्द्र साह कलवार | वडा सदस्य | | |
| २७ | श्री तपिन्दर राय यादव | वडा सदस्य | | |
| २९ | श्री दुला राउत कुर्मी | वडा सदस्य | | |
| ३० | श्री तेतरी देवी | वडा सदस्य | | |
| ३१ | श्री समीम मिया | वडा सदस्य | | |
| ३२ | श्री मो. वैदुल्लाह | वडा सदस्य | | |
| ३३ | श्री शे. ओवै दुल्लाह | वडा सदस्य | | |
| ३४ | श्री आशा देवी पासवान | वडा सदस्य | | |
| ३५ | श्री शेख मोसालिम | वडा सदस्य | | |
| ३६ | श्री मो तारिख | वडा सदस्य | | |
| ३७ | श्री शेख नसरुल हक | वडा सदस्य | | |
| ३८ | श्री शेख मुस्लिम | वडा सदस्य | | |
| ३९ | श्री हसिना खातुन | वडा सदस्य | | |
| ४० | श्री अनेष देवी | वडा सदस्य | | |

| क.स. | पदाधिकारीको नाम थर | पद | मोबाइल नं | कैफियत |
|---|---|---|---|---|
| ४१ | श्री रुना देवी | वडा सदस्य | | |
| ४२ | श्री मो. तारिक | वडा सदस्य | | |
| ४३ | श्री रुकमिनी रमन प्र. कुशवाहा | वडा सदस्य | | |
| ४४ | श्री रेहाना खातुन | वडा सदस्य | | |
| ४५ | श्री जोतिया कुर्मिनी | वडा सदस्य | | |
| ४६ | श्री जमुना राय यादव | वडा सदस्य | | |
| ४७ | श्री राजवती देवी | वडा सदस्य | | |
| ४८ | श्री दिपेन्द्र प्र. पटेल | वडा सदस्य | | |
| ४९ | श्री राम समरी देवी | वडा सदस्य | | |
| ५० | श्री सुखाडी राउत | वडा सदस्य | | |

## ९.२ कर्मचारीहरुको विवरण

**तालिका नं. ९१ :** कर्मचारीहरुको विवरण

| क्र.स. | विषयगत शाखा | कर्मचारीको नाम,थर | पद | ठेगाना | मोबाइल नं. |
|---|---|---|---|---|---|
| १ | प्रशासन,योजना तथा अनुगमन शाखा | देवनाथ यादव | प्रमुख प्रशासकीय अधिकृत | राजदेवी न.पा,रौतहट | ९८५५०४४०२३ |
| २ | पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | ई. दिपेन्द्र यादव | ईन्जिनियर | परोहा न पा ४ | ९८५५०४०६१६ |
| | | अजय यादव | सब–ईन्जिनियर | धनुषा | ९८४४६६९८२७ |
| २ | आर्थिक प्रशासन शाखा | पवन कुमार महतो | लेखा अधिकृत | हरिवन न.पा.,सर्लाही | ९८५५०४०८७८ |
| | | प्रदिप कुमार यादव | सह लेखापाल | कटहरिया न.पा. ६,रौतहट | ९८४५८५४८१२ |
| ३ | स्वास्थ्य तथा सामाजिक विकास शाखा | रामदेव साह | जनस्वास्थय अधिकृत स्वास्थ्य संययोजक | गौर न.पा.५ रौतहट | ९८४५१३४९२३ |
| | | जलन्धर प्रसाद यादव | सह संयोजक | परोहा न पा ४ | ९८४५०४०४६२ |
| ४ | सुचना प्रविधि शाखा | सरोज पटेल | It officer | परोहा न.पा.४,रौतहट | ९८६११७४३०६ |
| ५ | योजना तथा अनुगमण उपशाखा | अबदुल रब अंसारी | नायब सुब्बा | गरुडा न.पा.,रौतहट | ९८५५०४०७८८ |
| | | जितेन्द्र प्रसाद यादव | खरिदार | दुर्गाभगवती गा.पा.४,रौतहट | ९८४५१३५८२५ |
| ६ | स्टोर शाखा र सुचना अधिकारी | मो.मोती रहमान | नायब सुब्बा | परोहा न.पा.४,रौतहट | ९८४५०६२३४७ |
| | | राजेश राय यादव | खरिदार | गौर न.पा.४ रौतहट | ९८५५०४०१७६ |
| ७ | प्रशासन उपशाखा र सामाजिक सुरक्षा तथा पन्जिकरण उपशाखा | राजेश राय यादव | खरिदार | गौर न.पा.४ रौतहट | ९८५५०४०१७६ |
| | | सुनमाया भुजेल | खरिदार | निजगढ न.पा.९ बारा | ९८६५४१५९६९ |
| ८ | राजश्व शाखा | उपेन्द्र साह | खरिदार | दुर्गाभगवती गा.पा.,रौतहट | ९८५५०३६१२२ |
| ९ | महिला,बालबालिका तथा समाज कल्याण उप–शाखा | विष्णु माया जिम्बा | सहायक महिला विकास प्राविधिक | हेटौडा उ.म.न.पा १२ | ९८६५०१२५८९ |
| १० | भवन तथा वस्ती विकास उप–शाखा | प्रमोद कुमार सिंह | अमिन | गौशाला न.पा. ९ | ९८६०२४९८५९ |
| ११ | कृषि पशु शाखा | गौरीशंकर साह | संयोजक | | ९८४५०४२०११ |
| | | लक्ष्मी साह | पशु प्राविधिक | परोहा न पा ४ | |
| १२ | शिक्षा,युवा तथा खेलकुद शाखा | उद्धव यादव | विद्यालय निरिक्षक | | ९८४५२५८८४३ |
| | | पुरुषोतम मिश्रा | संयोजक | | |

| क्र.स. | विषयगत शाखा | कर्मचारीको नाम,थर | पद | ठेगाना | मोबाइल नं. |
|---|---|---|---|---|---|
| | | कृष्ण प्रसाद कलवार | सहसंयोजक | परोहा न पा ६ | ९८४५३८३२२० |
| **वडा सचिवहरु** | | | | | |
| **सि.नं.** | **कर्मचारीको नाम,थर** | **साविक पद** | **कार्यरत्त वडा** | **सम्पर्क नं.** | **न.पा.को टोल** |
| १ | मो. सेराज अहमद | प्रा.स.वडा सचिव | परोहा न.पा. वडा १ | ९८११२०१७९४ | जिङ्गडवा वेलविछवा |
| २ | म.सलाउदीन | प्रा.स.वडा सचिव | परोहा न.पा. वडा २ | ९८४५३८०५९२ | जिङ्गडवा वेलविछवा |
| ३ | उपेन्द्र साह | खरिदार | परोहा न.पा. वडा ३ | ९८५५०३६१२२ | तेजापाकड |
| ४ | शेख लतिफ | प्रा.स.वडा सचिव | परोहा न.पा. वडा ४ | ९८४५३७८७०७ | लौकाहा |
| ५ | मो.मोतीरहमान | ना.सु.वडा सचिव | परोहा न.पा. वडा ५ | ९८४५०६२३४७ | नामनगर टोल बसन्पट्टी |
| ६ | मुकेश यादव | खरिदार | परोहा न.पा. वडा ६ | ९८४५८५०७०४ | बसन्पट्टी |
| ७ | अमित कुमार सिंह | खरिदार | परोहा न.पा. वडा ७ | ९८६५२०१३१४ | नरकट्टीया |
| ८ | जयकिशोर महतो | प्रा.स.वडा सचिव | परोहा न.पा. वडा ८ | ९८४५०९६७९१ | नरकट्टीया |
| ९ | लालकिशोर प्र.पटेल | प्रा.स.वडा सचिव | परोहा न.पा. वडा ९ | ९८०६८०६१६६ | रामपुरखाप |

## ९.३ नगर कार्यपालिका सदस्यहरुको विवरण

**तालिका नं. ९२ :** नगर कार्यपालिका सदस्यहरुको विवरण

| सि .नं | नाम थर | पद | कार्यालय | स्थायी ठेगाना | मोबाइल नं |
|---|---|---|---|---|---|
| १ | शेख वकिल | प्रमुख | परोहा न पा | परोहा न पा ४ | ९८५५०४०२०३ |
| २ | सुगन्धी गिरी | उपप्रमुख | परोहा न पा | परोहा न पा ८ | |
| ३ | शेख समिउल्लाह | वडा अध्यक्ष | १ नं वडा का | परोहा न पा १ | ९८६५४११७३४ |
| ४ | मो. एजाजुर रहमान | वडा अध्यक्ष | २ नं वडा का | परोहा न पा २ | ९८४५३५३५८२ |
| ५ | महेश सिंह | वडा अध्यक्ष | ३ नं वडा क | परोहा न पा ३ | |
| ६ | जवाहर लाल राय यादव | वडा अध्यक्ष | ४ नं वडा क | परोहा न पा ४ | ९८०४२३६४४२ |
| ७ | मो निजामुदिन | वडा अध्यक्ष | छ नं वडा क | परोहा न पा ५ | |
| ८ | जितेन्द्र कुमार | वडा अध्यक्ष | ६ नं वडा क | परोहा न पा ६ | ९८५५०२३९३७ |
| ९ | रघुनाथ प्रसाद कलवार | वडा अध्यक्ष | ७ नं वडा क | परोहा न पा ७ | |
| १० | खेदु मुखिया बिन | वडा अध्यक्ष | ८ नं वडा क | परोहा न पा ८ | ९८४५२१५१९१ |
| ११ | शेख ईनुस | वडा अध्यक्ष | ९ नं वडा क | परोहा न पा ९ | |
| १२ | वृजलाल हजरा | नगर का स | परोहा न पा | परोहा न पा २ | ९८४५३८०३३६ |
| १३ | मोहरलाल साह | नगर का स | परोहा न पा | परोहा न पा | ९८२११९०१२३<br>९८४५१७०६५८ |
| १४ | रामप्रसाद ठाकुर लोहार | नगर का स | परोहा न पा | परोहा न पा | |
| १५ | रामपति देवी पासवान | नगर का स | परोहा न पा | परोहा न पा | ९८४५३७४२५२ |
| १६ | राजकलिया देवी | नगर का स | परोहा न पा | परोहा न पा | ९८११८१२६९५ |
| १७ | जानकी देवी | नगर का स | परोहा न पा | परोहा न पा | |
| १८ | राजवती देवी | नगर का स | परोहा न पा | परोहा न पा | |
| १९ | अनिसुन खातुन | नगर का स | परोहा न पा | परोहा न पा | ९८१७२८८१८२ |

## ९.४ नगर कार्यपालिका सदस्यहरुको विवरण

### आ.व. २०७४/०७५ परोहा नगरपालिकाको नगरसभाबाट पारित ऐन कानुन

१. कार्यपालिकाको कार्य विभाजन सम्बन्धमा व्यवस्था गर्न बनेको नियम २०७४

२. नगर सभा संचालन तथा व्यवस्थापन (कार्यविधि) सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली २०७४

३. कार्यपालिकाको बैठक संचालन तथा व्यवस्थापन कार्यविधि सम्बन्धमा व्यवस्थापन गर्न बनेको नियमावली २०७४

४. नगर कार्यपालिका निर्णय वा आदेश र अधिकार पत्र प्रमाणीकरण कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको नियम २०७४

५. नगर कार्यपालिकाको कार्यसम्पादन सम्बन्धमा व्यवस्था गर्न बनेको नियम २०७४

६. अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, आर्थिक विधेयक २०७४

७. आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन २०७४

८. कर्मचारी व्यवस्थापन सम्बन्धि कार्यविधि २०७४

९. आर्थिक सहायता सम्बन्धि कार्यविधि २०७४

१०. यान्त्रिक उपकरणहरु संचालन सम्बन्धी कार्यविधि २०७५

**परोहा नगरपालिकाको नगरसभाबाट पारित ऐन कानुन आ.व. २०७५/०७६ मा**

१. परोहा नगरपालिकाको सहकारी ऐन, २०७५

२. नगरपालिका शिक्षा नियमावली, २०७५

३. स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५

४. "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५

५. परोहा नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०७५

६. विपद व्यवस्थापन तथा संचालन कार्यविधि २०७५